# नेपाल ऐन सङ्ग्रह

# खण्ड १६

# २०८२

(संस्कृति, महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी ऐनहरूमा
२०८२ साल असार २९ गतेसम्म भएका संशोधन समेत मिलाइएको रूपमा)

**प्रकाशक**
नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
## कानून किताब व्यवस्था समिति

*मूल्य रु. ४७०/-*

सोह्रौं पटक १००० प्रति ।

२०८२ साल असार ।

मुद्रक :- कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

☎ ५-३६८११४, ५-३२१६७०, ५-३२४९२९, ५-३५७९५३

ई-मेल : info@lbmb.gov.np

## विषय-सूची


| सि.नं. | | पृष्ठ |
|---|---|---|
| १. | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | १ |
| २. | सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ | १५ |
| ३. | गुठी संस्थान ऐन, २०३३ | २१ |
| ४. | लुम्बिनी विकास कोष ऐन, २०४२ | ४२ |
| ५. | पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ | ५० |
| ६. | अभिलेख संरक्षण ऐन, २०४६ | ६५ |
| ७. | समाज कल्याण ऐन, २०४९ | ७८ |
| ८. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ | ८८ |
| ९. | प्रतिलिपि अधिकार ऐन, २०५९ | १०० |
| १०. | ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ | ११८ |
| ११. | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ | १३६ |
| १२. | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ | १४८ |
| १३. | नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ | १६१ |
| १४. | नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ | १७४ |
| १५. | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ | १८८ |
| १६. | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ | १९८ |
| १७. | बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ | २०६ |
| १८. | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ | २१४ |
| १९. | भाषा आयोग ऐन, २०७४ | २४७ |
| २०. | बालबालिका सम्बन्धी ऐन, २०७५ | २५४ |

# प्राचीन स्मारक संरक्षण ऐन, २०१३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१३।७।२७

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. केही नेपाल कानून (संशोधन र पुन: व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| २. प्राचीन स्मारक संरक्षण (संशोधन) ऐन, २०२० | २०२०।११।१६ |
| ३. प्राचीन स्मारक संरक्षण (दोस्रो संशोधन) ऐन, २०२७ | २०२७।६।१८ |
| ४. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ५. प्राचीन स्मारक संरक्षण (तेस्रो संशोधन) ऐन, २०४३ | २०४३।८।१५ |
| ६. प्राचीन स्मारक संरक्षण (चौथो संशोधन) ऐन, २०४४ | २०४४।६।९ |
| ७. प्राचीन स्मारक संरक्षण (पाँचौं संशोधन) ऐन, २०५२ | २०५२।१०।२५ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ८. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ९. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| १०. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०१३ सालको ऐन नं. १२

⏭..................

प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरूको संरक्षणको निमित्त बनेको ऐन

प्रस्तावना : प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाई समेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पुरातत्व सम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धी र संरक्षण समेत ●गरी शान्ति र व्यवस्था कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. छोटकरी नाम विस्तार तथा प्रारम्भ : (१) यस ऐनको नाम "प्राचीन स्मारक संरक्षण ऐन, २०१३" रहेको छ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
● केही नेपाल कानून (संशोधन र पुन: व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

(२) यो ऐन नेपालभर मुलुकमा तुरून्त लागू हुनेछ ।

✱२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्राचीन स्मारक" भन्नाले इतिहास, कला, विज्ञान, वास्तुकला वा स्थापत्यकलाको दृष्टिकोणले महत्त्व राख्ने ∅एक सय वर्ष नाघेको मन्दिर, स्मारक, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तुप आदि सम्झनु पर्छ र सो शब्दले स्मारक रहेको ठाउँ र राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले विशिष्ट मूल्य राख्ने एक अर्कोसँग जोडिएको वा एकै इलाकामा बेग्लाबेग्लै रूपमा अवस्थित मानव वस्ती वा स्थल र प्राचीन मानव वस्तीको अवशेष, प्राचीन स्मारकहरूको भग्नावेश, गुफा आदि समेतलाई जनाउँदछ ।

(ख) "पुरातात्विक वस्तु" भन्नाले प्राग ऐतिहासिक कालमा मानिसले निर्माण गरी उपभोग गरेको वस्तु वा कुनै पनि देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, भोजपत्र, ताडपत्र, कागजपत्र, मुद्रा वा ऐतिहासिक घटना घटेको वा ऐतिहासिक विशिष्ट व्यक्ति बसेको घर र त्यस्तो व्यक्तिले प्रयोग गरेको वस्तु, ढुंगा, काठ, माटो, हस्तीहँड, हाड, काँच, कपडा, कागज, धातु आदि वा बेलबुट्टा भरी आकर्षक ढंगले बनाएको घरको कुनै महत्त्वपूर्ण भाग वा सो घरमा उपयोग गरिएका वस्तु वा बेलबुट्टा भरी वा नभरी बनाइएको मूर्ति, देवी देवताको मन्दिर, चैत्य, शालिक, पौभाचित्र, ⏭.......... पशुपंछी, स्थावर जंगमको प्रतिकृति र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको वस्तु समेत सम्झनु पर्छ ।

(ग) "क्यूरियो" भन्नाले एक सय वर्ष ननाघेको आधुनिक हस्तकला सम्बन्धी वस्तुहरू सम्झनु पर्छ ।

(घ) "संरक्षित स्मारक क्षेत्र" भन्नाले दफा ३ बमोजिम संरक्षित स्मारक क्षेत्र भनी घोषित प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्र सम्झनु पर्छ ।

(ङ) "मुख्य पुरातत्व अधिकृत" भन्नाले पुरातत्व विभागको महानिर्देशक सम्झनु पर्छ ।

---

✱ तेस्रो संशोधनद्वारा संशोधित ।

∅ पाँचौं संशोधनद्वारा थप ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(च) "संरक्षण" भन्नाले संरक्षित स्मारकलाई बार्ने, ढाक्ने, मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी स्मारकलाई मौलिक रूपमा दुरूस्त राख्ने काम सम्झनु पर्छ ।

⊗(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

✸३. संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्ने : (१) नेपाल सरकारले कुनै प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गर्न चाहेमा चार किल्ला खोली सोको सूचना स्मारक रहेको ठाउँ र सो ठाउँ नजिकैको सार्वजनिक स्थलमा समेत एक एक प्रति टाँस्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा चित्त नबुझ्ने व्यक्तिले सो सूचना टाँस भएको मितिले पैंतीस दिनभित्र नेपाल सरकार समक्ष उजुरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको उजुरमा नेपाल सरकारले अन्तिम निर्णय दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको सूचनामा उजुरी परेमा उपदफा (३) बमोजिम अन्तिम निर्णय भइसकेपछि र उजुरी नपरेमा उजुरी गर्ने हदम्याद समाप्त भइसकेपछि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्रको चार किल्ला खोली सो ठाउँ वा क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्नेछ ।

(५) संरक्षित स्मारक क्षेत्रभित्र कसैले टेलिफोन वा विद्युत लाईन जडान गर्न, खानेपानी वा ढलको लागि जमीन खन्न, सडक बनाउन वा मर्मत गर्न, चलचित्र सुटिङ्ग गर्न, पर्व-मेला, नाच-गान वा सवारीको साधन पार्किङ्ग गर्न वा पोष्टर तस्वीर टाँस्न पुरातत्व विभागबाट तोकिए बमोजिम स्वीकृत लिनु पर्नेछ ।

तर परम्परागत नाच-गान, पर्व-मेला गर्न चलाउन पुरातत्व विभागको स्वीकृति लिनु पर्ने छैन ।

(६) संरक्षित स्मारक क्षेत्रभित्र कसैले आफ्नो हकभोगको जग्गामा नयाँ घर वा भवन निर्माण गर्दा वा साविक आकारमा परिवर्तन हुने गरी आफ्नो घर वा भवनको मर्मत, थपघट वा पुनर्निर्माण गर्दा त्यस्तो क्षेत्रभित्रको घर वा भवनको शैलीसित मिल्ने गरी पुरातत्व विभागले तोकेको मापदण्ड बमोजिम निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्नु पर्नेछ ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।
✸ तेस्रो संशोधनद्वारा संशोधित ।

(७) ◘नगरपालिका क्षेत्रभित्र पर्ने संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्न चाहने व्यक्तिले पेश गरेको नक्सा ◘नगरपालिकाले प्रचलित कानून बमोजिम पास गर्नु भन्दा अगावै त्यस्तो नक्सामा पुरातत्व विभागको स्वीकृति लिनु पर्नेछ । ◘नगरपालिकाबाट यसरी स्वीकृतिको लागि प्राप्त नक्सा अध्ययन गरी पुरातत्व विभागले स्वीकृत दिन, नदिन वा संशोधन सहित स्वीकृति दिन सक्नेछ ।

(८) संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण कार्य गर्दा स्वीकृत नक्सा बमोजिम नगरेमा त्यस्तो घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्ने कार्यलाई रोक्न पुरातत्व विभागले आदेश दिन सक्नेछ ।

(९) उपदफा (८) बमोजिम पुरातत्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेको घर वा भवनलाई ◘नगर योजना स्वीकृत भएको ठाउँमा नगर विकास योजना कार्यान्वयन समितिले र नगर योजना स्वीकृत नभएको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पैंतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ । त्यस्तो आदेश चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र नेपाल सरकारमा उजुरी दिन सक्नेछ । त्यस्तो उजुरीको सम्बन्धमा नेपाल सरकारको निर्णय अन्तिम हुनेछ ।

◘(१०) उपदफा (९) बमोजिम घर वा भवन भत्काउने गरी भएको आदेश उपर कुनै उजुरी नै नपरेमा त्यस्तो उजुरी गर्न पाउने म्याद समाप्त भएको मितिले सात दिनभित्र र कुनै उजुरी परी नेपाल सरकारबाट त्यस्तो घर वा भवन भत्काउने निर्णय गरेमा सो निर्णय भएको मितिले एक्काईस दिनभित्र सम्बन्धित व्यक्तिले घर वा भवन भत्काउनु पर्नेछ । सो म्यादभित्र घर वा भवन नभत्काएमा त्यस्तो आदेश दिने निकाय वा अधिकारीले उक्त घर वा भवन भत्काउनेछ र त्यसरी भत्काउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

⊗३क. प्राचीन स्मारकको वर्गीकरण : (१) नेपाल सरकारले स्वामित्वको दृष्टिले प्राचीन स्मारकलाई सार्वजनिक प्राचीन स्मारक र निजी प्राचीन स्मारक गरी दुई किसिमले वर्गीकरण गर्न सक्नेछ ।

(२) नेपाल सरकारले प्राचीन स्मारकलाई महत्त्वको दृष्टिले अन्तर्राष्ट्रिय महत्त्व, राष्ट्रिय महत्त्व, प्रादेशिक महत्त्व र स्थानीय महत्त्व गरी चार किसिमले वर्गीकरण गर्न सक्नेछ ।

---

◘ पाँचौं संशोधनद्वारा संशोधित ।

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

^ ३ख. सार्वजनिक प्राचीन स्मारकहरूको स्वामित्व, संरक्षण, मर्मत तथा जीर्णोद्धार : सार्वजनिक प्राचीन स्मारकको स्वामित्व पुरातत्व विभागमा रहनेछ । त्यस्ता सार्वजनिक प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागले गर्नेछ ।

^ ३ग. निजी स्वामित्वमा रहेका प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार : (१) संरक्षित स्मारक क्षेत्रभित्रका निजी स्वामित्वमा रहेका प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार सम्बन्धित व्यक्तिले गर्नेछ ।

तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्त्वपूर्ण मानिएका निजी प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागबाट हुन आवश्यक छ भन्ने लागेमा त्यस्ता प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राचीन स्मारकहरूको मौलिक स्वरूपमा परिवर्तन, मर्मत तथा जीर्णोद्धार गर्न वा त्यस्ता प्राचीन स्मारकहरू भत्काउन सम्बन्धित व्यक्तिले पुरातत्व विभागको स्वीकृति लिनु पर्नेछ ।

(३) संरक्षित स्मारक क्षेत्र बाहिरका निजी स्वामित्वमा रहेका प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागको निर्देशनमा ◈स्थानीय तह वा सम्बन्धित व्यक्तिले गर्नेछ ।

तर गुठी संस्थान अन्तर्गत रहेका निजी प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागको निरीक्षण, प्राविधिक सेवा तथा निर्देशनमा गुठी संस्थानले गर्नेछ । गुठी संस्थानबाट त्यस्ता निजी प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार नभएमा गुठी संस्थानको स्वीकृति बिना पुरातत्व विभाग आफैंले वा ◈स्थानीय तह वा कुनै व्यक्तिद्वारा त्यस्ता निजी प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार गर्न गराउन सक्नेछ ।

(४) कसैले उपदफा (२) वा (३) बमोजिम स्वीकृति नलिई वा निर्देशन विपरीत कुनै कार्य गरेमा निजलाई दश हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

^ ३घ. प्राचीन स्मारक स्थल तथा पुरातात्विक स्थलको संरक्षण : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्त्वपूर्ण मानिएका प्राचीन स्मारक स्थल तथा पुरातात्विक स्थलहरूको संरक्षण पुरातत्व विभागले गर्नेछ ।

^ ३ङ. धार्मिक मन्दिर, गुम्बा आदिको सञ्चालन : (१) धार्मिक मन्दिर, गुम्बा आदिको सञ्चालकले त्यस्तो मन्दिर तथा गुम्बामा चढाइएको दान दक्षिणाको रकममध्ये

---

^ पाँचौं संशोधनद्वारा थप ।
◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

पचास प्रतिशतसम्म रकम सोही मन्दिर तथा गुम्बाको संरक्षण तथा यसको पर्यावरणको सुधारमा लगाउनु पर्नेछ ।

(२) धार्मिक मन्दिर तथा गुम्बामा चढाइएको दान दक्षिणाको आय व्यय र त्यसको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ß३च. घर जग्गा कर छुट दिन सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निजी प्राचीन स्मारकमा प्रचलित कानून बमोजिम लाग्ने घर जग्गा कर छुट दिन सक्नेछ ।

ß३छ. समिति गठन गर्न सक्ने : (१) प्राचीन स्मारकहरूको सर्भेक्षण एवं वर्गीकरण गर्न तथा संरक्षित स्मारक क्षेत्रभित्र निजी हक भोगको जग्गामा बनाइने घर वा भवनको शैली वा मापदण्डको सम्बन्धमा पुरातत्व विभागलाई परामर्श दिन र ऐतिहासिक तथा कलात्मक दृष्टिले महत्त्वपूर्ण मानिएका प्राचीन स्मारकहरूको उचित संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न विभिन्न समितिहरू गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका समितिहरूको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

∅३ज. प्राचीन स्मारकको प्रदेश तथा स्थानीय तहबाट संरक्षण : (१) यो दफा प्रारम्भ हुँदाका बखत नेपाल सरकारले संरक्षण र व्यवस्थापन गरेका प्राचीन स्मारकमध्ये प्रादेशिक महत्त्वका प्राचीन स्मारक सम्बन्धित प्रदेश सरकारलाई र स्थानीय महत्त्वका प्राचीन स्मारक सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका प्राचीन स्मारकको संरक्षण तथा व्यवस्थापन विभागले तोकेको मापदण्ड बमोजिम सम्बन्धित प्रदेश र स्थानीय तहले गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम हस्तान्तरण भएका प्राचीन स्मारकको संरक्षणको प्रयोजनको लागि प्रदेश सरकार वा स्थानीय तहले दफा ३ बमोजिम संरक्षित स्मारक क्षेत्र घोषणा गर्न सक्नेछन् ।

४. ◘निजी स्वामित्वमा रहेका प्राचीन स्मारक किन्न वा आफ्नो संरक्षणमा राख्न सक्ने : ✹(१) कुनै व्यक्तिको निजी सम्पत्तिको रूपमा रहेको प्राचीन स्मारक वा कुनै प्राचीन स्मारक क्षेत्रभित्र रहेको निजी वा संस्थागत स्वामित्वको घर जग्गा नेपाल सरकारले स्मारक तथा स्मारक क्षेत्रको वातावरण संरक्षणको दृष्टिकोणले आवश्यक ठानेमा मूल्यांङ्कनको आधारमा मूल्य दिई किन्न सक्नेछ ।

---

ß पाँचौं संशोधनद्वारा थप ।
∅ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।
◘ पाँचौं संशोधनद्वारा संशोधित ।
✹ तेस्रो संशोधनद्वारा संशोधित ।

(२) कुनै संरक्षित प्राचीन स्मारकको धनीले मोल नलिई त्यसै दिएमा मुख्य पुरातत्व अधिकृतले लिई नेपाल सरकारमा सूचना दिई ◘सार्वजनिक प्राचीन स्मारक प्राचीन स्मारकमा दर्ता गरी राख्ने गर्नु पर्छ ।

५. नेपाल सरकारको पूर्व स्वीकृति लिई मुख्य पुरातत्व अधिकृतले प्राचीन स्मारकका धनीहरूको जिम्मेवारीको कागज गराउन पाउने : (१) सदर मोफसलका कुनै जिल्लामा भएको संरक्षित प्राचीन स्मारकको स्थायी बचाउको निमित्त नेपाल सरकारको पूर्व स्वीकृति लिई मुख्य पुरातत्व अधिकृतले वा निजले खटाएका व्यक्तिले सो प्राचीन स्मारकका धनीहरूसँग जिम्मेवारीको कागज गराउन सक्तछ । त्यस्तोमा प्राचीन स्मारकका धनीले सो कागज गरी नदिएमा प्रमुख जिल्ला अधिकारीलाई सो प्राचीन स्मारकको सुरक्षा गरी गराई त्यसका धनी र ◘सम्बन्धित नगरपालिकाको प्रमुख, उप-प्रमुख वा सदस्य वा ◈गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष वा सदस्यबाट समेत उपदफा (२) मा लेखिए बमोजिमको जिम्मेवारीको कागज गराई पठाई दिनु भनी लेखी पठाउनु पर्छ र त्यस्तो लेखी आएमा प्रमुख जिल्ला अधिकारीले पनि सो बमोजिम गर्नु गराउनु पर्छ ।

(२) उपदफा (१) मा लेखिए बमोजिमको जिम्मेवारीमा देहायका कुराहरू र उचित देखिएका अरू कुराहरू समेत पार्नु पर्छ :-

(क) स्मारकको हेरचाह ।

(ख) स्मारकको जिम्मा र त्यसको पालो पहरा गर्ने व्यक्तिको कर्तव्य ।

(ग) स्मारकका धनीले त्यसलाई भत्काउने, हटाउने, परिवर्तन गर्ने, विरूप गर्ने नेपाल सरकार बाहेक अरूलाई हस्तान्तरण गर्ने वा स्मारकको नजिकका अरू कुनै स्मारक खडा गर्ने कुरामा बन्देज ।

(घ) जनता वा नेपाल सरकारलाई वा माल धनीले खटाएका व्यक्तिलाई स्मारकको संरक्षण वा निरीक्षण गर्नका निमित्त जाने आउने सुविधा ।

(ङ) स्मारक रहेको जग्गा जमीन बेच्न परेमा पञ्चकिर्ती मोलमा नेपाल सरकारलाई दिनु पर्ने ।

(च) कबुलियतबाट उठेको झगडा हेर्नको निमित्त नेपाल सरकारबाट अधिकारी नियुक्त हुने ।

६. प्रमुख जिल्ला अधिकारीले आफ्नो इलाकामा रहेको पुरातात्विक वस्तुहरूको विवरण दिने : सदर मोफसलका सबै ठाउँका प्रमुख जिल्ला अधिकारीले आफ्नो

---

◘ पाँचौं संशोधनद्वारा संशोधित ।
◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

इलाकामा रहे भएको पुरातात्विक वस्तुहरूको पत्ता लगाई सो वस्तुको संरक्षणका निमित्त मुख्य पुरातत्व अधिकृतलाई सबै विवरण खोली लेखी पठाउनु पर्छ ।

◘७. निजी स्वामित्वका प्राचीन स्मारक वा पुरातात्विक वस्तु लिन सक्ने : (१) कसैले निजी स्वामित्वमा रहेका प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरू कुनै किसिमले हानी नोक्सानी गरेमा वा बेरूप पार्न खोजेमा पुरातत्व विभागले पञ्चकिर्ती मोल दिई लिन सक्नेछ । सम्बन्धित व्यक्तिले त्यस्ता प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरू यथावत रूपमा संरक्षण गर्छु भनी पुरातत्व विभाग समक्ष सो विभागले तोकिदिए बमोजिम लिखत गरी संरक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित गरी सकेपछि पनि सम्बन्धित व्यक्तिले लिखत बमोजिम त्यस्ता प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरूको संरक्षण नगरेमा पुरातत्व विभागले बिना मोलमा ती प्राचीन स्मारक वा पुरातात्विक वस्तुहरू लिई आफ्नो नियन्त्रणमा राख्न सक्नेछ ।

✸८. प्राचीन स्मारकको संरक्षणको लागि जमीन खन्न नदिने : (१) प्राचीन स्मारक संरक्षणको निमित्त प्राचीन स्मारक रहेको ठाउँ वरिपरी सुरूङ्ग खन्ने वा विष्फोटक पदार्थ हाली जमीन फोर्ने काममा नियन्त्रण गर्न आवश्यक छ भन्ने नेपाल सरकारलाई लागेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यसरी सुरूङ्ग खन्न वा विष्फोटक पदार्थ हाली जमीन फोर्न नपाउने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) उल्लङ्घन गर्ने व्यक्तिलाई दश हजार रूपैयाँसम्म जरिबाना वा डेढ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

९. तीर्थ स्थान तथा देवालयहरूको बचाउ : यस ऐन बमोजिम नेपाल सरकारको हेरचाहमा रहेको वा पुरातत्व सम्बन्धी वा ऐतिहासिक महत्त्वको तीर्थ स्थान वा देवालयलाई दुरूपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन गर्न नदिने जो चाहिने प्रबन्ध नेपाल सरकारले गर्न सक्तछ ।

१०. प्राचीन ऐतिहासिक कलात्मक वा धार्मिक महत्त्वको स्थानमा प्रवेश गर्न पाउने अधिकार : नेपाल सरकारको वा ◘निजी स्वामित्वमा रहेको जुनसुकै प्राचीन ऐतिहासिक, कलात्मक वा धार्मिक महत्त्वको स्थानमा कसैले प्रवेश गर्न चाहेमा सम्बन्धित व्यक्तिको धार्मिक भावना वा चलि आएको रीतिस्थितिमा आघात नपुऱ्याई प्रवेश गर्न पाउँछ ।

११. अनुचित किसिमसँग रोकेमा जरिबाना : दफा १० मा उल्लेख भएको स्थानमा प्रवेश गर्न नदिई अनुचित किसिमसँग रोकतोक गरेमा ✸पाँच सय रूपैयाँसम्म जरिबाना हुनेछ ।

---

✸ तेस्रो संशोधनद्वारा संशोधित ।

◘ पाँचौं संशोधनद्वारा संशोधित ।

✂१२. सजाय : यस ऐन बमोजिम नेपाल सरकारको कब्जामा रहेको वा दफा ५ बमोजिम जिम्मेवारीको कागज भएको कुनै प्राचीन स्मारकको सम्बन्धमा ✂वा कुनै पुरातात्विक वस्तुको सम्बन्धमा देहायको कुनै काम गरेमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) कुनै प्राचीन स्मारकलाई नष्ट गरेमा, भत्काएमा, हटाएमा, परिवर्तन गरेमा, विरूप पारेमा वा चोरी गरेमा ✍त्यस्तो प्राचीन स्मारकको बिगो बमोजिमको रकम असुल उपर गरी पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय,

(ख) कुनै प्राचीन स्मारकलाई अनधिकृत काममा लगाएमा वा अरू कुनै किसिमसँग हानी नोक्सानी पुऱ्याएमा ✍त्यस्तो प्राचीन स्मारकको बिगो बमोजिमको रकम असुल उपर गरी पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय,

✂(ग) कुनै पुरातात्विक वस्तुलाई नष्ट गरेमा, भत्काएमा, विरूप पारेमा, चोरी गरेमा वा अनधिकृत रूपमा हटाएमा वा परिवर्तन गरेमा वा कुनै किसिमले हानी नोक्सानी गरेमा ✍त्यस्तो पुरातात्विक वस्तुको बिगो बमोजिमको रकम असुल उपर गरी पाँच हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय ।

📖१३. प्राचीन स्मारक र पुरातात्विक वस्तु वा क्यूरियोको सारफेर, खरिद बिक्री निकासी वा संग्रहमा प्रतिबन्ध : (१) नेपाल सरकारबाट नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको ऐतिहासिक पुरातत्व सम्बन्धी वा कलात्मक वस्तु नेपाल ⏭......... बाट विदेश निकासी गर्न तथा नेपाल ⏭.......... भित्र पनि एक ठाउँबाट अर्को ठाउँमा सार्न वा कुनै ठाउँमा संग्रह गर्न हुँदैन, कुनै ठाउँमा सार्न संग्रह गर्न परेमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । तर उपदफा (३) मा उल्लेख भए बमोजिम नेपाल सरकारको स्वीकृत निस्सा लागेको क्यूरियो निकासी गर्न वा नेपाल ⏭......... भित्र पनि एक ठाउँबाट अर्को ठाउँमा सार्न वा कुनै ठाउँमा संग्रह गर्न यसले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(२) कुनै व्यक्ति वा संस्थाको व्यक्तिगत, परम्परागत वा पुर्ख्यौली संग्रहहरूमा एक सय वर्ष भन्दा पुरानो पुरातात्विक वस्तु रहेको छ भने त्यस्तो संग्रहको धनीले सो वस्तुको नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएको म्यादभित्र तोकि दिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

---

✂ चौथो संशोधनद्वारा थप ।
✍ पाँचौं संशोधनद्वारा थप ।
📖 दोस्रो संशोधनद्वारा संशोधित ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✍तर यस उपदफा बमोजिम कुल देवताका मूर्तिहरू दर्ता गराउन आवश्यक पर्ने छैन ।

✍(२क) उपदफा (२) बमोजिमको म्यादभित्र कुनै व्यक्ति वा संस्थाले सम्बन्धित कार्यालयमा पुरातात्विक वस्तुहरू दर्ता नगराएमा सो कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थालाई उपदफा (२ख) बमोजिम लाग्ने जरिबाना तिरेमा सो पुरातात्विक वस्तुहरू दर्ता गर्न सकिने व्यहोरा समेत उल्लेख गरी पैंतीस दिनको म्याद दिनेछ ।

✍(२ख) उपदफा (२क) बमोजिम दिइएको म्यादभित्र कुनै व्यक्ति वा संस्थाले आफूसँग भएको पुरातात्विक वस्तुहरू सम्बन्धित कार्यालयमा दर्ता गराउन ल्याएमा सो कार्यालयले त्यस्ता व्यक्ति वा संस्थालाई पाँच सय रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना गरी त्यस्ता पुरातात्विक वस्तुहरू दर्ता गर्नेछ । त्यसरी दिईएको म्यादभित्र पनि कसैले पुरातात्विक वस्तुहरू दर्ता नगराएमा सम्बन्धित कार्यालयको सिफारिसमा पुरातत्व विभागले त्यस्ता पुरातात्विक वस्तुहरू बिना मोलमा लिन सक्नेछ ।

(३) क्यूरियोको उत्पादन वा बिक्री व्यवसाय गर्न चाहने वा त्यस्तो उत्पादन वा बिक्री व्यवसाय गरिरहेको कुनै व्यक्ति वा संस्थाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएको कार्यालयमा आफ्नो नाम दर्ता गरी इजाजतपत्र लिनु पर्नेछ र त्यस्तो उत्पादित प्रत्येक क्यूरियोमा बिक्रेताको नाम सहितको नेपाल सरकारबाट स्वीकृत निस्सा लगाएको हुनु पर्छ ।

(४) क्यूरियो खरिद गर्नेले पनि उपदफा (३) बमोजिम स्वीकृत निस्सा भएको क्यूरियो खरिद गर्नुपर्छ ।

(५) उपदफा (१), (२), (३) र (४) को उल्लङ्घन गर्ने वा उल्लङ्घन गर्न उद्योग गर्ने व्यक्ति वा संस्थाको सम्बन्धित व्यक्तिहरूलाई पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा ५ वर्षसम्म कैद वा दुवै हुनेछ र अपराध सम्बन्धी वस्तु जफत हुनेछ ।

(६) यस ऐन बमोजिम भए नभएका जाँचबुझ गर्न आवश्यक छ भनी ठानेमा प्रमुख जिल्ला अधिकारी  वा यस सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएको अधिकारीले प्राचीन स्मारक वा पुरातात्विक वस्तु, प्राचीन हस्तकला खरिद बिक्री गर्ने, पसल संग्रहालय वा क्यूरियो उत्पादन गर्ने, खरिद बिक्री गर्ने पसल कारखाना वा त्यस्तो वस्तुहरू राखिएको गोदाम घर वा सवारीभित्र वारेण्ट लिई पसी, खानतलासी गर्न र कसूर गर्ने व्यक्तिलाई पक्राउ गरी कानून बमोजिम प्रहरी हिरासतमा राख्न सक्नेछ । यस उपदफा बमोजिम वारेण्ट जारी गर्ने अधिकार मुद्दा हेर्ने अधिकारीलाई हुनेछ ।

---

✍ पाँचौं संशोधनद्वारा थप ।

(७) यस दफा अनुसारका अपराध कसैले गरेको वा गर्न लागेको भनी कसैले सम्बन्धित अधिकारीमा जाहेर गरी अपराधी पक्राउ भई दोषी ठहरिएमा निजलाई भएको जरिबानाको दश प्रतिशत जाहेर गर्ने व्यक्तिलाई दिइनेछ ।

१४. नोक्सानी वा हिनामिना हुने सम्भव भएमा बेच्न कर लगाई नेपाल सरकारले खरिद गर्न सक्ने : दफा १३ (१) अन्तर्गतको सूचनामा उल्लिखित कुनै वस्तु नोक्सान वा हिनामिना हुने सम्भावना देखेमा त्यस्तो वस्तु पञ्चकिर्ती मोलमा बेच्न कर लगाई नेपाल सरकारले खरिद गर्ने आदेश दिन सक्तछ ।

१५. निरीक्षण गर्न र संरक्षण गराउने मुख्य पुरातत्व अधिकृतको अधिकार : पूजा गरी आएका तीर्थस्थानका देव देवताहरू उचित किसिमसँग राखे नराखेको निरीक्षण गरी सो बमोजिम नराखेको देखिएमा चाहिने संरक्षण गराउन मुख्य पुरातत्व अधिकृतलाई अधिकार हुनेछ ।

१६. पुरातात्विक उत्खनन गर्न स्वीकृत लिनु पर्ने : (१) प्राचीन स्मारक रहेको ठाउँमा पुरातात्विक उत्खनन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिम स्वीकृति लिई उत्खनन गर्दा पुरातात्विक महत्त्वको कुनै वस्तु वा स्मारक भेटिन आएमा त्यसको सूचना अठ्चालीस घण्टाभित्र पुरातत्व विभाग वा प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ र प्रमुख जिल्ला अधिकारीले तत्कालै पुरातत्व विभागलाई उक्त कुराको जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उत्खनन गर्दा प्राप्त भएको पुरातात्विक सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(४) उपदफा (१) बमोजिम स्वीकृति नलिई उत्खनन कार्य गर्ने व्यक्तिलाई पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) उपदफा (२) बमोजिम पुरातत्व विभाग वा प्रमुख जिल्ला अधिकारीलाई सूचना नदिई उत्खनन कार्य गर्ने व्यक्तिलाई पन्ध्र हजार रूपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

∞१६क. कलाकृति तथा स्मारक सम्बन्धी विशेष व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक सय वर्ष ननाघेका अद्वितीय किसिमका कलाकृति तथा कुनै समयको महत्त्व दर्शाउने स्मारकहरू पुरातत्व विभागले संरक्षण गर्न गराउन सक्नेछ ।

---

∞ पाँचौं संशोधनद्वारा थप ।

१७. कुनै इलाकालाई सुरक्षित स्थान भनी नेपाल सरकारले सूचना गर्ने अधिकार : (१) पुरातात्विक वस्तुहरूको अनुसन्धानको हितका लागि सो वस्तुहरू खोज्ने खोदाई गर्ने काममा नियन्त्रण गर्न वा प्रतिबन्ध लगाउनु पर्छ भन्ने नेपाल सरकारलाई लागेमा नेपाल सरकारले चार किल्ला तोकी कुनै इलाकालाई सुरक्षित स्थान भनी सूचना जारी गर्न सक्तछ ।

(२) उपदफा (१) बमोजिम कुनै इलाकालाई सुरक्षित स्थान भनी सूचना जारी गरेपछि नेपाल सरकारले त्यस स्थानका जग्गाधनी वा जग्गावालासँग खनाई खोदाईका निमित्त जो चाहिने बन्दोबस्त मिलाई पर्ने घर जग्गाको मनासिब माफिकको क्षतिपूर्ति गर्नेछ । त्यसपछि मुख्य पुरातत्व अधिकृत वा निजले खटाएको व्यक्ति गई खनाई खोदाईको काम गर्ने गराउने छन् र सो स्थानमा खोज्दा खन्दा पाएका सबै वस्तुहरू नेपाल सरकारको हुनेछ ।

(३) उपदफा (२) मा लेखिए बमोजिम सुरक्षित स्थानमा गरिने काम कारबाहीमा कसैले बाधा पुऱ्याएमा नेपाल सरकारलाई हर्जाना तिर्नु पर्नेछ औ रू. ५००।- सम्म जरिबानाको पनि भागी हुनेछ ।

▲१७क. पुरातात्विक वस्तुको संरक्षण : (१) निजी स्वामित्वको पुरातात्विक वस्तु बाहेक अन्य पुरातात्विक वस्तु जुनसुकै ठाउँबाट प्राप्त भए तापनि पुरातत्व विभागको संरक्षणमा रहनेछ ।

(२) उपदफा (१) बमोजिम पुरातत्व विभागको संरक्षणमा रहेको पुरातात्विक वस्तु कुनै परम्परागत जात्रा, पर्व वा उत्सव चलाउन निश्चित अवधिको लागि प्रमुख जिल्ला अधिकारीको सिफारिसमा जमानत लिई पुरातत्व विभागले दिन सक्नेछ ।

▲१७ख. विदेशी नागरिकले पुरातात्विक वस्तु नेपाल ⏭.......... भित्र ल्याउन प्रज्ञापनपत्र भर्नु पर्ने : (१) कुनै विदेशी नागरिकले इतिहास, कला, विज्ञान आदिको दृष्टिकोणबाट महत्त्व भएको पुरातात्विक वस्तु नेपाल ⏭......... भित्र ल्याउन चाहेमा प्रचलित कानून बमोजिम प्रज्ञापनपत्र भरी ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रज्ञापनपत्र भरी ल्याएको पुरातात्विक वस्तु सो व्यक्तिले नेपाल ⏭.......... बाहिर जाँदा आफ्नो साथमा लैजान सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रज्ञापनपत्र नभरी ल्याइएको पुरातात्विक वस्तु नेपाल बाहिर लैजान पाइने छैन ।

▲१७ग. अधिकार प्रत्यायोजन : यो ऐन बमोजिम मुख्य पुरातत्व अधिकृतलाई प्राप्त अधिकार मध्ये सबै वा कुनै अधिकार निजले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

▲ तेस्रो संशोधनद्वारा थप ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

[ø]१७घ. प्राचीन स्मारक संरक्षण कोष : (१) ऐतिहासिक तथा कलात्मक दृष्टिले महत्त्वपूर्ण मानिएका प्राचीन स्मारकहरूको संरक्षण गर्न तोकिए बमोजिमको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. यस ऐन बमोजिम काम गर्ने सरकारी कर्मचारीको बचाउ : यस ऐनले दिएको अधिकार बमोजिम असल नियतले गरेको कुनै कामका लागि कुनै सरकारी कर्मचारी उपर हर्जानाको वा कुनै किसिमको मुद्दा कुनै अड्डा अदालतमा चल्न सक्तैन ।

१९. ❀…………………

✪२०. प्रचलित नेपाल कानून बमोजिम हुने : यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अरू कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

तर देहायमा लेखिएको कुरामा देहाय बमोजिम गर्नु पर्छ :-

(क) जुनसुकै अड्डा अदालतले अन्य प्रचलित नेपाल कानून बमोजिम गर्दा गराउँदा प्राचीन स्मारक वा पुरातात्विक वस्तुको हकमा भने मालधनी जोसुकै भए तापनि त्यस्तो वस्तु नेपाल सरकारको पुरातत्व विभाग वा उक्त विभागले तोकि दिएको ठाउँमा पठाउनका लागि प्रमुख जिल्ला अधिकारी कहाँ पठाउनु पर्छ र सो वस्तु मालधनीलाई दिने वा लिलाम गरिने समेत कुनै कारबाही गर्नु पर्दैन ।

(ख) खण्ड (क) मा उल्लेख भएको वस्तुको बिगोको हकमा प्रमुख जिल्ला अधिकारीद्वारा पञ्चकिर्ती मोल कायम गरी लिई प्रचलित नेपाल कानून बमोजिम दिलाउने भराउने गर्नु पर्छ ।

▲२०क. प्रतिस्थापन गर्ने वा यथास्थानमा राख्ने : दफा २० को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) बमोजिम पुरातत्व विभागमा प्राप्त हुन आएको प्राचीन स्मारक वा पुरातात्विक वस्तु सम्बन्धित धनी वा गुठियारहरूले प्रतिस्थापना गर्न वा यथास्थानमै राख्न फिर्ता पाउँ भनी ◘सम्बन्धित ◈गाउँपालिका वा नगरपालिका र प्रमुख जिल्ला अधिकारीको सिफारिस सहित निवेदन गरेमा

---

ø पाँचौं संशोधनद्वारा थप ।
❀ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा खारेज ।
✪ प्राचीन स्मारक संरक्षण (संशोधन) ऐन, २०२० द्वारा संशोधित ।
▲ तेस्रो संशोधनद्वारा थप ।
◘ पाँचौं संशोधनद्वारा संशोधित ।
◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

त्यस्तो प्राचीन स्मारक वा पुरातात्विक वस्तु फिर्ता दिन मनासिब देखेमा पुरातत्व विभागले सम्बन्धित धनी वा गुठियारहरूसँग आवश्यक कागज गराई फिर्ता दिन सक्नेछ ।

२१. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्तछ ।

---

द्रष्टव्य :- १. नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर गरिएका शब्दहरू :-
(क) "गजेट" को सट्टा "राजपत्र"
(ख) "अफिसर" को सट्टा "अधिकृत"
२. प्राचीन स्मारक संरक्षण (तेस्रो संशोधन) ऐन, २०४३ द्वारा रूपान्तर गरिएका शब्दहरू :-
(क) "पुरातत्व सम्बन्धी वस्तु" को सट्टा "पुरातात्विक वस्तु"
(ख) "पुरातत्व अधिकृत" को सट्टा "मुख्य पुरातत्व अधिकृत"
३. प्राचीन स्मारक संरक्षण (पाँचौं संशोधन) ऐन, २०५२ द्वारा रूपान्तर गरिएका शब्दहरू :-
"स्थानीय हाकिम" को सट्टा "प्रमुख जिल्ला अधिकारी"
४. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# सामाजिक व्यवहार (सुधार) ऐन, २०३३

लालमोहर र प्रकाशन मिति
२०३३।७।४

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| २. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ३. | केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ४. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०३३ सालको ऐन नं. ३१

⏭................

सामाजिक व्यवहारमा सुधार गर्न बनेको ऐन

प्रस्तावना : सामाजिक व्यवहारमा भइरहेको र बढ्दो प्रतिस्पर्धात्मक भडक र फजूल खर्चमा नियन्त्रण गरी सुधार गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार तथा प्रारम्भ : (१) यस ऐनको नाम "सामाजिक व्यवहार (सुधार) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन नेपाल ⏭......... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सामाजिक व्यवहार" भन्नाले विवाह, ब्रतबन्ध, चूडाकर्म, पास्नी, न्वारान, जन्मदिवस, छैठी, बूढो-पास्नी र पितृ-कार्य समेतलाई जनाउँछ ।

(ख) "नजिकको नातेदार" भन्नाले जुन व्यक्तिको सामाजिक व्यवहार हुने हो, सो व्यक्तिको बाबु पक्ष र आमा पक्षका चार पुस्ताभित्रको नातेदार सम्झनु पर्छ र सो शब्दले तेह्र दिनसम्म जूठो बार्नु पर्ने दाजु भाइको परिवार, भान्जा भान्जी, छोरी

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

पट्टीको नाति-नातिनी, फुपूको छोरा छोरी, जेठी आमा र सानी आमाको छोरा छोरी, छोरी ज्वाइँ, बहिनी-ज्वाइँ, भिनाज्यू र मीतलाई समेत जनाउँछ ।

तर पितृ कार्यको हकमा जसले पितृ कार्य गर्ने हो निजको उपरोक्त बमोजिमको नातेदार सम्झनु पर्छ ।

३. तिलकमा नियन्त्रण : (१) विवाह हुँदा तिलक लिन दिन हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई विगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा तीस दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

४. दुलही पक्षले लिन नहुने : (१) छोरीबेटीको विवाह गरी दिँदा सो बापत दुलही पक्षले आफ्नो लागि कुनै नगदी जिन्सी लिन हुँदैन ।

(२) विवाह हुने छोरीबेटीको लागि दुलहा पक्षले यति गहना, कपडा, नगद-जिन्सी वा जेथा दिनुपर्छ भनी कर लगाउन हुँदैन ।

(३) उपदफा (१) उल्लङ्घन गर्नेलाई बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । दिनेलाई त्यसको आधासम्म सजाय हुनेछ ।

(४) उपदफा (२) उल्लङ्घन गर्नेलाई दश हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद हुनेछ ।

५. दाइजोमा नियन्त्रण : (१) विवाह हुँदा वा विवाह पछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद जिन्सी दाइजो, दान, बकस, भेटी, विदाई उपहार समेत जुनसुकै रूपमा दिनुपर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्न हुँदैन र दाइजो दिएन भनी दुलहा पक्षले टण्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलही विदाई गराई साथ नलग्न वा दुलही पछि मात्र विदाई गराई लग्ने प्रथा भएकाहरूले पछि विदाई गराई लग्न इन्कार गर्न हुँदैन ।

(२) विवाह हुँदा जीउमा लगाएको एकसरो गहना बाहेक आफ्नो कुल परम्परा अनुसार राजीखुशीले दिनेले पनि बढीमा दश हजार रुपैयाँसम्मको मात्र दाइजो दिन हुन्छ ।

(३) उपदफा (१) वा (२) उल्लङ्घन गर्नेलाई लिनदिन नपाउने बिगो भए बिगो जफत गरी दश हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

६. अन्य आर्थिक दायित्व व्यहोर्नमा प्रतिबन्ध : (१) दुलहाको पढाईमा लागेको वा लाग्ने खर्च वा निजलाई व्यापार वा व्यवसायमा लगाउन चाहिने पुँजी वा दुलहा तर्फको विवाह खर्च दुलही पक्षबाट लिन हुँदैन ।

(२) जन्त लग्दा लागेको बाटो खर्च तथा खाना खर्च दुलही पक्षले व्यहोर्न वा सो पक्षले व्यहोराउन हुँदैन ।

(३) जन्त जानेहरूलाई कुनै किसिमको नगद जिन्सी उपहार दिन हुँदैन ।

तर, जन्त साथ जाने भरियाहरूलाई नगदी वा जिन्सी ज्याला दिन बाधा पर्ने छैन ।

(४) उपदफा (१) वा (२) उल्लङ्घन गर्नेलाई बिगो जफत गरी बीस हजारदेखि चालीस हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) उपदफा (३) उल्लङ्घन गर्नेलाई बीस हजारदेखि चालीस हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद हुनेछ ।

७. जन्त सम्बन्धी नियन्त्रण : (१) बाजाबाला लगायत एकाउन्न जना भन्दा बढी जन्त वा बरियात लान हुँदैन ।

(२) जन्तमा कुनै प्रकारको भाडावाल नाच लग्न हुँदैन ।

(३) जन्तमा आतसवाजी गर्न हुँदैन ।

(४) जन्तमा एघार जना भन्दा बढी बाजावाला राख्न हुँदैन ।

(५) यस दफा उल्लङ्घन गर्नेलाई दश हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

८. विवाह भोजमा नियन्त्रण : (१) दुलहा तथा दुलही पक्षबाट आयोजित भोजमा नजिकको नातेदार बाहेक अरू छरछिमेकी इष्टमित्रहरूमध्येबाट एकाउन्न जना भन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्न हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई बीस हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

९. छैठी, न्वारान, जन्मदिवस, पास्नी, चूडाकर्म, ब्रतबन्ध, बूढो-पास्नीको भोजमा नियन्त्रण: (१) छैठी, न्वारान, जन्मदिवस, पास्नी, चूडाकर्म, ब्रतबन्ध, बूढो-पास्नी गर्दा सो कर्मकाण्डसँग सम्बन्धित नजिकको नातेदार बाहेक अरू छरछिमेकी इष्टमित्रहरूमध्येबाट पच्चीस जना भन्दा बढी व्यक्तिलाई भोजमा आमन्त्रण गर्न हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गरेमा दश हजार रुपैयाँसम्म जरिबाना वा सात दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

१०. पितृ-कार्यको भोजमा नियन्त्रण : (१) कुनै पनि व्यक्तिको मृत्यु उपरान्त गरिने काज किरिया, श्राद्ध एवं अन्य विभिन्न क्रिया गर्दा नजिकको नातेदार र मलामी

(गुठियार) बाहेक अरू छरछिमेकी इष्टमित्रहरूमध्येबाट पच्चीस जना भन्दा बढी व्यक्तिलाई भोजमा आमन्त्रण गर्न हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई दश हजार रुपैयाँ जरिबाना वा सात दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

११. दाइजो आदि प्रदर्शन गर्न नहुने : (१) सामाजिक व्यवहार सम्बन्धमा लैजाने वा पठाउने दाइजो लगायत कुनै पनि व्यवहार वा उपहार भड्किलो रूपमा प्रदर्शन गरी लैजान वा पठाउन हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई पाँच हजार रुपैयाँसम्म जरिबाना वा सात दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।

१२. भड्किलो रूपमा घर सजाउन नहुने : (१) सामाजिक व्यवहार गर्दा सो उपलक्ष्यमा चाहिने भन्दा बढी हुने गरी भड्किलो रूपमा बत्ती बाली घर सजाउन हुँदैन ।

(२) उपदफा (१) उल्लङ्घन गर्नेलाई दश हजार रुपैयाँसम्म जरिबाना वा सात दिनसम्म कैद हुनेछ ।

१३. ◈स्थानीय तहको दायित्व : (१) यो ऐन बमोजिम गर्न नहुने काम कुनै व्यक्तिबाट हुन वा गर्न लागेको बुझिएमा सो कार्य नगर्नु भनी स्थानीय गाउँ वा नगरपालिकाले सम्बन्धित व्यक्तिलाई सम्झाउनु बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झाउँदा बुझाउँदा पनि सम्बन्धित व्यक्तिले अटेर गरी गर्न नहुने काम गरेमा वा गर्न लागेमा त्यस्तो व्यक्ति उपर कानूनी कारबाही हुन जिल्ला प्रशासन कार्यालयमा जनाउ दिनु पर्नेछ ।

१४. नेपाल सरकारले आदेश जारी गर्न सक्ने : विवाह, ब्रतबन्ध, चूडाकर्म, पास्नी, बूढो-पास्नी तथा पितृ-कार्य आदिमा गरिने खर्चको सम्बन्धमा हदबन्दी लगाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ ।

१५. हिसाब देखाउनु पर्ने : (१) सामाजिक व्यवहारको सिलसिलामा भोजको लागि आमन्त्रण गरिएका व्यक्तिहरूको लगत तथा ऐनमा तोकिए बमोजिम भए नभएको विवरण सम्बन्धित प्रमुख जिल्ला अधिकारीले माग गर्न सक्नेछ र त्यसरी मागिएको विवरण सम्बन्धित व्यक्तिले सूचना पाएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र दिनु पर्नेछ। यसरी प्रमुख जिल्ला अधिकारीले विवरण माग गर्दा ऐनको म्यादभित्र उजुर परेको हकमा मात्र माग गर्न सक्नेछ ।

---

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले मागेको विवरण नदिएमा तीन हजार रुपैयाँसम्म जरिबाना वा तीन दिनसम्म कैद वा दुवै सजाय गर्न सकिने छ ।

१६. नेपाल सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

१७. मुद्दाको तहकिकात र दायरी : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात प्रहरीले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी निजले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा प्रहरीले सरकारी वकीलको राय लिन सक्नेछ ।

१८. मुद्दा दायर गर्ने म्याद : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेको मितिले पैंतीस दिनभित्र मुद्दा दायर नगरेमा मुद्दा चलाउन सकिने छैन ।

१९. मुद्दा हेर्ने अधिकारी र कार्यविधि : (१) यस ऐन अन्तर्गतको मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) यस ऐन अर्न्तगतका मुद्दामा प्रमुख जिल्ला अधिकारीले विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर ◎जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

२०. दण्ड सजाय : (१) यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्न नहुने काम गरेमा बढीमा तीन हजार रुपैयाँसम्म जरिबाना वा तीस दिनसम्म कैद हुनेछ ।

(२) सरकारी कर्मचारी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको कर्मचारी वा नेपाल सरकारबाट स्थापना गरिएको संस्थान वा संगठित स्वशासित संस्थाका कर्मचारीहरूले यस ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम गर्न नहुने काम गरे गराएमा यस ऐनमा तोकिएको सजायको अतिरिक्त त्यस्तो कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही समेत गरिने छ ।

(३) ■...............

२१. नियमहरू बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयहरूमा नियमहरू बनाउन सक्नेछ :-

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
■ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

(क) स्वयम्बर, साइपाटा, कन्यादान, मुखहेर्न जाने, सम्धी-सम्धीनी भेट सम्बन्धी व्यवहार सम्बन्धमा,

(ख) जन्तीलाई दुलही तर्फबाट खुवाउने सम्बन्धमा,

(ग) विवाह भएपछि वर्ष दिनसम्म गरिने व्यवहार सम्बन्धमा,

(घ) सुत्केरी हुनुभन्दा अघि वा पछि गरिने व्यवहार सम्बन्धमा,

(ङ) आमा बाबुको मुख हेर्ने सम्बन्धमा,

(च) भाइटीका सम्बन्धमा,

(छ) सामाजिक व्यवहारमा सगुन लाने सम्बन्धमा,

(ज) पितृकार्य गर्दा दान आदि गर्ने सम्बन्धमा,

(झ) सामाजिक व्यवहारमा आमन्त्रण गरिने पाहुनाहरूको सङ्ख्या तोक्ने सम्बन्धमा,

(ञ) दुलान फर्काउने सम्बन्धमा,

(ट) भोजमा बोलाउने नजिकका नातेदारहरूको अधिकतम सङ्ख्या तोक्ने सम्बन्धमा ।

---

दृष्टव्य:- १. स्थानीय प्रशासन (तेस्रो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरू :-
"जिल्ला कार्यालय" को सट्टा "जिल्ला प्रशासन कार्यालय"

२. विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तर भएका शब्दहरू :-
"विशेष अदालत ऐन, २०३१" को सट्टा "विशेष अदालत ऐन, २०५९"

३. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

४. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर भएका शब्दहरू :-
"नगर पञ्चायत" को सट्टा "नगरपालिका" ।

५. केही नेपाल कानून संशोधन र खारेज गर्ने ऐन, २०७२ द्वारा रुपान्तर भएका शब्दहरू :-
"स्थानीय पञ्चायत" को सट्टा "स्थानीय निकाय" ।

# गुठी संस्थान ऐन, २०३३

लालमोहर र प्रकाशन मिति
२०३३।७।४

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | गुठी संस्थान (पहिलो संशोधन) ऐन, २०४१ | २०४१।८।२४ |
| २. | गुठी संस्थान (दोस्रो संशोधन) ऐन, २०४९ | २०४९।१०।५ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ३. | केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ५. | केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ६. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०३३ सालको ऐन नं. ४१

⏭.................

गुठी संस्थान सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : ⏭.............. राजगुठीलाई नेपाल सरकारको अधीनबाट झिकी एक संस्थाको जिम्मा सुम्पी राजगुठीहरूलाई सुव्यवस्थित रूपले सञ्चालन गराउन गुठी संस्थानको स्थापना भएकोमा, विभिन्न वर्गका जनताका बीच सुसम्बन्ध कायम राख्ने र सर्वसाधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्ने उद्देश्यले गुठी संस्थान सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी बढी प्रभावकारी र सामयिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "गुठी संस्थान ऐन, २०३३" रहेको छ ।

(२) यस ऐनको विस्तार नेपाल ⏭........... भर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्थान" भन्नाले दफा ३ अन्तर्गतको गुठी संस्थान सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गुठी संस्थानको अध्यक्ष सम्झनु पर्छ ।

■(ख१) "समिति" भन्नाले दफा ९ अनुसार गठित सञ्चालक समिति सम्झनु पर्छ ।

■(ख२) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

■(ख३) "प्रशासक" भन्नाले संस्थानको प्रशासक सम्झनु पर्छ ।

(ग) "गुठी" भन्नाले कुनै मठ वा कुनै देवी-देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउन वा त्यस्को संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठी समेतलाई सम्झनु पर्छ ।

(घ) "राजगुठी" भन्नाले यो ऐन प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गरी आएको राजगुठी सम्झनु पर्छ ।

(ङ) "छुट गुठी" भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दानपत्र लिखत बमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले नै शेष खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनु पर्ने गरी त्यस्तो गुठीको जग्गाको नेपाल सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दर्ता गुठीयारले नै गुठी चलाउन पाउने गरी छुट पाएको गुठीलाई सम्झनु पर्छ ।

(च) "निजी गुठी" भन्नाले राजगुठी र छुट गुठी बाहेकको दुनियाँको निजी गुठी सम्झनु पर्छ ।

(छ) "गुठीयार" भन्नाले छुट गुठी वा निजी गुठीका दाता वा दाताका हकवाला गुठी चलाउन वा गुठीको शेष कसर खान पाउने हक

---

■ पहिलो संशोधनद्वारा थप ।

भएका व्यक्ति र त्यस्ता गुठीको सालबसाली दरबन्दीको महन्त र पूजारीलाई सम्झनु पर्छ ।

(ज) "गुठी रैतान नम्बरी जग्गा" भन्नाले दर्तावालाले संस्थानलाई मालपोत बुझाउनु पर्ने जग्गा सम्झनु पर्छ ।

(झ) "गुठी नम्बरी जग्गा" भन्नाले संस्थानले जग्गावालाको हैसियतले नेपाल सरकारलाई मालपोत बुझाउनु पर्ने जग्गा सम्झनु पर्छ ।

(ञ) "गुठी तैनाथी जग्गा" भन्नाले कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा सम्झनु पर्छ ।

(ट) "गुठी अधीनस्थ जग्गा" भन्नाले दर्तावालाले संस्थानलाई जिन्सी बुझाई आएको जग्गा सम्झनु पर्छ ।

(ठ) "गुठी जिमीदारी" भन्नाले कुनै जिमीदारी मौजामा गुठीको हक भई गुठीमा मालपोत दाखिल हुने जिमीदारीलाई सम्झनु पर्छ ।

❖(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा वा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## स्थापना र व्यवस्था

३. गुठी संस्थान कायम रहने : (१) गुठी संस्थान ऐन, २०२१ अन्तर्गत स्थापना भएको गुठी संस्थान यसै ऐन अन्तर्गत स्थापना भएको मानी कायमै रहने छ ।

(२) संस्थान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ । यसको कामको निमित्त एउटा आफ्नो छाप हुनेछ । यसले आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र यस उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(३) यस ऐनको र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही संस्थानले चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र कुनै प्रकारले हस्तान्तरण गरिदिन सक्नेछ ।

(४) संस्थानको प्रधान कार्यालय काठमाडौंमा रहने छ ।

४. ❧ ........................

५. ❧ ........................

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।

❧ पहिलो संशोधनद्वारा खारेज ।

६. कर्मचारी तथा सल्लाहकारको नियुक्ति : (१) संस्थानले आवश्यकतानुसार कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्न सक्नेछ र निजहरूको नियुक्ति र सेवाको शर्त तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा समय समयमा संस्थानका कर्मचारीहरूको दरबन्दी थपघट गर्न ●................. सक्नेछ ।

७. विद्वत् समितिको गठन : ♥(१) संस्थानमा धार्मिक, सामाजिक र शैक्षिक क्षेत्रमा ख्याति प्राप्त विद्वान तथा साधु सन्तहरूमध्येबाट नेपाल सरकारबाट मनोनीत एक जना सभापति सहित पाँच जना सदस्य रहेको एक विद्वत समिति रहने छ ।

(२) संस्थानको अध्यक्षले तोकेको कर्मचारी विद्वत् समितिको सचिव हुनेछ ।

(३) संस्थानको अध्यक्षले विद्वत् समितिको बैठकमा भाग लिनु पर्नेछ ।

♥(४) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरूको कार्यावधि चार वर्षको हुनेछ । कार्यावधि समाप्त भएपछि निजहरूलाई पुन: मनोनीत गर्न सकिनेछ ।

तर नेपाल सरकारले उपयुक्त सम्झेमा निजहरूको कार्यावधि पूरा नहुँदै निजहरूको सट्टा अर्को व्यक्तिलाई मनोनीत गर्न सक्नेछ ।

(५) विद्वत् समितिका सदस्यहरूले सो समितिको बैठकमा भाग लिंदा तोकिए बमोजिमको पारिश्रमिक वा भत्ता पाउनेछन् ।

८. विद्वत् समितिसित राय सल्लाह लिन सकिने : ❖समितिले आवश्यक देखेमा देहायका विषयहरूमा विद्वत् समितिसित राय सल्लाह लिन सक्नेछ :-

(क) गुठी सम्बन्धी प्राचीन रीतिस्थिति,

(ख) धार्मिक विधि, परम्परा एवं धर्म सम्बन्धी अन्य व्यवस्था ।

❖९. समितिको गठन : 🕮(१) संस्थानको कार्य सञ्चालनको निमित्त नेपाल सरकारले देहायका सदस्यहरू भएको एक सञ्चालक समिति गठन गर्नेछ :-

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि, गृह मन्त्रालय (रा.प.प्रथम श्रेणी) - सदस्य

(ग) प्रतिनिधि, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (रा.प.प्रथम श्रेणी) - सदस्य

---

● दोस्रो संशोधनद्वारा झिकिएको ।
♥ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।
🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

(घ) प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय (रा.प. प्रथम श्रेणी) - सदस्य

(ङ) महा-निर्देशक, मालपोत विभाग - सदस्य

(च) नेपाल सरकारले देशका धार्मिक, सामाजिक क्षेत्रबाट मनोनीत गरेका गुठी सम्बन्धी काममा अनुभव प्राप्त तीन जना व्यक्ति - सदस्य

(छ) प्रशासक - सदस्य-सचिव

(२) संस्थानमा कार्यकारिणी अध्यक्ष नियुक्त भएमा समितिको सचिवको काम अध्यक्षले तोकेको संस्थानको कर्मचारीले गर्नेछ ।

(३) उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनीत भएका सदस्यहरूको कार्यावधि तीन वर्षको हुनेछ र कार्यावधि समाप्त भएपछि पुन: मनोनीत हुन सक्नेछन् ।

तर नेपाल सरकारले उपयुक्त सम्झेमा कुनै मनोनीत सदस्यको कार्यावधि समाप्त नहुँदै निजको सट्टा अर्को व्यक्तिलाई मनोनीत गर्न सक्नेछ ।

■९क. समितिको काम, कर्तव्य र अधिकार: (१) संस्थानको सबै काम कारबाहीको रेखदेख, नियन्त्रण र व्यवस्था समितिले गर्नेछ ।

(२) यस ऐन अन्तर्गत संस्थानलाई भएको सबै अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालन समितिले गर्नेछ ।

(३) समितिले विद्वत् समितिबाट सिफारिस गरिएका उपयुक्त सुझावहरू कार्यान्वयन गर्नेछ ।

१०. ✂.........................

११. सदस्य हुन अयोग्यता : देहायको कुनै व्यक्ति ❖समिति वा विद्वत् समितिको सदस्य हुन योग्य मानिने छैन :-

(क) ⬟.............

(ख) साहूको दामासाहीमा परेको व्यक्ति,

(ग) बहुला वा मानसिक सन्तुलन रहित व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी कैदको सजाय पाएको व्यक्ति,

---

■ पहिलो संशोधनद्वारा थप ।
✂ पहिलो संशोधनद्वारा खारेज ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।
⬟ पहिलो संशोधनद्वारा झिकिएको ।

(ङ) एक्काइस वर्ष उमेर पूरा नभएको व्यक्ति, वा

(च) संस्थानसँगको ठेक्कामा सरीक रहेको वा संस्थानसँगको कुनै कारोवारमा निजी आर्थिक स्वार्थ निहित रहेको व्यक्ति ।

१२. सदस्य कायम नरहने अवस्था : देहायको अवस्थामा कुनै व्यक्ति ❖समिति वा विद्वत् समितिको सदस्य कायम रहने छैन :-

(क) दफा ११ मा उल्लिखित कुनै अयोग्यता भएमा,

(ख) सदस्यताबाट राजीनामा गरेमा,

(ग) मुनासिब कारण नभई ❖समिति वा विद्वत् समितिको अनुमति बेगर ❖समिति वा विद्वत् समितिको बैठकमा लगातार तीन पटक अनुपस्थित भएकोमा नेपाल सरकारले हटाएमा,

(घ) दफा ७ को उपदफा (४) र दफा ९ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नेपाल सरकारले कुनै सदस्यको सट्टा अरूलाई नै मनोनीत गरेमा ।

■१२क. प्रशासकको नियुक्ति : नेपाल सरकारले संस्थानमा एक जना प्रशासक नियुक्त गर्नेछ ।

❖१३. संस्थानको कोष : (१) संस्थानको आफ्नो एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकम जम्मा गरिने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त भएको अनुदान,

(ख) कुनै नियमित स्रोतबाट प्राप्त भएको रकम,

(ग) गुठी जग्गाबाट प्राप्त मालपोत वा अन्य आयस्ता,

(घ) गुठी अधीनस्थ जग्गालाई रैतान नम्बरी जग्गामा परिणत गरी दर्ता गर्दा प्राप्त रकम,

(ङ) संस्थानलाई प्राप्त अरू कुनै रकम ।

(२) संस्थानको सबै नगदी संस्थानको नाममा नेपाल राष्ट्र बैङ्क वा समितिले तोकेको कुनै बैङ्कमा राखिने छ ।

(३) संस्थानको तर्फबाट गर्नु पर्ने सबै खर्च संस्थानको कोषबाट व्यहोरिने छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम प्राप्त रकम र संस्थानको नाममा रहेको जायजेथा

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।

■ पहिलो संशोधनद्वारा थप ।

बिक्री भई सो बापत प्राप्त रकम संस्थानको अक्षय कोषको रूपमा राखिनेछ र त्यस्तो रकम कुनै बैङ्कमा मुद्दती खातामा जम्मा गर्ने वा घर पसल बनाउने जस्ता स्थायी लगानी गर्ने बाहेक अरू सालबसाली खर्च गर्न पाइने छैन । अक्षय कोषको लगानीबाट प्राप्त आम्दानीको कम्तीमा पच्चीस प्रतिशत रकम अनिवार्य रूपमा सोही कोषमा जम्मा गरी बाँकी रकम संस्थानको काममा खर्च गर्न सकिने छ ।

१४. संस्थानको लेखा र लेखापरीक्षण : (१) संस्थानको लेखा प्रचलित नेपाल कानून बमोजिम राखिनेछ ।

(२) संस्थानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१५. संस्थानको आर्थिक वर्ष र वार्षिक प्रतिवेदन: (१) संस्थानको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक वर्ष सरह हुनेछ ।

(२) संस्थानले प्रत्येक आर्थिक वर्ष अन्त भएको छ महिनाभित्र आफ्नो आर्थिक स्थिति र आफ्नो कामको वार्षिक प्रतिवेदन नेपाल सरकारमा पेश गर्नेछ ।

## परिच्छेद-३

## संस्थानको काम कर्तव्य

१६. राजगुठीको बन्दोबस्त र सञ्चालन : (१) संस्थानको अमानती, राजगुठी, मठ, मन्दिरको बन्दोबस्त र सञ्चालनको लागि आवश्यकतानुसार महन्त, पुजारी, व्यवस्थापक र अरू कामदार, कर्मचारीको नियुक्ति गरी दानपत्र लिखत भए सो र परम्परा बमोजिमको पर्व पूजा इत्यादि गर्नु पर्ने काम अमानतबाटै गराउनेछ र त्यस्तो अमानती गुठी, मठ, मन्दिरको आयस्ता गुठी कोष र गुठी जिन्सी मौज्दातमा जम्मा गरी खर्च गुठी कोष र गुठी जिन्सी मौज्दातबाट नै व्यहोरिने छ ।

(२) राजगुठीमा परिणत भएका छुट गुठी र निजी गुठीका हकमा संस्थानले त्यस्ता गुठीका दानपत्र, लिखत र परम्परा बमोजिम पर्व, पूजा इत्यादि गर्नु पर्ने काम नरोकिने र धर्म लोप नहुने गरी भइरहेको कामदार, कर्मचारी र खर्चको दरबन्दीमा बढी वा अनावश्यक कटाई नयाँ दरबन्दी कायम गरी उपदफा (१) बमोजिम अमानतबाट गुठीको कार्य सञ्चालन नगराई संस्थानले आफ्नै रेखदेख, नियन्त्रण र निर्देशनमा बढीमा पाँच वर्षसम्मको अवधि तोकी त्यस्तो गुठीको बन्दोबस्त र सञ्चालन साविकमा चलाई आएको दर्ता गुठियार, महन्त, पूजारी वा अरू कसैलाई सुम्पन सक्नेछ ।

तर, त्यसरी सुम्पिएकोमा दरबन्दी बमोजिम खर्च कटाई बाँकी बचेको आयस्ता संस्थानमा बुझाउनु पर्नेछ ।

१७. संस्थानको काम, कर्तव्य तथा अधिकार : यस ऐनमा स्पष्ट व्यवस्था भए बाहेक संस्थानको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(१) राजगुठी माथि संस्थानमा हक दायित्व राखी व्यवस्था तथा सञ्चालन गर्ने,

(२) छुट गुठी तथा निजी गुठीलाई राजगुठीमा लिई अमानतबाट व्यवस्था र सञ्चालन गर्ने वा यस ऐनमा व्यवस्था भए बमोजिम सञ्चालन गराउने,

(३) दानपत्र, लिखत, परम्परा बमोजिमको धार्मिक पर्व पूजा धर्मलोप नहुने गरी चलाउने वा चलाउन लगाउने,

(४) राजगुठीको चल अचल सम्पत्ति वा त्यसबाट भएको आम्दानी हाल भैरहेको र थप कुनै धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक वा परोपकारी संस्था वा कार्यमा लगाउने,

(५) राजगुठीको आम्दानीबाट फजूल खर्च घटाई चुहावट रोकी राजगुठीलाई बढी व्यवस्थित रूपले सञ्चालन गर्न आवश्यकतानुसार कर्मचारी र खर्चको नयाँ दरबन्दी लगत बनाउने,

(६) कुनै अनुदान, दान, दातव्य, चल अचल, सम्पत्ति प्राप्त गर्ने,

■(६क) मठ मन्दिरमा चढ्ने भेटीघाटीको व्यवस्था गर्ने,

■(६ख) प्राचीन गरगहना र धार्मिक, सांस्कृतिक वस्तुहरूको लगत राखी संरक्षण गर्ने गराउने,

■(६ग) कुनै गुठीको कामको निमित्त खर्च गर्नु पर्दा सकभर सोही गुठीको आयस्ताबाट खर्च गर्ने,

(७) खेती, वागवानी र पशुपालन गर्ने,

(८) राजगुठीबाट गर्नु पर्ने कुनै काम गर्न संस्थानका तर्फबाट ठेक्का दिने करार गर्ने,

(९) घर, पसल बनाई बहालमा दिने,

(१०) संस्थानका तर्फबाट चलाउनु पर्ने कुनै कानूनी कारबाही चलाउने वा संस्थान उपर चलेको कुनै कानूनी कारबाहीको प्रतिरक्षा गर्ने र अदालतको फैसला बमोजिम गर्ने,

(११) राजगुठीको आयस्ता रकमबाट गुठी चलाउने, खर्च गर्ने, बाँकी रकमबाट जगेडा कोष खडा गर्ने र सो कोषबाट सुरक्षित लगानी गर्ने,

(१२) गुठी तैनाथी जग्गामा संस्थानले आफैं खेती गर्न वा मोही लगाई खेती गर्न दिने,

---

■ पहिलो संशोधनद्वारा थप ।

(१३) यो ऐन र प्रचलित कानून बमोजिम राजगुठीको व्यवस्था सञ्चालन गर्दा परिआएको अरू काम गर्ने ।

१८. संस्थानले गर्न नहुने काम : संस्थानले देहायको काम गर्न हुँदैन :-

(१) गुठी जग्गामा नेपाल सरकारको स्वीकृति बेगर गुठीको स्वामित्व छाडिदिने,

(२) गुठी ऐलानी जग्गा नेपाल सरकारको नीति विरुद्ध नम्बरीमा दर्ता गर्ने,

(३) संस्थानलाई नोक्सान वा राजगुठीको धर्म-कार्यमा बाधा पर्ने कुनै काम कारबाही, आर्थिक कारोबार वा अन्य व्यवस्था सम्बन्धी काम गर्ने ।

१९. छुट गुठीको हक दायित्व संस्थानमा सर्ने : सबै छुट गुठी राज गुठीमा परिणत भई त्यस्तो छुट गुठीको चल अचल जायजेथा, देवमूर्ति समेत उपर छुट गुठीको भइराखेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्ता छुट गुठीका गुठियार खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ ।

📖१९क. निजी गुठीको लगत : (१) निजी गुठीका गुठीयारले गुठीको लगत तोकिए बमोजिमको ढाँचामा संस्थानमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत प्राप्त भएपछि संस्थानले व्यक्तिगत वा पारिवारिक रूपमा र सामाजिक हितको लागि राखिएका निजी गुठीको लगत तोकिए बमोजिम छुट्टाछुट्टै राख्नु पर्नेछ ।

📖२०. निजी गुठीको हक दायित्व संस्थानले लिन सक्ने : (१) कुनै निजी गुठीको दाता समेत सबै वा अधिकांश गुठीयारहरूले त्यस्तो निजी गुठीको हक दायित्व संस्थानले नै व्यहोर्ने गरी बन्दोबस्त र सञ्चालन संस्थानबाट नै हुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिई बन्दोबस्त र सञ्चालन गर्न सक्नेछ ।

(२) व्यक्तिगत वा पारिवारिक रूपमा राखिएका निजी गुठी बाहेक सामाजिक हितको लागि राखिएका निजी गुठीका गुठीयारले शिलापत्र, धर्मपत्र, दानपत्र आदिमा लेखिए बमोजिम सो गुठीको सञ्चालन नगरी गुठीको सम्पत्ति हिनामिना गरेको देखिएमा गुठियारले लिखित अनुरोध नगरे पनि संस्थानले त्यस्तो गुठीको जिम्मा लिई बन्दोबस्त र सञ्चालन गर्न सक्नेछ ।

(३) पशुपति अमालकोट कचहरीमा कूत बुझाउनु पर्ने वा पशुपति गुह्येश्वरीसँग सम्बन्धित सबै खालका गुठीको जग्गाको जग्गा प्रशासन गुठी संस्थानले जिम्मा लिई बन्दोबस्त र सञ्चालन गर्न सक्नेछ ।

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

(४) उपदफा (१) वा (२) बमोजिम संस्थानले हक दायित्व लिएपछि त्यस्तो निजी गुठी राजगुठीमा परिणत भई त्यस्तो निजी गुठीको चल, अचल जायजेथा, देवमूर्ति समेत उपर निजी गुठी वा दाता गुठियारको भैरहेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्तो निजी गुठीका दाता, गुठीयार, खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ ।

२१. राजगुठीमा परिणत भएको छुट गुठी र निजी गुठीको विवरण जायजेथा बुझाउने : दफा १९ र २० बमोजिम राजगुठीमा परिणत भएको छुट गुठी वा निजी गुठीका दाता, गुठियार वा गुठी चलाइआएका व्यक्तिले संस्थानले सूचना प्रकाशित गरेको छ महिनाभित्र संस्थानले तोके बमोजिम त्यस्तो गुठीको चल अचल, जायजेथाको विवरण र स्याहा श्रेस्ता लगायत सबै लिखत संस्थानलाई बुझाउनु पर्छ ।

## परिच्छेद-४

## गुठी जिमीदारी उन्मूलन

२२. गुठी जिमीदारी उन्मूलन : गुठी जिमीदारी उन्मूलन गरिएको छ। त्यस्तो उन्मूलनको परिणामस्वरूप सम्बन्धित गुठी मौजाको जिमीदारीसित सम्बन्धित जिमीदार पटवारीको सबै हक अधिकार स्वत: समाप्त भएको मानिने छ ।

तर जिमीदारी साथको जग्गाका हकमा जिमीदारी उन्मूलन भएको जिमीदारको नाउँमा गुठी रैतान नम्बरीमा दर्ता हुनेछ ।

२३. जिमीदारी सम्बन्धी कागजपत्र : गुठी जिमीदारीको कागजपत्र जिम्मा भएको व्यक्तिले सो कागजपत्र संस्थानले आदेश दिएका बखत संस्थानलाई बुझाउनु पर्छ ।

२४. मालपोत असुल तहसील गर्ने अन्तरिम व्यवस्था : उन्मूलन भएको गुठी जिमीदारीको मालपोत असुल तहसील गर्ने सम्बन्धमा संस्थानले व्यवस्था मिलाई सूचना नदिएसम्म सम्बन्धित जिमिदार पटवारीले साविक बमोजिम मालपोत असुल तहसील गरी संस्थानमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-५

## राजगुठी जग्गा

❖२५. गुठी तैनाथी जग्गाको बन्दोबस्त : 🕮(१) गुठी तैनाथी जग्गा संस्थानले आफैं खेती गर्न वा लिलाम बढाबढ गराई दर्ता गरिदिन सक्नेछ ।

(२) गुठी तैनाथी जग्गा मध्ये ऐलानी बाँझो जग्गाको हकमा संस्थानले अवस्था अनुसार देहाय बमोजिम कुनै पनि व्यवस्था गर्न सक्नेछ :-

(क) संस्थान आफैंले आवाद गर्ने,

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

(ख) तोकिए बमोजिम केही वर्षको कूतसम्म माफी गरी खास किसानलाई ●............ आवादी गर्न दिने, र

(ग) ▮...............

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गुठी तैनाथी जग्गा घर घडेरी वा उद्योग व्यापारको लागि उपयुक्त देखिएमा त्यस्ता गुठी जग्गा र संस्थान आफैँले खेती गरे गराएको गुठी तैनाथी जग्गा आवादी वा ऐलानी जे भएपनि उपयोग र ठाउँको महत्त्व हेरी संस्थानले तोकिए बमोजिम ●............. बढाबढ गराई गुठी रैतान नम्बरी जग्गामा परिणत गरी दर्ता गरी दिन सक्नेछ ❁र २०४६ चैत्र २६ गते भन्दा पहिले नै गुठी तैनाथी जग्गामा आफ्नै पुँजी लगाई घर बनाई बसोवास गरिसकेकाको हकमा त्यस्तो घर घडेरी यसै ऐनमा अन्यत्र व्यवस्था गरिए अनुसार मूल्याङ्कन समितिले तोकेको मूल्यको आधारमा निजकै नाममा रैतान नम्बरीमा परिणत गरी दर्ता गर्न सकिने छ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देवस्थल रहेका वा देवी देवता देवस्थल पर्व पूजा जात्रासँग सम्बन्धित धार्मिक एवं सार्वजनिक पर्ति जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिने छैन । त्यस्तो जग्गा दर्ता गरिएको रहेछ भने पनि संस्थानले त्यस्तो जग्गाको दर्ता बदर गर्न सक्नेछ ।

२६. गुठी अधीनस्थ जग्गाको बन्दोबस्त : (१) यो ऐन प्रारम्भ भएपछि काठमाडौं उपत्यका र पहाड इलाकामा जोताहाले दर्तावालालाई कूत बुझाई दर्तावाला मोहीले राजगुठीलाई पूरै जिन्सी वा आंशिक जिन्सी र आंशिक गुठीको भाउले नगदीमा बुझाउनु पर्ने गुठी अधीनस्थ जग्गामा दर्तावालाको सबै हक अधिकार समाप्त भई त्यस्तो जग्गामा संस्थानको पूर्ण स्वामित्व कायम हुनेछ र त्यस्तो जग्गामा खास जोताहा किसानले प्रचलित कानून बमोजिम मोहियानी हक पाउने छ ।

❖(२) उपदफा (१) बमोजिम हक समाप्त हुने दर्तावाला मोहीले निजको साविक जग्गामा प्रचलित कानून बमोजिम लाग्ने मालपोतको दश गुणाले हुने रकम क्षतिपूर्ति वापत तोकिए बमोजिम पाउनेछ । त्यसरी क्षतिपूर्ति पाउने दर्तावालाले गुठीलाई तिर्नु पर्ने बक्यौता रकम भए सो कट्टा गरी क्षर्तिपूर्तिको रकम पाउने छ ।

❖(३) उपदफा (२) बमोजिम दर्तावाला मोहीलाई दिइने क्षतिपूर्तिको रकम दर्तावालाको हक समाप्त भई आफ्नो हक हुन आउने खास जोताहा किसानले संस्थानमा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

---

● दोस्रो संशोधनद्वारा झिकिएको ।
▮ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।
❁ दोस्रो संशोधनद्वारा थप ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।

■(३क) दर्तावाला मोहीले संस्थानमा बुझाउनु पर्ने कूत नबुझाई बक्यौता रहन गएको देखिएमा जोताहा किसानले त्यस्तो बक्यौता रहेको अवधिको कूत दर्तावाला मोहीलाई बुझाएको निस्सा संस्थानमा पेश गर्नु पर्नेछ ।

■(३ख) उपदफा (३क) बमोजिम कूत बुझाएको निस्सा पेश गर्न नसकेमा निस्सा पेश गर्न नसके जतिको कूत संस्थानमा बुझाउनु पर्नेछ ।

❖(४) दर्तावाला मोहीको हक समाप्त भई आफ्नो हक हुन आउने खास जोताहा किसानले उपदफा (३) मा तोकिए बमोजिमको क्षतिपूर्तिको रकम दाखिल नगरेमा वा उपदफा (३ख) बमोजिम बक्यौता कूत तोकिए बमोजिम नतिरेमा सो जग्गाको कूत नतिरे सरह कारबाही गरी सो जग्गामा तोकिएको दस्तुर लिई अर्को मोही कायम गर्न सकिने छ ।

❖(५) उपदफा (४) बमोजिम कारबाही गरी अर्को मोही कायम हुन आएमा त्यस्तो मोहीले उपदफा (३) बमोजिम हक समाप्त भएको दर्तावाला मोहीलाई तिर्नु पर्ने क्षतिपूर्तिको बाँकी रकम र उपदफा (३ख) बमोजिमको कूत समेत संस्थानमा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

⬟(६) ................

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गुठी अधीनस्थ जग्गामा कसैले कानून बमोजिम अधिकार पाई घरबारी बनाई बसोबास गरी आएको भए प्रचलित नेपाल कानून बमोजिम घरबारी बापत राख्न पाउने जग्गाको हदसम्म जग्गा सोही व्यक्तिको नाममा मोहियानीमा दर्ता हुनेछ ।

## परिच्छेद-६

## मोहीको व्यवस्था

२७. मोहियानी हक लाग्ने : गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानून बमोजिम मोहियानी हक पाउनेछ ।

🕮तर,

(क) गुठीको कुनै निश्चित काम गरे बापत जोती भोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोहियानी हक पाउने छैन ।

(ख) साविकदेखि खेती गरी नआएको बाग बगैंचा भएको वा तोकिएको शहर बजारको पर्ति गुठी जग्गामा मोहियानी हक पाउने छैन ।

---

■ पहिलो संशोधनद्वारा थप ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।
⬟ पहिलो संशोधनद्वारा झिकिएको ।
🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

२८. गुठी जग्गामा लाग्ने कूत तिरो : (१) संस्थानलाई कूत तिर्नु पर्ने गुठी जग्गामा सरकारी रैकर जग्गावालाले मोहीबाट जग्गाको ठाउँ र किसिम अनुसार पाउने सरह कूत लाग्नेछ ।

■तर यो ऐन प्रारम्भ हुँदाका वखत किसिम अनुसारको कूतभन्दा कम बुझाई आएको रहेछ भने सोही बमोजिम नै कूत लिइने छ ।

❖(२) यो ऐन प्रारम्भ हुँदाको अवस्थामा मोहीले धान, चामल, मकै, कोदो, गहुँ आदि अनाज बाहेक अरू प्रकारको जिन्सी बुझाई आएकोमा मोहीले साविक बमोजिमकै जिन्सी बुझाउनु पर्नेछ ।

तर यस उपदफा बमोजिम जिन्सी सामानको मूल्य प्रति रोपनी वा बिगाहामा उपदफा (१) बमोजिम मोहीले बुझाउने कूतको मूल्य भन्दा बढी पर्ने गरी असुल गरिने छैन ।

■(३) उपदफा (२) बमोजिम मोहीले बुझाउने जिन्सीको मूल्य निश्चित गर्ने अधिकार संस्थानलाई हुनेछ ।

■(४) गुठी जग्गामा लागेको कूत मोहीले स्थानीय बजार भाउले नगदीमा पनि बुझाउन सक्नेछ ।

■(५) दफा २९ को उपदफा (१) मा तोकिएको कूत तिर्ने समयमा कूत बुझाउनेलाई संस्थानले कूतको पन्ध्र प्रतिशतसम्म छुट दिनेछ ।

२९. कूत तिर्ने सम्बन्धी व्यवस्था : (१) संस्थानलाई कूत तिर्नु पर्ने गुठी जग्गाको मोहीले सरकारी रैकर जग्गाको मोहीले कूत तिर्ने याम समयसम्ममा संस्थानलाई गुठी जग्गाको मोहीले कूत बुझाउनु पर्नेछ । सो म्यादभित्र कूत नबुझाएमा त्यस्तो मोहीको मोहियानी हक संस्थानले समाप्त गर्न सक्नेछ ।

तर संस्थानले आवश्यक देखेमा दुई महिनासम्म कूत बुझाउन म्याद थप गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मोहियानी हक समाप्त भएकोमा चित्त नबुझ्ने मोहीले पैतीस दिनभित्र नेपाल सरकार समक्ष उजुर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको उजुरीमा नेपाल सरकारले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम मोहियानी हक समाप्त भएको जग्गाको बाँकी कूत साविक मोहीबाट सरकारी बाँकी सरह संस्थानले असुल उपर गर्न सक्नेछ ।

---

■ पहिलो संशोधनद्वारा थप ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।

(५) संस्थानलाई बुझाउनु पर्ने कूत मिन्हा गर्ने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३०. मोहियानी हक खरिद बिक्री गर्न सकिने विशेष व्यवस्था : भूमि सम्बन्धी ऐन, २०२१ तथा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम मोहियानीमा कमाई आएको जग्गाको मोहियानी हक खरिद बिक्री हुन सक्नेछ ।

■३०क. खान्गीको जग्गा बेचबिखन गर्न नपाउने : गुठीको खान्गी जग्गा खान्गीवालाले धितो बन्धक राख्ने वा अन्य कुनै प्रकारले हक छाडी दिन पाउने छैन र त्यसरी हक छाडी दिएमा हक छाडी दिएको लिखत स्वत: बदर भएको मानिनेछ ।

🕮३१. उकास हुन आएको जग्गाको सम्बन्धमा : संस्थानलाई बुझाउनु पर्ने कूत वा अन्य रकम नबुझाई छाडी उकास हुन आएको जग्गा संस्थानले आफैँ खेती गर्न वा अन्य कुनै काममा लगाउन सक्नेछ ।

३२. गुठी रैतान नम्बरी जग्गामा मालपोत लाग्ने : (१) सरकारी रैकर जग्गाको जग्गावालाले जग्गाको किसिम अनुसार नेपाल सरकारमा मालपोत बुझाए सरह गुठी रैतान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउनेछ ।

(२) गुठी रैतान नम्बरी जग्गामा जग्गावालाको हक र हैसियत प्रचलित कानून बमोजिम सरकारी रैकर जग्गाको जग्गावालाको सरह नै हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि जग्गावाला भन्नाले यस ऐन बमोजिम संस्थानलाई मालपोत तिर्नु पर्ने गरी गुठी जग्गा आफ्नो नाममा दर्ता भई सो दर्ताको नाताले उक्त जग्गामा हक हुने व्यक्ति र त्यस्तो व्यक्तिको हकवाला वा अंशियार भएको नाताले वा त्यस्तो व्यक्तिले प्रचलित नेपाल कानून बमोजिम आफ्नो हक छोडी दिएकोले सो जग्गा आफ्नो नाममा दर्ता गराउने हक पुगेको व्यक्ति सम्झनु पर्छ ।

३३. मालपोत असुल गर्ने व्यवस्था : (१) संस्थानले मालपोत असुल गर्ने व्यवस्था गर्नेछ ।

(२) मालपोत असुल गर्ने म्याद प्रचलित नेपाल कानूनमा तोकिए बमोजिम हुनेछ । मालपोत असुल गर्न म्याद नाघेमा जरिबाना गर्ने, मालपोत बाँकीमा जग्गा लिलाम गर्ने र मिन्हा दिने समेतमा प्रचलित नेपाल कानूनमा भएको व्यवस्था संस्थानले असुल गर्ने मालपोतका हकमा पनि लागू हुनेछ । गुठीको मालपोत असुल तहसील गर्न तोकिएको कार्यालयहरूले समेत प्रचलित नेपाल कानून बमोजिम मालपोत असुल गर्ने सम्बन्धी अधिकारको प्रयोग गर्न पाउनेछ ।

३४. बहाल र भूबहाल असुल उपर गर्ने व्यवस्था : (१) गुठी जग्गामा घर पसल बनाउन दिई भूवहाल लिई आएको वा गुठीले नै घर पसल बनाई वा पाटी पौवाहरू

---

■ पहिलो संशोधनद्वारा थप ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

बहालमा दिई बहाल लिई आएकोमा यो दफा प्रारम्भ भएपछि संस्थानले त्यस्तो भूबहाल वा बहालको सम्बन्धमा नयाँ कबुलियत गराउन सक्नेछ। यसरी नयाँ कबुलियत गराउँदा भूबहाल वा बहालको अङ्क संस्थानले तोके बमोजिम हुनेछ।

(२) बहाल वा भूबहालमा बस्ने व्यक्तिले संस्थानले तोकिदिएको म्यादभित्र नयाँ कबुलियत गर्नु पर्नेछ। सो म्यादभित्र कबुलियत नगरेमा सो बहालवाला वा भूबहालवाला व्यक्तिका घर वा पसलमा भोगचलन गर्ने हक स्वत: समाप्त हुनेछ र संस्थानले सो घर पसल अन्य व्यक्तिलाई बहालमा दिन वा आफैँले भोग चलन गर्न सक्नेछ।

३५. दस्तुर लिई मोहियानीमा दर्ता गर्ने : (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि गुठी जग्गामा भूवहाल लगाई आएकोमा भूवहालवालाले मोहियानीमा दर्ता गराउन चाहेमा संस्थानले तोके बमोजिम दस्तुर लिई मोहियानीमा दर्ता गरिदिन सक्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाको बखत संस्थानको स्वीकृति नलिई कसैले गुठी जग्गामा घर बनाइसकेको रहेछ भने त्यस्तो जग्गा संस्थानले तोके बमोजिम दस्तुर लिई मोहियानीमा दर्ता गरिदिन सक्नेछ।

(३) यो ऐन प्रारम्भ भएपछि कसैको नाममा मोहियानीमा दर्ता भएको गुठी जग्गा वा कसैको नाममा दर्ता नभएको ऐलानी वा बाँझो गुठी जग्गा वा गुठीको बाग बगैचामा कसैले घर बनाउन संस्थानको स्वीकृति मागेमा संस्थानले तोके बमोजिम दस्तुर लिई स्वीकृति दिन सक्नेछ। यसरी संस्थानको स्वीकृति नलिई त्यस्तो जग्गामा कसैले घर बनाएमा सो जग्गा र सो जग्गामा बनाएको घरमा त्यस्तो व्यक्तिको हक समाप्त भई संस्थानको हक कायम हुनेछ।

■तर यो प्रतिबन्धात्मक वाक्यांश प्रारम्भ हुनुभन्दा अघि घर बनाएकोमा त्यस्तो घर बनाउने व्यक्तिको कुनै बदनियत थिएन भन्ने संस्थानलाई लागेमा संस्थानले नेपाल सरकारको स्वीकृति लिई तोकिएको अतिरिक्त दस्तुर लिई मोहियानीमा दर्ता गरी दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी रैतान नम्बरी जग्गामा घर बनाउन संस्थानको स्वीकृति लिन पर्ने छैन।

३६. ▮..................

## परिच्छेद-७

## विविध

३७. हदबन्दी सम्बन्धी व्यवस्था : गुठी रैतान नम्बरी जग्गाको जग्गावाला र गुठी जग्गाका मोहीका सम्बन्धमा हदबन्दी सम्बन्धी प्रचलित नेपाल कानूनको सबै

---

■ पहिलो संशोधनद्वारा थप।

▮ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको।

व्यवस्था लागू हुनेछ र सो प्रयोजनका लागि गुठी जग्गा र सरकारी रैकर जग्गा दुवैको हिसाब गरी हदबन्दी कायम गर्नु पर्छ ।

३८. गुठी तैनाथी जग्गाका सम्बन्धमा विशेष व्यवस्था : यस ऐन बमोजिम गुठी तैनाथी हुने जग्गा राजगुठी र संस्थानको हित विपरीत कुनै व्यक्तिले कुनै किसिमले बन्दोबस्तीमा लिएको भए पनि गुठी संस्थान ऐन, २०२१ लागू भएपछि बन्दोबस्ती पाएको त्यस्तो हक अधिकार स्वत: समाप्त भई त्यस्तोमा संस्थान र राजगुठीको हक र स्वामित्व पुन: कायम हुनेछ ।

तर-

(१) बन्दोबस्तीमा पाएको जग्गा घरबारीको लागि प्रयोग भएकोमा अन्य प्रचलित कानूनले पाएको हदसम्म त्यस्तो व्यक्तिको नाउँमा गुठी रैतान नम्बरीमा दर्ता हुनेछ बाँकी जग्गामा संस्थानलाई यस ऐन बमोजिम कूत तिरो बुझाउन पर्नेछ ।

(२) नेपाल सरकारको स्वीकृति लिई गुठी संस्थानले दश बिगाहासम्म कसैको नाममा गुठी रैतान नम्बरीमा दर्ता गरेको जग्गाको हकमा यो दफा लागू हुने छैन ।

📖३९. गुठी घर वा जग्गा साविक बमोजिम दर्ता हुने : (१) गुठी तैनाथी जग्गा गुठी अधीनस्थ जग्गामा, गुठी अधीनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा वा गुठीको घर वा जग्गा रैकरमा दर्ता भएको प्रमाणित हुन आएमा प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय प्रमुखले त्यस्तो गुठीको घर वा जग्गा साविकको गुठी तैनाथी जग्गा, गुठी अधिनस्थ जग्गा वा गुठी रैतान नम्बरीमा नै दर्ता गर्न सक्नेछ । त्यसरी दर्ता भइसकेपछि सो घर वा जग्गाको पहिले दर्ता भएको लगत कट्टा हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकले वा प्रशासकको काम गर्ने प्रशासकीय प्रमुखले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय उपर पैंतीस दिनभित्र ◎जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

४०. जायजेथा रोक्का राख्न पर्ने : संस्थानमा धितो राखेको अचल सम्पत्ति रोक्का गर्न संस्थानबाट लेखिआएमा सम्बन्धित कार्यालयले त्यस्तो अचल सम्पत्तिको सुक्री-बिक्री, भोगबन्धकी, दृष्टिबन्धकी वा अन्य कुनै प्रकारले कसैलाई हक छोडी दिन नपाउने गरी रोक्का गर्नु पर्नेछ ।

४१. बाँकी बक्यौता असुल गर्ने : (१) संस्थानले असुल उपर गर्नु पर्ने मालपोत, कूत, बहाल, भूबहाल, पेश्की, ठेक, ■जरिबाना, बिगो, शुल्क, अतिरिक्त शुल्क, दस्तुर

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।
◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
■ पहिलो संशोधनद्वारा थप ।

आदि बाँकी बक्यौता संस्थानले सरकारी बाँकी सरह सम्बन्धित व्यक्तिको धितो वा अन्य जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाँकी बक्यौता असुल गर्दा संस्थानले मनासिब देखेमा दश प्रतिशतसम्म ब्याज समेत लगाई किस्ताबन्दीमा असुल उपर गर्न सक्नेछ ।

■(३) उपदफा (१), (२) र दफा २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अवधिसम्मको बक्यौता रकम संस्थानले तोकिदिए बमोजिमको दरमा किस्ताबन्दीमा नगदीमा असुल गर्न सक्नेछ ।

४२. नेपाल सरकारले जग्गा अधिग्रहण गरे वापत शोधभर्ना गर्ने : नेपाल सरकारले गुठी जग्गा अधिग्रहण गरेमा सो जग्गाको मुआब्जा रकमको सट्टा जग्गा नै शोधभर्ना गर्न सक्नेछ ।

तर गुठी रैतान नम्बरी जग्गा अधिग्रहण गरेमा नेपाल सरकारले संस्थानलाई सो जग्गाको लाग्ने मालपोत वापत क्षतिपूर्ति दिनु पर्नेछ ।

❁४२क. नेपाल सरकारले गुठी जग्गा लिन सक्ने : नेपाल सरकारले संस्थानको स्वामित्वमा रहेको गुठी जग्गा सामाजिक कल्याण वा सामुदायिक हितको लागि उपलब्ध गर्न वा गराउन आवश्यक देखेमा व्यवहारिकता हेरी सहुलियत मूल्यमा लिन सक्नेछ ।

४३. तिर्जा व्यवस्था हटाउन सकिने : गुठीका महन्त, पूजारी, गुठियार र अन्य रकमीहरूले खान्गी वा तिर्जा व्यवस्थाबाट जिन्सी खाई आएकोमा त्यसको सट्टा संस्थानले निजहरूलाई पारिश्रमिकको व्यवस्था गर्न सक्नेछ ।

४४. प्राचीन मूर्ति तथा गरगहनाको सम्बन्धमा : (१) राजगुठीका महन्त, पूजारी, गुठियार तथा अन्य रकमीहरूले आफ्नो जिम्माको देवी-देवताको प्राचिन मूर्ति गरगहना, भाँडा-वर्तन आदि सुरक्षित हुने गरी त्यसको अद्यावधिक लगत बनाई संस्थानबाट जँचाई राख्नु पर्नेछ ।

(२) त्यस्तो महन्त, पूजारी, गुठियार तथा अन्य रकमीहरूको अदलीबदली हुँदा आफ्नो जिम्माको लगत बमोजिमको मालसामान बरबुझारथ गर्नु पर्नेछ ।

(३) राजगुठीका देवी-देवताको बेचल्तीका गरगहना, भाँडा-वर्तन आदि सामानहरू जिम्मा लिने व्यक्तिले सो सामानहरू संस्थानमा सुरक्षितसाथ राख्न चाहेमा निजले सो सामानहरू संस्थानमा बुझाउन सक्नेछ । संस्थानले चाहेमा त्यस्तो गरगहना भाँडा-वर्तनहरू संस्थानमा बुझाउन लगाउन सक्नेछ ।

---

■ पहिलो संशोधनद्वारा थप ।
❁ दोस्रो संशोधनद्वारा थप ।

४५. गहना र अन्य सम्पत्तिको व्यवस्था गर्ने : (१) राजगुठीका देवी-देवतालाई चढाएको गहना, भाँडाकुँडा र अन्य जिन्सी सम्पत्तिको सुरक्षाको लागि संस्थानले आवश्यक व्यवस्था गर्नेछ ।

(२) देवी-देवतालाई चढाएको गहना र अन्य सम्पत्ति जाँच्दा मनासिब कारणले बाहेक नपुग भएको देखिएमा संस्थानले सो जिम्मा लिने व्यक्तिबाट भर्ना हाल्न लगाउन सक्नेछ र त्यसरी सट्टा भर्ना नहालेमा संस्थानले बिगो बमोजिमको रकम त्यस्तो व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

४६. गुठी जग्गाको हाट-बजार सम्बन्धमा : (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठीको जग्गामा लाग्ने हाट, मेला वा बजारबाट ❦गाउँपालिका वा 🕮नगरपालिकाले उठाएको रकम वा दस्तुरको पचास प्रतिशत रकम संस्थानमा बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थानले चाहेमा त्यस्तो हाट, मेला वा बजार लाग्ने गुठी जग्गा संस्थानले आफैं व्यवस्था गर्न वा उपयोग गर्न सक्नेछ ।

४७. गुठी जग्गाको नाप जाँच सम्बन्धमा : (१) गुठी जग्गाको नाप जाँच गर्दा सम्बन्धित अधिकारीले सो गर्न अगावै सो कुराको सूचना संस्थानको कार्यालयमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थानलाई सूचना नदिएमा त्यस्तो अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही गरिनेछ ।

४८. अस्थायी निस्सा दिने : गुठी जग्गाको जोताहा अस्थायी निस्सा र जग्गाधनीको स्थायी प्रमाण पूर्जा रैकर जग्गाको निस्सा दिने कार्यालयले दिनेछ ।

४९. कित्ता काट्ने : गुठी जग्गाको कित्ता काट्नु पर्दा सो कित्ता काट्ने कार्य रजिष्ट्रेशन गर्ने कार्यालयले गर्नेछ ।

५०. गुठी जग्गामा दर्ता गराउनु पर्ने : यो ऐन प्रारम्भ हुनुभन्दा अघि कुनै व्यक्तिले गुठी जग्गा जानी जानी रैकरमा दर्ता गराएको भए त्यस्तो व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र सो जग्गा पुनः गुठी जग्गामा दर्ता गराउनु पर्नेछ ।

५१. गुठी तैनाथी जग्गाको चक्लाबन्दी मिलाउने : संस्थानले गुठी तैनाथी जग्गाको चक्लाबन्दी मिलाउन आवश्यक देखेमा जग्गा सट्टापट्टा गरी चक्लाबन्दी मिलाउन सक्नेछ ।

---

❦ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

५२. संस्थानलाई निर्देशन दिने अधिकार : नेपाल सरकारले आवश्यक देखेमा संस्थानलाई आवश्यक निर्देशनहरू दिन सक्नेछ। त्यसरी निर्देशन भएमा संस्थानले त्यस्तो निर्देशनहरू पालना गर्नु पर्नेछ।

❖५३. संस्थानलाई सहयोग गर्नु पर्ने : गुठीको परम्परा बमोजिम चलाउनु पर्ने काम गुठीको चल अचल सम्पत्तिको संरक्षण गर्ने काम र संस्थानको घर जग्गा देवस्थल पाटी पौवामा संस्थानको स्वीकृति बेगर जबरजस्ती भोगचलन गर्नेलाई हटाउने जस्ता काममा स्थानीय प्रशासन, प्रहरी र 🕮❦गाउँपालिका वा नगरपालिकाले सहयोग गर्नु पर्नेछ।

५४. विवरण वा मालपोत नबुझाउनेलाई सजाय : दफा २१, २३ वा २४ बमोजिम संस्थानलाई बुझाउनु पर्ने विवरण, लिखत वा मालपोत दाखिल नगरेमा त्यस्तो व्यक्तिलाई पच्चीस सय रुपैयाँसम्म जरिबाना हुनेछ।

५५. गुठी जग्गा रैकरमा दर्ता गराउनेलाई सजाय : यो ऐन प्रारम्भ भएपछि जानी जानी गुठी जग्गा रैकरमा दर्ता गराउने व्यक्तिलाई वा दफा ५० बमोजिम गुठी जग्गामा दर्ता नगराउने व्यक्तिलाई रैकरमा दर्ता भएको जग्गाको प्रचलित दरभाउले हुन आउने मोल बराबरसम्म जरिबाना हुनेछ। त्यसरी रैकरमा दर्ता गरिएको जग्गा गुठीमा पुनः दर्ता गरिनेछ र त्यस्तो जग्गामा घर पसल बनाइसकेको रहेछ भने सो जग्गामा भूबहाल लाग्नेछ।

५६. गरगहना आदि हिनामिना गर्नेलाई सजाय : राजगुठीका देवी-देवतालाई चढाएको गरगहना तथा अन्य सम्पत्ति कसैले हिनामिना गरेमा निजबाट बिगो असुल गरी निजलाई बिगो बमोजिम जरिबाना हुनेछ।

५७. धर्मलोप गर्नेलाई सजाय : गुठीको लिखत, शिलापत्र, दानपत्र आदि बमोजिम गर्नु पर्ने काम नगरी धर्मलोप गरेमा त्यस्तो व्यक्तिलाई पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ र त्यस्तो व्यक्तिलाई गुठीको लिखत, शिलापत्र, दानपत्र आदि बमोजिम काम गर्ने गराउन सकिने छ। सो बमोजिम नगर्ने महन्त, पूजारी, गुठियार र अन्य रकमीहरूलाई खारेज गरी अर्को व्यक्ति नियुक्ति गर्न सकिने छ।

५८. अन्य सजाय : दफा ५४, ५५, ५६ र ५७ मा लेखिएदेखि बाहेक कसैले यस ऐनको बर्खिलाप अन्य कुनै काम गरेमा निजलाई एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

५९. सजाय गर्ने अधिकारी : (१) दफा ५४, ५५, ५६, ५७ र ५८ बमोजिम सजाय गर्ने अधिकार ❖प्रशासकलाई हुनेछ।

---

❖ पहिलो संशोधनद्वारा संशोधित।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

❦ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

(२) उपदफा (१) अन्तर्गत ❖प्रशासकले गरेको सजायको आदेश उपर नेपाल सरकारमा पुनरावेदन लाग्नेछ ।

६०. अदालतलाई भएसरहको अधिकार हुने : दफा ५४, ५५, ५६, ५७ र ५८ बमोजिम कारबाही गर्दा ❖प्रशासकलाई बयान लिने, साक्षी प्रमाण बुझ्ने र कागजपत्रहरू दाखिल गराउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६१. अन्य नेपाल ऐन बमोजिम कारबाही गर्न सकिने : यस ऐनमा लेखिएको कुनै कुराले देवी-देवताका मूर्ति, गरहगना तथा संस्थानका अन्य सम्पत्ति हिनामिना गर्ने व्यक्तिलाई भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही चलाउन बाधा पर्ने छैन ।

६२. ■..................

६२क. ■..................

६३. विशेष छुट : (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थान वादी भएको मुद्दामा कोर्ट फी लाग्ने छैन र संस्थान वादी वा प्रतिवादी भएको मुद्दा मामिलामा संस्थानको वारिसलाई हाजिर नगराई नहुने अवस्था परी सम्बन्धित अड्डा अदालतले आदेश दिएमा बाहेक संस्थानको वारिस तारेखमा हाजिर भैरहनु पर्ने छैन ।

❖(२) संस्थानले आफ्नो जायजेथाको हक कायम गराउन, लगानी असुल गर्न, कर्मचारी, महन्त, पूजारी, रकमी, गुठियार, ठेकदार आदिसँग बाँकी रहेको नगदी जिन्सी दाखिला गराउने कूत, ठेक, मालपोत, भूबहाल समेतको जुनसुकै रकम असुल गर्ने सम्बन्धमा कुनै हदम्याद लाग्ने छैन ।

■६३क. अधिकार प्रत्यायोजन गर्न सक्ने : संस्थानले आवश्यकतानुसार आफ्नो अधिकार अध्यक्ष, सदस्यहरूको उपसमिति, प्रशासक वा संस्थानको कुनै कर्मचारीलाई सुम्पन्न सक्नेछ ।

■६३ख. जिल्ला प्रशासन कार्यालयले गुठी र देवस्थलको रेखदेख गर्नु पर्ने : प्रत्येक जिल्ला प्रशासन कार्यालयले आफ्नो जिल्लामा रहेको गुठीहरूको काम कारबाहीको आवश्यक रेखदेख र निरीक्षण गर्नुका साथै देवस्थलहरूमा रहेका प्राचीन मूर्ति, गरगहना आदि सम्पत्तिको रेखदेख गर्नु पर्नेछ ।

❁६३ग. जिल्ला गुठी सञ्चालन सहयोग समिति : (१) गुठी जग्गाको सुव्यवस्था गर्नको लागि नेपाल सरकारले आवश्यकतानुसार जिल्ला गुठी सञ्चालन सहयोग समिति गठन गर्न सक्नेछ ।

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।
■ दोस्रो संशोधनद्वारा खारेज ।
■ पहिलो संशोधनद्वारा थप ।
❁ दोस्रो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६४. विघटन र त्यसको परिणाम : (१) कुनै कारणवश संस्थानलाई विघटन गर्नु पर्छ भन्ने नेपाल सरकारलाई लागेमा संस्थानलाई विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थान विघटन भएमा संस्थानको सबै दायित्व र अधिकारहरू नेपाल सरकारमा सरेको मानिनेछ ।

६५. विनियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न संस्थानले नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी विनियमहरू बनाउन सक्नेछ ।

६६. खारेजी र बचाउ : (१) गुठी संस्थान ऐन, २०२९ खारेज गरिएको छ ।

(२) गुठी संस्थान ऐन, २०२९ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन अन्तर्गत भए गरेको मानिने छ ।

---

द्रष्टव्य :-१. स्थानीय प्रशासन (तेस्रो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरू :-
"जिल्ला कार्यालय" को सट्टा "जिल्ला प्रशासन कार्यालय" ।

२. गाउँ विकास समिति ऐन, २०४८ द्वारा रुपान्तरण भएका शब्दहरू :-
"गाउँ पञ्चायत" को सट्टा "गाउँ विकास समिति" ।

३. केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तरण भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

४. केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०७२ द्वारा रुपान्तरण भएका शब्दहरू :-
"कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय" को सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय" ।

# लुम्बिनी विकास कोष ऐन, २०४२

| | |
|---|---|
| | लालमोहर र प्रकाशन मिति |
| संशोधन गर्ने ऐन | २०४२।५।१३ |
| १. लुम्बिनी विकास कोष (पहिलो संशोधन) ऐन, २०४८ | २०४८।७।२८ |
| २. लुम्बिनी विकास कोष (दोस्रो संशोधन) ऐन, २०५० | २०५०।७।४ |
| ३. खेलकुद तथा संस्कृति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ | २०५३।९।३ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ४. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| ५. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ६. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ७. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४२ सालको ऐन नं. ११

⏭................

लुम्बिनी विकास कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: लुम्बिनीको विकास गर्ने लक्ष्य र आदर्शलाई बढी प्रभावकारी बनाउने नेपाल सरकारको कटिबद्धतालाई विश्व जनसमक्ष प्रस्तुत गर्न र सो अनुरुप लुम्बिनी विकास योजनालाई बढी समन्वयात्मक र सुचारुरूपले सञ्चालन गर्न लुम्बिनी विकास कोषको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "लुम्बिनी विकास कोष ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

📖२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
📖 दोस्रो संशोधनद्वारा संशोधित ।

(क) "लुम्बिनी विकास क्षेत्र" भन्नाले भगवान बुद्धको जन्मस्थल लुम्बिनी तथा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, अरौराकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी) समेतका क्षेत्रहरू तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य क्षेत्रहरू सम्झनु पर्छ ।

तर यसरी क्षेत्रहरू तोक्दा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्ध रहेका क्षेत्रहरू मात्र तोक्न सकिनेछ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको लुम्बिनी विकास कोष सम्झनु पर्छ ।

(ग) "संरक्षक" भन्नाले कोषको संरक्षक सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ८ बमोजिम स्थापना भएको लुम्बिनी विकास परिषद् सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) "कोषाध्यक्ष" भन्नाले परिषद्को कोषाध्यक्ष सम्झनु पर्छ ।

(ज) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ञ) "समिति" भन्नाले दफा ११क. बमोजिम गठन भएको कार्यकारिणी समिति सम्झनु पर्छ ।

(ट) "योजना कार्यान्वयन समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको योजना कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ठ) "योजना" भन्नाले लुम्बिनी विकास योजना सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>कोषको स्थापना</u> : (१) लुम्बिनीको विकासको लागि लुम्बिनी विकास कोष नामको एक कोष स्थापना हुनेछ । सो कोष मुनाफा कमाउने उद्देश्य नभएको एक संस्था हुनेछ ।

(२) लुम्बिनी विकास कोषलाई अङ्ग्रेजी भाषामा "लुम्बिनी डेभलपमेन्ट ट्रष्ट" भनिनेछ ।

४. कोष स्वशासित संस्था हुने : (१) कोष अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) कोषको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कोषले व्यक्ति सरह नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

▲५. संरक्षक : प्रधानमन्त्री कोषको संरक्षक हुनेछ ।

६. कोषको उद्देश्य : कोषको उद्देश्य ■नेपाल सरकारको स्वीकृत नीति अन्तर्गत रही देहाय बमोजिम हुनेछ :-

(क) योजनाको निमित्त नेपाल ⏭........... भित्र वा बाहिर कुनै क्षेत्रबाट नगदी, जिन्सी वा अन्य कुनै प्रकारको सहायता उपलब्ध गर्ने, गराउने,

(ख) योजनाको निमित्त नेपाल ⏭........... भित्र वा बाहिर चन्दा सङ्कलन गर्ने गराउने,

(ग) योजनाको निमित्त सहायता उपलब्ध गर्न वा चन्दा प्राप्त गर्न नेपाल ⏭........... भित्र वा बाहिरका व्यक्ति वा संस्थाहरूसित सोझै सम्पर्क राख्ने,

(घ) कार्य योजनाहरूको विश्लेषण गरी स्वीकृत योजनाको लागि रकम उपलब्ध गराउने,

(ङ) समितिले स्वीकृत गरे बमोजिम निर्धारित कार्यक्रमको लागि छुट्याइएको रकम उचित तरिकाले प्रयोग गरेको छ छैन, जाँच गर्न सदस्य व अन्य कुनै व्यक्तिलाई पठाउने,

(च) योजनाको हितको लागि आवश्यक देखेमा कार्य योजनामा हेरफेर गर्ने,

---

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

■ पहिलो संशोधनद्वारा थप ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(छ) योजनाको उद्देश्य पूर्तिको लागि नेपाल ⏭........... भित्र वा बाहिर आवश्यकतानुसार समिति तथा उप-समितिहरू गठन गर्ने,

(ज) खण्ड (छ) बमोजिम गठित समिति तथा उप-समितिहरूको काम कारबाहीको मूल्याङ्कन गर्ने,

(झ) खण्ड (छ) बमोजिम गठित समिति तथा उप-समितिहरूको निमित्त नीति निर्धारण गरी मार्गदर्शन दिने,

(ञ) नेपाल सरकारसित निकटतम् एवं सहयोगात्मक सम्बन्ध कायम गर्ने,

(ट) कोषको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने, गराउने ।

७. ✤... ... ...

📖८. परिषद्को गठन : (१) कोषको उद्देश्य पूरा गर्ने सम्बन्धमा नीति निर्माण गर्न तथा समितिलाई आवश्यक मार्गदर्शन एवं निर्देशन दिनको लागि कोषको सर्वोच्च निकायको रूपमा देहाय बमोजिम एक लुम्बिनी विकास परिषद् गठन हुनेछ :-

⊗(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

(ख) नेपाल सरकारले मनोनीत गरेको व्यक्ति - उपाध्यक्ष

(ग) ⏭................

(घ) नेपाल सरकारका सचिवहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका ●चार जना सचिवहरू - सदस्य

(ङ) सरकारी संस्था, गैरसरकारी बौद्ध संस्था र ख्याति प्राप्त विशिष्ट विशेषज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका चार जना व्यक्ति - सदस्य

(च) अन्तर्राष्ट्रिय संस्थाहरूका प्रतिनिधिहरू र मानव निर्मित सम्पदा संरक्षणमा ख्याती प्राप्त व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनीत

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✤ पहिलो संशोधनद्वारा खारेज ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

● खेलकुद तथा संस्कृति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ द्वारा संशोधित ।

गरेका चार जना व्यक्ति - सदस्य

(छ) नेपाल सरकारले मनोनीत गरेको व्यक्ति - कोषाध्यक्ष

(ज) नेपाल सरकारले मनोनीत गरेको व्यक्ति - सदस्य-सचिव

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उपदफा (१) बमोजिमका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

📖९. पदावधि : (१) मनोनीत सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुन: मनोनयन हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि अर्को सदस्य मनोनीत हुनेछ ।

▲(३) अध्यक्ष वा सदस्यले राजीनामा गरेमा निजहरू आफ्नो पदबाट मुक्त भएको मानिने छ ।

१०. ☙.................

११. 📖परिषद्को बैठक : (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी 📖परिषद्को बैठक बोलाउने छ ।

❖(२) 📖परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) बैठक बस्ने सूचना साधारणतया एक महिना अगावै दिनु पर्नेछ ।

❖(४) 📖परिषद्को कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा 📖परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउने छ ।

(६) 📖परिषद्को बैठक साधारणतया वर्षको दुई पटक बस्नेछ र अध्यक्षले आवश्यक देखेमा बढी बैठकहरू बोलाउन सकिने छ ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) सदस्यहरूले बैठकमा भाग लिँदा पाउने भत्ता तथा अन्य सुविधाहरू

---

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

☙ पहिलो संशोधनद्वारा खारेज ।

❖ पहिलो संशोधनद्वारा संशोधित ।

तोकिए बमोजिम हुनेछ ।

(९) यस दफामा लेखिएदेखि बाहेक बैठकको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

❁११क. समितिको गठन : (१) परिषद्को सामान्य निर्देशनमा रही कोषको सम्पूर्ण काम कारबाही सञ्चालन गर्नको लागि देहाय बमोजिमको एक कार्यकारिणी समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | परिषद्को अध्यक्ष | - अध्यक्ष |
| (ख) | परिषद्को उपाध्यक्ष | - उपाध्यक्ष |
| (ग) | परिषद्को कोषाध्यक्ष | - सदस्य |
| (घ) | सदस्यहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका चार जना सदस्यहरू | - सदस्य |
| | ■.................. | |
| (ङ) | प्रमुख, लुम्बिनी विकास योजना | - सदस्य |
| (च) | सदस्य-सचिव, परिषद् | - सदस्य-सचिव |

(२) समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा सदस्य-सचिवको पदावधि परिषद्को सदस्य रहेको अवधिभर रहने छ ।

(३) समितिमा मनोनीत सदस्यहरूमध्ये कुनै सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा अध्यक्षले बाँकी अवधिको लागि परिषद्का अन्य सदस्यहरूमध्येबाट मनोनीत गर्नेछ ।

❁११ख. समितिको बैठक : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

---

❁ दोस्रो संशोधनद्वारा थप ।

■ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

(५) समितिको बैठकले गरेको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. योजना कार्यान्वयन समिति : (१) समितिको रेखदेख, निर्देशन र नियन्त्रणमा रही योजना कार्यान्वयन गर्ने, कोषको कार्यालयमा योजना कार्यान्वयन समिति गठन हुनेछ ।

(२) योजना कार्यान्वयन समितिमा अध्यक्षले मनोनीत गरेका व्यक्तिहरू रहनेछन् ।

(३) उपदफा (१) बमोजिम योजना कार्यान्वयन समिति गठन नभएसम्म यो ऐन प्रारम्भ हुँदाको बखत रहेको लुम्बिनी विकास समितिले यसै ऐन बमोजिम उक्त समितिको रूपमा काम गर्नेछ ।

१३. कोष तथा खाता : (१) कोषलाई लुम्बिनी विकास योजनाको लागि विश्वको कुनै पनि भागबाट कुनै पनि मुद्रामा चन्दा सङ्कलन गर्ने अधिकार हुनेछ ।

(२) कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नेपाल सरकारले योजनाको निमित्त प्रदान गरेको रकम,

(ख) नेपाल ⏭......... भित्र वा बाहिरका व्यक्ति वा संस्थानहरूले योजनाको निमित्त प्रदान गरेको चन्दा,

(ग) अन्य स्रोतबाट प्राप्त रकम,

(३) कोषको रकम नेपाल राष्ट्र बैङ्क र नेपाल ⏭.......... भित्र वा बाहिरका अन्य बैङ्कहरूमा कुनै पनि मुद्रामा जम्मा गर्न सकिने छ ।

(४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिने छ ।

(५) कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

■१३क. सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्ने : कोषले आफ्नो कार्य सञ्चालनको सिलसिलामा कुनै स्वदेशी तथा विदेशी संस्था वा निकायसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

१४. लेखा र लेखापरीक्षण : (१) कोषको आय-व्ययको लेखा तोकिए बमोजिम राखिने छ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

■ खेलकुद तथा संस्कृति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ द्वारा थप ।

(३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताव सम्बन्धी कागजात र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१५. अधिकार प्रत्यायोजन : समितिले आफ्नो अधिकार आवश्यकतानुसार ❁समितिको अध्यक्ष, सदस्य, योजना कार्यान्वयन समिति र अन्य समिति वा उपसमिति वा त्यस्तो समिति वा उप-समितिको प्रतिनिधिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. विनियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिको लागि समितिले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

१७. नेपाल सरकारसँग सम्पर्क : कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा ⊗संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नेछ ।

१८. कर सम्बन्धी छुट : कोषको पुँजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको आय कर, घर जग्गा कर, सवारी साधन कर, व्याज कर, बिक्री कर, रजिष्ट्रेशन दस्तुर र भन्सार महसुल लगायत सरकारी वा ◈स्थानीय तहबाट लगाउने कुनै पनि प्रकारका प्रत्यक्ष वा अप्रत्यक्ष कर, दस्तुर वा महसुल लगाइने छैन ।

तर कुनै सेवा वापत लाग्ने शुल्क वा महसुल कोषले बुझाउनेछ ।

१९. खारेजी र बचाउ : (१) लुम्बिनी विकास समिति (गठन) आदेश, २०३२ खारेज गरिएको छ र सो आदेश बमोजिम गठित समितिको सबै चल तथा अचल सम्पत्ति कोषमा सर्नेछ ।

तर सो आदेश अन्तर्गत गठित लुम्बिनी विकास समिति दफा १२ को उपदफा (१) बमोजिम योजना कार्यान्वयन समिति गठन नहुन्जेलसम्म कायम रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिसित भए गरेका सबै ठेक्का पट्टा तथा सम्झौताहरू कोषसित भए गरेको मानिनेछ र सो समितिबाट भए गरेका सम्पूर्ण काम कारबाही कोषबाट भए गरेको मानिने छ ।

---

❁ दोस्रो संशोधनद्वारा थप ।

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

द्रष्टव्य: १. खेलकुद तथा संस्कृति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ द्वारा रुपान्तर भएका शब्दहरू :-
"शिक्षा, संस्कृति तथा समाज कल्याण" को सट्टा "युवा, खेलकुद तथा संस्कृति"

२. लुम्बिनी विकास कोष (दोस्रो संशोधन) ऐन, २०५० द्वारा रुपान्तर गरिएका शब्दहरू :-
"संचालक समिति" को सट्टा "समिति"

३. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# पशुपति क्षेत्र विकास कोष ऐन, २०४४

| | | |
|---|---|---|
| | | लालमोहर र प्रकाशन मिति |
| संशोधन गर्ने ऐन | | २०४४।४।२९ |
| १. | पशुपति क्षेत्र विकास कोष (पहिलो संशोधन) ऐन, २०४९ | २०५०।५।७ |
| २. | खेलकुद तथा संस्कृति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ | २०५३।९।३ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ३. | केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ५. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ६. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४४ सालको ऐन नं. ५

⏭..................

पशुपति क्षेत्र विकास कोषको व्यवस्था गर्न बनेको ऐन

❦प्रस्तावना : श्री पशुपतिनाथ क्षेत्रको सुरक्षा, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न पशुपति क्षेत्र विकास कोष सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "पशुपति क्षेत्र विकास कोष ऐन, २०४४" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

२.१.१ "पशुपति क्षेत्र" भन्नाले पशुपति क्षेत्रको सुरक्षा, सम्भार र विकासको लागि नेपाल सरकारले समय समयमा नेपाल

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
❦ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको सिमानाभित्रको क्षेत्र सम्झनु पर्छ ।

२.१.२ "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको पशुपति क्षेत्र विकास कोष सम्झनु पर्छ ।

२.१.३ "संरक्षक" भन्नाले कोषका संरक्षक सम्झनु पर्छ ।

२.१.४ "अध्यक्ष" भन्नाले कोषका अध्यक्ष सम्झनु पर्छ ।

❖२.१.५ "परिषद्" भन्नाले कोष सञ्चालनका निमित्त दफा ८ बमोजिम गठन भएको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् सम्झनु पर्छ ।

❖२.१.६ "सदस्य" भन्नाले परिषद्का उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य तथा सदस्य-सचिवलाई समेत जनाउँछ ।

⬟२.१.७ ... ... ...

⬟२.१.८ ... ... ...

⬟२.१.९ ... ... ...

२.१.१० "चन्दा" भन्नाले कोषलाई सहयोग स्वरुप दाताले प्रदान गर्ने नगद, जिन्सी र चल अचल सम्पत्ति समेत सम्झनु पर्छ ।

२.१.११ "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. कोषको स्थापना :

३.१ पशुपति क्षेत्रको विकासको लागि पशुपति क्षेत्र विकास कोष नामको एक कोष स्थापना हुनेछ ।

३.२ कोषको कार्यालय काठमाडौंमा रहने छ ।

४. कोष स्वशासित संस्था हुने :

४.१ कोष अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

४.२ कोषको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

४.३ कोषको छाप तथा प्रतीक परिषद्ले निर्णय गरे बमोजिम हुनेछ ।

४.४ कोषले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, उपभोग गर्न बेचबिखन गर्न वा आवश्यकतानुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।

⬟ पहिलो संशोधनद्वारा झिकिएको ।

❖४.५ कोषले व्यक्ति सरह नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

▲५. संरक्षक : प्रधानमन्त्री कोषको संरक्षक हुनेछ ।

६. कोषको उद्देश्य :

६.१ कोषको उद्देश्य देहाय बमोजिम हुनेछ :-

६.१.१ ✿........... आराध्येदेव श्री पशुपतिनाथको पशुपति क्षेत्र हिन्दु मात्रको उपासना केन्द्र र सनातन तीर्थस्थलका रूपमा रहि आएकोले यस पशुपति क्षेत्रलाई सोही बमोजिम कायम गर्ने,

६.१.२ श्री पशुपतिनाथको आदर्श गरिमा एवं महत्त्व अनुरुप पशुपति क्षेत्रको योजनाबद्ध रूपमा सुरक्षा, सम्भार तथा विकास गर्ने,

६.१.३ पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु वा ▲स्थलहरू, श्री पशुपतिनाथको चल अचल श्रीसम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा संवर्द्धन गर्ने,

■६.१.३क. श्री पशुपतिनाथ मन्दिर लगायत पशुपति क्षेत्रभित्र रहेका राजगुठी अन्तर्गतका सबै देव देवीको मन्दिरहरूमा परम्परागत धार्मिक रीतिस्थिति बमोजिम ▲पूजा आजा, सांस्कृतिक चाडपर्व तथा सामाजिक र लोक कल्याणकारी कार्य सञ्चालनको व्यवस्था मिलाउने,

६.१.४ स्वदेश तथा विदेशका तमाम हिन्दु धर्मावलम्बीहरू तथा पर्यटक समेतको सुविधाको लागि यस पावन तीर्थस्थललाई यथोचित रूपमा योजनाबद्ध रूपले ▲सुधार गरी अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्ने, र

६.१.५ यस ऐन बमोजिमको उद्देश्य अनुरुप अन्य कार्यहरू सुव्यवस्थित रूपले गर्ने ।

▲७. कोषको अध्यक्ष : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्य मन्त्री कोषको अध्यक्ष हुनेछ ।

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।
▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
✿ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।
■ पहिलो संशोधनद्वारा थप ।

❖८. पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को गठन :

८.१ कोषको सम्पूर्ण काम कारबाहीको सञ्चालन तथा रेखदेख गर्नका लागि ▲संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा एक पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् गठन गरिनेछ ।

८.२ उपदफा ८.१ बमोजिम गठन हुने परिषद्मा देहाय बमोजिमका सदस्यहरू रहने छन् :-

८.२.१ ✿.............

८.२.२ ⏭.............

८.२.३ ⏭.............

८.२.४ ⏭.............

●८.२.४क. सदस्य, राष्ट्रिय योजना आयोग (संस्कृति हेर्ने) - सदस्य

८.२.५ मूलभट्ट, श्री पशुपतिनाथ मन्दिर - सदस्य

८.२.६ ⊗सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

●८.२.६क. सचिव, गृह मन्त्रालय - सदस्य

८.२.७ ⊗सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

८.२.८ ➸................

८.२.९ प्रमुख, काठमाडौं नगरपालिका - सदस्य

८.२.१० अध्यक्ष वा प्रशासक, गुठी संस्थान - सदस्य

८.२.११ अध्यक्षबाट ●संस्कृतिविज्ञ र धार्मिक पर्यटन विज्ञ मध्येबाट मनोनीत ▲बढीमा सात जना व्यक्तिहरू - सदस्य

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।
▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
✿ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
● केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।
⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।
➸ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

८.२.१२ अध्यक्षबाट मनोनीत व्यक्ति - कोषाध्यक्ष

८.२.१३ अध्यक्षबाट मनोनीत व्यक्ति - सदस्य-सचिव

८.३ ✿................ अध्यक्षबाट परिषद्का सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर हुन सक्नेछ । यसरी थपघट वा हेरफेर भएको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

८.४ ✿................

८.५ उपदफा ८.२.११ बमोजिम सदस्यहरू मनोनीत गर्दा कम्तीमा एक जना सदस्य पशुपति क्षेत्रभित्र स्थायी बसोवास गरेका समाजसेवीहरू मध्येबाट गरिनेछ ।

८.६ मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुन: मनोनीत हुन सक्नेछन् ।

९. ৵... ... ...

१०. परिषद्को काम, कर्तव्य र अधिकार :

१.१ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

१०.१.१ यो ऐन बमोजिम कोषको उद्देश्य पूरा गर्नका लागि प्रयत्नशील रहने,

१०.१.२ अध्यक्षबाट समय समयमा हुने मार्गदर्शनको पालन गर्ने, गराउने,

१०.१.३ पशुपति क्षेत्रको ▲गुरुयोजना र वार्षिक योजना तथा तदनुरुपका कार्यक्रमहरू स्वीकृत गरी ⬟........... कार्यान्वयन गराउने,

❖१०.१.४ श्री पशुपतिनाथ मन्दिर लगायत पशुपति क्षेत्रभित्र रहेका राजगुठी अन्तर्गतका सबै देव देवीका मन्दिरहरूमा पूजा आजा, पर्व, उत्सव लगायतका परम्परादेखि चलिआएको सबै किसिमका धार्मिक कार्यहरू र सो क्षेत्रमा परम्परागत रीतिस्थितिका अन्य कार्यहरू सञ्चालनको व्यवस्था गर्ने गराउने,

---

✿ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

৵ पहिलो संशोधनद्वारा खारेज ।

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

⬟ पहिलो संशोधनद्वारा झिकिएको ।

❖ पहिलो संशोधनद्वारा संशोधित ।

■१०.१.४क आवादी जग्गा बाहेक पशुपति अमालकोट कचहरी, पशुपति भण्डार तहवील र जयबागेश्वरी भण्डार तहवीलले गर्ने अन्य कार्य सम्बन्धी व्यवस्थाको रेखदेख गर्ने र ती निकायहरूको कार्य सम्बन्धी नीति निर्धारण गर्ने तथा आवश्यक निर्देशन दिने,

■१०.१.४ख. पशुपति क्षेत्रको विकास तथा धार्मिक रीतिस्थिति बमोजिम कार्य सञ्चालन गर्ने सम्बन्धमा समय समयमा अध्ययन, अनुसन्धान, कार्यशाला, गोष्ठी आदिको आयोजना गर्ने गराउने,

■१०.१.४ग. श्री पशुपतिनाथको मन्दिर र पशुपति क्षेत्रभित्र रहेका देव देवीसँग सम्बन्धित पशुपति क्षेत्रभित्रका सबै प्रकारका घर जग्गा, मठ, मन्दिर, देवालय, सत्तल, पाटी, पौवा समेतको संरक्षणको व्यवस्था मिलाउने,

■१०.१.४घ. पशुपति क्षेत्रभित्रको मठ मन्दिर, सत्तल, पाटी, पौवा, ढुङ्गेधारा, घाट, बगैंचा, वन जङ्गल र श्री पशुपतिनाथ र पशुपति क्षेत्रभित्र रहेका सबै देव देवीसँग सम्बन्धित सबै किसिमका गुठी अन्तर्गत पशुपति क्षेत्रभित्र वा बाहिर रहेका ऐलानी र पर्ति जग्गाको क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने ।

●१०.१.४ङ श्री पशुपतिनाथको गुठी जग्गाको उपभोग र उपयोगको आधारमा समय समयमा कुत, रैतान-ठेक्का, भाडा वा जिन्सी वा नगदी महसुल निर्धारण गर्ने,

१०.१.५ योजना र कार्यक्रमहरू कार्यान्वयन गर्न चाहिने वित्तीय साधनहरूको आवश्यक व्यवस्था गर्ने,

१०.१.६ कोषको उद्देश्य परिपूर्तिका लागि नेपाल ▲राज्यभित्र वा बाहिर आवश्यकतानुसार विभिन्न समिति तथा उप-समितिहरू गठन गर्ने,

१०.१.७ उपदफा १०.१.६ बमोजिम गठित विभिन्न समिति तथा उप-समितिहरूको निमित्त नीति निर्धारण गरी आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनीहरूको कामको समीक्षा र मूल्याङ्कन गर्ने,

---

■ पहिलो संशोधनद्वारा थप ।
● केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।
▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

१०.१.८ पशुपति क्षेत्रको योजना र पशुपति क्षेत्रभित्रको कुनै स्थान विशेषको महत्त्व, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने,

१०.१.९ यस ऐन बमोजिम कोषको उद्देश्य परिपूर्तिका लागि गर्नु पर्ने कार्यहरू सम्बन्धित निकाय र व्यक्तिहरूबाट यथाशीघ्र कार्यान्वयन गर्न लगाउने ।

■१०.१.१० योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय इकाई तथा जनताको सहभागिता जुटाउने र कार्यान्वयन गरिने योजना र कार्यक्रम बारे जनतामा भ्रम र अन्यौल नहुने गरी जनसाधारणलाई समय समयमा स्पष्ट जानकारी गराउने,

■१०.१.११ पशुपति क्षेत्रको योजनाबद्ध रूपमा विकास गर्दा सुव्यवस्थितरूपले निर्माण, मर्मत, सम्भार र सरसफाइ गरी स्वच्छ वातावरण कायम गर्ने,

■१०.१.१२ खानेपानी, पानी ढल, निकास ढल, बिजुली, टेलिफोन, सडक आदि जस्ता अन्य आधारभूत सार्वजनिक उपयोगिताका साधनहरू सुव्यवस्थित गर्ने र फोहोर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने,

■१०.१.१३ पशुपति क्षेत्रमा वृक्षारोपण, वन, बगैंचा, उद्यान, वन्य जीवजन्तु तथा वन सम्पदा आदि समेतको व्यवस्था गर्ने,

■१०.१.१४ पशुपति क्षेत्रको घाट, चितास्थल, नदीको जलमार्ग, जलपदार्थ, जल प्रवाह तथा बालुवा आदिको सुव्यवस्थित रूपमा संरक्षण र संवर्द्धन गर्ने,

■१०.१.१५ पशुपति क्षेत्रमा प्रदुषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड बनाई नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी लागू गर्ने,

■१०.१.१६ पशुपति क्षेत्रलाई तीर्थस्थलको रूपमा रक्षा गर्न र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने,

■१०.१.१७ पशुपति क्षेत्रमा गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम नेपाल सरकार

---

■ पहिलो संशोधनद्वारा थप ।

मार्फत घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्यहरू गर्ने ▲,

●१०.१.१८ श्री पशुपतिनाथ र पशुपति क्षेत्रभित्रका मठ मन्दिरमा चढाइएको दान, भेटी, उपहार तथा नियमित र विशेष पूजाको हिसाब तोकिए बमोजिम पारदर्शी बनाउने र कोषमा दाखिल गराउने,

●१०.१.१९ कोषको आम्दानीको तोकिए बमोजिमको हिस्सा शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण जस्ता सामाजिक र कल्याणकारी काममा लगाउने ।

●१०क. मूल पूजारी तथा अन्य पूजारीको नियुक्तिः-

१०क.१ श्री पशुपतिनाथको मन्दिरको मूल पूजारी तथा अन्य पूजारी र बासुकिनाथको मन्दिरको पूजारीको नियुक्ति परिषद्को सिफारिसमा संरक्षकबाट हुनेछ ।

१०क.२ उपदफा १०क.१ मा उल्लेख भएका बाहेक अन्य मठ मन्दिरको पूजारी, भण्डारी र विसेटको नियुक्ति परिषद्बाट हुनेछ ।

११. परिषद्को बैठक :

❖११.१ अध्यक्ष वा परिषद्को बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्देशन अनुसार परिषद्को सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउने छ ।

▲११.२ परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

▲११.२क. उपदफा ११.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को वार्षिक कार्यक्रम, बजेट र चौमासिक प्रगति समीक्षा बारे छलफल हुने परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नु पर्नेछ ।

११.३ बैठक बस्ने सूचना गर्दा आवश्यकतानुसार मनासिब समय तोकी सूचना गर्नु पर्नेछ ।

११.४ परिषद्को बैठक साधारण वर्षको दुई पटक बस्नेछ । तर अध्यक्षबाट निर्देशन भएमा जतिसुकै पटक पनि बस्न सक्नेछ ।

११.५ सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

---

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
● केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।

११.६ बैठक सम्बन्धी आवश्यक अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

❖१२. कर्मचारीको व्यवस्था :

१२.१ परिषद्को सदस्य-सचिवले परिषद्को प्रशासकीय प्रमुखको रूपमा काम गर्नेछ ।

१२.२ परिषद्ले आवश्यकतानुसार अन्य कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

१२.३ कोषाध्यक्ष, सदस्य-सचिव र अन्य कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

१३. ⁂... ... ...

१४. ⁂... ... ...

१५. कार्य सञ्चालन विधि : परिषद्को आन्तरिक कार्य सञ्चालन विधि तथा ⬟............. उपदफा १०.१.६ अन्तर्गत गठित विभिन्न समिति तथा उपसमितिहरूको बैठक सम्बन्धी कार्यविधि र आन्तरिक कार्य सञ्चालन विधि परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

❖१६. नेपाल सरकारको नियन्त्रणमा रहने :

१६.१ पशुपति क्षेत्रभित्रका वन, जंगल र पर्ति जग्गाहरू नेपाल सरकारको नियन्त्रणमा रहनेछन् । वनकाली, मृगस्थली, तील गंगा, कैलाश, वेद विद्याश्रम, देव उद्यान लगायत पशुपति क्षेत्रभित्रका पाटी, पौवा, सत्तल, मठ, मन्दिर वा देवालय र तिनीहरूले चर्चेका जग्गा, पोखरी, खोलाको वगर र वन जंगल कुनै व्यक्ति वा संस्थाका नाउँमा दर्ता गरेको भए त्यस्तो दर्ता बदर हुनेछ । नेपाल सरकारको नियन्त्रणमा भएको वन, जंगल, पर्ति जग्गा कुनै व्यक्ति वा संघ, संस्थालाई हक छाडी वा नछाडी भोग चलन गर्न दिन पाइने छैन ।

१६.२ परिषद्ले पशुपति क्षेत्रको विकास गर्नको लागि पशुपति क्षेत्रभित्रको वन जंगल र ऐलानी, पर्ति जग्गाहरूको योजनाबद्ध रूपमा विकास गर्न र प्रयोगमा ल्याउन उपदफा १६.१ को व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

१७. ❖परिषद्को स्वीकृति लिनु पर्ने :

१७.१ कोषको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजना तथा कार्यक्रमहरू आवश्यकतानुसार कार्यान्वयन गर्न प्रचलित नेपाल कानून, लालमोहर,

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।
⁂ पहिलो संशोधनद्वारा खारेज ।
⬟ पहिलो संशोधनद्वारा झिकिएको ।

सनद, सवाल तथा अन्य लिखतहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि पशुपति क्षेत्रभित्र ❖परिषद्ले निषेध गरेको ठाउँमा कसैले आफ्नो हकभोगको जग्गा कुनै प्रकारले हक हस्तान्तरण गर्न र निर्माण सम्बन्धी कुनै कार्य गर्नु हुँदैन । त्यसरी ❖परिषद्ले निषेध गरेको ठाउँमा बाहेक अन्य ठाउँमा निर्माण सम्बन्धी कार्य गर्दा ❖परिषद्ले समय समयमा निर्धारण गरिदिएको मापदण्ड बमोजिम मात्र गर्नु पर्नेछ ।

१७.२ उपदफा १७.१ बमोजिम ❖परिषद्ले मापदण्ड निर्धारण गर्दा भवन, सडक, बाटो, पुल, पानी ढल, निकास ढल, शौचालय तथा टेलिफोन लाइन खम्बा र अन्य आधारभूत सार्वजनिक उपयोगिताको विषयहरूमा समेत मापदण्ड निर्धारण गरी लागू गर्न सक्नेछ ।

१७.३ उपदफा १७.१ र १७.२ बमोजिम मापदण्ड निर्धारण गरी छुट्याई दिएका ठाउँहरूमा ❖परिषद्को पूर्व स्वीकृति बिना कसैले आफ्नो हक भोगको जग्गामा पनि नयाँ निर्माण, पुनः निर्माण, साविक आकार र शैलीमा परिवर्तन, थपघट मर्मत वा अन्य निर्माण सम्बन्धी कार्य गर्न पाउने छैन ।

१७.४ निर्माण सम्बन्धी विषयमा नक्सा सहित वा रहित स्वीकृति दिने वा नक्सा पास गर्ने दायित्व भएका काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति ❖नगरपालिका वा अन्य निकायहरूले ❖परिषद्को पूर्व स्वीकृति नलिई निर्माण सम्बन्धी नक्सा पास गर्न वा स्वीकृति दिन हुँदैन ।

१७.५ ❖परिषद्को पूर्व स्वीकृति लिई गर्नु पर्ने निर्माण कार्य सम्बन्धमा ❖परिषद्को पूर्व स्वीकृति नभई कुनै व्यक्तिले नक्सा पास गराई वा नगराई निर्माण कार्य गरेमा वा नक्सा पास गरी दिएमा त्यस्तो निर्माण कार्य गर्ने व्यक्ति र नक्सा पास गरिदिने सम्बन्धित व्यक्ति वा निकायलाई ❖परिषद्ले नगर विकास ऐन, २०४५ को दफा १८ को उपदफा १८.१ मा उल्लिखित हदसम्म सजाय गर्न सक्नेछ । त्यसरी ❖परिषद्को पूर्व स्वीकृति नलिई गरेका निर्माण सम्बन्धी कार्य र ❖उपदफा १०.१.१७ बमोजिम निर्धारित मापदण्ड वा नीति निर्देशन विपरीत स्वीकृति दिइएको निर्माण सम्बन्धी कार्य ❖परिषद्ले रोक्न र निर्माण भई सकेकोमा सो भत्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल उपर गरी लिन सक्नेछ ।

१७.६ उपदफा १७.५ बमोजिम निर्माण सम्बन्धी अनधिकृत कार्यहरू रोक्ने, भत्काउने वा सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो

❖ पहिलो संशोधनद्वारा संशोधित ।

आदेश सुनेको वा पाएको मितिले पन्ध्र दिनभित्र ❖उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ । ❖तत्सम्बन्धमा सो अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

१७.७ पशुपति क्षेत्रभित्र सवारी साधनको आवागमन गर्न, बिसाउन, चलचित्र खिच्न, फोटो खिच्न, पोस्टर वा तस्वीर टाँस्न, कुनै किसिमको मेला गर्न वा अन्य प्रचार प्रसार गर्न ❖परिषद्को स्वीकृति लिनु पर्ने गरी ❖परिषद्ले व्यवस्था, नियन्त्रण तथा निषेध गर्न सक्नेछ ।

तर परम्परागत नाच-गान, चाड पर्व, मेला गर्न वा चलाउन ❖परिषद्को स्वीकृति लिनु पर्ने छैन ।

१७.८ निर्माण सम्बन्धी कार्यको स्वीकृति दिने सम्बन्धमा ❖परिषद्ले निर्धारण गरिदिएको मापदण्ड, नीति निर्देशन विपरीत स्वीकृति दिएमा त्यसरी स्वीकृति दिने काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिका सम्बन्धित व्यक्तिलाई विभागीय सजाय हुनेछ ।

१७.९ माथिका उपदफाहरू बमोजिम ❖परिषद्ले गर्नु पर्ने कार्य काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले गर्नेछ ।

तर ❖परिषद्ले चाहेमा त्यस्तो कार्य जुनसुकै बखत आफैंले वा अन्य कुनै निकाय वा अधिकारीबाट गर्न गराउन सक्नेछ ।

■१७.१० पशुपति क्षेत्रभित्रका विभिन्न गुठी वा सार्वजनिक वा सरकारी जग्गाहरूका सम्बन्धमा प्रचलित कानूनद्वारा प्राप्त अधिकार बमोजिम हक हस्तान्तरण गर्न वा परिवर्तन गर्न वा अन्य कुनै पनि किसिमबाट कसैलाई भोग चलन गर्ने गरी दिनु भन्दा अघि परिषद्को स्वीकृति बिना लिने दिने गरी गरेको काम नेपाल सरकारले जुनसुकै बखत बदर गर्न सक्नेछ ।

■१७क. श्री पशुपतिनाथको पूजा आजा र मन्दिरको रेखदेख सम्बन्धी व्यवस्था :

▲१७क.१. श्रीपशुपतिनाथको मन्दिरको रेखदेख गर्ने कर्तव्य कोषको हुनेछ र श्री पशुपतिनाथको मन्दिरको विभिन्न पूजाआजा चलाउने कर्तव्य मूल भट्टको हुनेछ ।

१७क.२ उपदफा १७क.१ मा लेखिएदेखि बाहेक पशुपतिका मूल भट्टको तालुकमा रहेका सबै काम कुरा परिषद् अन्तर्गत रहनेछ र त्यसको सञ्चालन, असुल, तहसीलको रेखदेख र नियन्त्रण तथा व्यक्ति विशेषबाट मन्दिरमा गरिने पूजा-आजा, दक्षिणा भेटी, दस्तुर तथा

---

❖ पहिलो संशोधनद्वारा संशोधित ।

■ पहिलो संशोधनद्वारा थप ।

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

पशुपति क्षेत्रभित्र गरिने विभिन्न कामको लागि हुने खर्च सम्बन्धी व्यवस्था ▲परिषद्ले तोके बमोजिम हुनेछ ।

✿..................

१८. कोष तथा खाता :

१८.१ परिषद्ले कोषका निमित्त नेपाल ⏭.......... भित्र वा बाहिर कुनै पनि क्षेत्र संस्था वा व्यक्तिबाट चन्दा उपलब्ध गर्न वा गराउन सक्नेछ । त्यस्तो कार्यमा परिषद् आफैँले ⬟... ... ... वा उपदफा १०.१.६ अन्तर्गत गठित विभिन्न समिति वा उप-समिति वा अन्य कुनै निकाय वा व्यक्तिद्वारा सम्पर्क राखी चन्दा प्राप्त गर्न गराउन सक्नेछ ।

१८.२ चन्दा प्राप्त गर्ने प्रक्रियाका सम्बन्धमा अन्य आवश्यक कुराहरू परिषद्ले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१८.३ कोषमा देहायका रकमहरू रहने छन् :-

१८.३.१ नेपाल सरकारले पशुपति क्षेत्रको विकासका निमित्त प्रदान गरेको रकम,

१८.३.२ नेपाल ⏭.......... भित्र वा बाहिरका क्षेत्र, संस्था वा व्यक्तिहरूले कोषको निमित्त प्रदान गरेको चन्दा,

■१८.३.२क. श्री पशुपतिनाथ र पशुपति क्षेत्रसँग सम्बन्धित सबै प्रकारका गुठी जग्गाको आयस्ताबाट प्राप्त हुने रकम,

■१८.३.२ख. पशुपति क्षेत्रभित्रका विभिन्न मन्दिरहरूबाट प्राप्त हुने दक्षिणा र भेटीको रकम,

१८.३.३ कोषले अधिकतम आयस्ता र सुरक्षा हुने गरी लगानी गरी आर्जन गरेको रकम,

१८.३.४ कोषले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको शुल्क वा रकम, र

१८.३.५ अन्य स्रोतबाट प्राप्त रकम वा चन्दा ।

१८.४ कोष सञ्चालनको सुविधाको निमित्त कोषले नेपाल ⏭.......... भित्र वा बाहिरका बैङ्कहरूमा कुनै पनि मुद्रामा खाता खोली रकम जम्मा गरी खाता सञ्चालन गर्न सक्नेछ ।

---

▲ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।
✿ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
⬟ पहिलो संशोधनद्वारा झिकिएको ।
■ पहिलो संशोधनद्वारा थप ।

१८.५ कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

१८.६ कोषको खाताको सञ्चालन परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ

⌘१८क. सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्ने : कोषले आफ्नो कार्य सञ्चालनको सिलसिलामा कुनै स्वदेशी वा विदेशी संस्था वा निकायसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

१९. लेखा र लेखापरीक्षण :

१९.१ कोषको आय-व्ययको लेखा परिषद्ले निर्धारण गरे बमोजिम राखिनेछ ।

१९.२ कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१९.३ महालेखा परीक्षकको विभागले चाहेमा कोषको हिसाव किताब सम्बन्धी कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

❖२०. अधिकार प्रत्यायोजन : परिषद्ले आफ्नो अधिकार आवश्यकतानुसार परिषद्का सदस्य वा उपदफा १०.१.६ अन्तर्गत गठित समिति वा उपसमिति वा त्यस्तो समिति वा उपसमितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

■२०क. कोषको पूर्व सहमति लिनु पर्ने : कुनै सरकारी वा गैर सरकारी निकायले प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार पशुपति क्षेत्रभित्र प्रयोग गर्नु अघि कोषको पूर्व सहमति लिनु पर्नेछ । त्यसरी कोषको पूर्व सहमति नलिई पशुपति क्षेत्रभित्र कुनै काम कारबाही गरेमा त्यस्तो काम कारबाही बदर हुनेछ ।

❖२१. नियम बनाउने अधिकार :

२१.१ यस ऐनको उद्देश्य पूर्तिका लागि कोषले देहायका विषयमा नियमहरू बनाउन सक्नेछ र यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएको हुनु पर्नेछ :-

२१.१.१ कोषले गर्नु पर्ने प्रशासनिक कामको सम्बन्धमा,

२१.१.२ कोषले गर्नु पर्ने आर्थिक कामको सम्बन्धमा,

२१.१.३ कोषका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाको शर्त सम्बन्धमा,

२१.१.४ पशुपतिनाथ अमालकोट कचहरी तथा पशुपतिनाथ तहवीलको काम कारबाहीको सम्बन्धमा,

---

⌘ खेलकुद तथा संस्कृति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ द्वारा थप ।
❖ पहिलो संशोधनद्वारा संशोधित ।
■ पहिलो संशोधनद्वारा थप ।

२१.१.५ पशुपतिनाथ तथा गुह्येश्वरीको परम्परागत धार्मिक रीतिस्थिति बमोजिम पूजाआजा सञ्चालन गर्ने सम्बन्धमा,

२१.१.६ पशुपति क्षेत्रको विकास निर्माण कार्यको सम्बन्धमा,

२१.१.७ पशुपति क्षेत्रभित्रका गुठीको आयस्ताको सम्बन्धमा,

२१.१.८ राजगुठी अन्तर्गतका छुट गुठी एवं निजी गुठी अन्तर्गतका पशुपति क्षेत्रभित्र रहेका देव देवीका मठ मन्दिरहरूको सञ्चालनका सम्बन्धमा,

२१.१.९ अन्य आवश्यक विषयमा ।

■२१क. आचार संहिता बनाई लागू गर्ने : परिषदले श्री पशुपतिनाथको मन्दिरको पूजा आजामा संलग्न हुने पुजारी, भण्डारे, सुसारे लगायत सबै कामदारहरूको आचारसंहिता तयार गर्नु पर्नेछ र त्यस्तो आचारसंहिता नेपाल सरकारको स्वीकृति भएपछि लागू हुनेछ ।

२२. नेपाल सरकारसँग सम्पर्क : कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा ⊗संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नेछ ।

२३. सुविधा :

२३.१ कोषको पुँजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको आयकर, घर जग्गा कर, सवारी साधन कर, ब्याज कर, बिक्री कर, रजिष्ट्रेशन दस्तुर, भन्सार महसुल लगायत सरकारी वा स्थानीय ⬟............. तहबाट लगाउने कुनै प्रकारका प्रत्यक्ष वा अप्रत्यक्ष कर दस्तुर वा महसुल लगाइने छैन ।

तर -

२३.१.१ कोषको दैनिक कार्य सञ्चालन गर्न चाहिने वस्तुहरू स्थानीय बजारमा खरिद गर्दा त्यसको मूल्यमा समावेश भएका भन्सार महसुल, बिक्रीकर, अन्त:शुल्क आदि कर वा महसुलको छुट दिइने छैन ।

२३.१.२ कुनै सेवा वापत लाग्ने शुल्क महसुल कोषले बुझाउने छ ।

२३.२ कोषको नाउँमा दर्ता भएको जग्गामा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ बमोजिमको हदबन्दी सम्बन्धी व्यवस्था लागू हुनेछ ।

---

■ पहिलो संशोधनद्वारा थप ।

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⬟ पहिलो संशोधनद्वारा झिकिएको ।

२४. <u>बचाउ तथा बाधा अडकाउ फुकाउने अधिकार</u> :

२४.१ प्रचलित नेपाल कानून, लालमोहर, सनद, सवाल वा अन्य लिखतहरूमा जुनसुकै कुरा लेखिए तापनि यो ऐनमा उल्लिखित विषयहरूमा यसै ऐन बमोजिम हुनेछ ।

२४.२ यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन नेपाल सरकारले आवश्यक सम्झेको आदेश जारी गर्न सक्नेछ ।

२५. <u>पशुपति क्षेत्र विकास कोष अध्यादेश, २०४३ निष्क्रिय भएपछि त्यसको परिणाम</u> :

२५.१ पशुपति क्षेत्र विकास कोष अध्यादेश, २०४३ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

२५.१.१ सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

२५.१.२ सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

२५.१.३ सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

२५.१.४ सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

२५.१.५ माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिने छ ।

---

<u>द्रष्टव्य</u> :- १. खेलकुद तथा संस्कृति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ द्वारा रुपान्तर भएका शब्दहरू :-

"शिक्षा, संस्कृति तथा समाज कल्याण" को सट्टा "युवा, खेलकुद तथा संस्कृति" ।

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू :-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

३. न्याय प्रशासन ऐन, २०७३ बाट रुपान्तर भएका शब्दहरू :-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

# अभिलेख संरक्षण ऐन, २०४६

लालमोहर र प्रकाशन मिति
२०४६।७।११

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| २. केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| ३. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ४. अभिलेख संरक्षण (पहिलो संशोधन) ऐन, २०८१ | २०८१।४।१४ |

२०४६ सालको ऐन नं. १७

⏭.................

अभिलेख संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण कागजातलाई अभिलेखको रूपमा व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "अभिलेख संरक्षण ऐन, २०४६" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

२.१.१ "कागजात" भन्नाले देहायका कुराहरू समेत सम्झनु पर्छ:-

*२.१.१.१ हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, संविधान, ऐन, नियम, निर्देशिका, कार्यविधि, परिपत्र, टिप्पणी, सूचना, सन्धि, सम्झौता, पत्र-पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र,

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

तस्विर, नक्सा, योजना, चार्ट, फाइल, मिसिल, रजिष्टर, लालमोहर, स्याहामोहर, वंशावली, सनद, सवाल, रुक्का, एकछापे, दुईछापे, इस्तिहार, राजीनामापत्र, निर्णय पुस्तिका, भूमि सम्बन्धी तमसुक, भर्पाई, रसिद लगायत यस्तै प्रकारका कागजात वा कुनै प्रकाशन ।

२.१.१.२ फिल्म, माइक्रो फिल्म, टेप (ध्वनि रेकर्डर), चलचित्र, कम्प्यूटर डिस्क वा *कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका मूलप्रति वा प्रतिलिपि ।

*२.१.१.३ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, इष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्विर ।

२.१.१.४ *प्रकाशनको प्रथम दिवसीय टाँचा लागेको हुलाक टिकट तथा मनीअर्डर फर्म, हवाई पत्र र पोष्ट कार्डको नयाँ प्रकाशन ।

📖२.१.१.५ कुनै अभिलेख वा चित्र अङ्कित मृण्मय, छालाको गाता, हस्तिहाड, मुद्रा, तक्मा, पदक, मेडल, ट्रफि र सिलछाप ।

२.१.२ "अभिलेख" भन्नाले राष्ट्रिय अभिलेखालयमा अभिलेखको रूपमा सुरक्षित रूपमा राखिएका कागजात र *खण्ड ५.१.१ बमोजिम दर्ता भएका कागजात सम्झनु पर्छ ।

२.१.३ "राष्ट्रिय अभिलेखालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय अभिलेखालय सम्झनु पर्छ ।

*२.१.४ "कार्यालय" भन्नाले देहायका निकाय वा कार्यालय सम्झनु पर्छ :-

२.१.४.१ संघीय संसद, नेपाल सरकारका मन्त्रालय, अदालत, संवैधानिक निकाय, आयोग, सचिवालय, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

२.१.४.२ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल

---

* पहिलो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, पुस्तकालय र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

२.१.४.३ प्रदेश सभा, प्रदेश सरकार र सो अन्तर्गतका कार्यालय,

२.१.४.४ स्थानीय तह र सो अन्तर्गतका कार्यालय,

२.१.४.५ विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

२.१.४.६ नेपाल सरकारबाट जारी आदेश बमोजिम स्थापना भएका निकाय वा कार्यालय, वा

२.१.४.७ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य निकाय वा कार्यालय ।

२.१.५ "समिति" भन्नाले दफा ४ बमोजिम गठन गरिएको सल्लाहकार समिति सम्झनु पर्छ ।

२.१.६ "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

📖२.१.७ "मन्त्रालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

📖२.१.८ "राष्ट्रिय महत्त्वका कागजात" भन्नाले अनुसूचीमा उल्लेख भएका कागजात सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको कागजात समेतलाई जनाउँछ ।

📖२.१.९ "संरक्षण" भन्नाले अभिलेखको मौलिक स्वरुप, गुण र मात्रामा फरक नपर्ने गरी उचित वातावरणमा राख्ने, किटाणुरहित बनाउने, मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी परम्परागत तथा आधुनिक प्रविधिबाट सुरक्षित र व्यवस्थित राख्ने कार्य सम्झनु पर्छ ।

३. <u>राष्ट्रिय अभिलेखालयको स्थापना</u> :

३.१ अभिलेखहरू व्यवस्थित र सुरक्षित तरिकाले राख्नको लागि एक राष्ट्रिय अभिलेखालय रहने छ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

३.२ यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको राष्ट्रिय अभिलेखालय यसै ऐन बमोजिम स्थापना भएको मानिने छ ।

📖३.३ राष्ट्रिय अभिलेखालयको प्रमुखको रूपमा काम गर्न एक जना महानिर्देशक रहनेछ ।

📖३.४ उपदफा ३.३ बमोजिमको महानिर्देशक शिक्षा सेवा, पुरातत्त्व समूहको राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) को हुनेछ ।

३.५ महानिर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

*४. सल्लाहकार समितिको गठन:

४.१ अभिलेख व्यवस्थित र सुरक्षित तरिकाले संरक्षण गर्नका लागि राष्ट्रिय अभिलेखालयलाई आवश्यक सुझाव दिन देहाय बमोजिमको एक सल्लाहकार समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(ङ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(च) सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

(छ) सहसचिव, मन्त्रालय - सदस्य

(ज) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(झ) प्रमुख, नेपाल राष्ट्रिय पुस्तकालय - सदस्य

(ञ) सम्बन्धित विषयका विशेषज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा दुई जना महिला सहित चार जना - सदस्य

(ट) महानिर्देशक, राष्ट्रिय अभिलेखालय - सदस्य-सचिव

४.२ उपदफा ४.१ को खण्ड (ञ) बमोजिम सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

४.३ उपदफा ४.१ को खण्ड (ञ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ ।

४.४ उपदफा ४.३ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा ४.१ को खण्ड (ञ) बमोजिमको सदस्यको काम सन्तोषजनक नभएमा मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

४.५ उपदफा ४.१ बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार अभिलेख संरक्षण सम्बन्धी विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

४.६ समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. राष्ट्रिय अभिलेखालयको काम, कर्तव्य र अधिकार :

५.१ राष्ट्रिय अभिलेखालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

५.१.१ दफा ६ र ७ बमोजिम प्राप्त भएका कागजात दर्ता गर्ने,

५.१.२ अभिलेखहरू व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने,

५.१.३ अभिलेखहरू तोकिए बमोजिम वर्गीकरण गरी सोको सूची तयार गर्ने,

५.१.४ आवश्यकतानुसार अभिलेख छपाउने वा प्रतिलिपि निकाल्ने,

५.१.५ कुनै व्यक्तिलाई अभिलेख हेर्न वा सार्न दिने वा प्रतिलिपि सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

५.१.६ सुरक्षित तरिकाले कागजात राख्ने सम्बन्धमा कार्यालयमा आवश्यक परामर्श दिने,

🕮५.१.६क. राष्ट्रिय महत्त्वका अभिलेखको सर्वेक्षण, खोज, सङ्कलन, संरक्षण र संवर्द्धन गर्ने,

🕮५.१.६ख. ऐतिहासिक तथा राष्ट्रिय महत्त्वका कागजात उपहार, खरिद, लिज वा अन्य माध्यमबाट सङ्कलन वा प्राप्त गर्ने,

🕮५.१.६ग. कार्यालयमा रहेका कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यको सुपरिवेक्षण गर्ने,

---

🕮 पहिलो संशोधनद्वारा थप ।

📖५.१.६घ. कार्यालय, प्रदेश वा स्थानीय तहले राख्ने अभिलेख तथा कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा सहयोग गर्ने तथा परामर्श दिने,

📖५.१.६ङ. अभिलेखको माईक्रोफिल्म बनाउने र डिजिटाइज्ड गर्ने,

📖५.१.६च. विपद्बाट हानि नोक्सानी हुन नसक्ने गरी अभिलेखको संरक्षण गर्ने,

📖५.१.६छ. अभिलेख प्रकाशन गर्न कसैले माग गरेमा सर्त तोकी स्वीकृति दिने,

📖५.१.६ज. अभिलेख सङ्कलन तथा संरक्षण गर्ने सम्बन्धमा जनचेतना अभिवृद्धि गराउने,

📖५.१.६झ. प्रत्येक वर्ष अभिलेख व्यवस्थापनको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्ने,

५.१.७ राष्ट्रिय अभिलेखालयको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. <u>कार्यालयले राष्ट्रिय अभिलेखालयमा कागजात पठाउने सम्बन्धमा</u> :

६.१ कार्यालयले देहायका कागजात सुरक्षित रूपमा संरक्षण गरी राख्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछः-

६.१.१ पच्चीस वर्ष वा सो भन्दा पुराना *****<u>उपखण्ड २.१.१.१ र २.१.१.२ मा उल्लिखित राष्ट्रिय महत्त्वका</u> कागजात,

📖६.१.१क. नेपाल पक्ष भएको कार्यालयसँग सम्बन्धित सन्धि, सम्झौताको प्रमाणित प्रति,

*****६.१.२ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, इष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्विर,

६.१.३ प्रत्येक *****<u>प्रकाशनको प्रथम दिवसीय</u> टाँचा लागेको हुलाक टिकट तथा मनीअर्डर फर्म हवाई पत्र र पोष्ट कार्डको नयाँ प्रकाशन ।

६.२ कार्यालयले राष्ट्रिय दृष्टिकोणबाट अभिलेखको रूपमा संरक्षण गरिनु पर्ने ठानेमा देहायका कागजात अवधि तोकी वा नतोकी सुरक्षित रूपमा संरक्षण गरी राख्नको लागि राष्ट्रिय अभिलेखालयमा *****<u>पठाउनु पर्नेछ</u> :-

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

६.२.१ प्रतिवेदन, आर्थिक विवरण, सन्धि सम्झौता वा कुनै प्रकाशन,

६.२.२ हस्तलिखित ग्रन्थ, किताब, पत्र-पत्रिका, चिट्ठीपत्र, लिखत, चित्र वा तस्वीर,

६.२.३ नक्शा, योजना, चार्ट, फाइल, मिसिल वा रजिष्ट्रर, फिल्म,

६.२.४ फिल्म, माइक्रो फिल्म, टेप (ध्वनि रेकर्डर), चलचित्र र कम्प्यूटर डिस्क वा *कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका मूलप्रति वा प्रतिलिपि,

६.२.५ *खण्ड ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४ मा उल्लेख भए बाहेकका अन्य कागजात ।

६.३ कार्यालयले सरकारी कागजात धुल्याउने सम्बन्धी प्रचलित कानून बमोजिम सरकारी कागज धुल्याउँदा तोकिए बमोजिमका कागजात राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ ।

📖६.३क. कार्यालयले प्रचलित कानून बमोजिम धुल्याएका कागजातको सूची सहितको पञ्जिका अभिलेखको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ ।

६.४ कार्यालयले राष्ट्रिय अभिलेखालयमा कागजात पठाउँदा सोको वर्गीकरण अनुसारको सूचीसमेत पठाउनु पर्नेछ ।

६.५ कार्यालयले उपदफा ६.१ वा ६.२ बमोजिमका कागजात राष्ट्रिय अभिलेखालयमा पठाउँदा कुनै खास अवधिसम्म त्यस्ता कागजात तोकिएको व्यक्ति बाहेक अरू कसैलाई हेर्न, सार्न वा त्यसको प्रतिलिपि दिन नहुने भएमा सो कुरा र त्यस्तो अवधि समेत उल्लेख गरी राष्ट्रिय अभिलेखालयमा राख्न पठाउनु पर्नेछ ।

६.६ उपदफा ६.१ बमोजिम कार्यालयले राष्ट्रिय अभिलेखालयमा पठाएका कागजात सो कार्यालयले फिर्ता लिन सक्ने छैन ।

तर उपदफा ६.२ बमोजिम राष्ट्रिय अभिलेखालयमा पठाएका कागजातमध्ये अवधि तोकी पठाएका कागजात त्यस्तो अवधि समाप्त भएपछि सम्बन्धित कार्यालयले चाहेमा तोकिए बमोजिम फिर्ता लिन सक्नेछ ।

६.७ उपदफा ६.१ बमोजिम राष्ट्रिय अभिलेखालयमा पठाइएका कागजात जुन कार्यालयले पठाएको हो सोही कार्यालयलाई आवश्यक पर्न गएमा त्यस्तो कागजात पुन: राष्ट्रिय अभिलेखालयमा फिर्ता गर्ने गरी

---

* पहिलो संशोधनद्वारा संशोधित ।
📖 पहिलो संशोधनद्वारा थप ।

तोकिएको अवधिसम्मको लागि राष्ट्रिय अभिलेखालयले सम्बन्धित कार्यालयलाई तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ ।

📖६क. प्रदेश सरकार तथा स्थानीय तहले कागजात पठाउनु पर्ने : प्रदेश सरकार तथा स्थानीय तहले राष्ट्रिय महत्त्वका कागजातको एक प्रति संरक्षणको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ ।

📖६ख. अभिलेख संरक्षण सम्पर्क व्यक्ति तोक्नु पर्ने :

६ख.१ कार्यालयले कागजात संरक्षण तथा व्यवस्थापनको लागि एक जना कर्मचारीलाई अभिलेख संरक्षण सम्पर्क व्यक्तिको रूपमा तोक्नु पर्नेछ ।

६ख.२ उपदफा ६ख.१ बमोजिमको सम्पर्क व्यक्तिले कागजातको संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. राष्ट्रिय अभिलेखालयमा कागजात पठाउन सकिने :

७.१ कुनै *व्यक्ति, समुदाय वा संघ, संस्थाले आफूसँग रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यीक, आर्थिक वा अन्य दृष्टिकोणले राष्ट्रिय महत्त्वको कुनै कागजात राष्ट्रिय सम्पत्तिको रूपमा सुरक्षित तरिकाले संरक्षण गर्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउन सक्नेछ ।

७.२ उपदफा ७.१ बमोजिम राष्ट्रिय अभिलेखालयमा पठाएका कागजात तथा कागजात पठाउने *व्यक्ति, समुदाय वा संघ, संस्थाले राष्ट्रिय अभिलेखालयबाट फिर्ता लिन पाउने छैन ।

📖७क. नेपाल सरकारले खरिद वा स्वीकार गर्न सक्ने :

७क.१ कुनै व्यक्ति वा संस्थाले आफूले सङ्कलन गरेको ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा राष्ट्रिय महत्त्वका अभिलेखहरू मूल्य लिई वा नलिई नेपाल सरकारलाई हस्तान्तरण गर्न चाहेमा नेपाल सरकारले त्यस्ता अभिलेख स्वीकार गर्न सक्नेछ ।

७क.२ नेपालसँग सम्बन्धित कुनै ऐतिहासिक, सांस्कृतिक, धार्मिक महत्त्वका अभिलेखहरू कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था वा स्वदेशी वा विदेशी व्यक्तिसँग रहेकोमा त्यस्ता संस्था वा व्यक्तिले नेपाललाई दिन वा बिक्री गर्न चाहेमा राष्ट्रिय अभिलेखालयको सिफारिसमा नेपाल सरकारले त्यस्ता महत्त्वपूर्ण अभिलेखहरू लिन वा खरिद गर्न सक्नेछ ।

७क.३ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी सङ्कलनमा रहेका राष्ट्रिय महत्त्वका कागजातमा कसैले हानि, नोक्सानी पुऱ्याउने

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

भएमा नेपाल सरकारले त्यस्तो कागजात जफत गरी राष्ट्रिय अभिलेखालयमा पठाउन सक्नेछ ।

८. कागजात व्यवस्थित तथा सुरक्षित तरिकाले राख्नु पर्ने :

८.१ कार्यालयले आफ्नो कार्यालयमा भएका कागजात व्यवस्थित तरिकाले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

८.२ उपदफा ८.१ बमोजिम कागजात व्यवस्थित तरिकाले सुरक्षित रूपमा राख्ने सम्बन्धमा सम्बन्धित कार्यालयले राष्ट्रिय अभिलेखालयसँग आवश्यक परामर्श लिन सक्नेछ ।

📖८.३ राष्ट्रिय अभिलेखालयले कार्यालयहरूको अभिलेख व्यवस्थापनको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

📖८.४ उपदफा ८.३ बमोजिम अनुगमन तथा निरीक्षण गर्दा अभिलेखको व्यवस्थापन उचित तरिकाले गरेको नपाइएमा राष्ट्रिय अभिलेखालयले संरक्षण र व्यवस्थापनका लागि आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।

९. निषेधित अभिलेख :

९.१ देहायका अभिलेखहरू निषेधित अभिलेख मानिनेछन्:-

९.१.१ सम्बन्धित कार्यालयले अवधि तोकी वा नतोकी तोकिएको व्यक्ति बाहेक अरूले हेर्न, सार्न वा सोको प्रतिलिपि लिन नहुने गरी सुरक्षित तरिकाले राख्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउने कागजात,

९.१.२ राष्ट्रिय अभिलेखालयले अवधि तोकी वा नतोकी तोकिएको व्यक्ति बाहेक अरूले हेर्न, सार्न वा सोको प्रतिलिपि लिन नहुने गरी राष्ट्रिय दृष्टिकोणले निषेधित भनी तोकिदिएका अभिलेखहरू ।

१०. अभिलेख हेर्न वा सोको प्रतिलपि दिन सकिने :

१०.१ कसैले निषेधित अभिलेख बाहेक अन्य अभिलेख हेर्न चाहेमा राष्ट्रिय अभिलेखालयले तोकिदिए बमोजिम त्यस्तो अभिलेख हेर्न सक्नेछ ।

१०.२ कसैले निषेधित अभिलेख बाहेक अन्य अभिलेख सार्न वा सोको प्रतिलिपि लिन चाहेमा राष्ट्रिय अभिलेखालयले तोकिए बमोजिम दस्तुर लिई तोकिए बमोजिम त्यस्तो अभिलेख सार्न वा सोको प्रतिलिपि दिन सक्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

१०.३ उपदफा १०.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अवस्थामा त्यस्तो अभिलेख बिना दस्तुर सार्न वा सोको प्रतिलिपि दिन सकिने छ ।

११. <u>अभिलेखमा केरमेट वा थपघट गर्न नहुने</u> :

११.१ अभिलेखहरू सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले त्यस्ता अभिलेखहरूमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

११.२ अभिलेख हेर्ने, सार्ने वा प्रतिलिपि लिने व्यक्ति वा अन्य कसैले त्यस्तो अभिलेखमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

∅११क. <u>प्रदेश र स्थानीय तहले अभिलेखको संरक्षण तथा व्यवस्थापन गर्न सक्ने</u> : (१) प्रदेश र स्थानीय तहले आफ्ना अभिलेखहरूको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम अभिलेखहरूको संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश र स्थानीय तहको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

📖११ख. <u>स्वीकृति लिनु पर्ने</u> :

११ख.१ कसैले पनि राष्ट्रिय महत्त्वका कागजात नेपाल बाहिर लैजान पाउने छैन ।

११ख.२ उपदफा ११ख.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष कारणले राष्ट्रिय महत्त्वका कागजातको सक्कल प्रति केही समयको लागि नेपाल बाहिर लैजानु परेमा सोको कारण खुलाई मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति लिनु पर्नेछ ।

११ख.३ उपदफा ११ख.२ बमोजिम राष्ट्रिय महत्त्वका कागजात नेपाल बाहिर लैजाने सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भए बमोजिम हुनेछ ।

११ख.४ कसैले यस ऐन बमोजिमको राष्ट्रिय महत्त्वका कागजातको प्रतिलिपि लिन चाहेमा राष्ट्रिय अभिलेखालयले दिन सक्नेछ र त्यस्तो कागजातको प्रतिलिपि दिएको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

---

∅ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।
📖 पहिलो संशोधनद्वारा थप ।

१२. दण्ड सजाय :

१२.१ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले दफा ९ बमोजिमको निषेधित अभिलेख तोकिएको व्यक्ति बाहेक अरूलाई हेर्न, सार्न वा सोको प्रतिलिपि दिएमा त्यस्तो कर्मचारीलाई *पचास हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१२.२ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले उपदफा ११.१ को उल्लङ्घन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा त्यस्तो कर्मचारीलाई *पचास हजार रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१२.३ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारी बाहेक अरू कसैले उपदफा ११.२ को उल्लङ्घन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा निजलाई *तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१२.४ उपदफा १२.१, १२.२ र १२.३ मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी कसैले कुनै काम गरेमा निजलाई *पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

१३. अन्य प्रचलित कानून बमोजिम कारबाही हुन सक्ने : कसैले यस ऐन अन्तर्गत कसूर ठहरिने काम गरेकोमा त्यस्तो काम अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूरको सम्बन्धमा निजलाई अन्य प्रचलित कानून बमोजिम कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१४. सरकार वादी हुने : यो ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

१५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

द्रष्टव्य:- केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## 📖अनुसूची

(दफा २ को उपदफा २.१ को खण्ड २.१.८ सँग सम्बन्धित)

राष्ट्रिय महत्त्वका कागजात

१. लालमोहर लागेको कागजात,

२. तत्काल कायम रहेको राष्ट्रप्रमुखको हैसियतमा काम गर्ने पदाधिकारीबाट हस्ताक्षर भएको कागजात,

३. नेपालको राजनीतिक परिवर्तन सम्बन्धी भए, गरेका निर्णय, सम्झौता आदिका सक्कल प्रति,

४. नेपालको संविधान र संविधान निर्माण सम्बन्धी दस्तावेजका सक्कल प्रति,

५. संघीय संसदले पारित गरी प्रमाणीकरण भएका विधेयकका सक्कल प्रति,

६. नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयको मूल प्रति,

७. विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय संघ, संस्था वा अन्य विदेशी संघ, संस्थासँग भएको सन्धि, सम्झौता र तत्सम्बन्धी लेखापढी भएका महत्त्वपूर्ण कागजात,

८. नेपालको समय-समयको नक्सा,

९. देशको सिमाना सम्बन्धी लेखापढी भएका कागजात,

१०. नेपाल र विदेशी राष्ट्रका प्रतिनिधिहरूको संयुक्त विज्ञप्ति,

११. सम्बन्धित मन्त्रालयमा रहने मन्त्रिपरिषद्को निर्णयको मूल प्रति,

१२. देशको शान्ति-सुरक्षा सम्बन्धी महत्त्वपूर्ण कागजात,

१३. अमुद्रित ऐन, सवाल, सनद, खड्गनिसाना,

१४. चल वा अचल सम्पत्तिका हकदैया दर्शाउने कागजात,

१५. संघीय संसदका सदस्यको वैयक्तिक विवरण,

१६. नापी नक्साको कागजात,

१७. कर्मचारीको सिटरोल,

१८. नेपाल सरकार वादी वा प्रतिवादी भएको वा नेपाल सरकारलाई सरोकार भएको मुद्दामा अधिकारप्राप्त अड्डा वा अदालतबाट भएको अन्तिम फैसला वा आदेश,

---

📖 पहिलो संशोधनद्वारा थप ।

१९. नागरिकता र नागरिकहरूको मुद्दा सम्बन्धी विषयमा विदेशी राष्ट्रसँग भएको लेखापढीका कागजात,

२०. विभिन्न आयोगका प्रतिवेदन,

२१. देशको ऐतिहासिक, सामाजिक, धार्मिक र सांस्कृतिक महत्त्वका हस्तलिखित ग्रन्थ तथा अभिलेख, वा

२२. कार्यालय प्रमुखले उचित सम्झेका अन्य कागजात ।

# समाज कल्याण ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०४९।७।१७

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ | २०६३।४।२३ |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४९ सालको ऐन नं. २९

⏭...............

समाज कल्याण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल र नेपाली समाजको सर्वाङ्गीण विकासको लागि समाज कल्याण कार्य तथा समाज सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माण कार्यहरूसँग सम्बद्ध गराई समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवन यापन गर्न सक्षम तुल्याउन, समाजसेवी संघ संस्था तथा व्यक्तिहरूको मर्यादा र प्रतिष्ठा बढाउन तथा गैर सरकारी सामाजिक संघ संस्थाहरूको काम कारबाहीमा समन्वय गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "समाज कल्याण ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "समाज कल्याण कार्य" भन्नाले समाजका कमजोर, असहाय र अशक्त व्यक्तिका लागि सेवा पुऱ्याउन र समाजका पिछडिएका वर्गलाई आर्थिक एवं सामाजिक रूपमा सक्षम बनाउन गरिने सामाजिक कार्य सम्झनु पर्छ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ख) "समाज सेवा" भन्नाले नाफाको उद्देश्य नराखी व्यक्तिगत वा सामूहिक रूपमा गरिने समाज कल्याण कार्य सम्झनु पर्छ ।

(ग) "सामाजिक संघ संस्था" भन्नाले समाज कल्याण कार्य गर्न प्रचलित कानून बमोजिम स्थापना भएको र समाज सेवामा संलग्न गैर सरकारी सामाजिक संघ संस्था सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ५ बमोजिम स्थापना हुने समाज कल्याण परिषद् सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउनेछ ।

(छ) "विधान" भन्नाले संघ संस्थाको विधान सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>समाज कल्याण कार्यक्रम</u> : सामाजिक कल्याण कार्यसँग सम्बन्धित विभिन्न क्रियाकलापहरूबाट देशको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनको लागि नेपाल सरकारले सम्बन्धित मन्त्रालय तथा सामाजिक संघ संस्थाहरू मार्फत समाज कल्याण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

४. <u>समाज कल्याण सम्बन्धी विशेष कार्यक्रम</u> : समाज कल्याण कार्य र समाज सेवा सम्बन्धमा देहायका विषयमा नेपाल सरकारले विशेष कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ :-

(क) बालक, वृद्ध, असहाय वा अपाङ्गहरूको हित र कल्याण गर्न,

(ख) विकासका लागि सहभागिता वृद्धि गर्न र महिलाहरूको हक हितको संरक्षण र संवर्द्धन गर्न,

(ग) बाल अपराध, लागू पदार्थ दुर्व्यसन वा अन्य कुलत तथा सामाजिक विकृतिबाट पीडित व्यक्तिहरूलाई मर्यादित र सम्मानित जीवन यापन गराउन,

(घ) बेरोजगार, गरीब वा अशिक्षित व्यक्तिहरूका लागि सम्मानित जीवन यापन गराउन,

(ङ) धार्मिकस्थल तथा गुठीहरूको क्रियाकलापलाई व्यवस्थित गराउन,

(च) पिछडिएको समुदाय वा वर्गको हितको निमित्त आवश्यक व्यवस्था गर्न ।

५. <u>परिषद्को स्थापना</u> : (१) सामाजिक संघ संस्थाहरूको समन्वय, सहयोग परिचालन र प्रवर्द्धन गरी सुव्यवस्थित तरिकाले समाज कल्याण कार्य सञ्चालन गर्न समाज कल्याण परिषद्को स्थापना गरिएको छ ।

(२) परिषद्मा देहायका सदस्यहरू रहने छन् :-

(क) ⊗<u>मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय</u> - अध्यक्ष

(ख) नेपाल सरकारद्वारा मनोनीत समाज सेवी एक जना - उपाध्यक्ष

(ग) नेपाल सरकारद्वारा मनोनीत समाज सेवी एक जना- कोषाध्यक्ष

(घ) ⏭.................

(ङ) सदस्य (सामाजिक सेवा हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य

(च) कम्तीमा एक जना महिला पर्ने गरी समाजसेवीहरू मध्येबाट नेपाल सरकारद्वारा मनोनीत बढीमा चार जना - सदस्य

(छ) विभिन्न सामाजिक संघ संस्थाहरूबाट नेपाल सरकारबाट मनोनीत तीन जना - सदस्य

(ज) प्रतिनिधि, सम्बन्धित मन्त्रालय (समाज कल्याण हेर्ने) - सदस्य

(झ) प्रतिनिधि, गृह मन्त्रालय - सदस्य

(ञ) ⊗<u>प्रतिनिधि,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय</u> - सदस्य

(ट) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ठ) ⊗<u>प्रतिनिधि, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय</u> - सदस्य

(ड) ⊗<u>प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय</u> - सदस्य

(ढ) नेपाल सरकारबाट मनोनीत व्यक्ति - सदस्य-सचिव

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(३) मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुन: मनोनीत हुन सक्नेछन् ।

(४) नेपाल सरकारले ▲परिषद्को कारण सहितको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरू हेरफेर गर्न सक्नेछ ।

६. परिषद् संगठित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) परिषद्को आफ्नो छुट्टै झण्डा हुनेछ ।

७. परिषद्को कार्यालय : (१) परिषद्को केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

(२) परिषद्ले आवश्यकतानुसार नेपाल ⏭........... भित्र सम्पर्क कार्यालयहरू खोल्न सक्नेछ ।

८. परिषद्को बैठक र निर्णय : (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा कम्तीमा वर्षको दुई पटक बस्नेछ ।

(२) परिषद्को कुल सदस्य सङ्ख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) परिषद्को निर्णय ▲सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

---

▲ समाज कल्याण (पहिलो संशोधन) अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वत: जागेको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

९. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समाज कल्याण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, सामाजिक संघ संस्थालाई सहयोग गर्ने, तिनीहरूका बीच समन्वय गर्ने र तिनीहरूको कामको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने, गराउने ।

(ख) सामाजिक संघ संस्थाहरूको स्थापना, विकास, विस्तार र सुदृढीकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने ।

(ग) नेपाल सरकार र सामाजिक संघ संस्थाहरू बीच समन्वयकर्ताको रूपमा कार्य गर्ने, गराउने ।

(घ) समाज कल्याण कार्य तथा समाज सेवा सम्बन्धी नीति निर्माण तथा कार्यक्रम तर्जुमा सम्बन्धमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।

(ङ) समाज कल्याण कार्यको लागि कोषको स्थापना र सञ्चालन गर्ने, गराउने ।

(च) समाज सेवामा संलग्न परिषद्सँग आबद्ध संघ संस्थाहरूका लागि सूचना तथा अभिलेख केन्द्रका रूपमा कार्य गर्ने, गराउने ।

(छ) समाज कल्याण कार्यसँग सम्बन्धित विषयमा तालीम दिने, अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(ज) परिषद्सँग आबद्ध सामाजिक संघ संस्थाहरूको भौतिक सम्परीक्षण गर्ने, गराउने ।

(झ) यो ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

(ञ) स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्था र विदेशी राष्ट्रसँग आवश्यक सम्झौता वा करार गर्ने, गराउने ।

(ट) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोग रकमको सुव्यवस्था गर्ने ।

१०. कार्य सञ्चालन समितिको गठन : (१) परिषद्ले आफ्नो कार्य सञ्चालनका लागि परिषद्का सदस्यहरूमध्येबाट एउटा कार्य सञ्चालन समितिको गठन गर्नेछ । यस समितिमा परिषद्का अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष ▲र सदस्य-सचिव समेत बढीमा सात जना रहने छन् ।

---

▲ समाज कल्याण (पहिलो संशोधन) अध्यादेश, २०६२ द्वारा संशोधन भई केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३ द्वारा स्वतः जागेको ।

(२) कार्य सञ्चालन समितिले परिषद्बाट हुने वार्षिक कार्यक्रम, बजेट तथा आवश्यक नीतिगत विषयहरूलाई तयार गरी परिषद्को बैठकबाट अनुमोदन गराई लागू गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भएदेखि बाहेक कार्य सञ्चालन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. उपसमिति गठन गर्न सक्ने : (१) परिषद्ले आफ्नो कार्य सुचारुरूपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

१२. अनुमति र सम्झौता : (१) नेपाल ⏭............ भित्र काम गर्न चाहने विदेशी गैर सरकारी संघ संस्थाले काम गर्नु अघि परिषद् समक्ष काम गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले बढीमा तीन महिनाभित्र परिषद्ले निर्णय गरी अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त गरेका विदेशी गैर सरकारी संघ संस्थाले नेपालभित्र कार्य सञ्चालन गर्नु अघि परिषद्सँग सम्झौता गर्नु पर्नेछ ।

१३. परिषद्मा आबद्ध हुने : (१) परिषद्सँग आबद्ध हुन चाहने सामाजिक संघ संस्थाहरूले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने सामाजिक संघ संस्थाहरूले निवेदनसाथ आफ्नो विधान, कार्य समितिको सदस्यहरूको नाम, पेशा, ठेगाना र संस्था दर्ता भएको कार्यालय र मिति समेत स्पष्ट खोल्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी सम्बन्धित सामाजिक संघ संस्थालाई परिषद्सँग आबद्ध गर्न उपयुक्त देखेमा परिषद्ले तोकिए बमोजिम दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) परिषद्सँग आबद्ध सामाजिक संघ संस्थाले तोकिए बमोजिम आफूलाई परिषद्बाट अलग गर्न सक्नेछ ।

१४. विधान सम्बन्धी व्यवस्था : परिषद्मा आबद्ध हुन चाहने सामाजिक संघ संस्थाहरूको विधानमा प्रचलित कानूनमा उल्लेख भएका कुराहरूको अतिरिक्त तोकिए बमोजिमका कुराहरू समेत समावेश भएको हुनु पर्नेछ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

१५. प्रमाणपत्र प्राप्त गरिसकेका सामाजिक संघ संस्था सम्बन्धी व्यवस्था : (१) यो ऐन प्रारम्भ हुनुअघि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्बाट प्रमाणपत्र प्राप्त गरेका संघ संस्थाहरू यसै ऐन बमोजिम परिषद्सँग आबद्ध भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्सँग आबद्ध भएका सामाजिक संघ संस्थाहरूले यस ऐन बमोजिम आफ्नो विधानमा आवश्यक संशोधन एवं मिलान गरी यो ऐन प्रारम्भ भएको एक वर्षभित्र परिषद्मा पेश गर्नु पर्नेछ ।

१६. आर्थिक सहयोग सम्बन्धमा : (१) कुनै पनि सामाजिक संघ संस्थाले नेपाल सरकार वा विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघ संस्था वा नियोग वा व्यक्तिबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गर्न चाहेमा सहयोग प्राप्त गर्न चाहेको कार्य वा परियोजनाको प्रस्ताव र अन्य विवरण सहित तोकिए बमोजिम परिषद् समक्ष निवेदन दिनु पर्नेछ ।

तर तत्काल सम्पन्न गर्नु पर्ने कार्यक्रमको हकमा भने वार्षिक दुई लाख रुपैयाँसम्मको सहयोग परिषद्लाई पूर्व जानकारी दिई लिन सकिनेछ र सो काम सम्पन्न भएपछि तीन महिनाभित्र परिषद्मा प्रतिवेदन दिनु पर्नेछ ।

(२) परिषद्ले उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित मन्त्रालय वा निकायसँग समन्वय गरी बढीमा पैंतालीस दिनभित्र स्वीकृति दिनेछ ।

तर राष्ट्र हित प्रतिकूल हुने कार्य वा परियोजनालाई अस्वीकृत गर्न सक्नेछ ।

(३) स्वीकृत परियोजना कार्यान्वयन गर्दा सम्बन्धित ◈स्थानीय तहको सहयोग र समन्वयमा गर्नु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि अनुरुप स्थापित संस्थाहरूले आकस्मिक उद्धार सेवाका लागि प्राप्त गर्ने सहायताका हकमा भने परिषद्सँग पूर्व स्वीकृति लिनु पर्ने छैन ।

तर त्यस्तो सहायता प्राप्त गरेपछि परिषद्लाई जानकारी दिनु पर्नेछ ।

(५) स्वीकृत परियोजनालाई विदेशी संस्थाले आर्थिक सहयोग उपलब्ध गराउँदा नेपाल ⏭............ भित्र सञ्चालित वाणिज्य बैङ्कहरू मार्फत उपलब्ध गराउनु पर्नेछ ।

१७. परिषद्को कोष : (१) परिषद्को आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहने छन् :-

---

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकार मार्फत कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी संस्थाबाट प्राप्त रकम,

(ग) परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(घ) कुनै व्यक्ति, संस्था वा राष्ट्रले चन्दा, सहायता, अनुदान वा दान दातव्यको रूपमा प्रदान गरेको रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) परिषद्को सबै रकम परिषद्को नाममा नेपाल राष्ट्र बैङ्क वा कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिने छ ।

(३) परिषद्को तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) परिषद्को खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१८. लेखा र लेखापरीक्षण : (१) परिषद्को लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिने छ ।

(२) परिषद्को लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) परिषद्सँग आबद्ध सामाजिक संघ संस्थाहरूको लेखा र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा परिषद्को हिसाब किताब सम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(५) परिषद्ले चाहेमा परिषद्सँग आबद्ध सामाजिक संघ संस्थाहरूको हिसाब किताब सम्बन्धी कागजात र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१९. अधिकार प्रत्यायोजन : (१) परिषद्ले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, दफा १० बमोजिमको कार्य सञ्चालन समिति वा दफा ११ बमोजिमको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार परिषद्को कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. निलम्बन वा विघटन गर्न सकिने : (१) परिषद्सँग आबद्ध भएका वा परिषद् मार्फत आर्थिक सहयोग प्राप्त गरेका कुनै सामाजिक संघ संस्थाको कार्य

समितिले प्रचलित नेपाल कानून वा आफ्नो विधान विपरीत काम गरेमा त्यस्तो कार्य समितिलाई परिषद्को सिफारिसमा नेपाल सरकारले तोकिएको अवधिसम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।

तर त्यसरी निलम्बन वा विघटन गर्नु अघि त्यस्तो कार्य समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम  कुनै सामाजिक संघ संस्थाको कार्य समिति निलम्बन भएमा निलम्बन फुकुवा नभएसम्म र विघटन भएमा नयाँ कार्य समिति गठन नभएसम्म त्यस्तो संघ संस्थाको कार्य सञ्चालन गर्न नेपाल सरकारले सो संघ संस्थाको साधारण सदस्यहरूमध्येबाट एउटा तदर्थ समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै सामाजिक संघ संस्थाको कार्य समिति विघटन भएको कारणबाट उपदफा (२) बमोजिम गठित तदर्थ समितिले त्यसरी गठन भएको मितिले तीन महिनाभित्र त्यस्तो संघ संस्थाको विधान बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

२१. कर्मचारी सम्बन्धी व्यवस्था : (१) परिषद्ले आवश्यकतानुसार कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

(२) परिषद्का कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था परिषद्ले तोके बमोजिम हुनेछ ।

२२. सामाजिक संघ संस्थाको संलग्नता : परिषद्का कर्मचारीहरू परिषद्सँग आबद्ध भएका सामाजिक संघ संस्थाहरूको कार्य समितिको पदाधिकारी वा सदस्यको रूपमा संलग्न हुन पाउने छैनन् ।

२३. वार्षिक प्रतिवेदन : (१) परिषद्ले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन, आफूले गरेको काम कारबाहीको विस्तृत विवरण समेत ⊗महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) परिषद्सँग आबद्ध सामाजिक संघ संस्थाले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन सहित आफूले गरेको कामको विवरण देखिने गरी परिषद् समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२४. बाधा अड्काउ फुकाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

२५. नेपाल सरकारसँग सम्पर्क : परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा ⊗महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२६. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिका लागि परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ ।

२७. खारेजी र बचाउ : (१) सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् ऐन, २०३४ खारेज गरिएको छ र सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को हक र दायित्व यस ऐन बमोजिम स्थापित परिषद्मा सर्नेछ ।

(२) सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्मा कार्यरत कर्मचारीहरू यस ऐन बमोजिम स्थापित परिषद्मा सर्नेछन् ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।
द्रष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्
# ऐन, २०५५

लालमोहर र प्रकाशन मिति
२०५५।३।२९

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| २. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ३. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई सशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०५५ सालको ऐन नं. ५

⏭...............

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: जनकपुर र यसको माध्यमिकी (पञ्चकोशी) परिक्रमा क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्त्वका मठ, मन्दिर, सरोवर र स्थलहरूको सुरक्षा, सम्भार र विकास गर्न तथा बृहत्तर जनकपुर क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक विकासका पूर्वाधारहरू विकसित गर्दै सुव्यवस्थित तीर्थस्थल एवं पर्यटन क्षेत्रको रूपमा योजनाबद्ध ढंगले विकास गर्न बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बृहत्तर जनकपुर क्षेत्र" भन्नाले माध्यमिकी (पञ्चकोशी) परिक्रमा मार्गभित्र पर्ने ढेराकचुरी, जनकपुर, हनुमाननगर, बहुअर्वा, बेहडावेला, तुल्सियाही जब्दी, मटिहानी, जलेश्वर,

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

मडई, ध्रुवकुण्ड, कञ्चनवन (हरिनमरी), पर्वत्ता, धनुषा धाम, सतोषर, औरही समेतको क्षेत्र सम्झनु पर्छ ।

(ख) "माध्यमिकी (पञ्चकोशी) परिक्रमा" भन्नाले बृहत्तर जनकपुर क्षेत्रभित्रको जनकपुरधामलाई केन्द्र मानी सनातनदेखि चलिआएको फाल्गुण शुक्ल परेवा तिथिदेखि फाल्गुण पूर्णिमासम्म लाग्ने परिक्रमा सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् सम्झनु पर्छ ।

(घ) "सञ्चालक परिषद्" भन्नाले दफा ६ बमोजिम गठित सञ्चालक परिषद् सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित कार्यकारिणी समिति सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले सञ्चालक परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले सञ्चालक परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ज) "सदस्य-सचिव" भन्नाले सञ्चालक परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(झ) "कार्यकारी निर्देशक" भन्नाले दफा १७ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना : (१) माध्यमिकी परिक्रमा क्षेत्रभित्रको सामाजिक, आर्थिक र सांस्कृतिक विकासको लागि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नामको एक परिषद् स्थापना गरिएको छ ।

(२) परिषद्को केन्द्रीय कार्यालय जनकपुरधाममा रहनेछ ।

४. परिषद् संगठित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा आवश्यकतानुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्‌ले व्यक्ति सरह नालिस उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. परिषद्‌को उद्देश्य : परिषद्‌को उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) बृहत्तर जनकपुर क्षेत्रको सामाजिक, धार्मिक, आर्थिक तथा सांस्कृतिक विकासका पूर्वाधारहरूको विकास गर्ने ।

(ख) बृहत्तर जनकपुर क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक, पुरातात्विक महत्त्वका स्थानहरू र सो क्षेत्रभित्र रहेका विभिन्न सम्पदाहरूको संरक्षण र व्यवस्थापन गर्ने ।

(ग) बृहत्तर जनकपुर क्षेत्रभित्रका प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका मठ, मन्दिर, सरोवर वा अन्य स्थलहरूको पहिचान, खोजी र अनुसन्धान गर्ने ।

(घ) बृहत्तर जनकपुर क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्न आवश्यक कार्य गर्ने ।

(ङ) बृहत्तर जनकपुर क्षेत्रलाई पर्यटकीय स्थलको रूपमा विकसित गर्ने ।

६. सञ्चालक परिषद्‌को गठन : (१) परिषद्‌को सर्वोच्च निकायको रूपमा काम गर्न देहायका सदस्यहरू भएको सञ्चालक परिषद् गठन हुनेछ :-

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) ⏭................

(ग) अध्यक्ष, गुठी संस्थान - सदस्य

⊗(घ) सहसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य

(ङ) महानिर्देशक, पुरातत्व विभाग - सदस्य

(च) महानिर्देशक, पर्यटन विभाग - सदस्य

(छ) महानिर्देशक, आवास तथा शहरी विकास विभाग - सदस्य

(ज) महानिर्देशक, भवन विभाग - सदस्य

(झ) ▮.....................

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।
▮ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

(ञ) धनुषा र महोत्तरी जिल्लाभित्रका नगरपालिकाका प्रमुखहरू - सदस्य

(ट) धनुषा र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू - सदस्य

(ठ) राष्ट्रियस्तरका ख्याति प्राप्त विद्वान तथा समाजसेवीहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको दुई जना - सदस्य

(ड) धनुषा र महोत्तरी जिल्लाका ख्याति प्राप्त प्रतिष्ठित समाजसेवीहरूमध्ये दुई दुई जना पर्ने गरी परिषद्बाट मनोनीत चार जना - सदस्य

(ढ) बृहत्तर जनकपुर क्षेत्रभित्रका सन्त, महन्थ तथा पुजारीहरू मध्येबाट परिषद्बाट मनोनीत चार जना - सदस्य

(ण) माध्यमिकी (पञ्चकोशी) परिक्रमा मार्गमा पर्ने गाउँ कार्यपालिकाका अध्यक्षहरूमध्येबाट एक पटकमा चार जनासम्म प्रतिनिधित्व हुने गरी आलो पालो गरी परिषद्बाट मनोनीत उक्त गाउँ कार्यपालिकाका अध्यक्षहरू - सदस्य

(त) कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) अध्यक्षको पदावधि चार वर्षको र मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(३) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि सो पद जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिने छ ।

(४) सञ्चालक परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई सञ्चालक परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

७. सञ्चालक परिषद्को बैठक र निर्णय : (१) सञ्चालक परिषद्को बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सदस्य-सचिवले सञ्चालक परिषद्को बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) सञ्चालक परिषद्को कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सञ्चालक परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(४) सञ्चालक परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) सञ्चालक परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) सञ्चालक परिषद्को प्रत्येक बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफल भएका विषयवस्तु, बैठकबाट भएका निर्णयहरू एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको दस्तखत गराई राख्नु पर्नेछ ।

(७) सञ्चालक परिषद्को निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सञ्चालक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक परिषद् आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकार</u> : सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बृहत्तर जनकपुर क्षेत्रको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने तथा विभिन्न कार्यक्रमहरू स्वीकृत गर्ने ।

(ख) योजना र कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक स्रोत र सहयोग जुटाउने ।

(ग) बृहत्तर जनकपुर क्षेत्रको महत्त्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने, गराउने ।

(घ) बृहत्तर जनकपुर क्षेत्रभित्रको कुनै स्थान विशेषको महत्त्व, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने ।

(ङ) बृहत्तर जनकपुर क्षेत्रमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माण कार्यहरू सञ्चालन गर्ने निकायहरू बीच समन्वय कायम गर्ने ।

(च) परिषद्को कर्मचारी दरबन्दी स्वीकृत गर्ने ।

(छ) समितिले गर्ने काम कारबाहीको सन्दर्भमा आवश्यकतानुसार निर्देशन दिने ।

(ज) समितिबाट भए गरेका कामको अनुगमन र मूल्याङ्कन गर्ने ।

(झ) यस ऐन बमोजिम परिषद्को उद्देश्य पूर्तिका लागि गर्नु पर्ने अन्य कार्यहरू गर्ने ।

९. कार्यकारिणी समितिको गठन : (१) सञ्चालक परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न तथा परिषद्को सम्पूर्ण काम कारबाहीको सञ्चालन तथा रेखदेख गर्न एक कार्यकारिणी समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) परिषद्को अध्यक्ष - अध्यक्ष

(ख) ■................

(ग) जनकपुर र जलेश्वर नगरपालिकाका प्रमुखहरू - सदस्य

(घ) धनुषा र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू - सदस्य

(ङ) धनुषा र महोत्तरी जिल्लाका आवास तथा शहरी विकास कार्यालयका प्रमुखहरू - सदस्य

(च) धनुषा र महोत्तरी जिल्लाका समाजसेवी, बुद्धिजीवी तथा स्थानीय प्रतिष्ठित व्यक्तिहरूमध्येबाट प्रत्येक जिल्लाबाट दुई दुई जना पर्ने गरी परिषद्को सिफारिसमा नेपाल सरकारबाट मनोनीत चार जना - सदस्य

(छ) परिषद्का सदस्य भएका सन्त, महन्थ तथा पुजारीहरू मध्येबाट परिषद्ले मनोनीत गरेको एक जना - सदस्य

(ज) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

१०. समितिको बैठक : (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

---

■ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्ने छ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सञ्चालक परिषद्बाट स्वीकृत योजना र कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

(ख) सञ्चालक परिषद्बाट स्वीकृत योजना र कार्यक्रम कार्यान्वयन गर्दा जनसहभागिता जुटाउने तथा त्यस्तो योजना र कार्यक्रमको स्पष्ट जानकारी जनसमक्ष ल्याउने ।

(ग) बृहत्तर जनकपुर क्षेत्र अन्तर्गत खानेपानी, ढल, बिजुली, टेलिफोन, सडक जस्ता सार्वजनिक उपयोगका साधनहरू सुव्यवस्थित गर्ने, फोहर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्रभित्रका नेपाल सरकारका सम्बन्धित कार्यालय, [*]स्थानीय तह र गैर सरकारी संघ संस्थासँग समन्वय राखी कार्यक्रम सञ्चालन गर्ने ।

(घ) वातावरणलाई स्वच्छ र सफा पार्न आवश्यक देखिएको ठाउँमा वृक्षारोपण गर्ने, बगैंचा तथा उद्यान निर्माण गर्ने, खुल्ला क्षेत्रको विकास गर्ने, वन्यजन्तु तथा पशुपंक्षीको संरक्षण गर्ने, नदी, नाला, पोखरी, तलाउ, सडकलाई स्वच्छ, सफा र स्वास्थ्यकर अवस्थामा राख्ने व्यवस्था गर्ने ।

---

[*] केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(ङ) तीर्थस्थलको सुरक्षा, संवर्द्धन तथा सरसफाइको लागि व्यापक जनचेतना जगाउन विभिन्न माध्यमबाट प्रचार प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने ।

(च) बृहत्तर जनकपुर क्षेत्रभित्र गरिने निर्माण सम्बन्धी आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यलाई जग्गा छुट्याउने कार्य गर्ने ।

(छ) पर्यटनका लागि उपयुक्त हुने स्थलहरूमा पर्यटन विकासका पूर्वाधारहरू खडा गर्ने ।

(ज) बृहत्तर जनकपुर क्षेत्रको विकासमा अभिरुची राख्ने व्यक्ति, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्था वा निकायसँग सञ्चालक परिषद्को सामान्य निर्देशनमा रही पत्राचार गर्ने, सम्पर्क राख्ने, सहयोग लिने, सम्झौता गर्ने वा आवश्यक अन्य कार्य गर्ने ।

(झ) आफूले गरेको सम्पूर्ण काम कारबाहीको विवरण, समस्या तथा लेखापरीक्षणको प्रतिवेदन समेतका कुराहरू स्पष्ट देखिने गरी वार्षिक प्रतिवेदन तयार गरी सञ्चालक परिषद् समक्ष पेश गर्ने ।

(ञ) सञ्चालक परिषद्ले तोकेका अन्य कार्यहरू गर्ने ।

१२. उपसमिति गठन गर्न सक्ने : (१) परिषद्ले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरूको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यावधि परिषद्ले तोके बमोजिम हुनेछ ।

१३. नियमित, नियन्त्रण र निषेध गर्न सक्ने : (१) परिषद्ले समय समयमा स्पष्टरूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी बृहत्तर जनकपुर क्षेत्रभित्र देहायका काम कुराहरू आवश्यकतानुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरू परिषद्को पूर्व स्वीकृति बिना कसैले गर्न गराउन हुँदैन :-

(क) प्राकृतिक सम्पदा, वनस्पति, वन जंगल, जीवजन्तु, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरू र आवादी तथा पर्ति जग्गाहरू एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्न ।

(ख) परिषद्ले तोकेको कुनै धार्मिक क्षेत्रभित्र कुनै प्रकारको बस्ती बसाउन, बसोबास गर्न, आवास बनाउन, मनोरन्जन गर्न, हाट बजार, उद्योग आदि राख्न, बसाउन वा स्थापना गर्न ।

(ग) प्राकृतिक सौन्दर्य, पर्यटनस्थल र जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दुषित हुने काम गर्न ।

(घ) बाटोघाटो, पुल र त्यसमा प्रयोग हुने यातायातको साधन, वृक्षारोपण, पानी, बत्ती आदि प्रयोग गर्न ।

(ङ) ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका मन्दिर, सरोवर वा अन्य स्थानहरूको पहिचान, खोजी र अनुसन्धान गर्न ।

(च) धार्मिक वा पुरातात्विक स्थलहरूमा सवारी साधनको आवागमन गर्न, विज्ञापनको लागि प्रयोग गर्न, चलचित्र छायाङ्कन गर्न, छायाँचित्र लिन र बेच्न, पोष्टर वा तस्वीर टाँस्न, कुनै किसिमको मेला सञ्चालन गर्न, कुनै उपभोग्य वस्तुको बेचबिखन वा प्रचार प्रसार गर्न ।

(२) उपदफा (१) को प्रयोजनको लागि परिषद्ले स्वीकृति दिँदा आंशिक वा पूरा रूपले स्वीकृति दिन वा नदिन वा स्वीकृति दिँदा आवश्यक निर्देशन वा शर्त समेत तोकिदिन सक्नेछ ।

(३) उपदफा (१) अन्तर्गत परिषद्ले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरू कसैले परिषद्को पूर्व स्वीकृति बिना गरेमा वा परिषद्ले स्वीकृति दिँदा कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा परिषद्ले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने परिषद्ले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई त्यसरी स्वीकृति बिना वा शर्त विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।

१४. संरक्षित स्थल तोक्न सक्ने : (१) परिषद्ले बृहत्तर जनकपुर क्षेत्रभित्रको धार्मिक, ऐतिहासिक वा पुरातात्विक दृष्टिले महत्त्वपूर्ण मानिएको स्थललाई सार्वजनिक सूचनाद्वारा संरक्षित स्थल तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको संरक्षित स्थलमा परिषद्ले सार्वजनिक सूचनाद्वारा कुनै काम कारबाही गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

१५. पुनरावेदन गर्न सक्ने : परिषद्ले दफा १३ को उपदफा (३) बमोजिम दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१६. निर्माणको भाग भत्काउन वा हटाउन सक्ने : (१) परिषद्बाट कुनै निर्माणको भाग भत्काउने वा हटाउने गरी भएको निर्णय उपर दफा १५ बमोजिम पुनरावेदन परेकोमा उच्च अदालतबाट त्यस्तो निर्माणको भाग भत्काउने वा

हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र पुनरावेदन नपरेकोमा परिषद्बाट निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउनु वा हटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा परिषद् आफैँले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(३) उपदफा (२) बमोजिम परिषद् आफैँले कुनै निर्माणको भाग भत्काउँदा वा हटाउँदा ❦गाउँपालिका वा नगरपालिकाका सम्बन्धित वडा अध्यक्षको रोहवरमा भत्काउनु वा हटाउनु पर्नेछ । त्यसरी भत्काउँदा वा हटाउँदा यथासम्भव प्रयास गर्दागर्दै पनि भत्काउनु वा हटाउनु पर्ने भाग भन्दा बढी भाग भत्किन वा हट्न गएमा परिषद् जवाफदेही हुने छैन र त्यसरी बढी भाग भत्किन वा हट्न गई क्षति पुग्न गए बापत सम्बन्धित व्यक्तिले क्षतिपूर्ति माग गर्न पाउने छैन ।

१७. कार्यकारी निर्देशक : (१) परिषद्को प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि तोकिएको योग्यता पुगेका व्यक्तिहरूमध्येबाट तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा परिषद्ले एक जना कार्यकारी निर्देशक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको पद पूर्ति नभएसम्मको लागि नेपाल सरकारले कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको कुनै अधिकृत कर्मचारीलाई बढीमा तीन महिनाको निमित्त कार्यकारी निर्देशकको रूपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. कर्मचारी सम्बन्धी व्यवस्था : (१) परिषद्को काम सुचारुरूपले सञ्चालन गर्नको लागि परिषद्मा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहने छन् ।

(२) परिषद्का कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

१९. परिषद्को कोष : (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहने छन् :

---

❦ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार, संघ, संस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋणको रकम ।

(ग) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम ।

(घ) परिषद्ले गरेको लगानीबाट आर्जित रकम ।

(ङ) परिषद्ले उपलब्ध गराएको सेवा बापत प्राप्त हुन आएको सेवा शुल्कको रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम विदेशी सरकार, संघ, संस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण लिनु अघि परिषद्ले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

तर परिषद्ले सहयोग वा अनुदान स्वरुप रकम प्राप्त गर्नको लागि नेपाल सरकारको स्वीकृति लिनु पर्ने छैन । त्यसरी सहयोग वा अनुदान पाएको जानकारी परिषद्ले नेपाल सरकारलाई दिनु पर्नेछ ।

(३) परिषद्को कोषमा जम्मा भएको रकम परिषद्ले तोकेको कुनै बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ र परिषद्ले आवश्यकता अनुसार विदेशी बैङ्कमा समेत खाता खोली रकम जम्मा गर्न सक्नेछ ।

(४) परिषद्को निमित्त गर्नु पर्ने सबै खर्च परिषद्को कोषबाट व्यहोरिने छ ।

(५) परिषद्को कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२०. लेखा र लेखापरीक्षण : (१) परिषद्को आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) परिषदको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले परिषद्को हिसाब किताब सम्बन्धी कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

२१. बैठक भत्ता : सदस्यहरूले बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

२२. वार्षिक प्रतिवेदन : परिषद्ले प्रत्येक वर्ष परिषद्को काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२३. अधिकार प्रत्यायोजन : परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव, उपसमिति वा परिषद्को कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. नेपाल सरकारसँग सम्पर्क : परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा ⊗संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य पूर्तिको लागि परिषद्ले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

२६. खारेजी र बचाउ : (१) बृहत्तर जनकपुर क्षेत्र विकास समिति (गठन) आदेश, २०४९ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक र दायित्वहरू यसै ऐन बमोजिम स्थापित परिषद्मा सरेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिले गरेको सम्पूर्ण काम कारबाहीहरू यसै ऐन बमोजिमको स्थापित परिषद्ले गरे सरह मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित परिषद्मा कार्यरत कार्यकारी निर्देशक तथा कर्मचारीहरू यसै ऐन बमोजिम नियुक्त भएका मानिने छन् ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

दृष्टव्य:- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) न्याय प्रशासन ऐन, २०७३ बाट रुपान्तर भएका शब्दहरू :-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

(३) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा रुपान्तर भएका शब्दहरू :-
"गाउँ विकास समितिका अध्यक्ष" को सट्टा "गाउँ कार्यपालिकाको अध्यक्ष" ।

# प्रतिलिपि अधिकार ऐन, २०५९

लालमोहर र प्रकाशन मिति
२०५९।४।३०

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३● | २०६३।८।८ |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ५. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।१।२ |

२०५९ सालको ऐन नं. ८

⏭................

प्रतिलिपि अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रतिलिपि अधिकार ऐन, २०५९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

---

● यो ऐन संवत् २०६३ साल असोज ५ गतेदेखि लागू भएको ।
◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(क) “रचना” भन्नाले साहित्य, कला, ज्ञान विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत गरिएका रचना सम्झनु पर्छ र सो शब्दले देहायका रचना समेतलाई जनाउँछ :-

(१) किताब, पर्चा, लेख, शोधपत्र,

(२) नाटक, नाट्य-संगीत, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका रचना,

(३) शब्द सहित वा शब्द रहित सांगीतिक रचना,

(४) श्रव्य दृश्य रचना,

(५) आर्किटेक्चरल डिजाइन,

(६) चित्रकला, पेन्टिङ्ग, मूर्तिकला, काष्ठकला, लिथोग्राफी र आर्किटेक्चर सम्बन्धी अन्य रचना,

(७) फोटोजन्य रचना,

(८) प्रयोगात्मक कला सम्बन्धी रचना,

(९) उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी त्रिआयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना,

(१०) कम्प्युटर प्रोग्राम ।

(ख) “रचयिता” भन्नाले खण्ड (क) मा उल्लिखित रचना तयार गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) “श्रव्य दृश्य रचना” भन्नाले ध्वनि सहित वा ध्वनि रहित रूपमा पर्दामा अवलोकन गर्न सकिने चलचित्रमय रचना सम्झनु पर्छ ।

(घ) “फोटोजन्य रचना” भन्नाले कुनै पनि वस्तुको धरातलमा चित्राकृति आउने गरी वा त्यस्तो धरातलबाट चित्राकृति पैदा गर्न सकिने गरी रासायनिक, विद्युतीय वा अन्य कुनै प्रविधिको सहायताबाट त्यस्तो धरातलमा प्रकाश वा अन्य विकिरणको अङ्कन गरी तयार गरिएको रचना सम्झनु पर्छ ।

तर कुनै श्रव्य दृश्य रचनाबाट झिकिएको स्थिर फोटोलाई भने फोटोजन्य रचना नमानी सम्बन्धित श्रव्य दृश्य रचनाकै एक भाग मानिनेछ ।

(ङ) “ध्वनि अङ्कन” भन्नाले ध्वनि र आकृतिको एकैसाथ अङ्कन गर्ने कार्य बाहेकको श्रवण गर्नको लागि जुनसुकै तरिकाबाट जुनसुकै माध्यममा अङ्कन गरिएको कुनै पनि प्रस्तुतिको ध्वनि अङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(च) "प्रस्तुति" भन्नाले,-

(१) श्रव्य दृश्य रचना बाहेक अरू प्रकारको रचनाको हकमा प्रत्यक्ष रूपमा वा अन्य कुनै उपकरण वा प्रक्रियाबाट वाचन, वादन, नृत्य, अभिनय वा अन्य प्रकारले प्रस्तुत गर्ने कार्य,

(२) श्रव्य दृश्य रचनाको हकमा त्यस्तो रचनामा समायोजित दृश्यलाई सिलसिलाबद्ध रूपमा देखाउँदै त्यसमा समायोजित ध्वनि समेत सुनाउने कार्य,

(३) ध्वनि अङ्कनको हकमा परिवार वा छरछिमेक, साथीभाइ, इष्टमित्रको भन्दा बाहिर रहेर वा त्यस्ता व्यक्तिको उपस्थिति भए पनि सार्वजनिक रूपमा सुन्न सकिने गरी प्रस्तुत गर्ने कार्य सम्झनु पर्छ ।

(छ) "आर्थिक अधिकार" भन्नाले प्रतिलिपि अधिकार धनीलाई दफा ७ बमोजिम प्राप्त अधिकार सम्झनु पर्छ ।

(ज) "प्रतिलिपि अधिकार धनी" भन्नाले कुनै रचनाको रचयितामा आर्थिक अधिकार निहित रहेको भए त्यस्तो रचयिता, रचयिता बाहेक अन्य कुनै व्यक्ति वा संस्थामा मूल रूपमा आर्थिक अधिकार निहित रहेको भए त्यस्तो व्यक्ति वा संस्था र आर्थिक अधिकारको स्वामित्व कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गरिएको भए त्यस्तो व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(झ) "प्रसारण" भन्नाले सार्वजनिक जानकारीको लागि रचनाको प्रदर्शन वा सञ्चार वा तारविहिन उपकरण वा भू–उपग्रहको माध्यमद्वारा गरिने श्रव्य वा श्रव्य दृश्य रचनाको प्रसारण सम्झनु पर्छ ।

(ञ) "सार्वजनिक सञ्चार" भन्नाले कुनै कार्यक्रमको प्रस्तुती ध्वनि अङ्कन तथा प्रसारणको ध्वनि वा दृश्य वा दुवै प्रसारण स्थलको नजिक वा टाढा जहाँ रहेर पनि सुन्न वा अवलोकन गर्न सकिने गरी तारयुक्त वा तारविहिन उपकरणबाट प्रसारण गरिने कार्य सम्झनु पर्छ ।

(ट) "नैतिक अधिकार" भन्नाले रचयिता वा निजको हकवाला वा निजबाट अधिकार प्राप्त व्यक्तिलाई दफा ८ बमोजिम प्राप्त हुने अधिकार सम्झनु पर्छ ।

(ठ) "प्रस्तोता" भन्नाले अभिनय, गायन, संगीत र नाचको माध्यमद्वारा साहित्यिक वा कलात्मक कार्य वा लोककला अभिव्यक्तिलाई जनसमक्ष प्रस्तुत गर्ने अभिनयकर्ता, गायक, संगीतकार, नर्तक र अन्य व्यक्ति सम्झनु पर्छ ।

(ड) "प्रकाशन" भन्नाले,-

(१) नाटक, चलचित्र वा अन्य कुनै किसिमले अभिनीत रचनाको हकमा सो रचनाको अनुवाद वा रुपान्तर गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरेको, बिक्री गरेको वा बहालमा दिएको, र

(२) अन्य कुनै रचनाको हकमा सो रचनाको अनुवाद वा रुपान्तर गरी वा नगरी सो रचना सार्वजनिक रूपमा बिक्री वितरण वा उपयोगमा ल्याइएको वा बिक्री वितरण वा उपयोग हुने गरी निकालिएको रचना सम्झनु पर्छ र सो शब्दले अभिनयद्वारा प्रदर्शन हुन सक्ने रचनाको हकमा सो रचनाको रुपान्तर वा अनुवाद गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरिएको कुरा समेतलाई जनाउँछ ।

(ढ) "रजिष्ट्रार" भन्नाले दफा ३० को उपदफा (१) बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ण) "रोयल्टी सङ्कलन संस्था" भन्नाले दफा ३९ अनुसार गठित संस्था सम्झनु पर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रतिलिपि अधिकारको संरक्षण र प्राप्ति

३. प्रतिलिपि अधिकारको संरक्षण : (१) कुनै पनि रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ ।

(२) प्रस्तुतीकरण, सङ्कलन वा अभिव्यक्तिको दृष्टिकोणबाट मौलिक रूपमा प्रस्तुत भएका अनुवाद, संयोजन, क्रमबद्ध संयोजन, रचना वा कृतिहरूको संग्रह, यन्त्रको सहायताले वा यन्त्रको सहायता बेगर पढ्न सकिने गरी सङ्कलन गरिएको तथ्याङ्क वा तथ्याङ्कको आधार, लौकिक अभिव्यक्ति विधा अन्तर्गतका उखान, लोककथा, लोकगीत वा अन्य कुनै लोक अभिव्यक्तिमा आधारित व्युत्पन्न रचनालाई मूल रचनाको प्रतिलिपि अधिकारमा प्रतिकूल असर नपुऱ्याउने किसिमले मौलिक रचना सरह नै प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ ।

४. प्रतिलिपि अधिकारको संरक्षण प्राप्त नहुने : दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विचार, धर्म, समाचार, सञ्चालन विधि, अवधारणा, सिद्धान्त, अदालतको फैसला, प्रशासनिक निर्णय, लोकगीत, लोककथा, उखान र सामान्य तथ्याङ्क जस्ता कुराहरूलाई व्यक्त वा वर्णन वा व्याख्या गरिए वा कुनै रचनामा समावेश गरिएको भए तापनि यस ऐन बमोजिमको संरक्षण प्राप्त हुने छैन ।

५.	दर्ता अनिवार्य नहुने : (१) यस ऐन बमोजिमको अधिकार प्राप्त गर्न कुनै पनि रचना, ध्वनि अङ्कन, प्रस्तुति वा प्रसारण दर्ता गराउन अनिवार्य हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै रचना, ध्वनि अङ्कन, प्रस्तुति वा प्रसारण स्वेच्छाले दर्ता गराउन चाहेमा रजिष्ट्रार समक्ष निवेदन दिई दर्ता गराउन सकिनेछ र दर्ता सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६.	रचनाको आर्थिक अधिकारको धनी : (१) रचनाको आर्थिक अधिकारको पहिलो धनी रचयिता हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा रचनाको आर्थिक अधिकार देहायका व्यक्ति वा संस्थालाई हुनेछ :-

(क) संयुक्त रचनाका हकमा सह-रचयिता,

तर त्यस्तो संयुक्त रचना खण्ड खण्डमा विभाजित रहेछ र अलग अलग खण्ड अलग अलग रचयिताको हिसाबले पहिचान हुने किसिमको रहेछ र अलग अलग किसिमले प्रयोग गर्न सकिने रहेछ भने आफूले रचना गरेको प्रत्येक खण्डको लागि सम्बन्धित रचयितालाई आर्थिक अधिकार हुनेछ ।

(ख) कुनै व्यक्ति वा संस्थाको सक्रियता वा निर्देशनमा संयुक्त रचना तयार गरिएको भए जसको सक्रियता वा निर्देशनमा त्यस्तो रचना तयार भएको हो सो तयार गराउने व्यक्ति वा संस्था,

(ग) कसैले पारिश्रमिक दिई कुनै रचना तयार गर्न लगाएको भए त्यस्तो पारिश्रमिक दिने व्यक्ति वा संस्था,

(घ) बेनामी रचनाको हकमा सो रचनाको रचयिता यो हो भन्ने प्रमाणित नहुञ्जेल सो रचनाको प्रकाशक,

तर त्यस्तो रचनाको वास्तविक रचयिताले पछि आफ्नो परिचय प्रस्तुत गरेको खण्डमा आफ्नो परिचय प्रस्तुत गरेको मितिदेखि सो रचनाको आर्थिक अधिकार सोही रचयितालाई हुनेछ ।

(ङ) करारमा अन्यथा उल्लेख गरिएकोमा बाहेक श्रव्य दृश्य रचनाको हकमा त्यस्तो रचनाको उत्पादक,

तर श्रव्य दृश्य रचनाको सह-रचयिताको रचना वा पहिला नै तयार गरिएको रचनालाई श्रव्य दृश्य रचना

निर्माण गर्ने कार्यमा समावेश गरिएमा वा मिलाईएमा निजहरूको आर्थिक अधिकार निजहरूको योगदान बमोजिम हुनेछ ।

७. आर्थिक अधिकार : परिच्छेद-४ को अधीनमा रही रचनाको सम्बन्धमा देहाय बमोजिमको कार्य गर्न पाउने अधिकार रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई मात्र हुनेछ :-

(क) रचनाको पुनरुत्पादन गर्ने,

(ख) रचनाको अनुवाद गर्ने,

(ग) रचनाको परिमार्जन वा संशोधन गर्ने,

(घ) संयोजन लगायत रचनाको अन्य रुपान्तरण गर्ने,

(ङ) रचनाको मूल र प्रतिलिपि सर्वसाधारणको लागि बिक्री वितरण वा बहालमा दिने,

(च) श्रव्य दृश्य रचना, ध्वनि अङ्कन समाविष्ट रचना, कम्प्युटर कार्यक्रम, तथ्याङ्कमा आधारित वा ग्राफ स्वरुपमा रहेको सांगीतिक रचनाको आफूलाई प्राप्त अधिकार हस्तान्तरण गर्ने वा बहालमा दिने,

(छ) रचनाको प्रतिलिपि आयात गर्ने,

(ज) मूल रचना वा सो रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्ने,

(झ) रचनाको प्रस्तुति गर्ने,

(ञ) रचनाको प्रसारण गर्ने,

(ट) रचनाको सार्वजनिक सञ्चार गर्ने ।

८. नैतिक अधिकार : (१) कुनै रचनामा रचयिताको आर्थिक अधिकार निहित रहे वा नरहेको जेसुकै भए तापनि त्यस्तो रचयितालाई देहाय बमोजिमको नैतिक अधिकार प्राप्त हुनेछ :-

(क) आफ्नो रचनाका प्रतिहरूमा वा आफ्नो रचना सार्वजनिक रूपमा प्रयोग गरिएमा त्यस्तो रचनामा आफ्नो नाम उल्लेख गर्न लगाउने,

(ख) आफ्नो रचनामा वास्तविक नाम उल्लेख नगरी छद्म नाम उल्लेख गरिएको भएमा त्यस्तो रचनाको सार्वजनिक रूपमा प्रयोग गर्दा त्यस्तो छद्म नाम उल्लेख गर्न लगाउने,

(ग) आफ्नो रचनालाई बङ्ग्याई वा विकृत रूपमा प्रस्तुत गरी निजले आर्जन गरेको सम्मान वा ख्यातिलाई गिराउने जस्ता कार्य रोक्ने,

(घ) आफ्नो रचनामा आवश्यक संशोधन वा परिमार्जन गर्ने ।

(२) उपदफा (१) मा उल्लिखित अधिकार रचयिताको जीवनभर हस्तान्तरण हुने छैन ।

तर रचयिताले आफ्नो मृत्यु पश्चात् लागू हुने गरी त्यस्तो अधिकार हस्तान्तरण गर्न कसैलाई इच्छाएको भए त्यसरी इच्छाएको व्यक्ति वा संस्थालाई र त्यसरी इच्छाएको नभए नजिकको हकवालामा सर्नेछ ।

९. प्रस्तोताको अधिकार : (१) प्रस्तोतालाई देहाय बमोजिमको कार्य गर्न पाउने अधिकार हुनेछ :-

(क) आफ्नो प्रस्तुतिलाई प्रसारण वा सञ्चार गरी जनसमक्ष पुऱ्याउने,

(ख) आफ्नो प्रस्तुतिलाई प्रस्तुत गर्ने तौरतरिका वा माध्यमको निर्धारण गर्ने र पुनरुत्पादन गर्ने,

(ग) आफ्नो प्रस्तुतिको प्रस्तुतीकरण वा त्यसको प्रतिलिपिहरू बिक्री वा हस्तान्तरण गरी वा स्वामित्व परिवर्तन गरी पहिलो पटक जनसमक्ष पुऱ्याउने,

(घ) आफ्नो प्रस्तुतिको प्रतिलिपि भाडामा दिने,

(ङ) निर्धारित तौरतरिका वा माध्यमद्वारा उत्पादित प्रस्तुतिलाई तारयुक्त, वा तारविहिन उपकरण मार्फत् सर्वसाधारण समक्ष सर्वसुलभ हुने गरी पुऱ्याउने,

(च) आफ्नो प्रस्तुतिलाई परिमार्जन वा संशोधन गर्ने ।

(२) प्रस्तोताले एक पटक आफ्नो प्रस्तुतिलाई श्रव्य दृश्य माध्यममा समावेश गर्न स्वीकृति दिइसकेपछि निजले त्यसमा पुन: उपदफा (१) मा उल्लिखित अधिकार प्रयोग गर्न पाउने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तोतालाई प्रत्यक्ष श्रव्य प्रस्तुति एवं ध्वनि अङ्कनमा समायोजित प्रस्तुतिको प्रस्तोताको रूपमा आफ्नो पहिचान कायम गराउने र सोको दाबी गर्न सक्ने अधिकार तथा आफ्नो प्रतिष्ठा वा ख्यातिको प्रतिकूल हुने गरी कसैले आफ्नो प्रस्तुतिलाई तोडमोड गरेको वा खण्डित गरेको वा अन्य प्रकारले अर्थान्तर हुने गरी विरुप गरेकोमा त्यस्तो कार्यलाई रोक्ने अधिकार हुनेछ ।

(४) यस दफामा लेखिएको कुनै कुराले आफ्नो प्रस्तुतिबाट बढी लाभान्वित हुने वा बढी सुविधा प्राप्त गर्ने खालका शर्त राखी सम्झौता गर्ने वा त्यसमा सहमत हुने प्रस्तोताको अधिकारमा कुनै असर पारेको मानिने छैन ।

(५) यस दफा बमोजिम प्रस्तोतालाई प्राप्त अधिकार ध्वनि उपकरणमा समायोजन भएको वर्षबाट पचास वर्षसम्म र त्यसरी समायोजन नगरेको भए त्यस्तो प्रस्तुति भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

१०. ध्वनि अङ्कन उत्पादकको अधिकार : (१) ध्वनि अङ्कन उत्पादकलाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) कुनै पनि तरिका वा स्वरुपमा ध्वनि अङ्कनको प्रत्यक्ष वा अप्रत्यक्ष रूपले पुनरुत्पादन गर्ने,

(ख) ध्वनि अङ्कनको प्रतिलिपि आयात गर्ने,

(ग) ध्वनि अङ्कनको मूल प्रति वा प्रतिलिपिको बिक्री वा स्वामित्व हस्तान्तरणका अन्य तरिकाबाट त्यस्ता ध्वनि अङ्कन सर्वसुलभ गराउने,

(घ) सार्वजनिक रूपमा ध्वनि अङ्कनलाई भाडामा वा सापटीमा दिने,

(ङ) तारयुक्त वा तारविहिन उपकरणबाट ध्वनि अङ्कनलाई एउटै खास ठाउँबाट वा आफूले चाहेको ठाउँबाट वा जनसाधारणद्वारा श्रवण गर्न सक्ने बनाउने ।

(२) उपदफा (१) बमोजिमको अधिकार त्यस्तो ध्वनि अङ्कन प्रकाशन भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

११. ध्वनि अङ्कनको प्रयोग बापत मनासिब माफिकको पारिश्रमिक पाउने : (१) व्यापारिक प्रयोजनको लागि प्रकाशन भएको कुनै ध्वनि अङ्कन वा त्यस्तो ध्वनि अङ्कनको पुनरुत्पादित प्रतिलिपिलाई प्रसारण वा अन्य सञ्चारको लागि सोझै प्रयोग गरी सार्वजनिक रूपमा जनसमक्ष प्रस्तुत गरिएको भए सो बापत मनासिब माफिकको पारिश्रमिकको रकम उत्पादकले प्रयोगकर्ताबाट भुक्तानी पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक प्राप्त गर्ने सम्बन्धमा प्रस्तोता र उत्पादकबीच सम्झौता भएकोमा सोही बमोजिम र सम्झौता नभएको अवस्थामा उत्पादकले प्राप्त गरेको आधा रकम प्रस्तोताले पाउनेछ ।

(३) उपदफा (१) बमोजिम मनासिब माफिकको पारिश्रमिक रकम पाउने अधिकार त्यस्तो ध्वनि अङ्कन प्रकाशन भएको वा ध्वनि अङ्कन समायोजन भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

१२. प्रसारण संस्थाको अधिकार : (१) प्रसारण संस्थालाई देहायका कार्य गर्न पाउने अधिकार हुनेछ :-

(क) आफूले प्रसारण गरेको विषयलाई पुन: प्रसारण गर्ने,

(ख) आफ्नो प्रसारणलाई सर्वसाधारण समक्ष सर्वसुलभ हुने गरी सञ्चार गर्ने,

(ग) आफ्नो प्रसारणको समायोजन गर्ने,

(घ) आफ्नो प्रसारणको समायोजनको पुनरुत्पादन गर्ने ।

(२) उपदफा (१) बमोजिमको अधिकार त्यस्तो प्रसारण शुरु भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

▲१३. रचना, प्रस्तोता, ध्वनि उत्पादक वा प्रसारण संस्थाको संरक्षण : (१) देहायको रचयिताको रचनालाई यस ऐन बमोजिम संरक्षण प्राप्त हुनेछ :-

(क) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा बसोबास गर्ने रचयिताबाट रचित नेपाल राज्य वा सोही मुलुकमा प्रकाशन भएको रचना,

(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा बसोबास गर्ने उत्पादकबाट उत्पादित श्रव्य-दृष्य रचना,

(ग) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकभित्र गरिएको भवनको आर्किटेक्चरल डिजायन वा भवन वा अन्य कुनै संरचनामा प्रयोग गरिएको अन्य कुनै प्रकारको कलात्मक रचना,

(घ) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुक बाहेक अन्य मुलुकमा बसोबास भएको रचयिताबाट नेपाल राज्यमा प्रकाशित रचना वा त्यस्तो मुलुकको उत्पादकबाट नेपाल राज्यमा उत्पादित श्रव्य दृष्य रचना ।

(२) देहायको प्रस्तोतालाई यस ऐन बमोजिमको प्रस्तोता सम्बन्धी अधिकार प्राप्त हुनेछ :-

(क) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकको प्रस्तोता,

(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा प्रस्तुत गरिएको कुनै प्रस्तुति वा यस ऐन बमोजिम संरक्षण

---

▲ निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

प्राप्त ध्वनि अङ्कनमा प्रयुक्त भएको प्रस्तुति वा ध्वनि अङ्कनमा समाविष्ट नगरेको भए पनि प्रसारणमा समाविष्ट प्रस्तुतिको प्रस्तोता ।

(३) देहायका ध्वनि अङ्कन उत्पादकलाई यस ऐन बमोजिमको ध्वनि अङ्कनको उत्पादक सम्बन्धी अधिकार प्राप्त हुनेछ :-

(क) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकका व्यक्तिबाट उत्पादित ध्वनि अङ्कन,

(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा प्रकाशन भएको ध्वनि अङ्कन,

(४) देहायका प्रसारण संस्थालाई यस ऐन बमोजिमको प्रसारण संस्था सम्बन्धी अधिकार प्राप्त हुनेछ :-

(क) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा कार्यालय रहेको प्रसारण संस्थाबाट प्रसारित प्रसारण,

(ख) नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकमा अवस्थित प्रसारण केन्द्रबाट प्रसारित प्रसारण ।

## परिच्छेद-३

## प्रतिलिपि अधिकार संरक्षणको अवधि

१४. प्रतिलिपि अधिकार संरक्षणको अवधि : (१) यस ऐन बमोजिम रचयितालाई प्राप्त आर्थिक र नैतिक अधिकार रचयिताको जीवनभर र निजको मृत्यु भएकोमा मृत्यु भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

(२) संयुक्त रूपमा तयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकारको हकमा रचयिताहरूमध्ये सबैभन्दा पछि मृत्यु हुने रचयिताको मृत्यु भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

(३) दफा ६ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम तयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकार त्यस्तो रचना प्रथम पटक प्रकाशन भएको वा प्रथम पटक जनसाधारण समक्ष ल्याइएको मितिमध्ये जुन पहिले आउँछ सो मितिबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

(४) बेनामी वा छद्म नामबाट प्रकाशित रचनाको आर्थिक तथा नैतिक अधिकार त्यस्तो रचना प्रथम पटक प्रकाशन भएको वा जनसाधारण समक्ष ल्याइएको मितिमध्ये जुन पहिले आउँछ सो मितिबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

तर सो समयावधिभित्र रचयिताको नाम प्रकाशनमा आएमा अवस्था हेरी उपदफा (१) वा (५) मा उल्लिखित संरक्षण प्राप्त हुनेछ ।

(५) व्यवहारिक कला सम्बन्धी रचना र फोटोजन्य रचनाको आर्थिक तथा नैतिक अधिकार त्यस्तो रचना तयार भएको वर्षबाट पच्चीस वर्षसम्म संरक्षित हुनेछ ।

१५. रचयिताको मृत्युपछि प्रकाशित रचनाको संरक्षण अवधि : दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै रचनाको रचयिता एउटै भए निजको र दुई वा दुईभन्दा बढी रचयिता भए तीमध्ये कुनै एकको मृत्यु भएपछि प्रकाशित रचनाको हकमा सो रचना प्रकाशन भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

## परिच्छेद-४

## अनुमति बिना प्रतिलिपि अधिकार प्राप्त सामग्री प्रयोग गर्न पाइने अवस्था

१६. व्यक्तिगत प्रयोजनको लागि पुनरुत्पादन गर्न पाइने : (१) दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत प्रयोजनको लागि कुनै पनि प्रकाशित रचनाको केही भाग पुनरुत्पादन गर्न रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भवनको रूपमा तयार गरिएको आर्किटेक्चरल डिजाइन र अन्य निर्माण सम्बन्धी डिजाइनको पुनरुत्पादन वा कुनै पुस्तकको ठूलो हिस्साको पुनरुत्पादन वा सांगीतिक रचनालाई नोटेशनको रूपमा पुनरुत्पादन वा डाटाबेसको सम्पूर्ण वा उल्लेखनीय हिस्सा डिजिटल ट्रान्समिशनको प्रक्रियाद्वारा पुनरुत्पादन गर्दा रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर पर्ने गरी पुनरुत्पादन गर्न पाइने छैन ।

१७. उद्धरण गर्न पाइने : दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रकाशित रचनाको केही अंश सत्कार्यको लागि रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपर्ने गरी निजको अनुमति बिना नै उद्धरण गर्न पाइनेछ । त्यसरी उद्धरण गर्दा सोको स्रोत र त्यस्तो रचनाका रचयिताको नाम उल्लेख भए सो समेत उल्लेख गर्नु पर्नेछ ।

१८. पठनपाठनको लागि पुनरुत्पादन गर्न पाइने : (१) दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति बिना पठनपाठनको लागि रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपुऱ्याउने गरी देहायको कार्य गर्न पाइने छ :-

(क) उद्धरण, लेखन वा श्रव्य दृश्यको सहायताद्वारा कुनै प्रकाशित रचनाको छोटो भाग पुनरुत्पादन गर्न,

(ख) कक्षामा प्रस्तुत हुने शैक्षिक क्रियाकलापको प्रयोजनको लागि रचनाको केही अंश पुनरुत्पादन, प्रसारण र प्रदर्शन गर्न ।

(२) उपदफा (१) बमोजिम पुनरुत्पादन गरिएको सबै प्रतिहरूमा स्रोत र रचयिताको नाम उल्लेख गर्नु पर्नेछ ।

१९. पुस्तकालय तथा अभिलेखालयले पुनरुत्पादन गर्न पाइने : दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आर्थिक लाभ नलिई शोध वा अध्ययन गर्ने व्यक्तिको अनुरोधमा आफूसँग रहेका रचना उपलब्ध गराउने सार्वजनिक पुस्तकालय वा अभिलेखालयले आफूसँग रहेका कुनै पनि रचना हराए वा नष्ट भए वा पुरानो भएमा वा त्यस्तो रचना प्राप्त गर्न नसकिने भएमा त्यस्तो रचनाको रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति बिना त्यस्तो रचनाको एक प्रति पुनरुत्पादन गर्न पाइने छ ।

२०. सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरुत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न पाइने : (१) दफा ७ को खण्ड (क), (झ) र (ञ) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति बिना कुनै रचनाको स्रोत र रचयिताको नाम उल्लेख गरी देहायका काम गर्न पाइने छ :-

(क) कुनै समाचारपत्र वा पत्रपत्रिकामा छापिएको लेख, राजनैतिक वा धार्मिक शीर्षकको लेख वा यस्तै प्रकृतिको प्रसारणलाई कुनै समाचारपत्र वा पत्रपत्रिकामा छाप्न वा सर्वसाधारणलाई प्रसारण गर्न वा अन्य किसिमको प्रसारण गर्न,

तर रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर पुऱ्याउन पाइने छैन ।

(ख) कुनै ताजा घटनाका सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरुत्पादन गर्न, प्रसारण वा अन्य किसिमको सञ्चार गर्न वा कुनै घटनालाई पुष्टि गर्न,

(ग) ताजा सूचना प्रवाह गर्ने उद्देश्यले सर्वसाधारण समक्ष प्रस्तुत गरिएका वा अदालती कारबाहीका सम्बन्धमा गरिएको बहस कुनै समाचारपत्र वा नियमित रूपमा प्रकाशन हुने पत्रिकाको केही अंश पुनरुत्पादन गर्न, प्रसारण गर्न वा अन्य सार्वजनिक सञ्चार गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिताले नै पुनरुत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न नपाइने भनी उल्लेख गरेको रहेछ भने त्यस्तो अवस्थामा पुनरुत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न पाइने छैन ।

२१. कम्प्युटर प्रोग्रामको पुनरुत्पादन गर्न पाइने : दफा ७ को खण्ड (क) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुन उद्देश्यको लागि कम्प्युटर प्रोग्राम प्राप्त गरिएको हो सो उद्देश्य प्राप्त गर्न नसकेको अवस्थामा वा अभिलेख राख्ने उद्देश्यले वा वैध रूपले प्राप्त गरिएको कम्प्युटर प्रोग्राम हराइ वा नष्ट भए वा प्रयोग गर्न नसकिने भएमा रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति बिना नै एक प्रति कम्प्युटर प्रोग्राम पुनरुत्पादन गर्न पाइने छ ।

२२. व्यक्तिगत प्रयोजनको लागि पैठारी गर्न पाइने : दफा ७ को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिता वा प्रतिलिपि अधिकार धनीको इजाजत बिना व्यक्तिगत प्रयोजनको लागि कुनै रचनाको एक प्रति पैठारी गर्न पाइने छ ।

२३. सार्वजनिक प्रदर्शन गर्न पाउने : दफा ७ को खण्ड (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले कुनै रचना वा रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्न चाहेमा रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति बिना त्यस्तो रचना वा रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्न पाउने छ ।

तर त्यस्तो प्रदर्शन चलचित्र, स्लाइड, टेलिभिजन वा पर्दा वा अन्य किसिमको यन्त्रको सहायता बिना नै गरिएको हुनु पर्नेछ ।

## परिच्छेद-५

## प्रतिलिपि अधिकारको हस्तान्तरण

२४. प्रतिलिपि अधिकारको हस्तान्तरण : (१) प्रतिलिपि अधिकार धनीले आफूलाई प्राप्त आर्थिक अधिकारमध्ये सबै वा केही अधिकार लिखित रूपमा सम्झौता गरी अरूलाई हस्तान्तरण गर्न वा कुनै शर्त तोकी वा नतोकी प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(२) नैतिक अधिकार प्राप्त व्यक्तिले आफ्नो मृत्युपछि लागू हुने गरी निजलाई प्राप्त नैतिक अधिकारको संरक्षणको लागि रचनामा आफ्नो नाम नहटाउने शर्त सहित लिखित रूपमा सम्झौता गरी कसैलाई हस्तान्तरण गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम प्रतिलिपि अधिकार धनीबाट अधिकार हस्तान्तरण गरी लिने व्यक्तिले त्यसरी हस्तान्तरण गरी लिएको अधिकार बाहेक अन्य कुनै काम कारबाही गर्न पाउने छैन ।

## परिच्छेद-६

## संरक्षित अधिकारको उल्लङ्घन र दण्ड सजाय

२५. संरक्षित अधिकारको उल्लङ्घन भएको मानिने : (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम संरक्षित अधिकार उल्लङ्घन गरेको मानिने छ :-

(क) रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी वा अनुमति प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनि अङ्कनको प्रतिलिपिहरू उत्पादन गरी बिक्री वितरण वा सार्वजनिक सञ्चार गरेमा वा भाडामा दिएमा,

(ख) अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गरेमा,

(ग) अर्काको रचनाको स्वरुप वा भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा,

(घ) विज्ञापन वा अन्य कुनै माध्यमबाट दर्शक वा स्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै कुरा निर्माण वा तयार गरी फाइदा उठाउने प्रयत्न गरेमा,

(ङ) अनधिकृत पुनरुत्पादन गर्न हतोत्साहित गर्न गरिएको व्यवस्थालाई असफल गराउने ध्येय राखी तयार गरिएको उपकरण वा माध्यमको आयात, उत्पादन वा भाडामा दिने कार्य गरेमा,

(च) सांकेतिक भाषामा गोप्य रूपमा (इन्क्रिप्ट गरी) प्रसारण गरिएको कार्यक्रमलाई अनधिकृत रूपमा हेर्न मद्दत गर्ने उपकरण बिक्री गर्ने उद्देश्यले उत्पादन वा आयात गर्ने कार्य गरेमा,

(छ) खण्ड (ङ) र (च) मा उल्लेख भए बाहेक प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उद्देश्यले मात्र तयार गरिएको यान्त्रिक उपकरण आयात, बिक्री वितरण तथा प्रयोग गरेमा ।

(२) कसैले उपदफा (१) उल्लङ्घन गरी कुनै रचना वा ध्वनि अङ्कन प्रकाशन गरेको कुरा थाहा पाउँदा पाउँदै वा विश्वास गर्ने पर्याप्त कारण हुँदा हुँदै त्यसरी प्रकाशन गरिएका रचनाका प्रतिहरू एवं ध्वनि अङ्कनका प्रतिहरू बिक्री वितरण गर्न वा बहालमा दिनु हुँदैन ।

२६. अनधिकार प्रतिलिपिहरूको पैठारीमा प्रतिबन्ध : नेपाल ⏭.......... भित्र तयार गरिएको भए अनधिकार प्रकाशन ठहरिने कुनै रचना वा ध्वनि अङ्कनको प्रतिलिपिहरू विदेशमा तयार गरी वा अन्य कुनै तरिकाले प्राप्त गरी व्यापारिक प्रयोजनको लागि नेपाल ⏭.......... भित्र पैठारी गर्न हुँदैन ।

२७. संरक्षित अधिकारको उल्लङ्घन गरेमा दण्ड सजाय : (१) कसैले दफा २५ उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र दोस्रो पटकदेखि पटकैपिच्छे बीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। त्यसरी प्रकाशन वा पुनरुत्पादन गरेको वा वितरण गरेको वा पुनरुत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनेछ ।

(२) संरक्षित अधिकारको उल्लङ्घन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई परेको नोक्सानीको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।

२८. अनधिकार प्रतिलिपि पैठारी गरेमा सजाय : कसैले दफा २६ उल्लङ्घन गरी कुनै रचनाको अनधिकार प्रतिलिपिहरू पैठारी गरेमा त्यस्तो प्रतिलिपिहरू जफत गरी निजलाई कसूरको मात्रा अनुसार दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएको नोक्सानीको क्षतिपूर्ति समेत सो पैठारी गर्ने व्यक्तिबाट भराई दिनु पर्नेछ ।

२९. अन्य सजाय : कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएका अन्य कुनै कुरा उल्लङ्घन गरेमा कसूरको मात्रा अनुसार पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

## परिच्छेद-७

## विविध

३०. रजिष्ट्रार तथा निजको काम, कर्तव्य र अधिकार : (१) यस ऐन बमोजिम रजिष्ट्रारको काम गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई रजिष्ट्रारको काम गर्ने गरी तोक्नेछ ।

(२) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रोयल्टी सङ्कलन संस्थाको रेखदेख र नियन्त्रण गर्ने,

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ख) रोयल्टी सङ्कलन संस्थाले निर्धारण गरेको रोयल्टीमा कुनै पक्षको चित्त नबुझेमा तोकिए बमोजिम उजुरी सुन्ने,

(ग) यस ऐनको उद्देश्य पूर्तिको लागि तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

३१. रजिष्ट्रारको आदेश र निर्णय उपर पुनरावेदन : रजिष्ट्रारले दिएको कुनै आदेश वा निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र रजिष्ट्रारको कार्यालय रहेको क्षेत्रको ◎जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

३२. रचना, ध्वनि अङ्कनका प्रतिहरू वा अन्य सामग्री कब्जा गर्न सक्ने : (१) कसैले दफा २५ विपरीत कुनै रचना वा ध्वनि अङ्कनको प्रकाशन वा पुनरुत्पादन गरेको वा गर्न लागेको शङ्का लागेमा यस ऐन बमोजिम कसूर तहकिकात गर्ने प्रहरी कर्मचारी समक्ष उजुरी दिएमा सो प्रहरी कर्मचारीले त्यस्तो रचना वा ध्वनि अङ्कनका प्रतिहरू बिक्री वितरण हुन नदिनको लागि आवश्यक व्यवस्था गर्नेछ र आवश्यक भएमा त्यस्तो रचना वा ध्वनि अङ्कनको प्रतिहरू प्रचलित कानून बमोजिम खानतलासी गरी कब्जामा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गरी कब्जामा लिँदा त्यस्तो रचना वा ध्वनि अङ्कनका प्रतिहरू प्रकाशन वा पुनरुत्पादन गर्न प्रयोग गरिएको मेशीन लगायत सामग्रीहरू समेत कब्जामा लिन सकिनेछ ।

३३. रचना, ध्वनि अङ्कनका प्रतिहरू वा अन्य सामग्री नष्ट गर्नु पर्ने : दफा ३२ बमोजिम कब्जा गरिएका रचना र ध्वनि अङ्कनका प्रतिहरू अदालतबाट मुद्दा किनारा हुँदा जफत हुने ठहरिएमा जिल्ला प्रशासन कार्यालय र ◎स्थानीय तहका प्रतिनिधिको रोहवरमा मुचुल्का गरी नष्ट गर्नु पर्नेछ ।

३४. अनधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी भन्सार अधिकृतको अधिकार : (१) दफा २६ उल्लङ्घन गरी कसैले नेपाल ⏭.......... भित्र अनधिकार प्रतिलिपिको सामग्री पैठारी गर्न लागेको छ भन्ने शङ्का लागेमा त्यस्तो सामग्रीको पैठारीमा रोक लगाउन प्रमाण सहित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गर्दा निवेदकको माग मनासिब देखिन आएमा निजले पैठारी हुन लागेको सामग्रीलाई एक पटकमा दश कार्य दिन गरी बढीमा बीस कार्य दिनसम्म रोक लगाउन सक्नेछ ।

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार अधिकृतले नेपाल ⏭.......... भित्र अनधिकार प्रतिलिपिको सामग्री पैठारी गर्न लागेको थाहा पाएमा वा शङ्का लागेमा त्यस्तो सामग्रीलाई एक पटकमा दश कार्य दिन गरी बढीमा बीस कार्य दिनसम्म रोक लगाउन सक्नेछ ।

(४) अनधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३५. मुद्दाको कारबाही र किनारा : (१) यस ऐन अन्तर्गत सजाय हुने मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाइने छ ।

३६. रोक्का गर्न आदेश दिन सक्ने : यस ऐन बमोजिम उजुरीको कारबाही र किनारा गर्ने सिलसिलामा सम्बन्धित पक्षको निवेदन माग बमोजिम जिल्ला अदालतले यस ऐन विपरीतको कुनै काम कारबाही तत्काल रोक्न मनासिब ठहऱ्याएमा सम्बन्धित व्यक्ति वा निकायलाई त्यस्तो काम कारबाही रोक्का गर्न आदेश दिन सक्नेछ ।

३७. नेपाल सरकार वादी हुने : (१) दफा २७ र २८ अन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकार वादी हुनेछ र सो ♠मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ मा परेको मानिने छ ।

(२) यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान र तहकिकात कम्तीमा प्रहरी निरीक्षकले गर्नेछ ।

३८. हदम्याद : यस ऐन अन्तर्गतको कुनै अधिकार उल्लङ्घन भएकोमा सो भएको थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी दिनु पर्नेछ ।

३९. रोयल्टी सङ्कलन संस्था सम्बन्धी व्यवस्था : (१) प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, सङ्कलन गर्ने, सङ्कलित रोयल्टी वितरण गर्ने प्रयोजनको लागि सामान्यतया एउटा विधामा एउटा रोयल्टी सङ्कलन संस्था तोकिए बमोजिम गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको रोयल्टी सङ्कलन संस्थालाई रजिष्ट्रार समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

(३) रोयल्टी सङ्कलन संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

♠ केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(४) रोयल्टी सङ्कलन संस्थाको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(५) रोयल्टी सङ्कलन संस्थाले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न र व्यक्ति सरह नालिस उजुर गर्न एवं सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(६) नेपाल सरकारले रोयल्टी सङ्कलन संस्थाले पालन गर्नु पर्ने शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु रोयल्टी सङ्कलन संस्थाको कर्तव्य हुनेछ ।

⊗४०. नेपाल सरकार र प्रदेश सरकारको प्रतिलिपि अधिकार : (१) नेपाल सरकारद्वारा तयार गरिएको रचनाको प्रतिलिपि अधिकार नेपाल सरकार र प्रदेश सरकारद्वारा तयार गरिएको रचनाको प्रतिलिपि अधिकार प्रदेश सरकारलाई हुनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले उपदफा (१) बमोजिम प्राप्त अधिकार कुनै व्यक्ति वा संस्थालाई बहालमा दिन वा बिक्री गर्न वा अन्य कुनै प्रकारले प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

४१. वर्षको गणना : यस ऐन बमोजिम वर्ष गणना गर्दा रचना प्रकाशन वा सार्वजनिक सञ्चार भएको वा ध्वनि अङ्कन उत्पादन भएको वर्षको अन्त्यबाट शुरु हुने विक्रम संवत् बमोजिमको नयाँ वर्षबाट गणना गरिनेछ ।

४२. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

४३. खारेजी र बचाउ : (१) प्रतिलिपि अधिकार ऐन, २०२२ खारेज गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुनु पूर्व सार्वजनिक रूपमा प्रकाशन भएका रचनाको बाँकी रहेको प्रतिलिपि अधिकारको संरक्षण अवधि यस ऐन बमोजिम संरक्षण भएको मानिनेछ ।

(३) प्रतिलिपि अधिकार ऐन, २०२२ बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिने छन् ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

दृष्टव्य:- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरू:-
"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" ।

# ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| | २०६३।८।८ |
| १. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| २. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।१।२ |
| ३. यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९ | २०७९।३।३१ |
| ४. ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ | २०७९।५।५ |

२०६३ सालको ऐन नं. २२

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने सम्बन्धमा तत्काल व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

(ख) "असहाय ज्येष्ठ नागरिक" भन्नाले देहायको कुनै वा सबै अवस्थाको ज्येष्ठ नागरिक सम्झनु पर्छ :-

(१) जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको,

(२) पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको,

(३) परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको ।

(ग) "अशक्त ज्येष्ठ नागरिक" भन्नाले शारीरिक वा मानसिक रूपले अशक्त ज्येष्ठ नागरिक सम्झनु पर्छ ।

(घ) "हेरचाह केन्द्र" भन्नाले ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पालनपोषण तथा हेरचाह गर्नको लागि यस ऐन बमोजिम स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ ।

(ङ) "दिवा सेवा केन्द्र" भन्नाले ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि यस ऐन बमोजिम स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ ।

(च) "पालनपोषण तथा हेरचाह" भन्नाले ज्येष्ठ नागरिकलाई खाने, लाउने, बस्ने, घुमफिर गर्ने, मनोरञ्जन गर्ने र धार्मिक कार्यमा संलग्न हुने तथा स्वास्थ्य सेवाको व्यवस्था मिलाउने जस्ता कार्य सम्झनु पर्छ ।

📖(च१) "सन्तान" भन्नाले प्रचलित कानून बमोजिम सन्तानको हैसियत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

📖(च२) "सेवा केन्द्र" भन्नाले दफा २०क. बमोजिमको ज्येष्ठ नागरिक सेवा केन्द्र सम्झनु पर्छ र सो शब्दले ज्येष्ठ नागरिकको हेरचाह र संरक्षण गर्न स्थापना र सञ्चालन हुने हेरचाह केन्द्र, ज्ञान सीप हस्तान्तरण केन्द्र, आश्रम वा यस्तै प्रकृतिका तीनै तहमा गठन हुने सरकारी संरचनालाई समेत जनाउँछ ।

📖(च३) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(छ) "परिवारको सदस्य" भन्नाले ज्येष्ठ नागरिकको देहायको नातेदार सम्झनु पर्छ :-

(१) सगोलको छोरा, बुहारी, छोरी, छोरातर्फको नाति, नातिनी, 📖छोरीतर्फको नाति, नातिनी,

(२) उपखण्ड (१) बमोजिमका सदस्य नभएमा छुट्टिई भिन्न बसेको छोरा, बुहारी, छोरी, छोरातर्फको नाति, नातिनी,

(३) उपखण्ड (२) बमोजिमका नातेदारसमेत नभएमा नजिकका अन्य नातेदार ।

*(ज) "हकवाला" भन्नाले मुलुकी देवानी संहिता, २०७४ को अपुताली सम्बन्धी परिच्छेद बमोजिम ज्येष्ठ नागरिकको अपुताली पाउने हकवाला सम्झनु पर्छ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(झ) "ज्येष्ठ नागरिक क्लब" भन्नाले ज्येष्ठ नागरिकले आफ्नो हकहित र अधिकार संरक्षणको लागि प्रचलित कानून बमोजिम स्थापना गरेको क्लब सम्झनु पर्छ ।

(ञ) "कोष" भन्नाले दफा १७ बमोजिम स्थापना भएको ज्येष्ठ नागरिक कोष सम्झनु पर्छ ।

(ट) "तोकिएको अधिकारी" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. ज्येष्ठ नागरिकलाई सम्मान गर्नु पर्ने : ज्येष्ठ नागरिकलाई सम्मान गर्नु सबैको कर्तव्य हुनेछ ।

४. ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह : (१) ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(२) ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नु पर्नेछ ।

(३) कसैले ज्येष्ठ नागरिकको इच्छा विपरीत निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु हुँदैन ।

(४) ज्येष्ठ नागरिक वा निजलाई पालनपोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालनपोषण तथा हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

🕮(४क) असहाय ज्येष्ठ नागरिकको अधिकतम हित प्रवर्द्धन गर्न तोकिए बमोजिम विशेष संरक्षण तथा सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ज्येष्ठ नागरिकको चल, अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नु पर्नेछ ।

---

🕮 पहिलो संशोधनद्वारा थप ।

५. ⏭............. उजुरी दिन सक्ने : (१) दफा ४ बमोजिम ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नु पर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो ज्येष्ठ नागरिकले पालनपोषण तथा हेरचाहको लागि सम्बन्धित ❦गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ । 🕮साथै आफ्नो टोल छिमेकमा कुनै ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह यथोचित भईरहेको छैन भन्ने लागेमा कारण सहित सम्बन्धित छिमेकीले समेत उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उजुरी परेमा त्यस्तो उजुरी उपर वडा अध्यक्षले आवश्यक जाँचबुझ गरी निज र निजलाई पालनपोषण तथा हेरचाह गर्नु पर्ने परिवारको सदस्य, नातेदार वा हकवालाबीच मेलमिलाप गराइदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मेलमिलाप हुन नसकेमा वडा अध्यक्षले त्यस्तो ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य नातेदार वा हकवालालाई लिखित आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम वडा अध्यक्षले दिएको आदेश सम्बन्धित वडा कार्यालयको सूचनापाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम वडा अध्यक्षले दिएको आदेश चित्त नबुझ्ने पक्षले सो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित ✱स्थानीय तहको न्यायिक समिति समक्ष निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन परेमा सम्बन्धित ✱स्थानीय तहको न्यायिक समितिले दुवै पक्षलाई बोलाई सम्झाई-बुझाई ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य, नातेदार वा हकवालालाई लिखित आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम ✱स्थानीय तहको न्यायिक समितिले दिएको आदेश सम्बन्धित ❦गाउँपालिका वा नगरपालिकाको सूचनापाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनु पर्नेछ ।

(८) उपदफा (३) वा (६) बमोजिमको आदेशको पालना सम्बन्धित व्यक्तिले गर्नु पर्नेछ । निजले त्यस्तो आदेशको पालना नगरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिको सम्बन्धमा कुनै

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।
❦ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
🕮 पहिलो संशोधनद्वारा थप ।
✱ पहिलो संशोधनद्वारा संशोधित ।

पनि विषयको सिफारिस गर्न वडा अध्यक्ष, गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख बाध्य हुने छैन ।

📖(९) उपदफा (३) वा (६) बमोजिमको आदेशको पालना नगर्ने व्यक्तिले त्यस्तो ज्येष्ठ नागरिकको सम्पत्ति भोग गरेको विषयमा स्थानीय तहमा उजुरी परेमा न्यायिक समितिले ज्येष्ठ नागरिकको नाममा रहेको त्यस्तो चल अचल सम्पत्ति निजको सट्टा निजलाई पालनपोषण तथा हेरचाह गर्ने नातेदार वा हकवालालाई जिम्मा लगाउन सक्नेछ ।

📖(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेका वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला वा नातेदार नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण तथा हेरचाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ । त्यसरी पालनपोषण तथा हेरचाह नगरिएका वा अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई निज ज्येष्ठ नागरिकको हक, हितका लागि परिचालन गर्नेछ ।

६. आफूखुश गर्न पाउने : प्रचलित कानून बमोजिम अंशबण्डा गरिरहनु नपर्ने, आफ्नो अंशभागको चल, अचल र सोबाट बढे बढाएको सम्पत्ति ज्येष्ठ नागरिकले आफूखुश गर्न पाउनेछ ।

७. सेवा लिन सक्ने : नेपाल सरकार वा प्रचलित कानून बमोजिम स्थापित संस्थाले कुनै क्षेत्रमा विशेष योग्यता वा अनुभव हासिल गरेको ज्येष्ठ नागरिकबाट सेवा लिन सक्नेछ र यसरी सेवा लिए बापत निजलाई त्यस्तो संस्थाले उचित पारिश्रमिक तथा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

८. भिक्षा माग्न लगाउन नहुने : (१) कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुँदैन ।

(२) ज्येष्ठ नागरिकलाई निजको ईच्छा विपरीत सन्यासी, भिक्षु वा फकिर बनाउनु हुँदैन ।

⏭(३) ..................

📖८क. स्थानीय तहको दायित्व : (१) स्थानीय तहले ज्येष्ठ नागरिकको जीवनयापनमा समस्या देखेमा निजका सन्तान वा नजिकको हकवालाको आर्थिक आम्दानी वा हैसियत वा उपार्जनका अवस्था पहिचान गरी तोकिए बमोजिमको रकम मासिक रूपमा सम्बन्धित ज्येष्ठ नागरिकको खातामा जम्मा गर्न लगाउनु पर्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

तर तोकिएको न्यूनतम आम्दानी नभएका व्यक्तिको हकमा भने ज्येष्ठ नागरिकको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्नु स्थानीय तहको दायित्व हुनेछ ।

(२) स्थानीय तहले निर्णय लिनुपूर्व ज्येष्ठ नागरिकको जीवनयापनका लागि तत्काल केही गर्न आवश्यक देखेमा सम्बन्धित वडा अध्यक्षले अन्तरिम रूपमा निजका सन्तान वा हकवालालाई परिस्थिति विचार गरी सम्बन्धित ज्येष्ठ नागरिकको बैङ्क खातामा निश्चित रकम जम्मा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको रकम बाबु आमासँगै बसेका वा कानून बमोजिम भिन्न भइसकेको अवस्थामा समेत जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको बाबु आमा सगोलमा बसेका रहेछन् भने बाबु आमाको संयुक्त खातामा र बाबुआमा भिन्न बसेका रहेछन् भने आफूले पालनपोषण तथा हेरचाह गर्नु पर्ने बाबु वा आमाको खातामा जम्मा गर्नु पर्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित पारिश्रमिक वा निवृत्तिभरण पाइरहेका वा स्वरोजगार, व्यापार, व्यवसाय वा अन्य जुनसुकै किसिमको आयआर्जनबाट तोकिए बमोजिमको वार्षिक आम्दानीभन्दा बढी आम्दानी भएका बाबु आमाको लागि पारिश्रमिक वा रकम जम्मा गर्नु पर्ने छैन ।

(६) उपदफा (१) र (२) बमोजिमको रकम जम्मा गर्नु पर्ने दायित्व भएका व्यक्तिले आफूले जम्मा गर्नु पर्ने रकमको विवरण एवं भौचर वा भरपाई सम्बन्धित स्थानीय तह एवं आफू कार्यरत निकायमा पैंतीस दिनभित्र जानकारी गराउनु पर्नेछ र वार्षिक रूपमा आफूले जम्मा गरेको रकमको विवरण प्रत्येक आर्थिक वर्षको अन्त्यमा सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम रकम जम्मा गर्नु पर्ने दायित्व भएको व्यक्तिले रकम जम्मा नगरेमा सोको कार्यान्वयनका लागि निजका बाबु वा आमाले निज कार्यरत निकायमा वा स्थानीय तहमा निवेदन दिन सक्ने छन् ।

(८) उपदफा (७) बमोजिम निवेदन प्राप्त भएमा रकम जम्मा गर्नु पर्ने दायित्व भएको व्यक्ति कार्यरत निकायको प्रमुखले त्यस्तो व्यक्तिको पारिश्रमिक वा रकम जम्मा गर्न सम्बन्धित अधिकारीलाई आदेश दिनेछ ।

(९) कसैले यस दफा बमोजिम बाबुआमालाई पारिश्रमिक वा रकम जम्मा गरेको कारणले मात्र प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने कानूनी दायित्व एवं व्यावहारिक जिम्मेवारीबाट उन्मुक्ति पाउने छैन ।

(१०) यस दफा बमोजिम बाबुआमाको नाममा बैङ्क खातामा जम्मा भएको रकम त्यस्ता बाबुआमाले आफ्नो आधारभूत आवश्यकता पूरा गर्ने

लगायतको कार्यमा खर्च पछि बाँकी रहेको रकम निजहरूको मृत्यु पश्चात अन्त्येष्टिमा खर्च गर्न सकिनेछ ।

(११) ज्येष्ठ नागरिक सम्बन्धी प्राप्त निवेदन एवं उजुरीको सुनुवाई सरल एवं द्रुत प्रक्रियाबाट सम्पादन गर्न स्थानीय तहले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(१२) उपदफा (१०) बमोजिमको कामबाट पनि बाबुआमाको नाममा बैङ्क खातामा रकम बाँकी भएमा त्यस्तो रकम जम्मा गर्ने परिवारका सदस्यहरूले उपभोग गर्न सक्नेछन् ।

(१३) जुनसुकै कारणले सन्तानलाई पालनपोषण, हेरचाह, शिक्षादीक्षा प्रदान नगरिएका वा उचित अभिभावकत्व नदिइएका, घर परिवारबाट निकाला गरी खान, लाउन नदिई हुर्केका सन्तानलाई ज्येष्ठ नागरिक बाबुआमालाई पालनपोषण गर्न, गराउन स्थानीय तहले बाध्य पार्न सक्ने छैन ।

(१४) राज्यले ज्येष्ठ नागरिकको सेवा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहले ज्येष्ठ नागरिकको विस्तृत विवरण अद्यावधिक एवं वर्गीकरण गर्नु पर्नेछ । साथै राज्यले ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव उपभोग तथा पुस्ता हस्तान्तरण गर्न, गराउन सक्नेछ र आफ्नो ज्ञान, सीप, अनुभव उपलब्ध गराउनु सम्बन्धितको कर्तव्य हुनेछ ।

(१५) यस दफा वमोजिम रकम जम्मा गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

📖८ख. दुर्व्यवहार तथा अपमान गर्न वा झुक्यानमा पार्न नहुने : (१) कसैले ज्येष्ठ नागरिकलाई दुर्व्यवहार वा अपमान गर्न वा गराउन हुँदैन ।

(२) कसैले ज्येष्ठ नागरिकको नाममा रहेको चल, अचल सम्पत्ति लिने, खाने उद्देश्यले वा अन्य प्रयोजनको लागि कुनै किसिमको दबाब दिई वा प्रलोभन वा झुक्यानमा पारी सम्पत्ति लिन वा आफ्नो वा अरू कसैको नाममा राख्नु हुँदैन ।

९. छुट र सुविधा : (१) सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुई वटा सीट सुरक्षित राख्नु पर्नेछ र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

(३) स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको सङ्ख्याका ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्नेछ ।

(५) खानेपानी, बिजुली, टेलिफोन लगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्नेछ ।

(६) यस दफामा उल्लिखित छुट र सुविधाको अतिरिक्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छुट र सुविधा दिन सक्नेछ ।

१०. मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्व : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारबाही र किनारा गर्नु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाई गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नु पर्नेछ ।

[📖](२क) ज्येष्ठ नागरिकलाई प्रचलित कानूनको अधीनमा रही जिल्ला कानूनी सहायता समिति मार्फत कानूनी सहायता उपलब्ध गराइनेछ ।

(३) कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालत समक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्नेछ ।

[📖](४) यस ऐन बमोजिम ज्येष्ठ नागरिकले गरेको कसूरजन्य कार्यको शुरू कारबाही, सुनुवाई र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा ज्येष्ठ नागरिक इजलास गठन गर्न सक्नेछ ।

११. काम कारबाहीमा प्राथमिकता दिनु पर्ने : ज्येष्ठ नागरिकसँग सम्बन्धित कुनै काममा सम्बन्धित निकायले प्राथमिकता दिई त्यस्तो काम कारबाही सम्पादन गरिदिनु पर्नेछ ।

१२. कैद सजायमा छुट दिन सकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी देहाय बमोजिमको कैद छुट दिन सकिनेछ :-

---

[📖] पहिलो संशोधनद्वारा थप ।

(क) पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म,

(ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,

(ग) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म ।

⊕(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जबर्जस्ती करणी सम्बन्धी कसूर वा तेजाब वा ज्वलनशील पदार्थ प्रयोग गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुर्‍याएको कसूरमा त्यस्तो छुट दिइने छैन ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्नेछ ।

🕮(२क) उपदफा (२) बमोजिम अदालतको आदेश अनुसार ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राख्दा अन्य ज्येष्ठ नागरिकबाट अलग्गै राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम हेरचाह केन्द्रमा राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. केन्द्रीय ज्येष्ठ नागरिक समितिको गठन : (१) ज्येष्ठ नागरिकको हेरविचार, स्याहार सम्भार तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमको एक केन्द्रीय ज्येष्ठ नागरिक समिति गठन गर्नेछ :-

🕮(क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सामाजिक सेवा हेर्ने) - सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, गृह मन्त्रालय - सदस्य

---

⊕ यौन हिंसा विरुद्धका केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

(ङ) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

(च) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(छ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ज) उपाध्यक्ष, समाज कल्याण परिषद् - सदस्य

(झ) .................

(ञ) सदस्य-सचिव, पशुपति क्षेत्र विकास कोष - सदस्य

(ट) अध्यक्ष, नेपाल चिकित्सक संघ - सदस्य

(ठ) अध्यक्ष, नेपाल नर्सिङ् संघ - सदस्य

(ठ१) अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ - सदस्य

(ड) ज्येष्ठ नागरिकको हित संरक्षण गर्नको लागि सञ्चालित संस्थाहरूमध्येबाट नेपाल सरकारले मनोनयन गरेको एक जना महिला समेत दुई जना प्रतिनिधि - सदस्य

(ढ) धार्मिक तथा सामाजिक कार्यमा संलग्न व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एक जना महिला समेत दुई जना - सदस्य

(ण) सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) - सचिव

(२) उपदफा (१) को खण्ड (ड) र (ढ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजको पुन: नियुक्ति हुन सक्नेछ ।

तर, निजले खराब आचरण गरेमा वा निजको कार्यक्षमताको अभावमा निजको पदावधि पूरा हुनु अगावै नेपाल सरकारले हटाउन सक्नेछ ।

(३) केन्द्रीय ज्येष्ठ नागरिक समितिको सचिवालयको काम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्नेछ ।

(४) केन्द्रीय ज्येष्ठ नागरिक समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

---

पहिलो संशोधनद्वारा थप ।

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

(५) केन्द्रीय ज्येष्ठ नागरिक समितिका सदस्यले सो समितिको बैठकमा भाग लिए बापत नेपाल सरकारले तोके बमोजिमको भत्ता पाउन सक्नेछन् ।

१४. केन्द्रीय ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकार : केन्द्रीय ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन र अनुगमन गर्ने,

(ग) स्थानीय ज्येष्ठ नागरिक समितिबाट प्राप्त हुन आएको ज्येष्ठ नागरिकको लगत तथा अभिलेख अद्यावधिक राख्ने,

*(घ) प्रदेश ज्येष्ठ नागरिक समिति तथा स्थानीय ज्येष्ठ नागरिक समितिको काम कारबाहीमा समन्वय तथा अनुगमन गर्ने,

(ङ) नेपाल राज्यभर स्थापना तथा सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, 🕮सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिक सम्बन्धी काम गर्ने संघ, संस्थाले गरेको काम कारबाहीको अनुगमन गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

🕮१४क. प्रदेश ज्येष्ठ नागरिक समिति : (१) प्रत्येक प्रदेशमा ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश ज्येष्ठ नागरिक समिति गठन गर्न सक्नेछ ।

(२) प्रदेश ज्येष्ठ नागरिक समितिको बैठक, काम कारबाही सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।

*१५. स्थानीय ज्येष्ठ नागरिक समितिको गठन : (१) प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय ज्येष्ठ नागरिक समिति गठन गर्न सक्नेछ ।

(२) स्थानीय ज्येष्ठ नागरिक समितिको बैठक तथा अन्य काम कारबाही सम्बन्धी व्यवस्था स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
🕮 पहिलो संशोधनद्वारा थप ।

१६. स्थानीय ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकार : स्थानीय ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) *स्थानीय तहभित्रका ज्येष्ठ नागरिकको लगत सङ्कलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने,

(ख) *स्थानीय तहभित्रका ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि केन्द्रीय ज्येष्ठ नागरिक समिति समक्ष पेश गर्ने,

(ग) नेपाल सरकारबाट स्वीकृत ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रम बमोजिमको जिल्लास्तरीय कार्यक्रम कार्यान्वयन तथा सोको अनुगमन गर्ने,

(घ) *स्थानीय तहमा स्थापना भई सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी काम गर्ने तथा अन्य संघ, संस्थाको काम कारबाहीको अनुगमन गर्ने,

(ङ) ज्येष्ठ नागरिकको संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्न स्थानीय सामुदायिक संस्थालाई परिचालन गराउने,

(च) दफा २४ बमोजिम ज्येष्ठ नागरिकले पाउने भत्ता वा सुविधा वितरण गर्ने व्यवस्था मिलाउने,

(छ) तोकिए बमोजिम अन्य काम गर्ने ।

१७. ज्येष्ठ नागरिक कोष : (१) ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न एक ज्येष्ठ नागरिक कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि केन्द्रीय ज्येष्ठ नागरिक समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा रहने रकम केन्द्रीय ज्येष्ठ नागरिक समितिको नाममा नेपाल राज्यको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिने छ ।

(५) उपदफा (१) बमोजिमको कोषको रकम ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नको लागि मात्र प्रयोग गरिनेछ ।

(६) उपदफा (५) बमोजिम कोषको रकम प्रयोग गर्दा नेपाल सरकार आफैँले स्थापना गरेको वा प्रचलित कानून बमोजिम स्थापना भएको संघ, संस्थाले सञ्चालन गरेको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र मार्फत् प्रयोग गरिनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई निजको व्यक्तिगत प्रयोजनको लागि कोषबाट कुनै रकम दिन वा वितरण गर्न सकिने छैन ।

(८) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१८. लेखा र लेखापरीक्षण : (१) कोषको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिने छ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१९. अभिलेख तयार गर्ने : स्थानीय ज्येष्ठ नागरिक समितिले यस ऐन बमोजिम ज्येष्ठ नागरिकको अभिलेख तोकिए बमोजिम तयार गर्नु पर्नेछ ।

२०. हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन : (१) *नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम गठन भएको संघ, संस्थाले नेपाल राज्यको कुनै स्थानमा हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा दुवै केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्न तोकिएको पूर्वाधार पूरा गरी तोकिएको अधिकारीबाट स्वीकृति लिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत निजी वा गैर सरकारी क्षेत्रबाट सञ्चालन भइरहेको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रले यो ऐन प्रारम्भ

---

* पहिलो संशोधनद्वारा संशोधित ।

भएको मितिले छ महिनाभित्र उपदफा (२) बमोजिमको अधिकारीबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(४) हेरचाह केन्द्रमा ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक तथा अदालतले दफा १२ को उपदफा (२) बमोजिम हेरचाह केन्द्रमा राख्न आदेश दिएको ज्येष्ठ नागरिकलाई राख्न सकिनेछ ।

(५) कुनै ज्येष्ठ नागरिकले आफ्नै खर्चमा कुनै हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा बस्न चाहेमा त्यस्तो केन्द्रले आफ्नो क्षमता अनुसार त्यस्तो ज्येष्ठ नागरिकलाई राख्नु पर्नेछ ।

(६) आफैँले पालनपोषण तथा हेरचाह गर्नु पर्ने ज्येष्ठ नागरिकलाई आफूसँग राख्न नसक्ने अवस्था सृजना भएमा परिवारको सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई कुनै हेरचाह केन्द्रमा राख्न सक्नेछ । त्यसरी राख्न चाहेमा सम्बन्धित हेरचाह केन्द्रले लाग्ने खर्च त्यस्तो सदस्यबाट लिई त्यस्तो ज्येष्ठ नागरिकलाई राख्न सक्नेछ ।

(७) उपदफा (४), (५) वा (६) बमोजिम हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा बसेका ज्येष्ठ नागरिकलाई सम्बन्धित हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रले निजहरूको रुचि अनुसार धार्मिक, सामाजिक, मनोरञ्जनात्मक वा आर्थिक कृयाकलापमा सरिक गराई पारिवारिक वातावरणमा बस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको 🕮मापदण्ड तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

🕮२०क. ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना र सञ्चालन : (१) ज्येष्ठ नागरिकलाई हेरचाह र संरक्षण गर्न स्थानीय तहले ज्येष्ठ नागरिक सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा केन्द्रले ज्येष्ठ नागरिकका लागि तोकिए बमोजिमका आयमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आयमूलक कार्यक्रममा ज्येष्ठ नागरिकलाई संलग्न गराउँदा निजको शारीरिक र मानसिक अवस्था विचार गर्नु पर्नेछ ।

(४) सेवा केन्द्रले ज्येष्ठ नागरिकलाई उत्प्रेरित गर्ने किसिमका तालीम तथा ज्येष्ठ नागरिकको स्वास्थ्य र पोषण तथा उचित स्याहार सम्बन्धमा चेतनामूलक तालीम तथा गोष्ठी सञ्चालन गर्न सक्नेछ ।

---

🕮 पहिलो संशोधनद्वारा थप ।

(५) सेवा केन्द्रले ज्येष्ठ नागरिकलाई निजको इच्छा विपरीत यस दफा अन्तर्गत सञ्चालन गरिने कार्यक्रममा संलग्न गराउनु हुँदैन ।

(६) सेवा केन्द्रले केन्द्रीय ज्येष्ठ नागरिक समिति, प्रदेश ज्येष्ठ नागरिक समितिको निर्देशन तथा स्थानीय ज्येष्ठ नागरिक समितिको समन्वयमा रही काम गर्नेछ ।

(७) सेवा केन्द्रको अन्य काम, कर्तव्य, अधिकार र मापदण्ड तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. सूचना दिनु पर्ने : (१) कुनै ज्येष्ठ नागरिक बेवारिसे अवस्थामा फेला परेमा सोको सूचना नजिकको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा प्रहरी कार्यालय वा ●गाउँपालिका वा नगरपालिकामा दिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) प्रहरीले कुनै ज्येष्ठ नागरिकलाई बेवारिसे अवस्थामा फेला पारेमा निजलाई नजिकको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रमा जिम्मा लगाउनु पर्नेछ ।

२२. अन्त्येष्टी : हेरचाह केन्द्रमा कुनै ज्येष्ठ नागरिकको मृत्यु भएमा त्यस्तो नागरिकको सामाजिक परम्परा अनुसार वा निजले इच्छाएको धार्मिक परम्परा अनुसार निजको अन्त्येष्टी गराउने व्यवस्था सम्बन्धित हेरचाह केन्द्रले गर्नु पर्नेछ ।

२३. सम्पत्ति सम्बन्धी व्यवस्था : (१) दफा २० को उपदफा (५) बमोजिम हेरचाह केन्द्रमा बस्ने ज्येष्ठ नागरिकको मृत्यु भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो मृतकको बाँकी सम्पत्ति सम्बन्धित हेरचाह केन्द्रको हुनेछ ।

(२) दफा २० को उपदफा (६) बमोजिम हेरचाह केन्द्रमा राखेको ज्येष्ठ नागरिकको मृत्यु भएमा त्यस्तो हेरचाह केन्द्रले निजको हेरचाह गरे बापत लाग्ने खर्च कटाई बाँकी रकम परिवारको सदस्य वा नातेदार वा हकवालालाई फिर्ता दिनु पर्नेछ ।

२४. भत्ता वा सुविधा उपलब्ध गराउन सक्ने : नेपाल सरकारले ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक, अशक्त ज्येष्ठ नागरिकलाई तोकिएको आधारमा वर्गीकरण गरी तोकिए बमोजिम भत्ता वा सुविधा उपलब्ध गराउन सक्नेछ ।

२५. परिचयपत्र उपलब्ध गराउने : नेपाल सरकारले ज्येष्ठ नागरिकलाई तोकिए बमोजिमको विवरण भएको परिचयपत्र ज्येष्ठ नागरिक बसोबास गरेको ●गाउँपालिका वा नगरपालिका मार्फत् उपलब्ध गराउनेछ ।

---

● केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

📖२५क. कसूर गरेको मानिने : कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) दफा ४ को उपदफा (१) बमोजिमको कर्तव्यको पालना सन्तान वा परिवारका सदस्य वा हकवालाले नगरेमा,

(ख) दफा ४ को उपदफा (३) विपरीत अलग बस्न बाध्य पारेमा,

(ग) दफा ८ को उपदफा (१) विपरीत भिक्षा माग्न लगाएमा,

(घ) दफा ८ को उपदफा (२) विपरीत सन्यासी, भिक्षु वा फकिर बनाएमा,

(ङ) दफा ८ख. को उपदफा (१) र (२) विपरीतको काम गरेमा वा गर्न लगाएमा,

(च) हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा पदाधिकारी वा अन्य कुनै व्यक्तिले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरे वा गराएमा ।

*२६. सजाय : (१) कसैले दफा २५क. को खण्ड (क) बमोजिमको कसूर गरेमा तीन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) कसैले दफा २५क. को खण्ड (ख) बमोजिमको कसूर गरेमा तीन महिनासम्म कैद वा दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा २५क. को खण्ड (ग) बमोजिमको कसूर गरेमा एक वर्षसम्म कैद वा तीस हजार रुपैयाँदेखि नब्बे हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(४) कसैले दफा २५क. को खण्ड (घ) बमोजिमको कसूर गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(५) कसैले दफा २५क. को खण्ड (ङ) बमोजिमको कसूर गरेमा तीन महिनासम्म कैद वा दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र ज्येष्ठ नागरिकको सम्पत्ति लिए वा राखेको भए त्यस्तो सम्पत्ति सम्बन्धित ज्येष्ठ नागरिकलाई फिर्ता दिनु पर्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(६) कसैले दफा २५क. को खण्ड (च) बमोजिम ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै कार्य गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै सजाय हुनेछ ।

(७) उपदफा (१) बमोजिमको जरिबानाको रकम सम्बन्धित बाबुआमाको बैङ्क खातामा जम्मा गरिनेछ ।

📖२६क. थप सजाय हुने : (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई अन्य व्यक्तिलाई हुने सजायमा थप तीस प्रतिशत सजाय हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिक विरुद्ध प्रचलित कानून बमोजिम कसूर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा थप पच्चीस प्रतिशत सजाय हुनेछ ।

तर जन्मकैदको सजाय भएकोमा यो व्यवस्था लागू हुने छैन ।

(३) यस ऐन बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो सजाय हुने कार्य पुन: गरेमा निजलाई पटकै पिच्छे थप दश प्रतिशत सजाय हुनेछ ।

*२७. मुद्दा हेर्ने अधिकार : (१) दफा २५क. को खण्ड (क) अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित स्थानीय तहको न्यायिक समितिलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाहेक यस ऐन अन्तर्गतको कसूरको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

२८. पुनरावेदन : दफा २७ बमोजिम भएको फैसला उपर चित्त नबुझ्ने पक्षले निर्णय सुनिपाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

*२९. सरकार वादी हुने : दफा २५क. को खण्ड (क) बमोजिमको कसूर बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दा सरकारवादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

३०. निर्देशन दिन सक्ने : *(१) नेपाल सरकारले केन्द्रीय ज्येष्ठ नागरिक समिति, प्रदेश ज्येष्ठ नागरिक समिति तथा स्थानीय ज्येष्ठ नागरिक समितिलाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित ज्येष्ठ नागरिक कल्याण समितिको कर्तव्य हुनेछ ।

*३१. प्रतिवेदन पेश गर्नु पर्ने : आफूले गरेको कामको वार्षिक प्रतिवेदन स्थानीय ज्येष्ठ नागरिक समितिले सम्बन्धित प्रदेश ज्येष्ठ नागरिक समिति र केन्द्रीय ज्येष्ठ नागरिक समितिमा तथा प्रदेश ज्येष्ठ नागरिक समितिले केन्द्रीय ज्येष्ठ नागरिक समितिमा आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र र केन्द्रीय ज्येष्ठ नागरिक समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

३२. नियम तथा विनियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र सञ्चालन गर्ने संस्थाले ज्येष्ठ नागरिकको भर्ना, बसोबास, आचरणको सम्बन्धमा आवश्यक विनियम बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको विनियम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

द्रष्टव्य : (१) न्याय प्रशासन ऐन, २०७३ बाट रुपान्तर भएका शब्दहरू :-
"पुनरावेदन अदालत" भन्ने शब्दहरूको सट्टा "उच्च अदालत" ।

(२) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा रुपान्तर भएका शब्दहरू :-
"गाउँ विकास समितिका अध्यक्ष" को सट्टा "गाउँ कार्यपालिकाको अध्यक्ष" ।
"नगरपालिकाको प्रमुख" को सट्टा "नगर कार्यपालिकाको प्रमुख" ।

(३) केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरू :-
"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" ।

(४) पहिलो संशोधनद्वारा रुपान्तर भएका शब्दहरू :-
(क) "केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय ज्येष्ठ नागरिक समिति",
(ख) "जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति" को सट्टा "स्थानीय ज्येष्ठ नागरिक समिति",
(ग) "ज्येष्ठ नागरिक कल्याण कोष" को सट्टा "ज्येष्ठ नागरिक कोष",
(घ) "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" को सट्टा "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय" ।

# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रमाणीकरण र प्रकाशन मिति
२०६४।४।८

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।६।१४ |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ३. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |
| ४. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ५. | मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।१।२ |
| ६. | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० | २०८०।१२।३० |


व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. ५

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुन:स्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसूर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले दफा १३ बमोजिम स्थापित पुन:स्थापना केन्द्र सम्झनु पर्दछ ।

(ग) "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## कसूर र अनुसन्धान सम्बन्धी व्यवस्था

३. मानव बेचबिखन र ओसारपसार गर्न नहुने : (१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिने छ ।

४. मानव बेचबिखन र ओसारपसार गरेको मानिने : (१) कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने छ :-

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने ।

(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिने छ :-

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई,

बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

◢(ग) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्ठा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानूनी रूपमा प्रवेश गराउने मानव तस्करी सम्बन्धी कार्य गरे वा गराएमा ।

◢(घ) किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालको मार्ग प्रयोग गरी अर्को मुलुकमा पठाउने वा कुनै मुलुकमा पठाउने उद्देश्यको लागि नेपाल ल्याउने ।

५. उजुर गर्ने : (१) दफा ३ बमोजिमको कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ ।

६. बयान प्रमाणित गराउने : (१) दफा ५ बमोजिमको उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसूरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ ।

---

◢ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ ।

७. पक्राउ गर्न वा खानतलासी लिन सकिने : (१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसूरदार भाग्ने उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ :-

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा त्यस्तो प्रहरी कर्मचारीले सम्भव भएसम्म ◈स्थानीय तहका प्रतिनिधि समेत र सम्भव नभए त्यस समयमा उपस्थित व्यक्तिहरूको रोहबरमा गर्नु पर्नेछ र सोको मुचुल्का तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ ।

⌦(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ पूर्जी बिना पक्राउ गरिएकोमा पक्राउ परेको व्यक्ति सहित त्यस्तो पक्राउको स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

●८. अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसूरमा बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

---

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⌦ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।

● लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

९. प्रमाणको भार : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ ।

○१०. कानून व्यवसायी राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।

○११. दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ ।

त्यसरी दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्दा लागेको रकम मध्ये तोकिए बमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ ।

## परिच्छेद-३

## उद्धार, पुन:स्थापना तथा पुनर्मिलन सम्बन्धी व्यवस्था

१२. उद्धार सम्बन्धी कार्य : कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ ।

♌१२क. पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्ने : दफा १२ बमोजिम उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा नेपाल सरकारले प्रचलित कानून बमोजिम पारस्परिक कानूनी सहायता प्राप्त गर्नको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१३. पुन:स्थापना केन्द्र : (१) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुन:स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुन:स्थापना केन्द्र स्थापना गर्नेछ ।

∅(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार पुन:स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

∅(१ख) नेपाल सरकारले स्थापना गरेका पुन:स्थापना केन्दलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ ।

---

○ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

♌ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

∅ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि पुन:स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुन:स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ ।

∅(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(४) केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रूपमा पुन:स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ ।

(५) केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

(६) केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुँदैन ।

(७) केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालीम तथा रोजगारी, पुन:स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. <u>पुनर्स्थापन कोष</u> : ●(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुन:स्थापना केन्द्र सञ्चालन गर्न ⚭............. गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।

∅(१क) दफा १३ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका पुन:स्थापना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो स्रोतबाट व्यवस्था गर्ने गरी प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो स्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम पुन:स्थापना कोष स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

---

∅ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

● लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⚭ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा झिकिएको ।

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) दफा १५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम ।

(३) पुनर्स्थापन कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-४

दण्ड सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

१५. दण्ड सजाय : (१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिबाना,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना,

(घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना ।

(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई,-

(१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिबाना ।

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) ◢वा खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद,

(ज) मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछ :-

(क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय,

(ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसूर गरे बापत छुट्टाछुट्टै सजाय,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय ।

(३) दफा ३ बमोजिमको कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसूर गरे बापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(४) कसैले दफा ३ बमोजिमको कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा ➔प्रचलित कानून बमोजिम हाडनाता करणीको कसूरमा सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय हुनेछ ।

---

◢ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप ।

➔ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित ।

(५) कसैले दफा ३ बमोजिमको कसूर पुन: गरेमा प्रत्येक पटक कसूर गरे बापत सो कसूर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ ।

o(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एक पटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरुद्ध कारबाही चलिसकेपछि सो सम्बन्धी सत्य तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

o१६. सजाय नहुने : आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबरजस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।

१७. क्षतिपूर्ति : (१) अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

⅌(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा ➔प्रचलित कानून बमोजिम स्थापित पीडित राहत कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ ।

(२) oउपदफा (१) वा (१क) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोरा छोरीलाई र त्यस्ता छोरा छोरी नभए निजमा आश्रित बाबु आमालाई दिइने छ ।

---

o लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⅌ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

➔ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संशोधित ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोरा छोरी र आश्रित बाबु आमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद-५

## विविध

१८. सम्पत्ति जफत हुने : (१) कसैले यस ऐन अन्तर्गतको कसूरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ ।

(२) कसैले यस ऐन अन्तर्गतको कसूर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्गा वा सवारी साधन जानी-जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ ।

१९. पुरस्कार : (१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने कुराको सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिबानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिने छ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जना भन्दा बढी भएमा निजहरूलाई त्यस्तो रकम दामासाहीको दरले दिइने छ ।

२०. सुराकीको विवरण गोप्य राख्नु पर्ने : दफा १९ को उपदफा (१) बमोजिम सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ ।

२१. सजायको माग दाबीमा छुट : (१) यस ऐन बमोजिमको कसूर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुर्‍याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ ।

तर, निजले गरेको सहयोग अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकीललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबीमा छुट दिन सकिने छैन :-

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको ।

२२. दाबी गर्न सक्ने : यस ऐन बमोजिमको कसूरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकीलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दाबी लिन सक्नेछ ।

२३. समिति गठन गर्न सक्ने : (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुनर्स्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्था बीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२४. बाधा विरोध गर्नेलाई सजाय हुने : कसैले यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

२५. प्रचार प्रसार गर्न नहुने : (१) कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्विर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम नाम, तस्विर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

२६. सुरक्षाको व्यवस्था : दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको ⭘बकपत्र वा महिला मानव अधिकारको रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ :-

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

(ग) केन्द्रमा राख्ने ।

---

⭘ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⁂२६क. साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनु पर्ने : (१) यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अन्तर्गतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज बहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

२७. बन्द इजलासमा कारबाही हुने : (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा गरिने छ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

२८. सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ र सो मुद्दा ⊗मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

२९. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३०. खारेजी र बचाउ : (१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेका मानिने छन् ।

---

⁂ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

⊗ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

द्रष्टव्य: केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरू: "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" ।

# नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४

प्रमाणीकरण र प्रकाशन मिति
२०६४।५।३१

संशोधन गर्ने ऐन
केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ २०७२।११।१३

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. २३

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक नेपालको ललितकलाको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवं सर्वाङ्गीण विकास गर्न र ललितकला सम्बन्धी विषयमा अध्ययन एवं अनुसन्धान गर्न गराउन तथा यस क्षेत्रका विद्वान तथा प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नको लागि ललितकला प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ललितकला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला र अन्य सृजनात्मक कला सम्झनु पर्छ ।

(ख) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ ।

(ङ) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ ।

(च) "उप-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उप-कुलपति सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिव सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले कुलपति, उप-कुलपति, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्रज्ञा प्रतिष्ठानको स्थापना : (१) नेपाली ललितकलाको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा सर्वाङ्गीण विकास गर्ने काम समेतको लागि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नामको एक प्रज्ञा प्रतिष्ठान स्थापना गरिएकोछ ।

(२) प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्रज्ञा प्रतिष्ठानले आवश्यकता अनुसार नेपालको विभिन्न स्थानहरूमा शाखा खोल्न सक्नेछ ।

४. प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) ललितकलाको सङ्कलन, संरक्षण, संवर्द्धन र अध्ययन, अनुसन्धान गर्ने,

(ग) ललितकलाको क्षेत्रमा अनुसन्धानात्मक तथा मौलिक कृति सृजना गर्ने तथा त्यस्ता कृति प्रकाशन गर्ने,

(घ) ललितकलाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान र पुरस्कारको व्यवस्था गर्ने,

(ङ) ललितकला सम्बन्धी पुस्तकालय, ग्यालरी तथा सङ्ग्रहालय आदि स्थापना गर्ने,

(च) ललितकलाको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने,

(छ) ललितकला सम्बन्धी विषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ज) नेपालका विभिन्न जात, जाति तथा समुदायका पहिचान झल्काउने ललितकलाको अध्ययन, अनुसन्धान, संवर्द्धन र संरक्षण गर्ने,

(झ) नेपाली ललितकलालाई विश्व समक्ष र विदेशी ललितकलालाई नेपाली समक्ष परिचित गराउने,

(ञ) ललितकलाको विकास र विस्तार गर्न सम्बन्धित संघ, संस्था तथा व्यक्तिलाई प्रोत्साहन गर्ने,

(ट) ललितकला सम्बन्धी विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिता आयोजना गर्ने, गराउने,

(ठ) ललितकलाको क्षेत्रसँग सम्बन्धित संघ संस्थासँग सम्बन्ध स्थापना तथा विस्तार गर्ने र त्यस्ता संघ संस्थाहरूसँग पारस्परिक सहयोग आदानप्रदान गर्ने,

(ड) लोकपक्षीय कलाको उत्थान, विकास र विस्तार गर्ने,

(ढ) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने, गराउने ।

## परिच्छेद-३

## प्रज्ञा प्रतिष्ठानको सङ्गठन

६. प्रज्ञा प्रतिष्ठानको सङ्गठन : प्रज्ञा प्रतिष्ठानको सङ्गठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछ :-

(क) सभा,

(ख) परिषद्, र

(ग) सेवा आयोग ।

७. सभा : (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उप-कुलपति - उपाध्यक्ष

(ग) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(घ) ललितकलाको क्षेत्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरूमध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले मनोनीत गरेको चौबीस जना - सदस्य

(ङ) सचिव - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाका सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

८. सिफारिस समिति : (१) पदाधिकारी तथा सभामा मनोनयन हुने सदस्यको नियुक्ति वा मनोनयनको लागि प्रधानमन्त्री समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री - अध्यक्ष

(ख) ललितकलाको क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट प्रधानमन्त्रीले तोकेको दुई जना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा ललितकलाको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म ललितकलाको विभिन्न विधा र क्षेत्रको प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले पदाधिकारीको नियुक्तिको लागि नाम सिफारिस गर्दा सभाका मनोनीत सदस्यहरूमध्येबाट गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(च) परिषद्को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिमका काम गर्ने ।

१०. सभाको बैठक : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ तथा आजीवन सदस्यलाई सभाको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

११. परिषद्को गठन : (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक प्राज्ञ परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उप-कुलपति - उपाध्यक्ष

(ग) सभाका मनोनीत सदस्यहरूमध्येबाट कम्तीमा दुई जना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट मनोनीत छ जना - सदस्य

(घ) सचिव - सदस्य-सचिव

(३) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

१२. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) विद्वत्वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनको लागि सभामा पेश गर्ने,

(झ) परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य तथा अधिकार तोक्ने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. <u>परिषद्को बैठक</u> : (१) परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## <u>प्रमुख संरक्षक, संरक्षक र प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी</u>

१४. <u>प्रमुख संरक्षक</u> : प्रधानमन्त्री प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ ।

१५. <u>संरक्षक</u> : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ ।

१६. <u>कुलपति</u> : (१) प्रज्ञा प्रतिष्ठानमा एक कुलपति रहनेछ ।

(२) कुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

१७. कुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) परिषद्को स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघ संस्थासँग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१८. उप-कुलपति : प्रज्ञा प्रतिष्ठानमा एक उप-कुलपति रहनेछ ।

१९. उप-कुलपतिको काम, कर्तव्य र अधिकार : उप-कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने ।

२०. सचिव : (१) प्रज्ञा प्रतिष्ठानमा एक सचिव रहनेछ ।

(२) सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. पदाधिकारी सम्बन्धी व्यवस्था : (१) प्रधानमन्त्रीले यस ऐनको अधीनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ ।

(२) पदाधिकारीको पदावधि चार वर्षको हुनेछ ।

(३) पदाधिकारीले प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्नेछ ।

(४) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

२२. पद रिक्त हुने अवस्था : देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछ:-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा २३ बमोजिम पदबाट हटेमा, वा

(च) निजको मृत्यु भएमा ।

२३. पदबाट हटाउन सक्ने : (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभाका तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले प्रधानमन्त्री समक्ष लिखित निवेदन दिएमा प्रधानमन्त्रीबाट सभाका सदस्यहरूमध्येबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाको बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा प्रधानमन्त्रीले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई निजको पदबाट हटाउनेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनु अघि सफाइको मौका दिनु पर्नेछ ।

२४. कर्मचारी : (१) प्रज्ञा प्रतिष्ठानमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

२५. सेवा आयोग : (१) प्रज्ञा प्रतिष्ठानका कर्मचारीको स्थायी नियुक्ति र बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको एक प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहनेछ :-

(क) लोक सेवा आयोगले तोकेको सो आयोगका सदस्य - अध्यक्ष

(ख) सभाले तोकेको सभाका एक जना सदस्य - सदस्य

(ग) सचिव - सदस्य-सचिव

(२) सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि सो आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद-५

## कोष तथा लेखापरीक्षण

२६. प्रज्ञा प्रतिष्ठानको कोष : (१) प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) प्रज्ञा प्रतिष्ठानले कुनै सेवा उपलब्ध गराए वापत प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रज्ञा प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रज्ञा प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

२७. लेखा र लेखापरीक्षण : (१) प्रज्ञा प्रतिष्ठानको आय व्ययको लेखा नेपाल सरकारले अपनाए बमोजिम राखिने छ ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-६

## विविध

२८. मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता : (१) ललितकलाको विकासमा विशिष्ट योगदान पुऱ्याई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) ललितकलाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले आजीवन सदस्यलाई तोकिए बमोजिमको सुविधा दिन सक्नेछ ।

तर नेपाल सरकारबाट कुनै पारिश्रमिक वा सुविधा पाइरहेको आजीवन सदस्यले त्यस्तो सुविधा पाउने छैन ।

(५) सभाले मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई तोकिएको आधारमा सदस्यताबाट हटाउन सक्नेछ ।

२९. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने : ललितकलाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

३०. प्रतिवेदन पेश गर्नु पर्ने : प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३१. शपथ : आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले प्रधानमन्त्री समक्ष र उप-कुलपति, सचिव र सदस्यले कुलपति समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३२. अधिकार प्रत्यायोजन : (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुलपति, उप-कुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उप-कुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उप-कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. प्रतीक चिन्ह : प्रज्ञा प्रतिष्ठानको प्रतीक चिन्ह तोकिए बमोजिम हुनेछ ।

३४. सम्पर्क मन्त्रालय : प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रज्ञा प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## ◎अनुसूची

(दफा ३१ सँग सम्बन्धित)

**शपथ**

म ............................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही .............. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :-

नाम :-

सही :-

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४

| | |
|---|---|
| | प्रमाणीकरण र प्रकाशन मिति |
| | २०६४।५।३१ |
| संशोधन गर्ने ऐन | |
| केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. २२

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक नेपालको सङ्गीत तथा नाट्य विधाको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवं सर्वाङ्गीण विकास गर्न, सङ्गीत तथा नाट्य विधामा अध्ययन एवं अनुसन्धान गर्ने गराउन तथा यस क्षेत्रका विद्वान तथा प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नको लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सङ्गीत" भन्नाले गायन, सङ्गीत सृजना, वादन र नृत्य समेत सम्झनु पर्छ ।

(ख) "नाट्य" भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनु पर्छ ।

(ग) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ ।

(ङ) "परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ ।

(च) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ ।

(छ) "उप-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उप-कुलपति सम्झनु पर्छ ।

(ज) "सचिव" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिव सम्झनु पर्छ ।

(झ) "पदाधिकारी" भन्नाले कुलपति, उप-कुलपति, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद-२

प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्रज्ञा प्रतिष्ठानको स्थापना : (१) सङ्गीत तथा नाट्य विधाको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवं सर्वाङ्गीण विकास गर्ने काम समेतको लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान नामको एक प्रज्ञा प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्रज्ञा प्रतिष्ठानले आवश्यकता अनुसार नेपालको विभिन्न स्थानहरूमा शाखा खोल्न सक्नेछ ।

४. प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) सङ्गीत तथा नाट्यकलाको सङ्कलन, संरक्षण, सम्वर्द्धन र अध्ययन, अनुसन्धान गर्ने,

(ग) सङ्गीत तथा नाट्य विधा सम्बन्धी अनुसन्धानात्मक तथा मौलिक कृति सिर्जना गर्ने तथा त्यस्ता कृति प्रकाशन गर्ने,

(घ) सङ्गीत तथा नाट्य विधामा उल्लेखनीय योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान र पुरस्कारको व्यवस्था गर्ने,

(ङ) सङ्गीत तथा नाट्य सम्बन्धी पुस्तकालय, सङ्ग्रहालय, रङ्गमञ्च, नाट्यशाला आदि स्थापना गर्ने,

(च) नेपालका विभिन्न जाति तथा समुदायका बाजा, वाद्य सामग्री तथा सङ्गीत संयोजन गर्ने साधनहरूको संरक्षण गर्ने,

(छ) नेपालका विभिन्न जाति तथा समुदायका मौलिक लोकधुन, लोकनृत्य तथा लोक सङ्गीतको अध्ययन, अनुसन्धान, संवर्द्धन र संरक्षण गर्ने,

(ज) नेपाली सङ्गीत तथा नाट्य विधालाई विश्व समक्ष परिचित गराउने,

(झ) सङ्गीत तथा नाट्य विधामा अध्ययन एवं अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने,

(ञ) सङ्गीत तथा नाट्य विधा सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ट) सङ्गीत तथा नाट्य विधाको विकास र विस्तार गर्न सम्बन्धित संघ, संस्था तथा व्यक्तिलाई प्रोत्साहन गर्ने,

(ठ) सङ्गीत तथा नाट्य विधामा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, कार्यशाला, सम्मेलन, महोत्सव तथा प्रतियोगिता आयोजना गर्ने, गराउने,

(ढ) सङ्गीत तथा नाट्य विधासँग सम्बन्धित संघ संस्थासँग सम्बन्ध स्थापना तथा विस्तार गर्ने र त्यस्ता संघ संस्थाहरूसँग पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(ण) लोकपक्षीय सङ्गीत र नाट्य कलाको उत्थान र विकास गर्ने, गराउने,

(त) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने, गराउने ।

## परिच्छेद-३

## प्रज्ञा प्रतिष्ठानको सङ्गठन

६. प्रज्ञा प्रतिष्ठानको सङ्गठन : प्रज्ञा प्रतिष्ठानको सङ्गठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछ :-

(क) सभा,

(ख) परिषद्, र

(ग) सेवा आयोग ।

७. सभा : (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उप-कुलपति - उपाध्यक्ष

(ग) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(घ) सङ्गीत तथा नाट्य क्षेत्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरूमध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले मनोनीत गरेको चौबीस जना - सदस्य

(ङ) सचिव - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाका सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

८. सिफारिस समिति : (१) पदाधिकारी तथा सभामा मनोनयन हुने सदस्यको नियुक्ति वा मनोनयनको लागि प्रधानमन्त्री समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री - अध्यक्ष

(ख) सङ्गीत तथा नाट्य क्षेत्रका ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट प्रधानमन्त्रीले तोकेको दुई जना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा सङ्गीत तथा नाट्य क्षेत्रमा अध्ययन तथा अनुसन्धान

गरेका वा सो विधामा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म सङ्गीत तथा नाट्यका विभिन्न विधा र क्षेत्रको प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले पदाधिकारीको नियुक्तिको लागि नाम सिफारिस गर्दा सभाका मनोनीत सदस्यहरूमध्येबाट गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(च) परिषद्को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१०. सभाको बैठक : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ तथा आजीवन सदस्यलाई सभाको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

११. परिषद्को गठन : (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक प्राज्ञ परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उप-कुलपति - उपाध्यक्ष

(ग) सभाका मनोनीत सदस्यहरूमध्येबाट कम्तीमा दुई जना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट मनोनीत छ जना - सदस्य

(घ) सचिव - सदस्य-सचिव

(३) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

१२. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) विद्वत्वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनको लागि सभामा पेश गर्ने,

(झ) परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य तथा अधिकार तोक्ने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. परिषद्को बैठक : (१) परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## प्रमुख संरक्षक, संरक्षक र प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी

१४. प्रमुख संरक्षक : प्रधानमन्त्री प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ ।

१५. संरक्षक : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ ।

१६. कुलपति : (१) प्रज्ञा प्रतिष्ठानमा एक कुलपति रहनेछ ।

(२) कुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

१७. कुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) परिषद्को स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघ संस्थासँग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१८. उप-कुलपति : प्रज्ञा प्रतिष्ठानमा एक उप-कुलपति रहनेछ ।

१९. उप-कुलपतिको काम, कर्तव्य र अधिकार : उप-कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने ।

२०. सचिव : (१) प्रज्ञा प्रतिष्ठानमा एक सचिव रहनेछ ।

(२) सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. पदाधिकारी सम्बन्धी व्यवस्था : (१) प्रधानमन्त्रीले यस ऐनको अधीनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ ।

(२) पदाधिकारीको पदावधि चार वर्षको हुनेछ ।

(३) पदाधिकारीले प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्नेछ ।

(४) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

२२. पद रिक्त हुने अवस्था : देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा २३ बमोजिम पदबाट हटेमा, वा

(च) निजको मृत्यु भएमा ।

२३. पदबाट हटाउन सक्ने : (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले प्रधानमन्त्री समक्ष लिखित निवेदन दिएमा प्रधानमन्त्रीबाट सभाका सदस्यहरूमध्येबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाको बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा प्रधानमन्त्रीले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई निजको पदबाट हटाउने छ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनु अघि सफाइको मौका दिनु पर्नेछ ।

२४. कर्मचारी : (१) प्रज्ञा प्रतिष्ठानमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहने छन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

२५. सेवा आयोग : (१) प्रज्ञा प्रतिष्ठानका कर्मचारीको स्थायी नियुक्ति र बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको एक प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहनेछ :-

(क) लोक सेवा आयोगले तोकेको सो आयोगका सदस्य - अध्यक्ष

(ख) सभाले तोकेको सभाका एक जना सदस्य - सदस्य

(ग) सचिव - सदस्य-सचिव

(२) सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि सो आयोग आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद-५

## कोष तथा लेखापरीक्षण

२६. प्रज्ञा प्रतिष्ठानको कोष : (१) प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) प्रज्ञा प्रतिष्ठानले कुनै सेवा उपलब्ध गराए बापत प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रज्ञा प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिने छ ।

(५) प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रज्ञा प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

२७. लेखा र लेखापरीक्षण : (१) प्रज्ञा प्रतिष्ठानको आय व्ययको लेखा नेपाल सरकारले अपनाए बमोजिम राखिनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-६

## विविध

२८. मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता : (१) सङ्गीत तथा नाट्य विधाको विकासमा विशिष्ट योगदान पुऱ्याई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) सङ्गीत तथा नाट्य विधाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले आजीवन सदस्यलाई तोकिए बमोजिमको सुविधा प्रदान गर्न सक्नेछ ।

तर नेपाल सरकारबाट कुनै पारिश्रमिक वा सुविधा पाइरहेको आजीवन सदस्यले त्यस्तो सुविधा पाउने छैन ।

(५) सभाले मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई तोकिएको आधारमा सदस्यताबाट  हटाउन सक्नेछ ।

२९. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने : सङ्गीत तथा नाट्य विधामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

३०. प्रतिवेदन पेश गर्नु पर्ने : प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३१. शपथ : आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले प्रधानमन्त्री समक्ष र उप-कुलपति, सचिव र सदस्यले कुलपति समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३२. अधिकार प्रत्यायोजन : (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुलपति, उप-कुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उप-कुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उप-कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. प्रतीक चिन्ह : प्रज्ञा प्रतिष्ठानको प्रतीक चिन्ह तोकिए बमोजिम हुनेछ ।

३४. सम्पर्क मन्त्रालय : प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३५ नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रज्ञा प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## ◎अनुसूची

(दफा ३१ सँग सम्बन्धित)

**शपथ**

म ........................................... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही .................. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :-

नाम :-

सही :-

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

# नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०६४।५।३१

<u>संशोधन गर्ने ऐन</u>
केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ २०७२।११।१३

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. २१

<u>नेपाल प्रज्ञा प्रतिष्ठान सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u> : नेपाल एउटा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएकोले नेपालका सबै भाषा, साहित्य तथा संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नु पर्ने कुरालाई हृदयङ्गम गर्दै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरू तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रज्ञा प्रतिष्ठान सम्बन्धी प्रचलित कानूनी व्यवस्थामा समयानुकूल संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ ।

(घ) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ ।

(ङ) "उप-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उप-कुलपति सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिव सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले कुलपति, उप-कुलपति, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्रज्ञा प्रतिष्ठानको स्थापना : (१) नेपालका सबै भाषा, साहित्य, संस्कृति तथा दर्शनको संरक्षण, सम्वर्द्धन र विकास गर्ने काम समेतको लागि नेपाल प्रज्ञा प्रतिष्ठान नामको एक प्रज्ञा प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकता अनुसार नेपालको विभिन्न स्थानहरूमा शाखा खोल्न सक्नेछ ।

४. प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) नेपालका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्ने, गराउने,

(ग) नेपालका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने, गराउने,

(घ) आवश्यकता अनुसार विदेशी भाषाबाट नेपालका सबै भाषा र नेपालका भाषाबाट विदेशी भाषामा उच्च स्तरीय कृतिहरूको अनुवाद एवं प्रकाशन गर्ने, गराउने,

(ङ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रहरूका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, प्रदर्शनी आदि गर्ने, गराउने,

(च) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रका विभिन्न विषयमा हुने अन्तर्राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने, गराउने,

(छ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रका विभिन्न क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध राख्ने,

(ज) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(झ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विकासको निमित्त सम्बन्धित विषयका विद्वान् साहित्यकार एवं सामाजिक शास्त्रीको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वय अभिवृद्धि गर्ने,

(ञ) नेपालका विभिन्न जाति तथा समुदायका साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको संवर्द्धन र संरक्षण गर्ने,

(ट) नेपाली लोक साहित्यको अध्ययन, अनुसन्धान, संवर्द्धन र संरक्षण गर्ने,

(ठ) नेपालका सबै भाषा, विभिन्न विदेशी भाषा र नेपालमा बोलिने भाषामा विश्वकोष तथा शब्दकोष तयार गरी प्रकाशन गर्ने तथा नेपालका सबै भाषालाई सम्वृद्धि र वैभवशाली बनाउन विभिन्न शब्द तथा शब्दावलीको सृजना गरी प्रचलनमा ल्याउने,

(ड) भाषा, साहित्य संस्कृति, दर्शन तथा सामाजिक शास्त्रका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार, सामाजिक

शास्त्री, संस्कृतिविद् तथा सम्बन्धित अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने,

(ढ) नेपालका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विषयमा अध्ययन तथा अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने,

(ण) नेपालका सबै भाषा तथा साहित्यलाई विश्व साहित्य समक्ष पहिचान गराउने,

(त) नेपालका विभिन्न जात जातिका लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्न प्राथमिकता दिने,

(थ) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने ।

परिच्छेद-३

प्रज्ञा प्रतिष्ठानको सङ्गठन

६. प्रज्ञा प्रतिष्ठानको सङ्गठन : प्रज्ञा प्रतिष्ठानको सङ्गठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछ :-

(क) सभा,

(ख) परिषद्, र

(ग) सेवा आयोग ।

७. सभा : (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उप-कुलपति - उपाध्यक्ष

(ग) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(घ) नेपालका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरूमध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरू समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले मनोनीत गरेको पैंतीस जना - सदस्य

(ङ) सचिव - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) कुनै कारणले सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिने छ ।

(५) सभाका सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

८. सिफारिस समिति : (१) पदाधिकारी तथा सभामा मनोनयन हुने सदस्यको नियुक्ति वा मनोनयनको लागि प्रधानमन्त्री समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री - अध्यक्ष

(ख) भाषा, साहित्य, संस्कृति तथा दर्शनको क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट प्रधानमन्त्रीले तोकेको दुई जना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले पदाधिकारीको नियुक्तिको लागि नाम सिफारिस गर्दा सभाका मनोनीत सदस्यहरूमध्येबाट गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(च) परिषद्को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिमका काम गर्ने ।

१०. सभाको बैठक : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सभाले प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ तथा आजीवन सदस्यलाई सभाको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

११. परिषद्को गठन : (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक प्राज्ञ परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उप-कुलपति - उपाध्यक्ष

(ग) सभाका मनोनीत सदस्यहरू मध्येबाट कम्तीमा तीन जना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषाभाषीको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट मनोनीत आठ जना - सदस्य

(घ) सचिव - सदस्य-सचिव

(३) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

१२. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) विद्वत्वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनको लागि सभामा पेश गर्ने,

(झ) परिषद्को काम कारबाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्य टोलीको काम, कर्तव्य तथा अधिकार तोक्ने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. परिषद्को बैठक : (१) परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## प्रमुख संरक्षक, संरक्षक र प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी

१४. प्रमुख संरक्षक : प्रधानमन्त्री प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ ।

१५. संरक्षक : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ ।

१६. कुलपति : (१) प्रज्ञा प्रतिष्ठानमा एक कुलपति रहनेछ ।

(२) कुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

१७. कुलपतिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) परिषद्को स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघ संस्थासँग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(च) तोकिए बमोजिमका काम गर्ने ।

१८. उप-कुलपति : प्रज्ञा प्रतिष्ठानमा एक उप-कुलपति रहनेछ ।

१९. उप-कुलपतिको काम, कर्तव्य र अधिकार : उप-कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने ।

२०. सचिव : (१) प्रज्ञा प्रतिष्ठानमा एक सचिव रहनेछ ।

(२) सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. पदाधिकारी सम्बन्धी व्यवस्था : (१) प्रधानमन्त्रीले यस ऐनको अधीनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ ।

(२) पदाधिकारीको पदावधि चार वर्षको हुनेछ ।

(३) पदाधिकारीले प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्नेछ ।

(४) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

२२. पद रिक्त हुने अवस्था : देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा २३ बमोजिम पदबाट हटेमा, वा

(च) निजको मृत्यु भएमा ।

२३. पदबाट हटाउन सक्ने : (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले प्रधानमन्त्री

समक्ष लिखित निवेदन दिएमा प्रधानमन्त्रीबाट सभाका सदस्यहरूमध्येबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाका बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा प्रधानमन्त्रीले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई निजको पदबाट हटाउने छ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनुअघि सफाइको मौका दिनु पर्नेछ ।

२४. कर्मचारी: (१) प्रज्ञा प्रतिष्ठानमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

२५. सेवा आयोग : (१) प्रज्ञा प्रतिष्ठानका कर्मचारीको स्थायी नियुक्ति र बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको एक प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहनेछ :-

(क) लोक सेवा आयोगले तोकेको सो आयोगका सदस्य - अध्यक्ष

(ख) सभाले तोकेको सभाका एक जना सदस्य - सदस्य

(ग) सचिव - सदस्य-सचिव

(२) सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि सो आयोग आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउने छन् ।

## परिच्छेद-५

## कोष तथा लेखापरीक्षण

२६. प्रज्ञा प्रतिष्ठानको कोष : (१) प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) प्रज्ञा प्रतिष्ठानले कुनै सेवा उपलब्ध गराए वापत प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रज्ञा प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिने छ ।

(५) प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रज्ञा प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

२७. लेखा र लेखापरीक्षण : (१) प्रज्ञा प्रतिष्ठानको आय व्ययको लेखा नेपाल सरकारले अपनाए बमोजिम राखिने छ ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-६

## विविध

२८. मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता : (१) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विकासमा विशिष्ट योगदान पुऱ्याई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विधामा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले आजीवन सदस्यलाई तोकिए बमोजिमको सुविधा प्रदान गर्न सक्नेछ ।

तर नेपाल सरकारबाट कुनै पारिश्रमिक वा सुविधा पाइरहेको आजीवन सदस्यले त्यस्तो सुविधा पाउने छैन ।

(५) सभाले मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ ।

२९. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने : भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विधामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सभाले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

३०. प्रतिवेदन पेश गर्नु पर्ने : प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३१. शपथ : आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले प्रधानमन्त्री समक्ष र उप-कुलपति, सचिव र सभाका सदस्यले कुलपति समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३२. अधिकार प्रत्यायोजन : (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुलपति, उप-कुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उप-कुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उप-कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. प्रतीक चिन्ह : प्रज्ञा प्रतिष्ठानको प्रतीक चिन्ह तोकिए बमोजिम हुनेछ ।

३४. सम्पर्क मन्त्रालय : प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रज्ञा प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

तर नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३६. खारेजी र बचाउ : (१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० खारेज गरिएको छ ।

(२) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० बमोजिम भए गरेको सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० बमोजिम नियुक्त वा मनोनयन भएका आजीवन सदस्य बाहेक उप-कुलपति र सचिव तथा सभाका सदस्य, परिषद्का सदस्य यो ऐन प्रारम्भ भएपछि स्वत: पदमुक्त हुनेछन् ।

(४) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५० बमोजिमको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूलाई निजहरूको योग्यता, अनुभव, कार्य विशिष्टता सहितको आधारमा र निजहरूको रुची अनुसार नेपाल सरकारले प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान अन्तर्गत रहने गरी तोक्नेछ ।

(५) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको नाममा रहेको चल अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायतका अधिकार तथा दायित्वहरू नेपाल सरकारले प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा रहने गरी तोक्नेछ ।

## ◎अनुसूची

(दफा ३१ सँग सम्बन्धित)

**शपथ**

म ............................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही .................. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :-

नाम :-

सही :-

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

# घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

प्रमाणीकरण र प्रकाशन मिति

संशोधन गर्ने ऐन २०६६।१।१४

१. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ २०७२।६।१४

२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ २०७२।११।१३

३. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ २०७५।११।१९

४. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ २०७६।१।२

५. सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ २०८१।१२।१८

संवत् २०६६ सालको ऐन नं. १

घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ ▲................ ।

(ख) "घरेलु सम्बन्ध" भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको

---

▲ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ ♉र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ ।

⭘(ग) "शारीरिक यातना" भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, ◈तेजाव बाहेक अन्य रासायनिक पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

⭘(घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, सांस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।

(ङ) "यौनजन्य यातना" भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य सम्झनु पर्छ ।

(च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ । ♉र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

---

♉ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

⭘ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

◈ सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित ।

(छ) "पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ज) "पीडक" भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निज विरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ ।

(झ) "प्रहरी कार्यालय" भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ ।

(ञ) "◈स्थानीय तह" भन्नाले पीडित बसोबास गरेको वा पीडक रहेको वा घटना भएको ◈गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको वडा समिति समेतलाई जनाउँछ ।

(ट) "अदालत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालत सम्झनु पर्छ ।■

♈(ट१) "उजुरी" भन्नाले दफा ४ वा ५ बमोजिम दिइने उजुरी सम्झनु पर्छ र सो शब्दले दफा ५क. बमोजिम दिइने जाहेरी दरखास्त समेतलाई जनाउँछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. घरेलु हिंसा गर्न गराउन नहुने : (१) कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

४. उजुरी गर्ने : (१) घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा ◈स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

---

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
■ मिति २०६६।४।२६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाले सम्बन्धित जिल्ला अदालतलाई अदालत तोकेको ।
♈ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

(२) उपदफा (१) बमोजिमको उजुरी लिखित रूपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रूपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ ।

(३) राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक कारबाही हुनेछ ।

(४) प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।

(५) ◈स्थानीय तहमा उजुरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।

(६) घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनु पर्नेछ । ◈स्थानीय तहले गराएको घा जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(७) ○उजुरीको प्रारम्भिक रूपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(८) उपदफा (४) वा (५) बमोजिमको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र ◈स्थानीय तहले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्ष बीच मेलमिलाप गराइदिनु पर्नेछ ।

♐तर दफा ५क. बमोजिम परेको जाहेरीको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(९) उपदफा (८) बमोजिम मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ ।

---

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

○ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

♐ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

(१०) प्रहरी कार्यालय वा ◈स्थानीय तहले उजुरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्नेछ ।

(११) उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरूबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा ◈स्थानीय तहले उजुरीकर्ताको सहमति भएमा उपदफा (८) बमोजिमको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्नेछ ।

(१२) उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तव्य हुनेछ ।

५. अदालतले कारबाही गर्ने : (१) दफा ४ को उपदफा (११) बमोजिम उजुरी प्राप्त भएमा अदालतले सोही उजुरीको आधारमा यस ऐन बमोजिम कारबाही र किनारा गर्नु पर्नेछ ।

(२) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले चाहेमा सोझै अदालतमा उजुरी दिन सक्नेछ ।

♇५क. जाहेरी दिन सक्ने : (१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्ग भङ्ग गरेको वा ◈तेजाव बाहेक अन्य रासायनिक पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाहेरी दरखास्त परेकोमा प्रहरी कार्यालयले अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

६. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने : (१) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :-

---

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

♇ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

◈ सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित ।

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,

(घ) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(ङ) पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दु:ख दिने वा सताउने कार्य नगर्न,

(च) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

(२) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई उपदफा (१) बमोजिमको कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले सो उपदफा बमोजिमको कुनै आदेश दिन सक्नेछ ।

[५]६क. कानून व्यवसायी राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।

७. बन्द इजलासमा सुनुवाई गर्ने : (१) पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारबाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही र सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

---

[५] लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

८. संक्षिप्त कार्यविधि अपनाउनु पर्ने : यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

°९. उपचारको रकम पीडकले व्यहोर्ने : (१) घरेलु हिंसाबाट पीडित व्यक्तिलाई दफा ४ को उपदफा (६) बमोजिम तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित ⊗स्थानीय तहले तत्काल त्यस्तो खर्च उपलब्ध गराई ∝........... त्यस्तो रकम पीडकबाट असुल गर्नु वा गराउनु पर्नेछ ।

(२) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रूपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धित ⊗स्थानीय तह वा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्नेछ र त्यसरी उपलब्ध गराइएको रकम ∝.......... पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनु पर्नेछ ।

१०. क्षतिपूर्ति दिलाइदिने : पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

११. सेवा केन्द्र : (१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ ।

∅(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछन् ।

∅(१ख) नेपाल सरकारले स्थापना गरेका सेवा केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता सेवा केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ ।

---

° लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

∝ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा झिकिएको ।

∅ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

∅(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको सेवा केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ ।

(४) सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(५) सेवा केन्द्रको व्यवस्थापन, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. सेवा कोष : (१) दफा ११ को उपदफा (१) बमोजिम स्थापना भएका सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक सेवा कोष स्थापना गर्नेछ ।

∅(१क) दफा ११ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो स्रोतबाट व्यवस्था गर्ने गरी प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो स्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम सेवा कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) सेवा कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

♉१२क. ⊗संरक्षण अधिकृत : स्थानीय तहले घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने काम समेतका लागि एक जना संरक्षण अधिकृत तोक्न सक्नेछ ।

---

∅ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

♉ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⁂१२ख. नि:शुल्क कानूनी सहायता उपलब्ध गराउने : नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत नि:शुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।

⁂१२ग. नेपाल सरकार वादी हुने : दफा ५क. मा उल्लिखित मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा ♠मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१३. सजाय : ⭘(१) कसैले अङ्गभङ्ग गरी वा ◈तेजाव बाहेक अन्य रासायनिक पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराई वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

⁂(१क) कसैले उपदफा (१) मा लेखिएदेखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुन: सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

(४) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले ⁂आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।

(५) कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

१४. हदम्याद : यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ ।

---

⁂ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा थप ।

♠ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⭘ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

◈ सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित ।

१५. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने : यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

१६. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

---

द्रष्टव्य : केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरू :-

"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" ।

# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

| | |
|---|---|
| | प्रमाणीकरण र प्रकाशन मिति |
| संशोधन गर्ने ऐन | २०७१।८।५ |
| १. केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| २. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०७१ सालको ऐन नं. ७

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सुरक्षित, स्वच्छ तथा मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उजुरी सुन्ने अधिकारी" भन्नाले दफा १४ बमोजिमको अधिकारी सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले कार्यस्थलमा कार्यरत कर्मचारी वा कामदार सम्झनु पर्छ ।

(ग) "कार्यस्थल" भन्नाले देहायका निकाय, संस्था वा फर्म सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकाय, संस्था वा फर्मको कार्यसम्पादनको क्रममा प्रयोग हुने स्थल समेतलाई जनाउँछ :-

(१) सरकारी निकाय,

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था,

(३) प्रचलित कानून बमोजिम स्थापना भएको निकाय वा संगठित संस्था,

(४) कुनै व्यवसाय, कारोबार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्था ।

(घ) "यौनजन्य दुर्व्यवहार" भन्नाले दफा ४ बमोजिमको कुनै कार्य सम्झनु पर्छ ।

(ङ) "व्यवस्थापक" भन्नाले कुनै कार्यस्थलको प्रशासनिक वा व्यावसायिक काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति वा सो प्रयोजनको लागि प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यस्थलको अन्यत्र शाखा तथा इकाई रहेको भए त्यस्तो शाखा वा इकाईको प्रमुख समेतलाई जनाउँछ ।

(च) "सेवाग्राही" भन्नाले कुनै किसिमको सेवा प्राप्त गर्ने उद्देश्यले कार्यस्थलमा उपस्थित व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको साथमा कार्यस्थलमा आउने व्यक्ति समेतलाई जनाउँछ ।

३. यौनजन्य दुर्व्यवहार गर्न वा गराउन नहुने : कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउनु हुँदैन ।

४. यौनजन्य दुर्व्यवहार गरेको मानिने : (१) कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ :-

(क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा,

(ख) अश्लील तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा,

(ग) लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,

(घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,

(ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक, सूचनामूलक, अनुसन्धानमूलक, उपचार वा बचाउको सिलसिलामा गरिएको कुनै पनि काम कारबाहीलाई यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन ।

५. व्यवस्थापकको दायित्व : (१) व्यवस्थापकले कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुन नदिन वा निवारण गर्नको लागि देहायका कार्यहरू गर्नु पर्नेछ :-

(क) कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनमा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ख) यौनजन्य दुर्व्यवहार हुन नदिन कर्मचारी तथा सेवाग्राहीलाई सजग गराउने,

(ग) यौनजन्य दुर्व्यवहार दोहोरिन नदिन आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गर्ने,

(घ) पीडितलाई आवश्यकता अनुसार मनोविमर्श सेवा उपलब्ध गराउने,

(ङ) कार्यस्थलमा गुनासो पेटिका राख्ने ।

(२) व्यवस्थापकले यौनजन्य दुर्व्यवहार विरुद्ध उजुरी गर्ने अवधि, कार्यविधि तथा उजुरी सुन्ने अधिकारीको सम्बन्धमा पीडितलाई स्पष्ट रूपमा जानकारी गराउनु पर्नेछ ।

६. गुनासोको सुनुवाई : (१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रूपमा गुनासो गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो गरेमा व्यवस्थापकले सो सम्बन्धमा तुरुन्त छानबिन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापकले देहायको कुनै वा सबै कार्य गर्न वा गराउन लगाउन सक्नेछ :-

(क) दुवै पक्ष मञ्जुर भएमा पीडित र आरोपित व्यक्तिबीच मेलमिलाप गराइदिन,

(ख) आरोपित व्यक्तिलाई पीडितसँग माफी मगाउन,

(ग) आरोपित व्यक्तिलाई त्यस्तो काम पुन: नगर्न सचेत गराउन,

(घ) आरोपित व्यक्तिबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिन,

(ङ) आरोपित व्यक्तिलाई सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्न ।

(४) व्यवस्थापकले उपदफा (१) बमोजिम गरिएको गुनासोको टुङ्गो गुनासो गरेको मितिले पन्ध्र दिनभित्र लगाउनु पर्नेछ ।

७. <u>उजुरी दिन सक्ने</u> : (१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले नब्बे दिनभित्र प्रमाण सहित उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

(२) कुनै व्यवस्थापकले दफा ६ बमोजिम गरेको गुनासो निर्धारित अवधिभित्र टुङ्गो नलगाएमा त्यस्तो अवधि समाप्त भएको मितिले र सो दफा बमोजिम व्यवस्थापकले गरेको निर्णय उपर कुनै पक्षले चित्त नबुझाएमा त्यस्तो निर्णय भएको मितिले सत्तरी दिनभित्र पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकै वा आरोपित व्यक्तिले उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

(३) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेमा वा दफा ९ वा ११ बमोजिम उजुरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गराउने निकायले दिएको निर्देशनको पालना नगरेमा सरोकारवाला व्यक्तिले उजुरी सुन्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

८. <u>मिलापत्र गर्न सक्ने</u> : (१) यौनजन्य दुर्व्यवहारबाट पीडित र आरोपित दुवै पक्षले चाहेमा मिलापत्रको लागि उजुरी सुन्ने अधिकारी समक्ष संयुक्त निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम मिलापत्रको लागि संयुक्त निवेदन परेमा उजुरी सुन्ने अधिकारीले सो सम्बन्धमा पक्षहरूसँग आवश्यक परामर्श गरी मिलापत्र गराईदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मिलापत्र गर्दा कुनै प्रकारको दस्तुर लाग्ने छैन ।

९. उजुरीकर्ताको संरक्षण : (१) यस ऐन बमोजिम उजुरी गरेको कारणले मात्र व्यवस्थापकले कुनै कर्मचारीलाई सेवाबाट हटाउन, अन्य विभागीय कारबाही गर्न वा निजको सरुवा, बढुवा लगायतका वृत्ति विकासमा असर पर्ने गरी कुनै किसिमको कारबाही गर्न पाउने छैन ।

(२) व्यवस्थापकले उपदफा (१) विपरीत कुनै कर्मचारी उपर कुनै किसिमको कारबाही गरेमा त्यस्तो कर्मचारीले सो व्यहोरा खुलाई उजुरी सुन्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन छानविन गर्दा निवेदनको व्यहोरा मनासिब देखेमा उजुरी सुन्ने अधिकारीले त्यस्तो निर्णय बदर गर्न वा सच्याउन सम्बन्धित व्यवस्थापकलाई आदेश दिनेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी सुन्ने अधिकारीबाट आदेश भएमा सम्बन्धित व्यवस्थापकले पुनरावेदन गर्ने म्याद नाघेको वा पुनरावेदन परेकोमा सो उपर निर्णय भएको पन्ध्र दिनभित्र त्यस्तो आदेश कार्यान्वयन गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम उजुरी गरेको कारणबाट कुनै कर्मचारीले कार्यस्थलमा कुनै किसिमको असुरक्षा महसुस गरेमा त्यस्तो कर्मचारीले सुरक्षाको लागि व्यवस्थापक समक्ष निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कुनै निवेदन प्राप्त भएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई कार्यस्थलमा सुरक्षाको उचित व्यवस्था गर्नु पर्नेछ ।

(७) व्यवस्थापकबाट उपदफा (५) बमोजिम निवेदन दिने कर्मचारीलाई सुरक्षाको व्यवस्था नभएमा वा व्यवस्थापक आफैं आरोपित पक्ष भएमा त्यस्तो कर्मचारीले स्थानीय सुरक्षा निकाय समक्ष सुरक्षाको माग गर्न सक्नेछ र त्यसरी सुरक्षा माग भएमा सुरक्षा निकायले समेत निजको सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ ।

(८) यौनजन्य दुर्व्यवहार गरेको प्रमाणित भएको कुनै कर्मचारीलाई सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा व्यवस्थापकले त्यस्तो कर्मचारीलाई आफैंले सरुवा गर्न सक्नेमा आफैंले अन्यत्र सरुवा गर्नु पर्नेछ र अन्य अधिकारी वा निकायबाट सरुवा गर्नु पर्ने भएमा सरुवाको लागि त्यस्तो अधिकारी वा निकायमा लेखी पठाउनु पर्नेछ ।

१०. निरीक्षण तथा अनुगमन गर्न गराउन सक्ने : व्यवस्थापकले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आचार संहितामा उल्लिखित दायित्व तथा अन्य व्यवस्थाको पालना गरे नगरेको सम्बन्धमा राष्ट्रिय महिला आयोग वा व्यवस्थापक कार्यरत रहे भन्दा माथिल्लो तहको निकायले कार्यस्थलको निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

११. प्रतिवेदन पेश गर्नु पर्ने : (१) दफा १० बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटिएको व्यक्तिले निरीक्षण तथा अनुगमनको कार्य समाप्त भएपछि देहायका कुराहरू खुलाई सम्बन्धित निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) सम्बन्धित व्यवस्थापकले पूरा गरे वा नगरेको दायित्व वा अन्य व्यवस्था,

(ख) सम्बन्धित व्यवस्थापकलाई दायित्व वा अन्य व्यवस्था पूरा गर्न ध्यानाकर्षण गराइएको विषय, र

(ग) अन्य आवश्यक कुराहरू ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन जाँचबुझ गर्दा कुनै व्यवस्थापकले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आचार संहितामा उल्लिखित दायित्व वा अन्य व्यवस्था पालना गरेको नदेखिएमा निरीक्षण तथा अनुगमन गर्ने गराउने निकायले सम्बन्धित व्यवस्थापकलाई त्यस्तो दायित्व वा व्यवस्था पालना गर्न निर्देशन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवस्थापकको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमा कुनै निकायबाट नीतिगत निर्णय गर्नु पर्ने देखिएमा निरीक्षण तथा अनुगमन गर्ने गराउने निकायले आवश्यक नीतिगत निर्णयको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ ।

तर त्यस्तो नीतिगत निर्णय आफैंले गर्नु पर्ने विषय भएमा निर्णयको लागि आवश्यक कारबाही प्रारम्भ गर्नु पर्नेछ ।

१२. सजाय : (१) कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) कुनै व्यवस्थापकले यस ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेको ठहरेमा निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) दफा ९ वा ११ बमोजिम उजुरी सुन्ने अधिकारी वा निरीक्षण वा अनुगमन गर्ने गराउने निकायले दिएको निर्देशन कुनै व्यवस्थापकले पालना नगरेमा निजलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(४) यस दफा बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो सजाय हुने कार्य पुन: गरेमा निजलाई पटकै पिच्छे दोब्बर सजाय हुनेछ ।

(५) कसैले यस ऐन बमोजिम जानी जानी झुट्टा उजुरी दिएको ठहरेमा निजलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(६) यस दफा बमोजिम कुनै कर्मचारी वा व्यक्तिले सजाय पाएमा उजुरी सुन्ने अधिकारीले त्यसको जानकारी सम्बन्धित निकायलाई गराउनु पर्नेछ ।

१३. क्षतिपूर्ति तथा रकम भराई दिनु पर्ने : यस ऐन बमोजिम परेको उजुरी छानविन गर्दा आरोपित व्यक्तिले यौनजन्य दुर्व्यवहार गरेको ठहरिएमा उजुरी सुन्ने अधिकारीले त्यस्तो व्यक्तिलाई दफा १२ बमोजिम सजाय गरी निजबाट पीडितलाई देहाय बमोजिमको क्षतिपूर्ति वा रकम भराई दिनु पर्नेछ :-

(क) शारीरिक वा मानसिक रूपमा कुनै क्षति पुग्न गएको भए त्यस्तो क्षति बापत मनासिब माफिकको क्षतिपूर्ति,

(ख) उजुरी गर्दा वा उजुरीको प्रतिरक्षा गर्दा लागेको वास्तविक खर्च ।

१४. उजुरी सुन्ने अधिकारी : (१) यस ऐन बमोजिमको उजुरीको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख जिल्ला अधिकारी विरुद्धको उजुरीको कारबाही र किनारा गर्ने अधिकार ⊗सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई हुनेछ ।

१५. उजुरी सुनुवाई सम्बन्धी कार्यविधि : (१) उजुरी सुन्ने अधिकारीले दफा ७ बमोजिम पर्न आएको उजुरीको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(२) पीडितले लिखित रूपमा अनुरोध गरेमा उजुरी सुन्ने अधिकारीले उजुरीको सुनुवाई बन्द इजलासमा गर्नु पर्नेछ ।

१६. पुनरावेदन : यस ऐन बमोजिम उजुरी सुन्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित ◎जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१७. फैसला वा मिलापत्रको कार्यान्वयन : (१) यस ऐन बमोजिम भएको फैसला वा मिलापत्रको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित व्यवस्थापकको हुनेछ ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।
◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(२) व्यवस्थापकले उपदफा (१) बमोजिम फैसला वा मिलापत्रको कार्यान्वयन नगरेमा सम्बन्धित उजुरीकर्ताले सोही व्यहोरा खुलाई उजुरी सुन्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा उजुरी सुन्ने अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो फैसला वा मिलापत्रको कार्यान्वयन गराईदिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित व्यक्ति व्यवस्थापक भएमा उजुरी सुन्ने अधिकारी आफैंले साठी दिनभित्र फैसला वा मिलापत्रको कार्यान्वयन गर्नेछ ।

१८. तालीमको पाठ्यक्रममा समावेश गर्ने : तालीम दिने प्रत्येक निकायले यौनजन्य दुर्व्यवहार र सोको निवारण सम्बन्धी विषयलाई तालीमको पाठ्यक्रममा समावेश गर्नु पर्नेछ ।

१९. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने : यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

२०. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. आचार संहिता बनाउन सक्ने : (१) यौनजन्य दुर्व्यवहारको निवारण गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक आचार संहिता बनाई लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको आचार संहिताको अधीनमा रही प्रत्येक व्यवस्थापकले कार्यस्थलको प्रकृति अनुसार छुट्टै आचार संहिता बनाई लागू गर्नु पर्नेछ ।

(३) उपदफा (१) तथा (२) बमोजिम बनाइएको आचार संहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२२. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

# बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

प्रमाणीकरण र प्रकाशन मिति
२०७२।०४।१८

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| २. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ३. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।१।२ |

सम्वत् २०७२ को ऐन नं. ४

बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "पीडक" भन्नाले बोक्सीको आरोप सम्बन्धी कसूर गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ख) "पीडित" भन्नाले बोक्सीको आरोपबाट पीडित व्यक्ति सम्झनु पर्छ ।

(ग) "बोक्सीको आरोप" भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ र सो

शब्दले बोक्सीको आरोपमा दफा ३ बमोजिम गरिने जुनसुकै कार्य समेतलाई जनाउँछ ।

(घ) "बोक्सीको आरोप सम्बन्धी कसूर" भन्नाले बोक्सीको आरोपमा दफा ३ बमोजिम गरिने कुनै कार्य सम्झनु पर्छ ।

परिच्छेद-२

<u>बोक्सीको आरोप सम्बन्धी कसूर</u>

३. <u>बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिने</u> : (१) कसैले कुनै व्यक्ति उपर देहायको कुनै कार्य गर्न वा गराउन हुँदैन :-

(क) बोक्सीको आरोप लगाउने,

(ख) बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने,

(ग) बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक व्यवहार गर्ने,

(घ) बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने,

(ङ) बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने,

(च) धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने,

(छ) बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने,

(ज) बोक्सीको आरोपमा अङ्गभङ्ग गर्ने,

(झ) बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,

(ञ) खण्ड (क) देखि (छ) सम्मको कुनै कार्य गर्न उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने ।

(२) कसैले उपदफा (१) बमोजिमको कुनै कार्य गर्ने वा बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा यस ऐन बमोजिम बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिनेछ ।

## परिच्छेद-३

### बोक्सीको आरोप सम्बन्धी कसूरको सूचना तथा पीडितको संरक्षण

४. बोक्सीको आरोप सम्बन्धी कसूरको सूचना : (१) कुनै ठाउँमा बोक्सीको आरोप सम्बन्धी कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई यथासक्य छिटो सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैले लिखित जाहेरी दरखास्त दिन ल्याएमा तुरुन्तै र मौखिक रूपमा सूचना दिएकोमा प्रहरी कार्यालयले निजको कुरा दरखास्तको रूपमा लेखी निजको सहीछाप गराई दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दरखास्त वा सूचना प्राप्त हुन आएमा प्रहरी कार्यालयले चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

५. उपचार तथा घा जाँच गराउनु पर्ने : (१) कुनै पीडित शारीरिक वा मानसिक रूपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्नेछ ।

(२) पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा प्रहरी कार्यालयले पीडितको उपचारमा संलग्न चिकित्सकबाट निजको घा जाँच वा परीक्षण गराउनु पर्नेछ ।

(३) पीडितलाई तत्काल मनोविमर्श सेवा उपलब्ध गराउन आवश्यक देखिएमा प्रहरी कार्यालयले सम्बन्धित विज्ञद्वारा निजलाई मनोविमर्श सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

६. सुरक्षा व्यवस्था मिलाउने : दफा ४ बमोजिम प्राप्त भएको दरखास्त वा सूचना उपर प्रारम्भिक रूपमा छानबिन गर्दा पीडित, निजको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयले तत्काल सुरक्षाको समुचित व्यवस्था मिलाउनु पर्नेछ ।

७. पक्राउ गर्न वा खानतलासी लिन सक्ने : (१) बोक्सीको आरोप सम्बन्धी कसूर मानिने कुनै कार्य कुनै घर, जग्गा वा स्थानमा भएको, भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसूरदार भाग्ने, उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ :-

(क) त्यस्तो घर, जग्गा वा स्थानमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा वा स्थानमा भेटिएका दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन ।

(२) प्रहरी कर्मचारीले उपदफा (१) बमोजिमको कार्य गर्दा सम्भव भएसम्म ◈स्थानीय तहका प्रतिनिधि र सम्भव नभए सो समयमा त्यस ठाउँमा उपस्थित व्यक्तिहरूको रोहबरमा सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्काको प्रतिलिपि सम्बन्धित घर वा जग्गाधनीलाई समेत दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम महिलालाई पक्राउ गर्नु पर्ने भएमा महिला प्रहरीले पक्राउ गर्नु पर्नेछ र महिला प्रहरी नभएमा अन्य कुनै महिलाको सहयोग लिई पक्राउ गर्न सकिने छ ।

८. थुनामा राखी कारबाही गर्नु पर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल प्राप्त प्रमाणबाट अभियुक्त बोक्सीको आरोप सम्बन्धी कसूरको कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अदालतले निजलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

९. छुट्टै कानून व्यवसायी राख्न सक्ने : पीडितले चाहेमा बोक्सीको आरोप सम्बन्धी कसूरसँग सम्बन्धित मुद्दाको प्रतिरक्षा गर्न छुट्टै कानून व्यवसायी राख्न सक्नेछ ।

१०. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने : (१) अदालतले यस ऐन बमोजिम मुद्दाको कारबाहीको क्रममा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्दाको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश जारी गर्न सक्नेछ :-

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

---

◈ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(ग) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(घ) पीडित बसेको ठाउँ, बाटोघाटो वा कार्यालयमा गई, कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दु:ख दिने वा सताउने कार्य नगर्न,

(ङ) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कार्य गर्न वा गराउन ।

(२) मुद्दाको कारबाहीको क्रममा पीडितको परिवारको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई संरक्षण दिन आवश्यक देखेमा अदालतले त्यस्तो व्यक्तिको संरक्षणको लागि उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

परिच्छेद-४

सजाय तथा क्षतिपूर्ति

११. सजाय : (१) दफा ३ को उपदफा (१) को देहायको खण्ड बमोजिम बोक्सीको आरोप सम्बन्धी कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ :-

(क) खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनादेखि दुई वर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैंयाँसम्म जरिबाना,

(ख) खण्ड (ख) वा (ग) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजारदेखि तीस हजार रुपैंयाँसम्म जरिबाना,

(ग) खण्ड (घ) वा (ङ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद र बीस हजारदेखि पचास हजार रुपैंयाँसम्म जरिबाना,

(घ) खण्ड (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजारदेखि पचहत्तर हजार रुपैंयाँसम्म जरिबाना,

(ङ) खण्ड (छ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षदेखि आठ वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(च) खण्ड (ज) बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम हुने सजायमा थप दश प्रतिशत सजाय,

(छ) खण्ड (ञ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनादेखि दुई वर्षसम्म कैद र पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) बोक्सीको आरोप सम्बन्धी कसूरमा सजाय पाइसकेको व्यक्तिले पुन: सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

(४) कसैले आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा त्यस्तो व्यक्तिलाई उपदफा (१) बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई बोक्सीको आरोप सम्बन्धी कसूरमा एकै पटक पन्ध्र वर्ष भन्दा बढी सजाय हुने छैन ।

(६) कसैले बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानि नोक्सानी गरी क्षति पुऱ्याएमा निजलाई उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी सो क्षति बराबरको रकम समेत त्यस्तो व्यक्तिबाट पीडितलाई भराई दिनु पर्नेछ ।

(७) कसैले दफा १० बमोजिम अदालतबाट दिइएको आदेश पालन नगरेमा वा कसैले बोक्सीको आरोप सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई तीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनादेखि नौ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत कुनै कसूर गरे बापत प्रचलित कानून बमोजिम यस दफामा लेखिए भन्दा बढी सजाय हुने रहेछ भने सोही कानून बमोजिमको सजाय हुनेछ ।

१२. क्षतिपूर्ति सम्बन्धी व्यवस्था : (१) अदालतले यस ऐन बमोजिम मुद्दाको फैसला गर्दा बोक्सीको आरोप सम्बन्धी कसूरको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडकको आर्थिक हैसियत समेतलाई विचार गरी पीडकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो क्षतिपूर्ति उपलब्ध

गराउन नसक्ने कुरा अदालतलाई लागेमा अदालतले उपयुक्त ठहऱ्याए बमोजिमको रकम ⊗सम्बन्धित स्थानीय तहले व्यहोर्ने गरी आदेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतबाट भएको आदेश बमोजिमको रकम ⊗सम्बन्धित स्थानीय तहले साठी दिनभित्र पीडितलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको नाबालक छोरा छोरी, त्यस्ता छोरा छोरी नभएमा पति पत्नी र निजहरू पनि नभएमा निजका आश्रित बाबु आमालाई उपलब्ध गराइनेछ ।

१३. उपचारको रकम सम्बन्धी व्यवस्था : (१) पीडित शारीरिक वा मानसिक रूपमा अशक्त भएको कारणले अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचार गराउनु परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च तथा कुरुवा खर्च व्यहोर्न नसकी पीडित आफैँले वा प्रहरी कार्यालयबाट त्यस्तो रकम खर्च गरेको भए पीडित वा प्रहरी कार्यालयले त्यस्तो रकम प्रचलित कानून बमोजिम स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट सोधभर्ना लिन सक्नेछ ।

## परिच्छेद-५

## विविध

१४. सेवा केन्द्रमा राख्न सक्ने : (१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्था गर्नु पर्ने देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको सेवा केन्द्रमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सेवा केन्द्र" भन्नाले घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ११ बमोजिम स्थापना गरिएको सेवा केन्द्र सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्रमा रहेको पीडितलाई सेवा केन्द्रले आवश्यकता अनुसार कानूनी सहायता, मनोविमर्श वा मनोवैज्ञानिक सेवा वा आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

१५. सचेतना कार्यक्रम सञ्चालन गर्ने : ⊗नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बोक्सीको आरोप सम्बन्धी कसूर हुन नदिन विभिन्न किसिमका सचेतना कार्यक्रम सञ्चालन गर्न वा गराउनु पर्नेछ ।

१६. सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ र सो मुद्दा ♠मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१७. हदम्याद : बोक्सीको आरोप सम्बन्धी कसूर भए गरेको मितिले नब्बे दिनभित्र जाहेरी दरखास्त वा सूचना दिनु पर्नेछ ।

१८. बन्द इजलासबाट सुनुवाई हुने : पीडितले माग गरेमा यस ऐन बमोजिम कसूर मानिने मुद्दाको सुनुवाई बन्द इजलासबाट गरिनेछ ।

१९. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने : यस ऐन बमोजिम कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

२०. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२२. खारेजी र बचाउ : (१) मुलुकी ऐन, अदलको महलको १०ख. नम्बर खारेज गरिएको छ ।

(२) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ को क्रमसङ्ख्या ३०क. झिकिएको छ ।

(३) उपदफा (१) बमोजिमको कानून अन्तर्गत भए गरेको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

---

⊗ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

♠ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

द्रष्टव्य : केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरू :-

"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" ।

# अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७४।६।२९

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ | २०७५।६।२ |
| २. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।१।२ |

संवत् २०७४ सालको ऐन नं. २५

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔँ दिनबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफैँ रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ ।

(ख) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

(ग) ⏭…………………

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "निर्देशन समिति" भन्नाले दफा ३८ बमोजिमको अपाङ्गता राष्ट्रिय निर्देशन समिति सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले अपाङ्गता भएका व्यक्तिका बाजे, बज्यै, बाबु, आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी वा पति पत्नी सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने निजका अन्य नातेदारलाई समेत जनाउँछ ।

(छ) "पहुँचयुक्त" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरूपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि वा सर्वसाधारणलाई खुला गरिएका सेवा तथा सुविधा बिना अवरोध समान रूपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ ।

(ज) "पुन:स्थापना केन्द्र" भन्नाले दफा २९ बमोजिमको पुन:स्थापना केन्द्र सम्झनु पर्छ ।

🕮(ज१) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता, गठन वा सञ्चालनमा रहेको कुनै कलकारखाना, संघ, संगठन, संस्था, कम्पनी, फर्म, वा अन्य संस्था सम्झनु पर्छ ।

(झ) "भाषा" भन्नाले बोली वा साङ्केतिक भाषा तथा अन्य प्रकारका ध्वनि रहित भाषा सम्झनु पर्छ ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।
🕮 पहिलो संशोधनद्वारा थप ।

*(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ट) "सञ्चार" भन्नाले भाषा, पाठको प्रस्तुति, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयुक्त बहुमाध्यम, पहुँचयुक्त सूचना र सञ्चार प्रविधि लगायत लेख्य, श्रव्य, सामान्य भाषा, मानव वाचक तथा सञ्चारका प्रवर्द्धनात्मक र वैकल्पिक तरिका, साधन र ढाँचा सम्झनु पर्छ ।

(ठ) "समन्वय समिति" भन्नाले दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ढ) "संरक्षक" भन्नाले अपाङ्गता भएका व्यक्तिको हक, हितको संरक्षण गर्न प्रचलित कानून बमोजिम नियुक्त गरिएको व्यक्ति सम्झनु पर्छ ।

(ण) "संरक्षण अधिकृत" भन्नाले दफा ५८ बमोजिमको अधिकृत सम्झनु पर्छ ।

परिच्छेद-२

अपाङ्गताको वर्गीकरण, परिचयपत्र तथा अभिलेख

३. अपाङ्गताको वर्गीकरण : (१) अपाङ्गताको वर्गीकरण अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मन्त्रालयले तोकिए बमोजिमको समितिको सिफारिसमा उपदफा (१) बमोजिमको अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्न सक्नेछ ।

४. अपाङ्गताको परिचयपत्र सम्बन्धी व्यवस्था : (१) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचयपत्र प्राप्त गर्न निज आफैंले वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले *सम्बन्धित वडा कार्यालयको सिफारिस सहित *स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका कुनै व्यक्ति आफैंले निवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा संरक्षक पनि नभएमा स्थानीय तहका सम्बन्धित वडाका वडा अध्यक्षले अपाङ्गता परिचयपत्रको लागि निजको तर्फबाट उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि स्थानीय तहले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रष्ट रूपमा अपाङ्गता देखिने व्यक्तिको हकमा अपाङ्गताको वर्गीकरण समेत उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा अपाङ्गताको कुन वर्गीकरणमा पर्ने हो सो प्रष्ट नभएका वा अपाङ्गता भए वा नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको हकमा स्थानीय तहले समन्वय समिति समक्ष पेश गरी सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ ।

(५) समन्वय समितिले उपदफा (४) बमोजिम सिफारिस गर्नुअघि अपाङ्गताको परिचयपत्र प्राप्त गर्ने व्यक्तिको शारीरिक परीक्षण गर्न आवश्यक देखेमा स्थानीय तहको खर्चमा नजिकको सरकारी अस्पतालमा निजको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जाँचबुझ वा शारीरिक परीक्षण गर्दा कुनै व्यक्तिलाई अपाङ्गताको परिचयपत्र दिन मिल्ने नदेखिएमा स्थानीय तहले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अपाङ्गताको परिचयपत्र दिन नमिल्ने गरी स्थानीय तहबाट भएको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैँतीस दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरी सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(८) अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. <u>झुट्टा विवरण दिई परिचयपत्र प्राप्त गर्न नहुने</u> : (१) कसैले पनि झुट्टा विवरण दिई अपाङ्गताको परिचयपत्र प्राप्त गर्न वा एक प्रकारको अपाङ्गताको वर्गीकरणमा पर्नेमा झुट्टा विवरण दिई अर्को प्रकारको वर्गीकरणको अपाङ्गताको परिचयपत्र प्राप्त गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) विपरीत अपाङ्गताको परिचयपत्र प्राप्त गरेमा त्यस्तो व्यक्तिको परिचयपत्र रद्द गरी निजलाई यस ऐन बमोजिम कारबाही गरिनेछ ।

✱(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यथार्थ विवरण दिँदादिँदै कुनै अधिकारीले अपाङ्गता भएको व्यक्तिलाई बेग्लै वर्गको

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

परिचयपत्र प्रदान गरिएको देखिएमा सो परिचयपत्र दिने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सिफारिस गरिनेछ ।

(४) कसैले झुट्टा विवरण दिई प्राप्त गरेको अपाङ्गताको परिचयपत्रको आधारमा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि आरक्षित गरिएको पदमा कुनै व्यक्ति नियुक्ति भएको पाइएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो नियुक्ति जुनसुकै बखत बदर गरी निजले पाएको तलब तथा अन्य सुविधा समेत सरकारी बाँकी सरह असुल उपर गरी पद प्राप्तिका लागि योग्यता ढाँटेको कसूर गरेको मानी प्रचलित कानून बमोजिम सजाय गरिनेछ ।

*६. अभिलेख राख्नु पर्ने : (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहितको अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गरेको अभिलेख स्थानीय तहले नेपाल सरकारको सङ्घीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय, मन्त्रालय र प्रदेशको सामाजिक क्षेत्र हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको एकीकृत विवरण तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिलाई यस ऐन बमोजिम उपलब्ध गराउने सेवा, सुविधा प्रदान गर्न बाध्य हुने छैन ।

## परिच्छेद-३

## अपाङ्गता भएका व्यक्तिको अधिकार

७. प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउने : अपाङ्गता भएका व्यक्तिलाई यस ऐनद्वारा प्रदत्त अधिकारका अतिरिक्त अन्य व्यक्ति सरह समान आधारमा प्रचलित कानून बमोजिम प्रदत्त अधिकारको उपभोग गर्न पाउने अधिकार हुनेछ ।

८. भेदभाव विरुद्धको अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "अपाङ्गताको आधारमा भेदभाव" भन्नाले अन्य व्यक्ति सरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोग वा प्रयोगमा बाधा अवरोध सृजना गर्ने वा अपाङ्गताका आधारमा भिन्न गराउने,

---

* पहिलो संशोधनद्वारा संशोधित ।

बहिष्करण गर्ने वा रोक लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले उपयुक्त अनुकूलताको अस्वीकारको विभेदलाई समेत जनाउँछ ।

(२) कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना गर्दा, बैङ्क तथा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिँदा वा अन्य वित्तीय कारोबार गर्दा, कुनै रोजगारीका लागि छनौट गर्दा वा शुल्क लिई वा नलिई सार्वजनिक रूपमा उपलब्ध गराइएका कुनै पनि सेवा, सुविधा प्रदान गर्दा अपाङ्गताका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न पाइने छैन ।

(३) अपाङ्गता भएका व्यक्तिलाई निजको परिवारका कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएकै आधारमा पालन पोषण, खानपान, हेरचाह, सम्पत्ति बाँडफाँड वा अन्य कार्यमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै दस्तुर बुझाई वा नबुझाई सर्वसाधारण व्यक्तिले प्रयोग वा प्रवेश गर्न पाउने गरी खुला गरिएको कुनै भवन वा स्थानको प्रयोग वा प्रवेशमा अपाङ्गता भएको आधारमा कुनै व्यक्तिलाई निषेध गर्न वा थप शर्त वा दायित्व राख्न पाइने छैन ।

९. <u>सामुदायिक जीवनको अधिकार</u> : (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान रूपमा आफ्नो परिवार वा संरक्षकसँग वा आफूले छनौट गरेको बासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिने छैन ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्न तोकिए बमोजिम सहायक सामग्री तथा सामुदायिक सहायता सेवा पाउने अधिकार हुनेछ ।

१०. <u>संरक्षणको अधिकार</u> : (१) अपाङ्गता भएका व्यक्तिलाई परिवार, संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र संघर्ष, सङ्कटकाल वा विपद् परेको अवस्थामा प्राथमिकताका साथ सुरक्षा, उद्धार तथा संरक्षण पाउने अधिकार हुनेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई लैङ्गिक हिंसा लगायत सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहारबाट संरक्षण गर्नको लागि देहाय बमोजिमको व्यवस्था गर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्ति विरुद्ध भएका शोषण, हिंसा र दुर्व्यवहारजन्य, लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाको जानकारी लिने तथा अभिलेख राख्ने,

(ख) खण्ड (क) बमोजिमको शोषण, हिंसा तथा घटनाका विरुद्धमा यस ऐन तथा प्रचलित कानून बमोजिम प्रभावकारी कानूनी कारबाही गर्ने,

(ग) त्यस्ता घटनाबाट पीडितको तत्काल र प्रभावकारी रूपमा सुरक्षा, उद्धार, संरक्षण तथा पुन:स्थापना गर्ने,

(घ) त्यस्ता घटना हुन नदिनका लागि उपयुक्त व्यवस्था गर्ने,

(ङ) त्यस्ता घटनाका विरुद्धमा सामुदायिक स्तरमा सचेतना तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने ।

११. राजनीतिक सहभागिताको अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउनेछ ।

१२. नीति निर्माणमा सहभागिताको अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई असर पार्ने प्रकृतिका महत्त्वपूर्ण नीति निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्ति स्वयं वा निजसँग सम्बन्धित संघ, संस्था मार्फत सहभागी हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरेको विचारलाई सान्दर्भिकताको आधारमा उचित स्थान दिइनेछ ।

१३. संस्था खोल्ने अधिकार : अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम संघ वा संस्थाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न पाउने अधिकार हुनेछ ।

१४. सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक, नाटचशाला, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवा, कला, साहित्य, सङ्गीत लगायतका सांस्कृतिक कार्यक्रम वा सेवा र मनोरञ्जनमा पहुँचयुक्त ढाँचा र विधिमा सहभागी हुने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सिर्जनशील, कलात्मक, बौद्धिक, व्यावसायिक, पेशागत तथा आन्तरिक क्षमताको विकास र उपयोग गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा साङ्केतिक भाषा, बहिरा संस्कृति लगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने अधिकार हुनेछ ।

१५. सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय सञ्चार सेवा लगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरूमा सहज पहुँचको अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न नि:शुल्क कानूनी सहायताको अधिकार हुनेछ ।

१६. सामाजिक सुरक्षाको अधिकार : (१) तोकिएका अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारबाट तोकिए बमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिले कुनै पनि अवसरको प्राप्ति र उपभोग गर्दा निजले प्रयोग गर्ने सहायता सेवामा भएको अतिरिक्त व्ययभारको सोधभर्ना पाउने अधिकार हुनेछ ।

१७. सूचना तथा जानकारीको अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सञ्चारका माध्यमबाट अपाङ्गमैत्री तथा पहुँचयुक्तताको आधारमा सूचना तथा जानकारी पाउने अधिकार हुनेछ ।

(२) सार्वजनिक सञ्चारका विद्युतीय प्रसारण संस्थाले नेपाल सरकारले तोके बमोजिमको सङ्ख्यामा साङ्केतिक भाषामा समाचार तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई सर्वसाधारणको लागि लक्षित गरिएका सूचना थप शुल्क वा दस्तुर बिना पहुँचयुक्त ढाँचा र प्रविधिमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) टेलिफोन तथा इन्टरनेट लगायतका सञ्चार सेवा प्रदायकले आफूले प्रदान गर्ने सेवा नेपाल सरकारले तोकिदिएको अवधिभित्र अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त ढाँचा र प्रयोग गर्न मिल्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

१८. आवतजावतको अधिकार : अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आफ्नो सहायक सामग्री र आफूले रोजेको सहयोगीका साथ आवतजावत गर्ने अधिकार हुनेछ ।

## परिच्छेद-४

## अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकार

१९. अपाङ्गता भएका महिलाको अधिकार : (१) नेपाल सरकारले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न तथा उनीहरूको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ्य तथा प्रजनन् अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

२०. अपाङ्गता भएका बालबालिकाको अधिकार : (१) अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रबर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतित गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुन:स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र उनीहरूका धारणालाई उमेर र परिपक्वताको आधारमा उचित सम्मान दिइने छ ।

(४) अपाङ्गता भएका बालबालिकालाई निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घर परिवारबाट अलग गरिने छैन ।

(५) नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायतका विषयमा उपयुक्त व्यवस्था गर्नेछ ।

(६) अपाङ्गता भएका बालबालिकालाई तोकिए बमोजिमको विशेष संरक्षणको अधिकार हुनेछ ।

## परिच्छेद-५

## अपाङ्गता भएका व्यक्तिको शिक्षा

२१. नि:शुल्क शिक्षा उपलब्ध गराउने : (१) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा नेपाल सरकारबाट अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा नि:शुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराइने छ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा नि:शुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउने छ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुनै प्रकारको शुल्क लिन पाइने छैन ।

(४) अपाङ्गता भएका व्यक्तिलाई तोकिए बमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा नि:शुल्क रूपमा उपलब्ध गराइने छ ।

(५) शिक्षण संस्थाले आफ्नो संस्थाको अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीको वितरण र पहुँचमा अपाङ्गता भएका व्यक्तिलाई भेदभाव गर्नु हुँदैन ।

(६) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरूको आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौंतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) नेपाल सरकारले दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, श्रवण दृष्टिविहीन भएका अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक, लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिए बमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(८) नेपाल सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भीरता समेतका आधारमा तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधा सहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(९) अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त अनुकूलता प्रदान गरी व्यावसायिक तथा प्राविधिक शिक्षा, प्रौढ शिक्षा, व्यावहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाइनेछ ।

(१०) नेपाल सरकारले अपाङ्गताको वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपाङ्गता भएका विद्यार्थीको परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा छुट्टै व्यवस्था गर्नेछ ।

(११) शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको आवश्यकतालाई दृष्टिगत गरी अपाङ्गतामैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(१२) शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुने गरी मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय भवन तथा अन्य भौतिक संरचनाको निर्माण गर्नु पर्नेछ ।

(१३) निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले नेपाल सरकारले निर्धारण गरिदिए बमोजिमको सङ्ख्यामा अपाङ्गता भएका विद्यार्थीलाई नि:शुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

२२. <u>छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने</u> : (१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाई नि:शुल्क नगरिएको शिक्षाको लागि तोकिए बमोजिम शैक्षिक छात्रवृत्ति उपलब्ध गराउने छ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका विद्यालयको भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाको विकासको लागि तोकिए बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने छ ।

२३. अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने : (१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रबर्द्धन गर्नका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षक तथा अपाङ्गता भएका शिक्षकका लागि विशेष तालिमको व्यवस्था गर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाइमा पहुँच सुनिश्चित गर्नको लागि विद्यालयलाई तोकिए बमोजिमका शैक्षिक सामग्री नि:शुल्क उपलब्ध गराउने छ ।

## परिच्छेद-६

## सीप विकास तथा रोजगारी

२४. व्यावसायिक तालिम तथा स्वरोजगार : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी व्यावसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यावसायिक तालिम उपलब्ध गराउने छ ।

(२) नेपाल सरकारले विभिन्न पेशा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावका आधारमा तोकिए बमोजिम सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(३) कुनै प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरुद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुनै विषयमा भेदभाव गर्न पाइने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै रोजगारीका हकमा सो उपदफा बमोजिमको व्यवस्था लागू नहुने गरी छुट दिन सक्नेछ ।

(५) प्रतिष्ठानले अपाङ्गता भएका कामदार वा कर्मचारीका लागि सहज ढङ्गले काम गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) कसैले पनि अपाङ्गता भएका कारणले मात्र कुनै व्यक्तिलाई बढुवाको अवसरबाट बञ्चित गर्न वा बढुवा गर्न इन्कार गर्न पाउने छैन ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रोजगारी दिने निकाय तथा संस्थाले रोजगारीका सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाई रोजगारीबाट हटाउने वा पदबाट घटुवा गर्न पाइने छैन ।

(८) उपदफा (७) बमोजिमको अपाङ्गता भएको कर्मचारीको सन्दर्भमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) त्यस्तो कामदार वा कर्मचारी आफूले गरी आएको पदको काम सम्पादन गर्न नसक्ने गरी अपाङ्गता भएको अवस्थामा निजलाई समान तलब, सुविधा भएको अर्को पदमा काम गर्ने गरी तोक्ने,

(ख) त्यस्तो कामदार वा कर्मचारीलाई अर्को पदमा काम गर्ने गरी तोक्न सम्भव नभएमा निजलाई मिल्ने अर्को पद सृजना गर्न वा निज अवकाश नभए सम्मका लागि अतिरिक्त पद कायम गरी राख्ने ।

२५. अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने : (१) नेपाल सरकारले कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म कुनै खास सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका प्रतिष्ठानले अपाङ्गता भएका व्यक्तिलाई तोकिएको प्राथमिकताको आधारमा नियुक्ति गर्नु पर्नेछ ।

२६. अभिलेख राख्नु पर्ने : (१) प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिको सङ्ख्या, निजलाई उपलब्ध गराइएको सुविधा तथा तोकिए बमोजिम अन्य विवरण समेतको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेख प्रतिष्ठानले कार्यालय समयभित्र निरीक्षण गर्न चाहनेका लागि निरीक्षण गर्न खुला राख्नु पर्नेछ ।

२७. व्यवस्थापक समक्ष उजुरी दिन सक्ने : (१) कुनै प्रतिष्ठानले दफा २४ को उपदफा (३), (४), (५) वा (६) को व्यवस्था पालन नगरेको कारणबाट कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्तो व्यक्तिले व्यवस्थापक समक्ष उजुरी दिन सक्नेछ ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनका लागि "व्यवस्थापक" भन्नाले प्रतिष्ठानको काम कारबाहीमा अन्तिम निर्णय गर्न पाउने अधिकारी सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा व्यवस्थापकले पन्ध्र दिनभित्र त्यस्तो उजुरी उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ र त्यसरी जाँचबुझ गर्दा उजुरीको व्यहोरा मनासिब देखिएमा आवश्यक सुधार गर्न वा त्रुटी सच्याउनु पर्नेछ ।

## परिच्छेद-७

## स्वास्थ्य, पुन:स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

२८. नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने : (१) नेपाल सरकारले तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको

उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "अस्पताल" भन्नाले स्वास्थ्य केन्द्रलाई समेत जनाउँछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका कारणले खानुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर तोकिएका आधारमा नि:शुल्क उपलब्ध गराउने छ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्योपचारको लागि अस्पतालसम्म पहुँचका लागि रहेका अवरोधहरू हटाउन आवश्यक व्यवस्था गर्नेछ ।

(४) अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शैयाभन्दा बढी शैया भएका अस्पतालमा कम्तीमा दुई शैया अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नु पर्नेछ ।

(६) नेपाल सरकारले निरोध वा निवारण हुन सक्ने अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारक तत्वहरू पत्ता लगाई त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ ।

(७) नेपाल सरकारले अपाङ्गताबाट सृजना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि नजिकको अस्पतालबाट उपचार प्रदान गर्न आवश्यक व्यवस्था गर्नेछ ।

२९. पुन:स्थापना सम्बन्धी व्यवस्था : (१) नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुन:स्थापना गर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "पुन:स्थापना" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा, जीवनोपयोगी सीपमूलक तथा व्यावसायिक तालिम, सहायक सामग्री, औषधि उपचार, नियमित परामर्श सेवा, शैक्षिक तथा आर्थिक कार्यक्रम सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिलाई बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रमलाई समेत जनाउँछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुन:स्थापना गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुन:स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

(३) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यका लागि पुन:स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(४) पुन:स्थापना केन्द्रलाई नेपाल सरकारले तोकिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(५) पुन:स्थापना केन्द्रमा हुनु पर्ने भौतिक तथा अन्य पूर्वाधार, व्यवस्थापन र सञ्चालन सम्बन्धी मापदण्ड तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. पुन:स्थापना कोष : (१) दफा २९ को उपदफा (२) बमोजिम स्थापना भएका पुन:स्थापना केन्द्र सञ्चालन गर्नका लागि नेपाल सरकारले एक पुन:स्थापना कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

📖(क१) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) स्थानीय तहबाट प्राप्त रकम,

(ङ) ✱दफा ५५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) पुन:स्थापना कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. अनुसन्धान गर्ने गराउने : नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र सेवा सुविधामा पहुँच अभिवृद्धि गर्न तथा अपाङ्गमैत्री सेवा, सुविधा र प्रविधिको विकासको लागि आवश्यक अनुसन्धान गर्नु, गराउनु पर्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

३२. सामाजिक सुरक्षा : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा नि:शुल्क रूपमा देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ :-

(क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

(ख) असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,

(ग) जीवन बीमा, स्वास्थ्य बीमा र दुर्घटना बीमा गराउन,

(घ) औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

(ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

(च) तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,

(छ) अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "सर्वमान्य ढाँचा (युनिभर्सल डिजायन)" भन्नाले सबैले अधिकतम हदसम्म प्रयोग गर्न सक्ने उत्पादन, भौतिक संरचना, कार्यक्रम र सेवाको ढाँचा सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिका निश्चित वर्गका लागि प्रयोग गरिने सहायक उपकरणलाई समेत जनाउँछ ।

(ज) तोकिए बमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराउन ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा अपाङ्गताको विविधता, लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक अवस्था जस्ता विषयलाई आधार बनाइनेछ ।

३३. सांस्कृतिक अधिकार तथा मनोरञ्जन : नेपाल सरकार तथा स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न तथा निजलाई मनोरञ्जन सम्बन्धी क्रियाकलापमा अन्य व्यक्ति सरह सहभागी हुने अवसरको सिर्जनाका लागि देहायको व्यवस्था गर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, कला, प्रतिभा तथा साहित्यप्रतिको रुचीको सम्मान र विकासका लागि आवश्यक छात्रवृत्ति, सुविधा तथा सहयोग उपलब्ध गराउने,

(ख) सेवा सुविधा तथा पूर्वाधारलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघसंस्थालाई सहयोग गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहन गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

३४. खेलकुदमा सहभागी गराउने : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आवश्यकता अनुसार विशेष व्यवस्था गरी खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउनका लागि आवश्यक व्यवस्था गर्नेछ ।

(२) खेलकुदको विकास तथा प्रतियोगिता आयोजना गर्ने संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुद सम्बन्धी प्रतियोगितामा संलग्न गराई खेलकुदको विकास तथा प्रबर्द्धन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा सहभागी गराउन देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् :-

(क) अपाङ्गता भएका व्यक्तिको पहुँच र समावेशी सहभागिता रहने गरी खेलकुदका पाठ्यक्रम तथा कार्यक्रमको पुनरावलोकन गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिको पहुँच र सुविधा हुने गरी खेलकुद मैदान तथा भौतिक पूर्वाधारको पुनः डिजाइन गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको खेलकुदप्रतिको प्रतिभा तथा क्षमतालाई उजागार गर्न आवश्यक प्रविधिको विकास तथा प्रयोग गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई समावेश गरी खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ङ) खेलकुदसँग सम्बन्धित अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका संयन्त्रमा अपाङ्गता भएका व्यक्तिलाई प्रभावकारी रूपमा प्रतिनिधित्व गराउने,

(च) विद्यालयस्तरमा सञ्चालन गरिने खेलकुद तथा अतिरिक्त क्रियाकलापमा अन्य बालबालिका सरह अपाङ्गता भएका

बालबालिकालाई सहभागी गराउने तथा उनीहरूलाई अपाङ्गताको प्रकृतिका आधारमा विकास गरिएको खेलकुदमा सहभागी गराउन उपयुक्त प्रशिक्षण, तालिम, प्रतियोगिता र सोका लागि स्रोतको व्यवस्था गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

३५. मानसिक वा मनोसामाजिक (साइको-सोसियल) अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा, सुविधा : (१) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारको कुनै सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउने व्यवस्था मिलाउनेछ ।

(२) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधि र परामर्श सेवा नि:शुल्क उपलब्ध गराउनेछ ।

(३) नेपाल सरकारले घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुर्नस्थापना गर्ने वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था मिलाउनेछ ।

३६. कारागारमा राख्न नहुने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानसिक वा मनोसामाजिक अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार वा संरक्षणको नाममा कारागारमा राखिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी कसूरमा कारबाही चलिरहेका वा सजाय पाएका अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम कारागारमा राख्न बाधा पर्ने छैन ।

## परिच्छेद-८

## अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा

३७. सहुलियत र सुविधा : (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) सवारी साधनको धनी वा सञ्चालकले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाईजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र,

पाटपूर्जा तथा कच्चा पदार्थमा प्रचलित कानून बमोजिम भन्सार, अन्त:शुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक रूपमा छुट दिन सक्नेछ ।

(४) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रूपमा फेरबदल वा पार्टपूर्जा जडान गर्दा भएको खर्चमा तोकिए बमोजिम कर छुट दिन सक्नेछ ।

(५) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क शिक्षा दिने संस्थागत विद्यालयलाई सो बापतको रकम करमा छुट दिन सक्नेछ ।

(६) नेपाल सरकारले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिका छोरा छोरीहरूलाई तोकिए बमोजिम नि:शुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

(७) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा ऋण दिलाउने व्यवस्था गर्न सक्नेछ ।

(८) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएको भन्दा बढी सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानून बमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

## परिच्छेद-९

## निर्देशन समिति तथा समन्वय समिति

३८. निर्देशन समिति : (१) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रबर्द्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एक अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहनेछ ।

(२) निर्देशन समितिको गठन देहाय बमोजिम हुनेछ :-

*(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - अध्यक्ष

---

* पहिलो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| 📖(क१) | खण्ड (द) बमोजिमका सदस्यहरू मध्येबाट निर्देशन समितिले मनोनयन गरेको सदस्य | - उपाध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (सामाजिक सेवा हेर्ने) | - सदस्य |
| (ग) | नेपाल सरकारका मुख्य सचिव | - सदस्य |
| *(घ) | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (च) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| *(ज) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | - सदस्य |
| *(ञ) | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - सदस्य |
| *(ट) | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (ठ) | सचिव, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | - सदस्य |
| (ड) | सदस्य-सचिव, समाज कल्याण परिषद् | - सदस्य |
| (ढ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | - सदस्य |
| (ण) | अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | सदस्य |
| (त) | राष्ट्रिय संयोजक, समुदायमा आधारित पुनर्स्थापना सञ्जाल | - सदस्य |
| (थ) | अपाङ्गता सम्बन्धी विषयका विज्ञहरूमध्येबाट एक जना महिला सहित दुई जना | - सदस्य |
| *(द) | अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रियस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूमध्ये फरक-फरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व | |

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| | हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँच जना महिला सहित दश जना | - सदस्य |
| 🕮(द१) | राष्ट्रियस्तरमा महत्त्वपूर्ण योगदान पुऱ्याएका अपाङ्गता भएका व्यक्तिहरूमध्येबाट दुई जना | - सदस्य |
| (ध) | अपाङ्गतासँग सम्बन्धित सेवाप्रदायक संस्थाहरूमध्येबाट एक जना महिला सहित दुई जना | - सदस्य |
| (न) | मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख | - सदस्य-सचिव |

✱(३) उपदफा (२) को खण्ड (थ), (द), (द१) र (ध) बमोजिमका सदस्यहरूको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरू तथा खण्ड (क१) बमोजिम मनोनीत उपाध्यक्षको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले त्यस्ता सदस्यलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) निर्देशन समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

३९. निर्देशन समितिको काम, कर्तव्य र अधिकार : निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अपाङ्गता सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र अवसरको उपभोग, संरक्षण र प्रबर्द्धन गरी अपाङ्गता भएका व्यक्तिलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने, गराउने,

(घ) अपाङ्गता सम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने,

---

🕮 पहिलो संशोधनद्वारा थप ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) अपाङ्गता सम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नु पर्ने भएमा नेपाल सरकारलाई सुझाव दिने,

(च) अपाङ्गता भएका व्यक्तिको सेवा सुविधाको लागि प्रयोग हुने उपकरण वा वस्तुको नवीनतम प्रविधिको अनुसन्धान गराई थप सुधार तथा विकास गर्न तथा यस क्षेत्रमा त्यस्ता उपकरणको उपलब्धता र प्रयोगलाई प्रबर्द्धन गर्ने, गराउने,

(छ) अपाङ्गता भएका व्यक्तिको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने, गराउने,

(ज) अपाङ्गता हुन सक्ने अवस्था, त्यसको रोकथामका लागि अपनाउनु पर्ने सजगता तथा अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मानका लागि गर्नु पर्ने व्यवहार र सहयोगको बारेमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(झ) बहिरा तथा श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिका लागि दोभाषेको सेवा उपलब्ध गराउने, नेपाली साङ्केतिक भाषाको अनुसन्धान, विकास र प्रवर्द्धन गर्ने तथा त्यसका लागि आवश्यक शब्दकोश र स्पर्श सञ्चारको विकास गर्ने, गराउने,

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "दोभाषे" भन्नाले बहिरा वा सुस्तश्रवण व्यक्तिको सञ्चारमा सहजीकरण गर्ने साङ्केतिक भाषा अनुवादक, सुस्त श्रवण भएका व्यक्तिका लागि क्याप्सनर वा श्रवण दृष्टिविहीन व्यक्तिका लागि सञ्चारमा सहजीकरण गर्ने स्पर्श सञ्चार अनुवादक सम्झनु पर्छ ।

(ञ) भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त तुल्याउन आवश्यक नीति स्वीकृति गर्ने,

(ट) अस्पताल, खेल मैदान, सडक, सार्वजनिक तथा सरकारी स्थानीय तह, सार्वजनिक यातायातका साधन, सडक, शौचालय, बसपार्क, पार्क लगायतका सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचलाई सहज तुल्याउन समयावधि निर्धारण गरी आवश्यक कार्यक्रम बनाई लागू गर्ने,

(ठ) अपाङ्गता भएका व्यक्तिहरूको हकहित, प्रबर्द्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने,

(ड) अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने,

(ढ) अपाङ्गता सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने, गराउने,

(ण) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्न सम्बन्धित निकायका कार्यक्रममा उपयुक्त व्यवस्था समावेश गर्न लगाउने,

(त) अपाङ्गता भएका व्यक्तिको हक, हित वा अधिकार विपरीत कुनै काम कारबाही कसैद्वारा भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(थ) अपाङ्गताका सम्बन्धमा नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेको प्रतिबद्धता कार्यान्वयन गर्न उपयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

४०. बैठक सम्बन्धी कार्यविधि : (१) निर्देशन समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) निर्देशन समितिको बैठक अध्यक्षले 🕮र निजको अनुपस्थितिमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्देशन समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) निर्देशन समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) निर्देशन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले 🕮र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) निर्देशन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) निर्देशन समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) निर्देशन समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

---

🕮 पहिलो संशोधनद्वारा थप ।

(९) निर्देशन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

४१. प्रदेश स्तरमा समिति गठन गर्न सक्ने : (१) प्रदेश सरकारले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्न समेतको लागि सम्बन्धित विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेशस्तरको समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

४२. समन्वय समिति सम्बन्धी व्यवस्था : (१) अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षण सम्बन्धी विषयमा समन्वय गर्ने काम समेतको लागि प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानीय समन्वय समिति रहनेछ ।

(२) समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख - संयोजक

(ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको महिला सदस्य - सदस्य

(ग) गाउँपालिका र नगरपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा स्रोत व्यक्तिमध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको व्यक्ति - सदस्य

(घ) गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक - सदस्य

(ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख - सदस्य

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरूमध्येबाट गाउँ

कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले मनोनयन गरेको संस्थाको प्रतिनिधि - सदस्य

(छ) गाउँपालिका र नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरूमध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सहित तीन जना - सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख - सदस्य

(झ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्मचारी - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा समन्वय समितिले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

४३. समन्वय समितिको काम, कर्तव्य र अधिकार : समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अपाङ्गता भएका व्यक्तिको हक, हित तथा संरक्षणको विषयमा स्थानीय स्तरमा काम गर्ने विभिन्न निकाय, संघ वा संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो काम सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने,

(ख) अपाङ्गताको वर्गीकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको निवेदन उपर जाँचबुझ गरी परिचयपत्र प्रदान गर्न स्थानीय तहलाई सिफारिस गर्ने,

(ग) स्थानीय तहभित्र अस्पताल, विद्यालय लगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँच सहज गराउन अपाङ्गता मैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने,

(घ) स्थानीय तहभित्र रहेका अपाङ्गता भएका व्यक्तिको अभिलेख सङ्कलन तथा अद्यावधिक गर्न लगाउने,

(ङ) अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा स्थानीय तहमा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

४४. समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समन्वय समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समन्वय समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(५) समन्वय समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूहरूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समन्वय समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समन्वय समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व

४५. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व : (१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

(२) राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रूपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

(३) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुन सक्नेसम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(४) अपाङ्गता भएका व्यक्तिले बिना भेदभाव अन्य व्यक्ति सरह समानरुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि नेपाल सरकारले तोकिए बमोजिमका उपायहरूको अवलम्बन गर्नेछ ।

४६. शिक्षण संस्थाको दायित्व : अपाङ्गता भएका व्यक्तिलाई यस ऐनमा उल्लेख गरिएका शिक्षा सम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

४७. परिवारका सदस्य तथा संरक्षकको दायित्व : (१) परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्था बमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालन पोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनु पर्नेछ ।

(२) अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि नजिकको अस्पताल वा नेपाल सरकारले तोकिदिएको स्वास्थ्य संस्थामा पुऱ्याउनु पर्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न पाइने छैन ।

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी स्वयं हेरचाह र स्याहार सुसार सम्बन्धी तालिम तथा अन्य आवश्यक सेवा सहायता उपलब्ध गराउन सक्नेछ ।

४८. चिकित्सकको दायित्व : (१) चिकित्सकले आफू समक्ष उपचारका लागि आएको कुनै व्यक्तिमा अपाङ्गता हुने जोखिम छ भन्ने लागेमा त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई गराई सोतर्फ समेत उचित ध्यान दिई उपचार गर्नु पर्नेछ ।

(२) चिकित्सकले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिई अपाङ्गतामैत्री वातावरणमा उपचार गर्नु पर्नेछ र कुनै कारणवश आफूले उपचार गराउन नसक्ने भएमा उपचार हुनसक्ने ठाउँमा सिफारिस गर्नु पर्नेछ ।

४९. अपाङ्गता भएका व्यक्तिप्रतिको सामाजिक उत्तरदायित्व : (१) प्रतिष्ठान तथा शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरूको संवर्द्धन र प्रवर्द्धनका लागि आफ्नो आयबाट तोकिए बमोजिमको रकम सामाजिक उत्तरदायित्व अन्तर्गत छुटचाउनु पर्नेछ ।

(२) नेपालमा कार्यरत विकासका साझेदार (डेभलपमेण्ट पार्टनर) ले नेपालको विकास कार्यक्रममा खर्च गर्ने कुल रकममध्येबाट अर्थ मन्त्रालयले निर्धारण गरिदिए बमोजिमको रकम अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण तथा यस ऐन बमोजिमको पुनर्स्थापना सम्बन्धी कार्यका लागि खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम तोकिए बमोजिम उपयोग गरिनेछ ।

(४) सवारी साधनका धनी वा सञ्चालकले बस, रेल, हवाईजहाज समेतका सार्वजनिक यातायातका साधनमा अपाङ्गता भएका व्यक्तिका लागि तोकिए बमोजिमको सङ्ख्यामा सिट सुरक्षित राख्नु पर्नेछ ।

५०. वर्गीकरणका आधारमा सेवा, सुविधामा प्राथमिकता दिन सकिने : अपाङ्गता भएका व्यक्तिलाई राज्यको तर्फबाट कुनै सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउँदा अपाङ्गताको मात्रा, गाम्भीर्यता तथा निजको आर्थिक अवस्थाका आधारमा प्राथमिकता दिइने छ ।

## परिच्छेद-११

## अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन

५१. अधिकारको प्रचलन गराउन निवेदन दिन सक्ने : (१) कसैले यस ऐनमा उल्लेख भएका अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगरेमा अपाङ्गता भएका व्यक्ति स्वयंले वा निजको परिवारका कुनै सदस्य वा संरक्षकले सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले सात दिनभित्र सम्बन्धित व्यक्ति वा निकाय बुझी सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेको पाइएमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन गराउन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिनेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति

प्रतिको दायित्व पूरा नगराएको देखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित निकाय वा संस्थामा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउँदा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको परिवारका सदस्य वा संरक्षकलाई आवश्यक सुझाव दिन, सचेत गराउन वा आदेश दिन सक्नेछ ।

(७) उपदफा (३) वा (६) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको आदेश उपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५२. अधिकार प्रचलन गराउन जिल्ला अदालतमा निवेदन दिन सक्ने : (१) दफा ५१ मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्ति, निजका परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन वा निज प्रतिको दायित्व पूरा गराउन अपाङ्गता भएका व्यक्ति रहे बसेको जिल्लाको जिल्ला अदालत समक्ष सोझै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा जिल्ला अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने सम्बन्धमा सम्बन्धित व्यक्ति वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा परिवारको कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेको वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा अदालतले त्यस्तो परिवारको सदस्य वा संरक्षकलाई अपाङ्गता भएका व्यक्तिको अधिकार र निज प्रतिको दायित्वको विषयमा आवश्यक जानकारी गराई अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन नगर्न वा निज प्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा जिल्ला अदालतले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा दफा ५५ बमोजिम सजाय गर्न र निजबाट मनासिब क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ ।

## परिच्छेद-१२

## कसूर र सजाय

५३. घृणा, हेला वा तिरस्कार गर्न नहुने : कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्न, जानीजानी निजको आत्मसम्मानमा चोट पुऱ्याउने कुनै कार्य गर्न वा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीको प्रयोगमा अवरोध वा हस्तक्षेप गर्न वा त्यस्तो सामग्री खोस्न वा बिगार्न हुँदैन ।

५४. भिक्षा माग्न लगाउन नहुने : कसैले अपाङ्गता भएका व्यक्तिलाई भिक्षा माग्न लगाउन हुँदैन ।

५५. सजाय : (१) कसैले दफा ५ को उपदफा (१) विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ५३ विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई तीन महिनादेखि नौ महिनासम्म कैद वा तीस हजार रुपैयाँदेखि नब्बे हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) कसैले दफा ५४ विपरीत कुनै काम गरेमा भिक्षा माग्न वा माग्न लगाउनेलाई प्रचलित कानून बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कसूर गर्न दुरुत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(५) उपदफा (२) र (४) बमोजिमको सजाय पाएको व्यक्तिले पुन: त्यस्तो कार्य गरेमा सो उपदफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय समेत हुनेछ ।

(६) कुनै व्यक्तिले यस ऐन बमोजिम प्रदत्त अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेमा वा निज प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(७) माथि उपदफाहरूमा लेखिएदेखि बाहेक यस ऐन विपरीत काम गर्ने व्यक्ति वा कुनै संस्था वा निकायका प्रमुखलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

५६. हदम्याद : दफा ५५ बमोजिम सजाय हुने विषयमा सो काम भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ ।

५७. नेपाल सरकार वादी हुने : दफा ५५ को उपदफा (१), (२), (३), (४) र (५) अन्तर्गतको सजाय हुने मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा ♠मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

परिच्छेद-१३

विविध

✱५८. संरक्षण अधिकृत : स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्ने काम समेतका लागि एक जना कर्मचारीलाई संरक्षण अधिकृत तोक्न सक्नेछ ।

५९. घुम्ती सेवा सञ्चालन गर्न सक्ने : अपाङ्गता भएका व्यक्तिलाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सेवा सुविधा ⏭........... सहज रूपमा उपलब्ध गराउनका लागि मन्त्रालयले तोकिए बमोजिम घुम्ती सेवा सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

६०. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६१. कार्यविधि तथा निर्देशिका बनाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्न मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६२. अनुसूचीमा हेरफेर गर्न सक्ने : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

६३. खारेजी र बचाउ : (१) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ खारेज गरिएको छ ।

(२) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

---

♠ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

द्रष्टव्य : (१) केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरू :-

"सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" ।

(२) पहिलो संशोधनद्वारा रुपान्तर भएका शब्दहरू :-

"कार्यालय" भन्ने शब्दको सट्टा "स्थानीय तह" ।

## अनुसूची

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

अपाङ्गताको वर्गीकरण

(क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्ति :-

१. शारीरिक अपाङ्गता : स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तै: बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफीट पैंताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।

२. दृष्टि सम्बन्धी अपाङ्गता : दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,

(क) दृष्टि विहीनता : औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) न्यून दृष्टियुक्त : औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहीन : पूर्ण रूपमा उज्यालो वा अँध्यारो छुटयाउन नसक्ने व्यक्ति ।

३. सुनाइ सम्बन्धी अपाङ्गता : सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुटयाउन नसक्ने,

(क) बहिरा : असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नु पर्ने व्यक्ति ।

(ख) सुस्तश्रवण : सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठीदेखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

४. श्रवण दृष्टिविहीन अपाङ्गता: सुनाइ सम्बन्धी र दृष्टि सम्बन्धी दुवै अपाङ्गता भएको वा दुई वटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. स्वर र बोलाइ सम्बन्धी अपाङ्गता : स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोऱ्याउने व्यक्ति ।

६. मानसिक वा मनोसामाजिक अपाङ्गता : मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

७. बौद्धिक अपाङ्गता : उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो : डाउन्स सिन्ड्रोम समेत)

८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता : अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

९. अटिज्म सम्बन्धी अपाङ्गता : जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो : सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)

१०. बहुअपाङ्गता : एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै: मस्तिष्क पक्षघात आदि)

(ख) <u>अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण</u> :

(१) पूर्ण अशक्त अपाङ्गता : आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रूपमा अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

(२) अति अशक्त अपाङ्गता : वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरूको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

(३) मध्यम अपाङ्गता : भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

(४) सामान्य अपाङ्गता : सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

स्पष्टीकरण :

१. "शारीरिक अङ्गहरूको बनौट र कार्य" भन्नाले शरीर सञ्चालन सम्बन्धी, दृष्टि सम्बन्धी, स्वर र सुनाइ सम्बन्धी, मानसिक, मांसपेशी र स्नायु सम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्यलाई जनाउँछ ।

२. "नियमित दिनचर्याका कार्यहरू र सामाजिक जीवन क्षेत्रमा सहभागिता" भन्नाले व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर, स्वयं हेरचाह, घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरू र सहभागितालाई जनाउँछ ।

३. "विद्यमान सामाजिक एवं भौतिक वातावरणबाट सिर्जित अवरोध" भन्नाले मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानव निर्मित वातावरण, धारणागत, सेवाप्रणाली र नीतिहरूबाट सिर्जना भएको अवरोधलाई जनाउँछ ।

४. सहभागिता, सुविधा तथा प्रतिनिधित्व समेतका लागि बौद्धिक अपाङ्गता र पूर्णअशक्तता भएका अपाङ्ग व्यक्तिहरूका हकमा आमा, बाबु वा प्रत्यक्षरूपमा पालनपोषणमा संलग्न व्यक्तिलाई परिवारका सदस्य वा सरोकारवाला मानिनेछ ।

# भाषा आयोग ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७४।०६।३०

संवत् २०७४ सालको ऐन नं. ४०

भाषा आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : भाषा आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "भाषा आयोग ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २८७ बमोजिम गठित भाषा आयोग सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद-२

आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधि

३. आयोगको काम, कर्तव्य र अधिकार : संविधानको धारा २८७ को उपधारा (६) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालमा बोलिने मातृभाषाको पहिचान गर्ने,

(ख) नेपालमा बोलिने मातृभाषाको संरक्षण, सम्वर्द्धन र विकासका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारले अपनाउनु पर्ने नीतिगत वा संस्थागत उपायहरूको बारेमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(ग) नेपालमा बोलिने मातृभाषा तथा लिपिको संरक्षण, संवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(घ) नेपालमा बोलिने मातृभाषा र तिनको इतिहासको अध्ययन, अनुसन्धान गरी प्रकाशन गर्ने,

(ङ) विभिन्न समुदायको मातृभाषा तथा लिपि संरक्षण, संवर्द्धन र विकास गर्न त्यस्तो भाषाको पुस्तक प्रकाशन गर्ने तथा त्यस्तो पुस्तक प्रकाशन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(च) नेपालमा बोलिने मातृभाषाको प्रयोगलाई प्रविधिमैत्री बनाउन अध्ययन अनुसन्धान गरी उपयुक्त उपाय अवलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(छ) राष्ट्र भाषाका भाषा विज्ञको सूची तयार गर्ने ।

४. राय परामर्श लिन सक्ने : आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ ।

५. विशेषज्ञको सेवा लिन सक्ने : आयोगले यो ऐन र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ ।

६. समिति वा कार्यदल गठन गर्न सक्ने : (१) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यावधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति वा कार्यदलको काम वा कार्यक्षेत्रगत शर्त त्यस्तो समिति वा कार्यदल गठन गर्दाका बखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

७. समन्वय तथा सहकार्य गर्न सक्ने : आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-३

## अध्यक्ष तथा सदस्यको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सुविधा

८. अध्यक्षको काम, कर्तव्य र अधिकार : (१) अध्यक्ष आयोगको प्रमुख पदाधिकारी हुनेछ। निजको सामान्य निर्देशन र सुपरिवेक्षणमा आयोगको सम्पूर्ण काम कारबाही सञ्चालन हुनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको काम कारबाहीमा समन्वय गर्ने,

(ख) आयोगले सम्पादन गर्नु पर्ने काममा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ग) आयोगको आर्थिक प्रशासन, मानवस्रोत व्यवस्थापन र कार्यालय व्यवस्थापनको सामान्य रेखदेख र सुपरिवेक्षण गर्ने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने।

९. पारिश्रमिक तथा सुविधा : (१) अध्यक्ष र सदस्यको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकेको पारिश्रमिक अध्यक्ष र सदस्य आफनो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी परिवर्तन गरिने छैन।

(३) नेपाल सरकारबाट निवृत्तभरण पाइरहेको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्त भएमा निजले सो पदमा बहाल रहेसम्म निवृत्तभरण वा हालको पदमा पाउने पारिश्रमिकमध्ये एउटा मात्र लिन पाउने छ।

## परिच्छेद-४

## आयोगको कार्य सञ्चालन

१०. आयोगको कार्यालय : आयोगको कार्य सञ्चालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहनेछ।

११. आयोगको बैठक : (१) आयोगले यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ।

(२) आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) आयोगको सचिवले आयोगको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा साधारणतया अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) कुनै सदस्यले उपदफा (३) बमोजिम बैठकमा छलफल हुने विषयसूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै आयोगको सचिवलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त हुनासाथ आयोगको सचिवले त्यसको जानकारी सबै सदस्यलाई दिनेछ र सो विषय आयोगको बैठकको कार्यसूचीमा परेको मानिने छ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको बैठकमा उपस्थित सबै सदस्यको सहमतिले विषयसूचीमा नपरेको विषयमा पनि छलफल गरी निर्णय गर्न सकिने छ ।

(६) आयोगमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(७) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(८) आयोगको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(९) आयोगको निर्णयको अभिलेख आयोगको सचिवले तयार गरी अध्यक्ष तथा सदस्यको दस्तखत गराई राख्नेछ ।

(१०) आयोगको वरिष्ठतम कर्मचारीले आयोगको बैठकमा सचिवको रूपमा कार्य गर्नेछ ।

(११) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. स्वार्थ बाझिएमा निर्णय प्रक्रियामा भाग लिन नहुने : आयोगमा विचाराधीन कुनै विषयमा आयोगको कुनै सदस्यको हित, सरोकार वा स्वार्थ रहेको वा निजको नजिकको नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो सदस्यले आयोगलाई त्यस्तो कुराको पूर्वजानकारी दिनु पर्नेछ र त्यस्तो विषयमा आयोगबाट गरिने निर्णय प्रक्रियामा भाग लिन सक्ने छैन ।

१३. कार्य विभाजन : अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले तोके बमोजिम हुनेछ ।

१४. कार्यबाहक भई काम गर्ने : कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा, निज निलम्बनमा परेमा, विदेश भ्रमणमा गएकोमा वा सात दिनभन्दा बढी समयसम्म

बिदामा रहेकोमा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कार्यबाहक अध्यक्ष भई काम गर्नेछ ।

१५. आयोगको काम कारबाहीमा बाधा नपर्ने : कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र आयोगको काम कारबाहीमा बाधा पर्ने छैन ।

## परिच्छेद-५

## विविध

१६. आयोगको सङ्गठनात्मक संरचना र कर्मचारी : (१) आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) आयोगको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने छ ।

१७. शपथ : यो ऐन प्रारम्भ भएपछि नियुक्ति भएका सदस्यले अनुसूची बमोजिम प्रधान न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ ।

१८. पदीय मर्यादा पालना गर्नु पर्ने : अध्यक्ष र सदस्यले प्रचलित कानून बमोजिमको पदीय आचरण र देहाय बमोजिमको पदीय मर्यादाको पालना गर्नु पर्नेछ :-

(क) स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्ने,

(ख) विभिन्न जातजाति, समुदाय तथा सम्प्रदाय बीचको सम्बन्धमा खलल पर्ने कुनै काम नगर्ने ।

१९. काम कारबाहीमा सहयोग गर्नु पर्ने : आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै निकाय वा पदाधिकारीको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु त्यस्तो निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ ।

२०. सहयोगको लागि लेखी पठाउन सक्ने : कुनै निकाय वा पदाधिकारीले आयोगलाई आवश्यक सहयोग उपलब्ध नगराएमा आयोगले सहयोगको लागि त्यस्तो निकाय वा अधिकारीको तालुक निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ ।

२१. वार्षिक प्रतिवेदन : (१) आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा अन्य विषयको अतिरिक्त देहायका विषय समेत समावेश गर्नु पर्नेछ :-

(क) आयोगको वार्षिक कार्यक्रमको कार्यान्वयनको विवरण तथा लागत खर्च,

(ख) आयोगले नेपाल सरकार वा अन्य कुनै निकायलाई दिएको सिफारिस तथा सुझावको विवरण,

(ग) खण्ड (ख) बमोजिमको सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था,

(घ) आयोगको आर्थिक तथा भौतिक स्रोत साधन तथा त्यसको उपयोगको अवस्था,

(ङ) यस ऐन बमोजिम आयोगले पूरा गर्नु पर्ने दायित्व निर्वाहका सम्बन्धमा गरिएको अन्य काम कारबाहीको विवरण ।

२२. नेपाल सरकारसँग सम्पर्क : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२३. अधिकार प्रत्यायोजन : आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी अध्यक्ष, सदस्य, नेपाल सरकार, प्रदेश सरकार, कुनै निकाय वा स्थानीय सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. नियम बनाउने अधिकार : (१) यो ऐन कार्यान्वयन गर्नको लागि आयोगले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाउने नियममा नेपाल सरकारलाई आर्थिक भार वा दायित्व पर्ने विषय समावेश भएमा आयोगले अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले बनाएको नियम नेपाल राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२५. निर्देशिका बनाउने अधिकार : आयोगले सम्पादन गर्नु पर्ने काम सुचारू रूपले सञ्चालन गर्न वा गराउनको लागि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

## अनुसूची

(दफा १७ सँग सम्बन्धित)

<u>शपथ</u>

म ………. (शपथ लिने व्यक्तिको नाम) ………. मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु । ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही ……. ……. …… …… पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा वहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

नाम :

दस्तखत :

# बालबालिका सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।६।२

संशोधन गर्ने ऐन
मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५

लालमोहर र प्रकाशन मिति
२०७६।१।२

संवत् २०७५ सालको ऐन नम्बर २३

बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बालबालिका सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले कसूरजन्य कार्यको अनुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ ।

(ग) "कसूरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्छ ।

(घ) "कानूनको विवादमा परेका बालबालिका" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्झनु पर्छ र सो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकाहरूलाई समेत जनाउँछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "दिशान्तर" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दफा २९ मा उल्लिखित कुनै प्रक्रिया अवलम्बन गरी औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजाने कार्य सम्झनु पर्छ ।

(छ) "निगरानी कक्ष" भन्नाले दफा २२ बमोजिम स्थापना भएको निगरानी कक्ष सम्झनु पर्छ ।

(ज) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

(झ) "परिषद्" भन्नाले दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(ञ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ट) "बालबालिका विरूद्धको हिंसा" भन्नाले दफा ६६ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ठ) "बाल अदालत" भन्नाले दफा ३० को उपदफा (१) बमोजिम गठन भएको बाल अदालत सम्झनु पर्छ र सो शब्दले सोही दफाको उपदफा (३) बमोजिमको बाल इजलासलाई समेत जनाउँछ ।

(ड) "बाल अश्लीलता" भन्नाले बालबालिकाको यौन अङ्ग देखिने गरी वा निजलाई काल्पनिक यौन क्रियाकलापमा संलग्न गराई भिडियो वा तस्वीर खिच्ने वा उतार्ने, पत्रपत्रिका, पोष्टर, छापा, चलचित्र वा अन्य सञ्चारमाध्यमबाट अश्लिल चित्र प्रदर्शन गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्ता सामग्रीको उत्पादन, बिक्री वितरण, आयात निर्यात, सङ्कलन वा प्रचार प्रसार गर्ने गराउने कार्यलाई समेत जनाउँछ ।

(ढ) "बाल कल्याण अधिकारी" भन्नाले दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ण) "बाल गृह" भन्नाले दफा ५२ बमोजिम स्थापना भएको बाल गृह सम्झनु पर्छ ।

(त) "बाल यौन दुर्व्यवहार" भन्नाले दफा ६६ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ ।

(थ) "बाल सुधार गृह" भन्नाले दफा ४३ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ध) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(न) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा माथवरलाई समेत जनाउँछ ।

(प) "समाजसेवी" भन्नाले दफा ६२ बमोजिमको व्यक्ति सम्झनु पर्छ ।

(फ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

परिच्छेद-२

बालबालिकाको अधिकार

३. बाँच्न पाउने अधिकार : (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन् ।

४. नाम, राष्ट्रियता र पहिचानको अधिकार : (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ ।

(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ ।

(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ ।

(७) पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ ।

(९) बाबु र आमा दुवैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ ।

(१०) उपदफा (९) बमोजिम संरक्षकले नाम थर राखि दिँदा बाल कल्याण अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(११) कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ ।

(१२) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन ।

५. भेदभाव विरूद्धको अधिकार : (१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन ।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै महिला र पुरूषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन ।

६. बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार : (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ ।

तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन ।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ ।

(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ ।

(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ ।

७. संरक्षणको अधिकार : (१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।

(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक

वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।

(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन ।

(८) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन ।

(९) चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु हुँदैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् ।

८. सहभागिताको अधिकार : आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।

९. अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार : (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ ।

१०. संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार : (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. गोपनीयताको अधिकार : (१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियोको सिर्जना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन हुँदैन ।

(३) बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन ।

तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ ।

१२. अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार : (१) अपाङ्गता भएका बालबलिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ ।

(२) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ ।

१३. पोषण तथा स्वास्थ्यको अधिकार : (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ ।

(२) गर्भवती महिला र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य उपचार नि:शुल्क रूपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

१४. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार : (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रूचि अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ ।

(२) प्रत्येक विद्यालयले पठन पाठन बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूचि र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

१५. शिक्षाको अधिकार : (१) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत् शिक्षा पाउने अधिकार हुनेछ ।

(४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको नि:शुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

## परिच्छेद-३

## बालबालिकाप्रतिको दायित्व

१६. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने : (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ ।

(३) यस ऐन बमोजिम बाल कल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई

बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

१७. परिवार वा संरक्षकको दायित्व : (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन ।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन ।

१८. राज्यको दायित्व : विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउने छ ।

१९. सञ्चार क्षेत्रको दायित्व : बालअधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

## परिच्छेद-४

## बाल न्याय सम्बन्धी

२०. बाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराहरू : बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले न्याय सम्पादनको

सिलसिलामा यस ऐनमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरू विचार गर्नु पर्नेछ :-

(क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

(ख) बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,

(ग) बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरूपको बोली, वचन र व्यवहार गर्ने,

(घ) बालबालिकासँग संवाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने ।

२१. बालबालिकालाई नियन्त्रणमा लिने : (१) कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सो कसूरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नु पर्नेछ । त्यसरी अनुसन्धान गर्दा कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखेमा अनुसन्धान अधिकारीले त्यस्तो बालबालिकालाई नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका बालबालिकालाई नियन्त्रणमा लिइरहन आवश्यक नदेखिएमा निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बालबालिकालाई नियन्त्रणमा लिएमा अनुसन्धान अधिकारीले सो कुराको जानकारी निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिँदा बल प्रयोग गर्न पाउने छैन ।

तर बालबालिकालाई नियन्त्रणमा लिन आवश्यक पर्ने न्यूनतम बल प्रयोग गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई सम्भव भएमा बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई दफा २७ बमोजिम आफैंले दिशान्तर गर्न सक्ने भएमा अनुसन्धान अधिकारीले

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालबालिकासँग आफैंले बयान लिन सक्नेछ ।

(७) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काइस दिनसम्म निगरानी कक्षमा राख्न सकिनेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्नेछ ।

(९) अनुसन्धान अधिकारीले नियन्त्रणमा लिएका बालबालिकालाई सोधपुछ गर्दा निजको बाबु आमा वा संरक्षक वा बाल कल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नु पर्नेछ ।

२२. निगरानी कक्षको स्थापना सम्बन्धी व्यवस्था : (१) कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि नेपाल सरकारले निगरानी कक्ष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निगरानी कक्ष स्थापना नभएसम्मको लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै कक्षको व्यवस्था गरिनेछ ।

(३) अनुसन्धानका लागि नियन्त्रणमा लिइएका बालबालिकालाई आवश्यकता अनुसार बालमनोविज्ञको परामर्श तथा मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) निगरानी कक्षमा राखिने बालबालिकाको सहयोगका लागि त्यस्तो बालबालिकाको परिवारका कुनै सदस्य सँगै बस्न चाहेमा अनुसन्धान अधिकारीले आवश्यकता अनुसार समय र शर्त तोकी सँगै बस्न अनुमति दिन सक्नेछ ।

(५) निगरानी कक्षको स्थापना, सञ्चालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. अनुसन्धान तथा अभियोजन सम्बन्धी विशेष व्यवस्था : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले बालबालिका उपर आरोप लागेको कसूरजन्य कार्यको अनुसन्धान गर्न छुट्टै एकाई गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै एकाइ गठन नभएसम्म नेपाल सरकारले जिल्ला प्रहरी कार्यालयमा कार्यरत बाल न्याय सम्बन्धी तालीम प्राप्त कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ ।

२४. पुर्पक्ष सम्बन्धी व्यवस्था : (१) कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बाल अदालतले कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सक्नेछ :-

(क) बालबालिकाको जीउज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानि नोक्सानी पुऱ्याउने, त्यस्तो बालबालिका भागी जाने वा अन्य कुनै कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा,

(ख) तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नु पर्ने कसूरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा ।

(३) उपदफा (२) को अवस्थामा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिने छ ।

तर उपदफा (२) बमोजिमको अवस्थाको बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरू तोकी यस उपदफा बमोजिम निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन बाधा पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम बालबालिका जिम्मा लगाउँदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको शर्तहरू र तिनको पालना नगरेमा निजले व्यहोर्नु पर्ने परिणामको बारेमा जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कसैको जिम्मा लगाइएका बालबालिकाले बाल अदालतद्वारा तोकिएका शर्तको पालना नगरेमा निजलाई बाल सुधारगृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिने छ ।

२५. पीडित बालबालिकाका अधिकार : पीडित बालबालिकालाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकार हुनेछ :-

(क) आफूले बुझ्ने भाषामा जानकारी पाउने,

(ख) सहभागी वा संलग्न हुने,

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,

(घ) पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराई पाउने,

तर यस खण्डले पीडितले राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवसरलाई सीमित पारेको मानिने छैन ।

(ङ) नि:शुल्क कानूनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने,

(च) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा नि:शुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने,

(छ) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि नि:शुल्क पाउने,

(ज) पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,

(झ) बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाई हुने,

(ञ) कारबाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने ।

२६. सुनुवाईको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकार : (१) बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धान तथा मुद्दाको सुनुवाईको सिलसिलामा प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त देहायको अधिकार प्राप्त हुनेछ :-

(क) आफूविरूद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत् प्राप्त गर्ने,

(ख) आफू विरूद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल नि:शुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,

(ग) सक्षम न्यायिक निकायबाट मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने,

(घ) बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

(ङ) बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,

(च) बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,

(छ) संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,

(ज) बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाई हुने,

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ । जस अन्तर्गत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्था सम्झनु पर्छ ।

(झ) न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

(ञ) मुद्दाको सुनुवाईमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु आमा, संरक्षकलाई सहभागी गराउने,

(ट) पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने ।

(२) कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष रहेको मानिनेछ र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

२७. दिशान्तर गर्न सक्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखिएमा देहायको अवस्थामा देहायका अधिकारीले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्नेछ :-

(क) पाँच हजार रूपैयाँसम्म बिगो भएको वा दुई हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,

(ख) दश हजार रूपैयाँसम्म बिगो भएको वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले,

(ग) जतिसुकै बिगो भएको वा जतिसुकै जरिबाना वा कैद हुन सक्नेमा बाल अदालतले ।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन ।

(३) दिशान्तरको आदेशमा चित्त नबुझेमा बालबालिका वा संरक्षकले उपदफा (१) को खण्ड (क) र (ख) को हकमा बाल अदालतमा र खण्ड (ग) को हकमा उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

२८. दिशान्तर गर्दा विचार गर्नु पर्ने : दिशान्तर गर्दा देहायका कुरा विचार गर्नु पर्नेछ :-

(क) बालबालिकाले कसूरजन्य कार्य गरेको स्वीकार गरेको,

(ख) सम्बन्धित बालबालिका, निजको बाबु, आमा र बाबु आमा नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति,

(ग) पीडित पक्षको यथासम्भव पुर्नस्थापना हुने गरी निजको सहमति प्राप्त भएको,

(घ) कसूरजन्य कार्यको प्रकृति र सो कार्य गर्दाको परिस्थिति, घटनाको गाम्भीर्यता, बालबालिकाको उमेर, परिपक्वता र बौद्धिक स्तर, पारिवारिक वातावरण तथा पीडितलाई पुगेको क्षति र निजको पुर्नस्थापनालाई आधार लिनु पर्ने ।

२९. दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया : (१) दिशान्तर गर्दा बालबालिकाको इच्छा समेतलाई विचार गरी देहाय बमोजिमको एक वा एकभन्दा बढी उपयुक्त प्रक्रिया अवलम्बन गरिनेछ :-

(क) बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,

(ख) बालबालिकालाई गल्ती महसूस गर्न लगाउने,

(ग) बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,

(घ) बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने,

(ङ) बालबालिकाको हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने,

(च) बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने,

(छ) बालबालिकालाई बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,

(ज) बालबालिकालाई कुनै तालीम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने ।

(२) उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कुनै प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा अवधि समेत तोकिनेछ ।

(३) उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिमको प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा कसूरजन्य कार्य गरे बापत बालबालिकालाई हुन सक्ने अधिकतम सजायभन्दा बढी अवधि हुने गरी दिशान्तर गरिने छैन ।

(४) अनुसन्धान अधिकारी वा सरकारी वकीलले बालबालिकालाई दिशान्तर गर्नु अघि बाल मनोविज्ञ र बाल विशेषज्ञबाट बालबालिकाको शारीरिक तथा मानसिक अवस्था र समाजसेवीबाट बालबालिकाको आर्थिक, सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले बालबालिकालाई दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतलाई दिनु पर्नेछ ।

(६) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दिशान्तर गरिएमा त्यस्तो विवादको अन्त्य हुनेछ र सोको औपचारिक न्यायिक प्रक्रिया समाप्त भएको मानिनेछ ।

(७) दिशान्तर गर्ने अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले दिशान्तर गरिएको बालबालिका दिशान्तर प्रक्रियामा निरन्तर रूपमा सहभागी भए नभएको कुराको अनुगमन प्रोवेशन अधिकारी मार्फत् गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) बालबालिकालाई दिशान्तर गर्दा पीडितलाई भएको हानि नोक्सानी बापत देहाय बमोजिम गर्न सकिनेछ :-

(क) पीडितलाई क्षतिपूर्ति दिने वा वास्तविक हानि नोक्सानी भराई दिने,

(ख) कसूरजन्य कार्यबाट प्राप्त सम्पत्ति, मुनाफा वा सामग्री सम्बन्धित धनीलाई फिर्ता गर्न लगाउने ।

(९) दिशान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. बाल अदालतको गठन : (१) बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरू कारबाही, सुनुवाई र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक सङ्ख्यामा बाल अदालत गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल अदालत गठन गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ र त्यस्तो अदालतको प्रादेशिक क्षेत्राधिकार तथा मुकाम सोही सूचनामा तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसूरजन्य कार्यको कारबाही, सुनुवाई र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने छ ।

(४) उपदफा (३) बमोजिमको बाल इजलासमा देहायका सदस्यहरू रहनेछन् :-

(क) जिल्ला न्यायाधीश,

(ख) समाजसेवी,

(ग) बालमनोविज्ञ वा बाल विशेषज्ञ ।

(५) उपदफा (४) को खण्ड (ख) र (ग) बमोजिमका समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

३१. बाल अदालतको अधिकार क्षेत्रको प्रयोग : बाल अदालतको अधिकार क्षेत्रको प्रयोग तोकिए बमोजिम हुनेछ ।

३२. बाल अदालतबाटै कारबाही हुने : मुद्दाको कारबाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बाल अदालतबाटै कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।

३३. <u>बाल अदालतमा मुद्दा सर्ने</u> : यो ऐन प्रारम्भ हुनु अघि कुनै बालबालिका उपर कसूरजन्य कार्यको आरोप लागी प्रचलित कानून बमोजिम जिल्ला अदालत वा अन्य निकायमा शुरू कारबाहीको क्रममा रहेका मुद्दा यो ऐन प्रारम्भ भएपछि सम्बन्धित बाल अदालतमा सर्नेछ ।

३४. <u>सुनुवाई सम्बन्धी व्यवस्था</u> : (१) बाल अदालतले बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बालमैत्री वातावरणमा मुद्दाको सुनुवाई गर्नुपर्नेछ ।

(२) बाल अदालतले मुद्दाको सुनुवाई गर्दा बालबालिकालाई सहभागी बनाउनु पर्नेछ र निजलाई आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्रदान गर्नु पर्नेछ ।

३५. <u>बन्द इजलासको व्यवस्था</u> : (१) कसूरजन्य कार्यको आरोप लागेको बालबालिका उपरको मुद्दाको सुनुवाई तथा कारबाही बाल अदालतले अन्यथा आदेश दिएकोमा बाहेक बन्द इजलासमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा मुद्दाको सुनुवाई तथा कारबाही हुँदा सम्बन्धित बालबालिका, निजका परिवारका सदस्य वा संरक्षक, पीडित, सरकारी वकील, सम्बन्धित कानून व्यवसायी र बाल अदालतले अनुमति दिएका व्यक्ति मात्र प्रवेश गर्न सक्नेछन् ।

(३) बन्द इजलासको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३६. <u>सजाय सम्बन्धी व्यवस्था</u> : (१) कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन ।

(२) दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिबाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ ।

(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुईतिहाई सजाय हुनेछ ।

(५) बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्नेछ :-

(क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने ।

(६) कसैले बालबालिकालाई सिकाई, दबाब दिई, अह्राई, प्रलोभनमा पारी वा जुनसुकै तरिकाबाट कसूरजन्य कार्य गर्न लगाएको भए त्यसरी सिकाउने, दबाब दिने, अह्राउने, प्रलोभनमा पार्ने वा सो कार्य गर्न लगाउने व्यक्तिलाई निज आफैंले सो कसूर गरे सरह कानून बमोजिम सजाय हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन ।

३७. <u>मुद्दा किनारा गर्नु पर्ने अवधि</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया एक सय बीस दिनभित्र मुद्दाको किनारा गर्नु पर्नेछ र यस्ता मुद्दाको कारबाही र किनारा गर्दा निरन्तर सुनुवाईको आधारमा गर्नु पर्नेछ ।

३८. <u>सुधार अवधि घटाउन वा छुट दिन सक्ने</u> : (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण वा निगरानीमा बसेका बालबालिकाको व्यवहारमा सन्तोषजनक सुधार आएमा बाल कल्याण

अधिकारीले त्यस्तो बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन बाल अदालत समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको सिफारिस जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखिएमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ ।

३९. पुन:स्थापकीय न्याय : (१) बाल न्याय सम्पादन गर्दा पुन:स्थापकीय न्यायको मान्यता अनुकूल हुने गरी गर्नु पर्नेछ ।

(२) पुन:स्थापकीय न्याय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. अयोग्य नमानिने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरजन्य कार्य गरेको कारणबाट कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति कानून बमोजिम अयोग्य हुने रहेछ भने बालबालिका हुँदाको अवस्थामा निजले गरेको कसूरजन्य कार्यको आधारमा निज सो पद वा सुविधा प्राप्त गर्न अयोग्य मानिने छैन ।

४१. सजाय गणना नगरिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सजाय गर्ने प्रयोजनको लागि यो ऐन वा प्रचलित कानून बमोजिम पटके कायम गर्दा नाबालिग अवस्थामा गरेको कसूरजन्य कार्यको गणना गरिने छैन ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बालबालिकाले पटक-पटक कसूरजन्य कार्य गरे पनि पटकेको आधारमा निजलाई थप सजाय गरिने छैन ।

४२. नेल, हतकडी लगाउन वा एकान्त कारावासमा राख्न नहुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कानूनको विवादमा परेका कुनै बालबालिकालाई नेल वा हतकडी लगाउन वा एकान्त काराबास वा थुना वा कैदमा राख्न हुँदैन ।

४३. बाल सुधार गृह सम्बन्धी व्यवस्था : (१) नेपाल सरकारले कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुन:र्स्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनको लागि आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि कुनै संस्थाले नेपाल सरकारबाट स्वीकृति लिई बाल सुधार गृहको स्थापना गर्न सक्नेछ ।

(३) बाल अदालतले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र स्थापना भएका बाल सुधार गृहको अनुगमन तथा निरीक्षण गर्न, त्यस्तो बाल सुधार गृहलाई आवश्यक निर्देशन दिन र बाल सुधार गृहमा रहेका बालबालिकाको सुधारको स्थितिका सम्बन्धमा त्यस्तो बाल सुधार गृहलाई प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

(४) बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनु पर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी ब्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नु पर्नेछ ।

(५) बाल सुधार गृहको स्थापना, सञ्चालन, अनुगमन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. दीर्घ वा कडा रोग लागेका बालबालिका अन्य ठाउँमा सार्ने : (१) बाल सुधार गृहमा रहेका कुनै बालबालिकालाई कुनै दीर्घ वा कडा रोग लागेको कारण निरन्तर रूपमा उपचार गराई राख्नुपर्ने भएमा वा कुनै बालबालिका मानसिक वा शारीरिक रूपमा अशक्त भई वा निज नशालु पदार्थको कुलतमा लागेको कारण निजलाई अन्यत्र सार्नको लागि सम्बन्धित चिकित्सकले सिफारिस गरेमा बाल अदालतले त्यस्तो बालबालिकालाई निश्चित अवधिको लागि अन्य ठाउँमा सार्ने गरी आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश अनुसार बालबालिकालाई राख्ने संस्था वा व्यक्तिले प्रत्येक छ महिनामा बालबालिकाको स्वास्थ्य सम्बन्धी प्रतिवेदन सम्बन्धित बाल अदालतमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन समेतका आधारमा बालबालिका स्वस्थ्य भएको वा कुलतबाट मुक्त भइसकेको पाइएमा बाल अदालतले त्यस्तो बालबालिकालाई पूर्ववत स्थितिमा फर्काउन आदेश दिन सक्नेछ ।

४५. मनोसामाजिक तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन : (१) कानूनको विवादमा परेका बालबालिका उपर लागेको आरोपको अनुसन्धान, अभियोजन, कारबाही, सुनुवाई वा किनारा गर्ने प्रयोजनको लागि छुट्टाछुट्टै मनोसामाजिक तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. केन्द्रीय बाल न्याय समिति : (१) बाल न्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायहरू बीच समन्वय गर्ने काम समेतको लागि केन्द्रीयस्तरमा तोकिए बमोजिमको एक केन्द्रीय बाल न्याय समिति रहनेछ ।

(२) केन्द्रीय बाल न्याय समितिको बैठक तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४७. जिल्ला बाल न्याय समिति : प्रत्येक जिल्लामा एक बाल न्याय समिति रहनेछ र त्यस्तो बाल न्याय समितिको गठन, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## बालबालिकाको विशेष संरक्षण र पुन:स्थापना

४८. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका : (१) देहायका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछन् :-

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुन:स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ ।

४९. वैकल्पिक हेरचाहको व्यवस्था : (१) दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिने छ ।

(२) उपदफा (१) बमोजिमको बालबालिकालाई देहायको प्राथमिकताको आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) बालगृह ।

(३) वैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. बालबालिकाको संरक्षण : (१) कुनै ठाउँमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका रहे भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना बाल कल्याण अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा बाल कल्याण अधिकारीले त्यस्तो बालबालिकाको तत्काल उद्धार गर्नु पर्ने देखेमा उद्धार गरी दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त सूचनाको आधारमा बाल कल्याण अधिकारीले जाँचबुझ तथा छानबिन गरी आवश्यक सेवाको व्यवस्था गर्न सक्नेछ ।

(४) बाल कल्याण अधिकारीले उपदफा (३) बमोजिमको आवश्यक सेवा प्रदान गर्न तोकिए बमोजिमको समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नु पर्नेछ । त्यसरी विशेष संरक्षण गर्न आवश्यक नदेखिएमा र निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा बाल कल्याण अधिकारीले त्यस्तो बालबालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बाल कल्याण अधिकारीले बालबालिकालाई निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकलाई जिम्मा लगाउनको लागि कुनै सहयोग गर्नु पर्ने देखेमा सम्बद्ध निकायसँग समन्वय गरी सहयोग प्रायोजन वा परिवार सहयोग जस्ता आवश्यक सेवाको व्यवस्था मिलाउनु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि,-

(क) "सहयोग प्रायोजन" भन्नाले कुनै व्यक्ति, संघ, संस्था वा निकायद्वारा बालबालिकालाई आवश्यक पालन पोषण तथा शिक्षाको लागि दीर्घकालीन तथा अल्पकालीन रूपमा आर्थिक सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ ।

(ख) "परिवार सहयोग" भन्नाले बालबालिकाको परिवारलाई विखण्डनतर्फ लैजाने आर्थिक तथा सामाजिक कारणको पहिचान र निराकरण गरी त्यसबाट परिवारको एकता तथा सौहार्दता कायम गराउँदै सम्बन्धित परिवारभित्रैबाट बालबालिकाको संरक्षण हुने वातावरण सिर्जना गर्न गरिने सहयोग सम्झनु पर्छ ।

(७) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा वैकल्पिक हेरचाहको आवश्यकता भएको देखिएमा बाल कल्याण अधिकारीले बैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

(८) बालबालिका पीडित भएको मुद्दामा पीडित बालबालिकाले चाहेमा वा बाबुआमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिली बालबालिका थप जोखिममा पर्ने सम्भावना देखिएमा वा घटनाको छानबिन, कारबाही तथा सत्य तथ्य बुझ्न बाधा पर्ने देखिएमा बाल कल्याण अधिकारीले त्यस्ता पीडित बालबालिकालाई बाबुआमा वा परिवारबाट समेत निश्चित अवधिका लागि अलग गराई अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(९) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा बालबालिकाको पितृत्व र मातृत्वको ठेगान नलागेको पाइएमा बाल कल्याण अधिकारीले निजको जन्म दर्ता तथा पहिचान खुल्ने सरकारी परिचयपत्रको लागि सिफारिस गरिदिनु पर्नेछ ।

५१. संरक्षक नियुक्त गर्ने वा तोक्ने : दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको सेवा प्रदान गर्दा प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गरी वा तोकी हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

५२. बाल गृहको स्थापना तथा सञ्चालन : (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकतानुसार बाल गृहको स्थापना गर्नेछन् ।

(२) बाल गृहको स्थापना, सञ्चालकको योग्यता, सञ्चालन अनुमति, नवीकरण, वर्गीकरण, व्यवस्थापन, सञ्चालन मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५३. बाल गृहमा रहने अवधि : विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उपयुक्त पुन:र्स्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई बाल गृहमा राखिनेछ ।

५४. पुनर्मिलन गराउनु पर्ने : (१) बालगृहमा रहेका बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा तोकिए बमोजिम पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ भएपछि दफा ४९ र ६९ बमोजिम बाहेक बालबालिकालाई बाल गृहमा राख्न पाइने छैन ।

५५. पुर्नस्थापना तथा सामाजिक पुर्नएकीकरण सम्बन्धी दायित्व : बाल गृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको पुन:स्थापना तथा सामाजिक पुनर्एकीकरण गर्ने सम्बन्धमा बाल कल्याण अधिकारीलाई सहयोग गर्ने दायित्व सम्बन्धित बाल गृह वा बाल सुधार गृहको हुनेछ ।

५६. संस्थाको प्रमुख जिम्मेवार हुने : (१) यस परिच्छेद बमोजिम कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्था प्रमुख बालबालिकाको हेरचाह तथा पालनपोषणको लागि अन्तिम जिम्मेवार मानिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "संस्था प्रमुख" भन्नाले त्यस्तो संस्थाको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा संस्थाको नियमानुसार तोकिएका अन्य कुनै अधिकृत सम्झनु पर्छ ।

(२) संरक्षकको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई बाल कल्याण अधिकारीले कुन शर्त

उल्लङ्घन गरेको हो सो समेत खुलाई बालबालिकाको संरक्षण कार्य गर्न रोक लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोक लगाइएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा बाल कल्याण अधिकारीले उक्त संस्थालाई बाल संरक्षण कार्यमा लगाइएको रोक फुकुवा गर्न सक्नेछ ।

५७. बाल संरक्षण सम्बन्धी मापदण्ड : (१) विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बाल संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ ।

५८. अनुगमन तथा प्रतिवेदन : (१) यस ऐन बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित बाल कल्याण अधिकारी मार्फत् स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रूपमा प्रदेशस्तरको बाल अधिकार समिति र स्थानीय तहको बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रदेश बाल अधिकार समितिले प्रदेशभित्रका तथा स्थानीय बाल अधिकार समितिले स्थानीय तहभित्रका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रूपमा निरीक्षण र अनुगमन गर्नेछ ।

## परिच्छेद-६

## बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था

५९. राष्ट्रिय बालअधिकार परिषद् : (१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा तोकिए बमोजिमको एक राष्ट्रिय बाल अधिकार परिषद् रहनेछ ।

(२) परिषद्को बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६०. प्रदेश र स्थानीय तहको बाल अधिकार समिति : (१) प्रत्येक प्रदेशमा प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति रहनेछ ।

(२) प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहने छ ।

(३) उपदफा (१) र (२) बमोजिमका प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समितिमा रहने सदस्य सङ्ख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि प्रदेश र स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

६१. बाल कल्याण अधिकारी : (१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहनेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति, काम कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. समाजसेवी तथा बाल मनोविज्ञ : (१) समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष तोकिए बमोजिम आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा रहेका समाजसेवी तथा बाल मनोविज्ञमध्येबाट स्थानीय तहमा बाल संरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नको लागि आवश्यक सङ्ख्यामा समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम नियुक्त समाजसेवी तथा बाल मनोविज्ञले बाल कल्याण अधिकारीको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा काम गर्नेछ ।

(४) बाल अदालतलाई आवश्यक पर्ने समाजसेवी तथा बाल मनोविज्ञ उपदफा (१) बमोजिमको सूचीकृत समाजसेवी तथा बाल मनोविज्ञबाट नियुक्त गरिनेछ ।

(५) समाजसेवी तथा बालमनोविज्ञको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६३. बाल कोष : (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुन:स्र्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) बाल अदालतबाट भएको जरिबानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम प्रदेश तथा स्थानीय तहको कानून बमोजिम स्थापना हुने बाल कोषलाई समेत उपलब्ध गराउन सकिने छ ।

(५) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन

६४. स्थानीय तहले बालबालिकाको अधिकार प्रचलन गराउने : (१) कसैले परिच्छेद-२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद-३ बमोजिम बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले बालबालिका रहे बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा न्यायिक समितिले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र सम्बन्धित व्यक्तिलाई झिकाई आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सम्बन्धित व्यक्तिले बालबालिकाको अधिकार उल्लङ्घन गरेको वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा न्यायिक समितिमा निवेदन परेको तीस दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिनेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने विषय आफ्नो अधिकार क्षेत्रभित्र पर्ने नदेखिएमा न्यायिक समितिले बाल अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित अन्य स्थानीय तहको न्यायिक समितिलाई लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले पनि उपदफा (३) बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम बालबालिकाको अधिकारको प्रचलन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले बालबालिका, संरक्षक वा परिवारका व्यक्तिलाई आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्नेछ ।

६५. बालबालिकाको अधिकार प्रचलन गराउने : (१) दफा ६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले परिच्छेद-२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद-३ बमोजिमको बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले सम्बन्धित उच्च अदालतमा सोझै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा उच्च अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी बालबालिकाको अधिकारको प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउन सम्बन्धित व्यक्ति, संस्था वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा संरक्षक वा परिवारका कुनै सदस्यले बालबालिकाको अधिकारको उल्लङ्घन वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा उच्च अदालतले त्यस्तो संरक्षक वा परिवारका सदस्यलाई बालबालिकाको अधिकारको विषयमा आवश्यक जानकारी गराई पुन: बालबालिकाको अधिकारको उल्लङ्घन नहुने वा निजप्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा उच्च अदालतले बालबालिकाको अधिकार उल्लङ्घन गर्ने वा बालबालिकाप्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा यस ऐन बमोजिम सजाय गर्न र निजबाट क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ ।

## परिच्छेद-८

## बालबालिका विरूद्धको कसूर

६६. बालबालिका विरूद्धको कसूर : (१) कसैले उपदफा (२) बमोजिमको हिंसा वा उपदफा (३) बमोजिमको यौन दुर्व्यवहार हुने कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको बालबालिका विरूद्धको कसूर गरेको मानिनेछ ।

(२) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछ :-

(क) धूम्रपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृश्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोट पटक वा असर पुऱ्याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा, हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) क्रुर अमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति,

रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादू वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बाल गृहमा राख्ने ।

(३) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिनेछ :-

(क) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अङ्ग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गर्ने वा गराउने,

(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(ज) बाल यौन शोषण गर्ने वा गराउने,

(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ट) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्बन्धी विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्रीका बारेमा लेखेर, बोलेर, इशारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थोपचार वा बालबालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुर्व्यवहार गरेको मानिने छैन ।

६७. योग्य नमानिने : (१) सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम बर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो निजी संघ, संस्थामा नियुक्त, मनोनित वा निर्वाचित हुन दश वर्षसम्म योग्य मानिने छैन ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिम बाल यौन दुर्व्यवहारमा कसूरदार ठहरेको व्यक्तिले नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानिनेछ ।

६८. सूचना दिनु पर्ने : (१) बाबु, आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरून्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तत्काल सम्बन्धित प्रहरी कार्यालयले बाल कल्याण अधिकारीलाई दिई आवश्यक सहयोग लिन सक्नेछ ।

(३) बालबालिकाको संरक्षण गर्ने मनसायले सूचना दिँदा सूचना दिने व्यक्तिलाई सूचना दिएको आधारमा मात्र कुनै कानूनी कारबाही गरिने छैन ।

(४) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको पहिचान निजले चाहेमा गोप्य राख्नु पर्नेछ ।

६९. <u>अस्थायी संरक्षण सेवा</u> : तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ ।

७०. <u>उद्धार, संरक्षण र स्वास्थ्य परीक्षण गर्नु पर्ने</u> : (१) बालबालिका विरूद्ध भएको हिंसा वा बाल यौन दुर्व्यवहारको सूचना, उजुरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखी लेखाई, दर्ता गरी, बालबालिकालाई उद्धार गर्नु पर्ने भए तुरून्त उद्धार गरी पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवामा पठाउनु पर्नेछ ।

(२) प्रहरी कर्मचारीले पीडित बालबालिकालाई शारीरिक वा मानसिक पीडा परेको देखिएमा तत्काल उपचारको लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको स्वास्थ्य परीक्षण र उपचार गराउनु पर्नेछ ।

(३) प्रहरी कर्मचारीले पीडित बालबालिकाको बयान लिँदा बालबालिकाको बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक उपस्थित हुन सक्ने भएसम्म उनीहरूको उपस्थितिमा र उपस्थित हुन नसकेमा सामाजिक संस्थाका महिला प्रतिनिधि वा समाजसेवीको उपस्थितिमा बयान लिनु पर्नेछ ।

तर बाबुआमा, संरक्षक वा परिवारका अन्य सदस्यले बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार गरेकोमा बयान लिँदा भने उनीहरूलाई उपस्थित गराउनु हुँदैन ।

७१. <u>पुनर्स्थापना केन्द्र</u> : (१) बालबालिका विरूद्धको कसूरबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा सामाजिक रूपमा पुनर्स्थापना गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि कुनै संस्थाले नेपाल सरकारबाट तोकिए बमोजिम स्वीकृति लिई पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

(३) पुनर्स्थापना केन्द्रमा उपलब्ध गराउनु पर्ने सेवा सुविधा तथा त्यस्तो केन्द्रको व्यवस्थापन, सञ्चालन, अनुगमन लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## <u>सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारी</u>

७२. <u>सजाय</u> : (१) कुनै व्यक्ति, संस्था वा निकायले परिच्छेद-२ मा उल्लिखित बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद-३ मा उल्लिखित बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) संरक्षक वा परिवारको कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा वा आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम, थर परिवर्तन गरेमा वा बालबालिकाको सम्पत्तिको दुरूपयोग गरेमा त्यस्ता आमा, बाबु वा परिवारका सदस्य वा संरक्षकलाई एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) कसैले बालबालिका विरुद्धको कसूर गरेमा कसूरको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) वा (द) वा दफा ७८ को उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा पचास हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद,

(ख) दफा ६६ को उपदफा (२) को खण्ड (छ), (ञ), (ट), (ठ), (ड), (ण) वा (थ) वा उपदफा (३) को खण्ड (क), (ख), (ग), (ङ), (च) वा (ञ) बमोजिमको कुनै कार्य गरेमा पचहत्तर हजार रूपैयाँसम्म जरिबाना र तीन वर्षसम्म कैद,

(ग) दफा ६६ को उपदफा (३) को खण्ड (घ) बमोजिमको कार्य गरेमा असी हजार रूपैयाँसम्म जरिबाना र चार वर्षसम्म कैद,

(घ) दफा ६६ को उपदफा (२) को खण्ड (ज) वा (झ) बमोजिमको कुनै कार्य गरेमा एक लाख रूपैयाँसम्म जरिबाना र पाँच वर्षसम्म कैद,

(ङ) दफा ६६ को उपदफा (२) को खण्ड (ढ) बमोजिमको कार्य गरेमा जुन कसूरजन्य कार्य सिकाएको वा तालिम दिएको हो त्यस्तो कसूरमा कसूरदारलाई हुने सजायको आधा सजाय,

(च) दफा ६६ को उपदफा (२) को खण्ड (त) बमोजिमको कार्य गरेमा पाँच लाख रूपैयाँसम्म जरिबाना र दश वर्षसम्म कैद,

(छ) दफा ६६ को उपदफा (३) को खण्ड (छ) वा (ज) बमोजिमको कुनै कार्य गरेमा प्रचलित कानून बमोजिम जबरजस्ती करणीको कसूरमा कसूरदारलाई हुने सजाय,

(ज) दफा ६६ को उपदफा (३) को खण्ड (झ) वा (ट) बमोजिमको कुनै कार्य गरेमा एक लाख पचास हजार रूपैयाँसम्म जरिबाना र पन्ध्र वर्षसम्म कैद ।

(४) उपदफा (१), (२) र (३) मा उल्लिखित कार्य गर्न दुरूत्साहन गर्ने, उद्योग गर्ने वा मतियार हुने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने जरिबाना र कैदको आधा सजाय हुनेछ ।

(५) कसैले यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पचास हजार रूपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(६) यस ऐन बमोजिम एक पटक सजाय पाएको व्यक्तिले पुन: त्यस्तो कार्य गरेमा निजलाई यस दफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय समेत हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा सो कानून बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न यस दफाको व्यवस्थाले कुनै बाधा पर्ने छैन र कसैले यस ऐन विपरीत कुनै कार्य गरे वापत निजलाई प्रचलित कानून बमोजिम यस दफामा लेखिएभन्दा बढी सजाय हुने रहेछ भने सोही बमोजिमको सजाय हुनेछ ।

(८) कसैले यस ऐन बमोजिम स्वीकृति नलिई बाल गृह, बाल सुधार गृह, निगरानी कक्ष, पुर्नस्थापना केन्द्र वा अस्थायी संरक्षण सेवा केन्द्रको स्थापना वा सञ्चालन गरेमा मन्त्रालयले त्यस्तो बाल गृह, बाल सुधार गृह, निगरानी कक्ष, पुनर्स्थापना केन्द्र वा अस्थायी संरक्षण सेवा केन्द्र बन्द गरी संलग्न व्यक्ति तथा संस्थालाई एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र प्रचलित कानून बमोजिम थप अन्य कारबाही गर्न सक्नेछ ।

७३. क्षतिपूर्ति : (१) बाल अदालतले प्रचलित कानून र यस ऐन बमोजिमको बालबालिका विरुद्धको कसूरको कसूरदारलाई भएको जरिबानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानि समेतको विचार गरी मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा कसूरदारबाट भराइदिनेछ ।

(२) उपदफा (१) बमोजिम कसूरदारबाट जरिबानाको रकम असुल हुन नसक्ने अवस्था भएमा वा त्यस्तो रकम असुल भए तापनि सो रकम बालबालिका विरुद्धको कसूरको तुलनामा न्यून वा अपर्याप्त लागेमा बाल अदालतले त्यस्ता बालबालिकालाई दफा ६३ बमोजिमको बालकोषबाट व्यहोर्ने गरी मनासिब माफिकको क्षतिपूर्ति भराई दिनेछ ।

(३) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडित बालबालिकाको मृत्यु भएमा त्यस्तो रकम निजको बाबु, आमा वा निजहरू नभएमा परिवारको अन्य सदस्य वा संरक्षकलाई दिइनेछ ।

(४) बालबालिका विरूद्धको प्रचलित कानून बमोजिमको कसूर, बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकालाई तत्काल उपचार

गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा प्रचलित कानून बमोजिम अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

७४. हदम्याद : (१) दफा ६६ अन्तर्गतको कसूरको सम्बन्धमा प्रचलित कानूनमा कुनै हदम्याद तोकिएकोमा त्यस्तो हदम्यादभित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएको अवस्थामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका विरूद्धको कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ ।

७५. मुद्दा हेर्ने अधिकार : दफा ७२ को उपदफा (८) बाहेक सो दफाको अन्य उपदफा बमोजिम सजाय हुने मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार बाल अदालतलाई हुनेछ ।

७६. नेपाल सरकार वादी हुने : दफा ६६ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा ♠मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद-१०

## विविध

७७. बालबालिकाको कर्तव्य : बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

७८. गोपनीयता कायम राख्नुपर्ने : (१) कसैले पनि बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

(२) कसैले पनि बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्नु हुँदैन ।

♠ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(३) प्रहरी, सरकारी वकिल वा बाल अदालतले बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको वास्तविक नाम र पहिचान नखुल्ने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) अनुसन्धान अधिकारी, सरकारी वकिल तथा बाल अदालतले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको पहिचान गोप्य राख्नु पर्नेछ । त्यस्तो आरोपसँग सम्बन्धित कागजातको प्रतिलिपि सम्बन्धित प्रहरी तथा सरकारी वकिल कार्यालय, बाल अदालत, सम्बन्धित बालबालिका, निजका परिवारका सदस्य, संरक्षक, सम्बन्धित कानून व्यवसायी र केन्द्रीय तथा जिल्ला बाल न्याय समिति बाहेक अरूलाई दिइने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम बालबालिका सम्बन्धी विवरण प्रकाशन वा प्रसारण गर्न सकिनेछ :-

(क) कानूनको विवादमा परेका बालबालिका सम्बन्धी कुनै विवरण प्रकाशन वा प्रसारण गर्दा त्यस्तो बालबालिकाको हित प्रतिकूल नहुने भएमा बाल अदालतको अनुमतिले त्यस्तो विवरण,

(ख) कानूनको विवादमा परेका बालबालिका सम्बन्धी तथ्याङ्क कुनै अध्ययन वा शोधकार्यको लागि सम्बन्धित निकायको अनुमतिले बालबालिकाको नाम, थर, व्यक्तिगत विवरण र ठेगाना उल्लेख नगरी उमेर वा लिङ्गको आधारमा प्रकाशन गर्न ।

७९. प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्था : (१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थिति बारे प्रतिवेदन तयार गर्ने समेतका कार्य गर्ने गरी नेपाल सरकारले प्रत्येक जिल्लामा एक प्रोवेशन अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रोवेशन अधिकारी नियुक्त नभएसम्मको लागि नेपाल सरकारले प्रोवेशन अधिकारीको रूपमा कार्य गर्न नेपाल सरकारको कुनै अधिकारीलाई तोक्न सक्नेछ ।

(३) प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८०. कानून व्यवसायी नभएमा मुद्दाको कारबाही र किनारा नहुने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बालबालिकाको विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून

व्यवसायी नियुक्त नभएसम्म बाल अदालतले त्यस्तो मुद्दाको कारबाही र किनारा गर्ने छैन ।

(२) कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको तर्फबाट कानून व्यवसायी नियुक्त नभएको अवस्थामा सम्बन्धित बाल अदालतले वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

८१. पुनरावेदन : (१) बाल अदालत तथा दफा ७२ को उपदफा (८) बमोजिम मन्त्रालयले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिनेछ ।

(२) उपदफा (१) र प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतबाट बालबालिकाले सफाइ पाउने गरी भएको फैसला उपर कानूनको व्याख्या सम्बन्धी त्रुटी भएको, नजीरको गलत प्रयोग भएको वा बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा बाहेक अन्य अवस्थामा पुनरावेदन लाग्ने छैन ।

८२. मुद्दाको कारबाहीमा प्राथमिकता दिनु पर्ने : बाल अदालत बाहेक अन्य अदालतमा परेको बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा प्राथमिकता दिनु पर्नेछ ।

८३. बालबालिकाको उमेर कायम गर्ने आधार : बालबालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मानिनेछ :-

(क) अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,

(ख) खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र वा जन्म मिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,

(ङ) खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा

परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।

८४. यसै ऐन बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

८५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

तर बाल न्याय सम्पादन गर्ने कार्यविधि सम्बन्धी नियम सर्वोच्च अदालतले बनाउनेछ ।

८६. निर्देशिका र कार्यविधि बनाउने अधिकार : (१) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधीनमा रही आवश्यकता अनुसार मन्त्रालयले निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

(२) यो ऐन वा यस ऐन बमोजिम बनेको नियमावलीको अधीनमा रही सर्वोच्च अदालतले बाल न्याय कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

८७. संशोधन, खारेजी तथा बचाउ : (१) जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) जन्म तथा मृत्युको सूचना बाबु, आमा, परिवारको कुनै सदस्य वा संरक्षकले,"

(२) बालबालिका सम्बन्धी ऐन, २०४८ खारेज गरिएको छ ।

(३) बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।